श्रीविष्णुव्रतामृतम्

श्रीमन्नारायणचरणयोराश्रिते दिव्यरूपे
लक्ष्मी मातर् जलनिधिसुते ! हे दयापदमनेत्रे ।।
उद्धारार्थं मम सुवचनैः प्रेरये श्रीमुकुन्दम्
यावद् वर्ते चरणरसिकस्त्वां स्मरन् सम्भाजामि ।।

लोकनाथ लुईटेल

श्रीनिवासरामानुजदासः)





यो नित्यमच्युतपदाम्बुजयुग्मरुक्म-

व्यामोहतस्तदितराणि तृणाय मेने ॥

अस्मद्गुरो र्भगवतोऽस्य दयैकसिन्धो

रामानुजस्य चरणौ शरणं प्रपद्ये ॥

इ. पू. ६५८

श्रीमत्परमहंस स्वामी श्रीचिन्नजियर जी महाराज



नारायणार्य-यतिशेखरपादभक्तं
गोपालदेशिकवराप्तसमस्तबोधम् ॥
श्रीजानकीश-चरणार्पित-मानसाब्जं
नारायणार्य-यतिवर्यमहं प्रपद्ये ॥

समादरणीय दीक्षागुरु

बाधुलाब्धिसरोजसौम्यविकसद्रङ्गार्यदोत्रिकं
श्रीमत्कोविदश्रीनिवासतनयं सौशील्यभुषान्वितम् ॥
श्रीमद्वेङ्कटयोगिराजचरणे न्यस्तात्मभावं मुदा
श्रीरङ्गार्यगुरुं भजामि सततं कारुण्यवारां निधिम् ॥

NEPAL SANSKRIT UNIVERSITY, 1986 A.D
बाल्मीकि विद्यापीठ
पुस्तकालय
Acc 2305/2309

समादरणीय पाञ्चाली गुरु

मौद्गल्यार्यकुलारविन्दतरणी श्रीदेवनारायणात्
स्वाचार्यस्वगृहीतसूत्रवसनं त्रैदण्डकं भास्वरम् ॥
वेदान्तार्णवचक्रपाणिशरणं ध्यानैकसञ्जीवनं
श्रीकृष्णार्ययतिं भजे गुरुवरं सौशील्यभूषान्वितम् ॥

श्रीवाल्मीकि पुस्तकालय लाई उपहार
स्वरूप सादर समर्पण गर्दछु
लोकनाथ लुइँटेल
श्रीनिवास भगवत...
२०७५।३।२

श्रीविष्णुव्रतामृतम्

(महाकाव्य)

लेखक

लोकनाथ लुइँटेल

(श्रीनिवासरामानुजदासः)

फोन नं. : ०२५-५२२६३८/९८४२०५१९३३

प्रकाशिका

श्रीमती राधादेवी लुइँटेल

(प्रकाशनार्थ सहयोग गर्ने महानुभावहरुबाट प्राप्त रकमले नपुगेको रकम प्रदान गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।)

प्रकाशन वर्ष

२०७० रामनवमी

प्रकाशन प्रति

प्रथम पटक ७०० प्रति

कम्प्युटर

लेखक आफैं

मुद्रक

हारती माँ अफसेट प्रेस, धरान-५, जी. एस. मार्केट

फोन : ०२५-५२३०८८

छपाई सहयोग मूल्य रू. २५१/-

सादरसमर्पण

श्रीविष्णुव्रतामृतम्

"यस रचनाको माध्यमबाट आजीवन श्रीविष्णुव्रत धारण
गर्ने हामी सवैका सम्पूर्ण पितृहरूले श्रीलक्ष्मीनारायण
भगवान्‌को दयारूपी अमृत प्राप्त गरी भगवान्‌कै
अखण्ड परमानन्द आश्रय (मोक्ष) प्राप्त गरुन् ।
आजीवन धारण गरेको श्रीविष्णुव्रतको पूर्ण
सफलताका साथ हामी श्रीवैष्णुव्रत धारणा
गर्ने परिवारका सम्पूर्ण महानुभावहरू,
उत्साह वढाउने गुरुवर्ग प्रकाशनमा
सहयोग गर्ने महानुभावहरू र श्रद्धा
सँग पाठपारायण र चिन्तन मनन
गर्ने महानुभावहरूमा गुरुवेदान्त
वाक्यमा विश्वास, श्रीलक्ष्मी-
नारायणमा दृढता,अखण्डता
र आह्लादिनी भक्तिशक्ति
प्रदान गरिदिनु हुन
श्रीलक्ष्मी-नारायण
भगवानमा रचना
पुष्पोपहार
सादर समर्पण
गर्दछु ।
रचयिता

यो श्रीविष्णुव्रतामृतम् रचना प्रकाशनको लागि श्रीवैष्णव परिषद नेपालका अध्यक्ष समादरणीय पूज्यपाद स्वामी श्रीदेव-राज आचार्य ज्यूवाट आशीर्वाद प्राप्त भएको हुनाले श्रीवैष्णव परिषद नेपालवाट अपरिमित सहयोग प्राप्तभएको छ। अन्य छोराहरू र प्रशंसनीय सहयोगी महानुभावहरू हुनुहुन्छ।

१ श्रीहरिशरण विमला लुइटेल क्यानडा रु १००००।-

२ श्री तुलसी प्रमिला लुइटेल अमेरिका रु १००००।-

३ श्री माधव रेनुका लुइटेल धरान रु १००००।-

४ श्री गोविन्द कृष्णा लुइटेल क्यानडा रु १००००।-

५ श्रीभीष्मनिरोला धरान १६ वर्तमान वेलायत रु ६००१।-

६ श्रीवैष्णवपरिषद हरिकीर्तनमण्डली धरान रु.३००१।-

७ श्री ऋतुप्रसाद लक्ष्मीमाया खनाल दमक क्याम्पस रोड . खहरे रु ३००१-

८ श्रीगजानन श्रीमती गीतादेवी दीक्षित पूजारी राधाकृष्णमन्दिर धरान ३ रु ३००१।-

९ श्रीकृष्णप्रसाद श्रीमतीसरस्वतीवस्ती धरान १६ रु ११११।-

१०श्रीमेदिनीप्रसाद तिंसिना इनरुवा डाँडाटोल ५ रु ११०१।-

११ श्रीचन्द्रप्रसाद श्रीमतीउषादेवी कट्टेल धरान १६ रु ११०१।-

१२ श्रीगुरुप्रसाद(गोविन्दप्रपन्न)पोखेल धनकुटा रु ११०१।-

१३श्रीथिरनाथ दामोदरप्रपन्न श्रीमती विमला दाहाल १३ रु ११०१।-

१४ स्व.पति गिरिराजको स्मृतिमा दयादामोदरी देवी (रामानुज दासी) गौतम धरान ५ रु ११०१। -

१५श्रीमुकुन्दप्रसाद श्रीमती सीतादेवी लुइँटेल तरहरा हाँसपोसा २ जनसहयोग मार्ग रु १००१।-

१६ श्रीगोविन्द रमादेवी,पुत्र शान्तिराम दाहाल धनकुटा रु १००१।
१७ श्री शान्तिराम गोमा देवी खनाल इटहरी रु १००१।-
१८ श्रीअमरराज श्रीमती जानुकादेवी ढकाल खोटाङ् रु १००१।-
१९ श्रीहेमचन्द्र इन्दिरा(रामानुजदास)भटराई धरान १६ रु १००१।-
२० श्री लक्ष्मीनारायण वृन्दा देवी (रामानुज दास) लुइटेल वयरवन गा.वि.स.७ हनुमान चोक रु ५५१।-
२१ श्रीवलराम दवाडी चतरा वयरवन रु ५०१।-
२२ श्रीमती शुभद्रा सुवेदी धरान ११ सुनसरी रु ५०१।-
२३ श्रीकृष्ण श्रीमती पराङ्कुशी खतिवडा धरान १६रु ५०१।-
२४ श्रीउमानाथ(उपेन्द्रप्रपन्न.चतुर्भुजा खनाल इटहरी ५ रु ५०१-
२५ श्रीकृष्ण श्रीमती रोहिणा देवी खनाल दमक चियावगान रु ५०१।-
२६ श्रीस्वामी पराङ्कुशाचार्य गण्डकीतट फुलवारीमाईधार मन्दिर वास रु ५११।-
२७ श्रीस्वामी हरिनारायण आचार्य कोलपुर रामजानकी मन्दिर जिल्लाशाखा सचिव श्रीवैष्णव परिषद रु ५०१।-
२८ श्रीमती लक्ष्मणा पोखेल रामानुजा इनरुवा १ रु ५०१।-
२९ श्रीकेशवप्रसाद श्रीमती इन्दिरादेवी अधिकारी धरान १६ रु ५०१।-
३० श्री अर्जुन श्रीमती वविता सुवेदी धरान ४ रु ५०१।-
३१ श्री मधुसूदन घिमिरे धरान रु ५०१।
३२ श्री पं.हेमसागर नेपाल मामलिङ् सङ्खुवा सभा रु ५०१।-
३३ श्रीमती प्रभा कोइराला धराल १६ रु ५०१।-

श्रीरङ्गनाथमन्दिर गोवर्धन पीठ
श्रीवृन्दावन धाम
श्रीशेषशायिने श्रीरङ्गनाथाय नमः
श्रीमते रामानुजाय नमः

अखिलविश्वब्रह्माण्डाधिपतेः परात्परतमस्य श्रीशेषशायिनः श्रीलक्ष्मीसहितनारायणस्य वैभवविस्ताराय रचितमिदं "श्रीविष्णुव्रतामृतम्" किञ्चिच्छ्रुतं सूक्ष्ममवलोकितं च । पूर्णसफलतार्थमद्यपर्यन्त्तं समाराधितं भगवन्त्तं श्रीरङ्गनाथं स्वरचनायाः सफलार्थं प्रार्थयित्रे लोकनाथाभिधाय स्वशिष्याय वचनाऽऽभूषणाशीर्वादान् तदैव दत्तवानासम् । अद्य तद् "श्रीविष्णुव्रतामृतम्" अवलोक्यातीव प्रशन्नोऽस्मि । पुनःपुनः दिव्यान्यन्यानि च रचनार्थं प्रेरयामि ।

स्वामी श्रीरङ्गाचार्य
श्रीरङ्गनाथमन्दिर गोवर्धनपीठाधीशः
श्रीवृन्दावन धाम

श्रीमते रामानुजाय नमः

अखिलव्रह्माण्डनायकः श्रीमन्नारायणो वजयतेतराम्

ॐ श्रीमते रामानुजाय नमः

अनन्तकोटिव्रह्माण्डनायकः सर्वेश्वरो भगवान् प्राणिकल्याणार्थं मत्स्यकूर्माद्यवतारान् धृतवान्। तेष्ववतारेषु मानवरूपरामकृष्णवामनाद्यवतार एव मानवसमुदायस्य विशेषकल्याणकारकाः सिद्धा विलसन्ति। प्राक्तनमानवजन्मकर्मफलेन यमयातनादि-भयावहकष्टंभुञ्जमानाः प्राणिनः शूकरकूकरादियोनिमवलम्व्य पापपुण्यसमानावस्थायां पुनः मानवयोनिं धारयन्ति। शुभाशुभकर्मप्रभावात् स्वर्गादिसुखं प्राप्नुवन्ति। "क्षिणे पुण्ये मर्त्यलोकं विसन्ति" पुनः पुण्यसमाप्तौपृथिव्यां जायन्ते। एवं गमनागमनेन वारंवारमशान्तसुखदुःखभूमयाँ पतन्ति। एतेषामुद्धरणार्थं सत्वगुणसम्पन्नस्य भगवतःपुरुषोत्तम-नारायणस्य व्रतामृतं पीत्वाऽखण्डानन्दाश्रय(मोक्ष) प्राप्तये कविः श्रीलोकनाथः श्रीविष्णुव्रतामृतम् महाकाव्यं व्यलेखि। अनेन सर्वसाधारणजन समुदायेष्वपि मोक्षाधिष्ठातृदेवं पुरुषोत्तमं प्रति श्रद्धा जागृतिरस्तु, इति, शुभाभिशंसनं प्रकटयन् मङ्गलानि आशास्महे॥

जय श्रीमन्नारायण

श्रीमन्नारायण चिन्नजियर

(विजयवाडा दक्षिण भारत)

श्रीमते रामानुजाय नमः

श्रीविष्णुव्रतामृतम् प्रति

देवराजआचार्य

अध्यक्ष

श्रीवैष्णव परिषद् नेपाल

अखिलब्रह्माण्डनायक परंब्रह्म श्रीमन्नारायणप्रभुको यस लीला- विभूतिमा कर्मानुसार जन्म लिएका अनन्त जीवात्माहरूमा मानव शरीरधारी जीवात्माको जन्म बहुमूल्य महत्वयुक्त छ। यसै जन्मवाट जीवात्माले पुनरागमन-रहित नित्य- निरवधिक- परमानन्द- मुक्ति प्राप्त गर्न सक्दछ। त्यसको लागि उपायान्तर-विमुख भएर एकमात्र उपाय उनै परमात्माको शरणागति योगको अवलम्वन गरेर रहनु आवश्यक कर्तव्य हुन जान्छ। यसै सन्दर्भमा प्रसिद्ध नगर धरानलाई निवासभूमि वनाउनुभएका विद्वदवर श्रीलोकनाथ लुइटेलज्यूले शास्त्रीय- पद्धति अनुसारस्वरचित संस्कृत श्लोक र त्यसको अनुवाद सहित “श्रीविष्णुव्रतामृतम्” ग्रन्थ तयार गर्नुभएको विहङ्गम दृष्टिले देख्ने अवसर मिल्यो। १५ सर्गमा विभाजित यस ग्रन्थमा सामान्य शास्त्रीय-पद्धतिको चर्चाको साथ विशेष-मुक्ति पथका विषयहरू समावेश गरिएको पाइयो। महाभागवत राजा अम्वरीषको प्रसङ्गमा दुर्वासा जस्ता तपस्सिद्ध महामुनिले अम्वरीष प्रति गरिएको महान् अपराध जसलाई- भागवत- अपचार भन्दछन्, त्यसवाट मुक्ति पाउन स्वयं समर्थ नभएर शिव- व्रह्मादि देवताको शरणमा जानुभयो, त्यहाँवाट पनि उद्धार पाउन नसकेर सर्वोद्धारक

श्रीमन्नारायणको शरणमा जाँदा पनि श्रीनारायणले स्वयं उद्धार नगरेर जसका प्रति अपराधभएको थियो उनै अम्बरीषको शरणागत गराएर भागवत अपचारबाट छुटकारा गराउनुभयो। भागवतापचार (वैष्णवको प्रति भएको अपराध) को छुटकारा जसको प्रति अपराध भएको छ, उनै वैष्णव=भागवतलाई प्रसन्न गराएर मात्र हुने प्रसङ्गको चर्चा गरेर वैष्णवीय-सिद्धान्तको सर्वोपरि महत्व उक्त ग्रन्थमा प्रतिपादन गरेर विशिष्टाद्वैत दर्शनसम्बन्धी सिद्धान्तको आधारमा वैष्णवीय संस्कारका मूल द्वय चरम मन्त्रको स्वरूप उक्त ग्रन्थमा देखाएर श्रीमान् लुईटेलज्यूले ग्रन्थको उपादेयता वैष्णवजनलाई मात्र नभएर सामान्य धर्मावलम्वीहरूलाई पनि मननीय देखाउनु भएको पाइयो। उहाँको स्तुत्य प्रयासको सम्मान वैष्णवजगतले मात्र नभएर अन्य धर्मालम्बीहरूले पनि गरुन्। श्रीवैष्णव परिषद्, नेपालको अध्यक्षताको नाताले शुभकामना अर्पित गर्दै एवं रूपका अरु ग्रन्थ पनि प्रकाशनमा आउन्। पुनः श्रीमान् लोकनाथ लुईटेलज्यूलाई सादर अनुरोध गर्दछु। शुभमस्तु ॥

आंशंसा

प्राध्यापकः
टीकाप्रसाद शर्मा
सन्मार्ग- सदनम् धरान१६
कौसिकी प्रदेशः (नेपाल)

विष्णुव्रतस्य राजर्षेश्चरितं परमाद्भुतम् ॥
भक्तेर्लास्यं प्रभूतं च वैष्णवं शास्त्रगौरवम् ॥१॥
सौदर्शनं च शतकं दर्शनीयं मनोहरम् ॥
उत्प्रेक्षणं च वहुशः शोभनं काव्यकौशलम् ॥२॥
भक्तानां प्राक्तनानां च स्मरणं यत्र पेशलम् ॥
आचार्याणां विश्रुतानामैतिह्यं हि महात्मनाम् ॥३॥
प्रेयसः श्रेयसश्चैव प्रशस्तं मार्गदर्शनम् ॥
निरूपितं यत्र सदाचारनिष्ठादिसौभगम् ॥४॥
श्रीलोकनाथस्य कवेः कौशिकस्य द्विजन्मनः ॥
भव्यं नव्यं काव्यंमिदं श्री-श्रीविष्णुव्रतामृतम् ॥५॥
सर्गैश्च विनिवद्धं वै रुचिरैर्दशपञ्चकैः ॥
ग्रैवेयकं नु भक्तानां मन्ये हार्द्दमनुत्तमम् ॥६॥
विष्णुव्रतपर ! श्रीमन् लोकनाथकवे ! सुधीः ! ॥
लोकमुत्थापयञ्जीव त्वं सारस्वत-वर्त्मना ॥७॥

:सौरः १ कार्तिकः २०६८

श्रीनारायणप्रीतये

कृष्णप्रसाद शर्मा वस्ती
धनकुटा कोशी

संसारे खलु वस्तु किं मुनिजनैः संदर्शितं सारवत्
साफल्यं नरजन्म केन विधिना जायेत भूमण्डले ॥
पन्थानः कति सन्ति तेषु सुखदा नारायणोपासना
दाता मुक्तिपदं स्मृतः सुमनसा जीवाय नारायणः ॥१॥
रम्यं काव्यमिदं मुदा रचितवान् श्रीलोकनाथः कविः
प्रीत्या लोकगुरुः सुरार्चितपदो नारायणो वर्णितः ॥
वामे यस्य पदाब्जसेवनपरा लक्ष्मीः सदा शोभते
यः संसारसमुद्रतोऽतिपतितान् संकीर्तनात्तारकः ॥२॥
काव्यं सुन्दरमात्मशान्तिशिवदं लोकोपकारान्वितम्
सत्सेव्यं कलिकालकल्मषहरं भुक्तिप्रदं मुक्तिदम् ॥
श्रुत्वैतद् हृदयं प्रसीदतु हरिर्जीवेषु कुर्यात् कृपाम्
तुष्टिं गच्छतु मानसं सुविदुषां प्रीतो ऽस्तु नारायणः ॥३॥

श्रीकृष्णजन्माष्टमी २०६७ धरान १६

मङ्गलानुशासनम्

स्वामी अच्युत प्रपन्नाचार्य
प्रमुख
श्रीलक्ष्मीनारायण मन्दिर पाञ्चाली

सद्धर्मैक निष्णैक परायण विद्वान् श्रीलोकनाथ लुइटेलज्यूका मानसपटलमा अखिलाण्ड कोटि लक्ष्मीपति श्रीभगवान्का असीम निर्हेतुक कृपापूर्वक स्वप्निक सत्प्रेरणाले ओत:प्रोत भएर अनादि पूर्वाचार्य परम्परा द्वारा संरक्षित सम्बर्धित परमवैदिक धर्म संस्कारले सुसंस्कृत भगवद्धर्म परायण श्रीअम्बरीषलाई नायकको रूपमा प्रस्तुत गरिकन उनका चरित्रचित्रण पूर्वक सर्वजनहिताय सर्व वेदवेदाङ्ग सारभूत प्रपत्तिधर्म सम्बाहक श्रीविष्णुव्रतामृतम् नामक काव्यामक सद्ग्रन्थले समस्त धर्मशास्त्रहरूको गूढ रहस्यलाई स्पष्ट देखाइदिएको छ। यो ग्रन्थ सर्वोपयोगी सर्व वेदप्रतिपादित धर्मसंरक्षक सिद्धान्त परिपोषक भएकाले यसले सर्वत्र सम्मान प्राप्त गरोस्। श्रीलेखकको लेखनी यस प्रकारका सच्छास्त्र प्रणयनमा सदैव चलीरहोस् र श्रीभगवान्को निर्हेतुक कृपावनी रहोस्। यही मङ्गलानुशासन गर्दछु। शम्।

शुभाशंसा

श्रीलक्ष्मीहयवदनपरब्रह्मणे नमः

श्रीकृष्णमाचार्य (गैडाकोट)

महर्षिहरूद्वारा परम्पराले संरक्षण एवं सम्वर्धन गरिदै आएको परमप्रामाणिक वैदिक सिद्धान्तलाई हाम्रा परम हितैषी पूवाचार्यहरूले निधिको रूपमा हामीहरूलाई प्रदान गर्नुभयो। आफ्नो दीर्घकालीन शास्त्र चिन्तनद्वारा विभिन्न विषयहरूको आलोकन गरेर सरल एवंसुललित भाषामा सारतम वेदान्त शास्त्रलाई सर्वसाधारणलाई पनिआस्वादन गराउने उत्कट अभिलाषाले प्रेरित भएर धरान नगर निवासी परमश्रद्धेय विद्वान्, मधुरभाषी श्रीमान् लोकनाथ लुईटेलज्यूले श्रीविष्णुव्रतामृतम्" नामक काव्यग्रन्थ निर्माण गरेर महान् उपकारगर्नुभएको छ। यो उहाँको प्रयत्न प्रशंसनीय छ। शीघ्र प्रकाशनकोलागि भगवान्संग हृदयदेखि प्रार्थना गर्दछु॥

श्रेयोऽभिलाषी

शुभाशंसा

प्राध्यापक

नारायणप्रसाद शर्मा कटेल

धरान १६ सन्मार्ग सुनसरी कोसी, जगन्नियन्ता जगदीश्वरको अनुकम्पावाट नै संसारमा सम्पूर्ण प्राणी प्राणवान् वनेर यो पाञ्चभौतिक पिण्डलाई आधार मानी जुन सुकै कार्य सम्पन्न गर्न भगवत्प्रेरणा नभई कोही सफल हुदैनन्। हाम्रा वैदिक सनातन परम्परा भित्र देखिएका ऋषि,महर्षि,कवि, महाकविहरू द्रष्टा र स्रष्टाका रूपमा रहेकाले नै वैदिककालदेखिको इतिहास आजसम्म हामी

अध्ययन मनन र चिन्तन गर्न पाइरहेकाछौं । पण्डित लोकनाथ लुइटेल संस्कृत नव्यव्याकरण र साहित्यका विद्वान् मात्र नभएर पौराणिक विषयका ज्ञाता पनि हुन पुग्नुभयो । परम्परागत प्राप्त पौराणिक साहित्यिक विषयका आधारमा राजा अम्बरीष, सुदर्शनचक्र, दुर्वासा ऋषिका कथाले उहाँलाई चिमोटेछ। भगवान्मा समर्पित(शरणागत)भइसकेको जीवन पद्धतिमा यी सवैकुरा अनु भूत हुन पुगेछन् र नै प्रातःकालीन शुभमुहूर्तमा अनायास कविका भावना निष्किएर प्रस्फुटित भएछन्, तिनै भावनालाई इन्द्रवज्रा, उपेन्द्रवज्रा, शार्दूलविक्रीडित, शिखरिणी , वसन्ततिलका, तोटक, मन्दाक्रान्ता, आदि वार्णिक छन्द र गद्यमा समेत भाषा संस्कृतलाई अवलम्बन गरी ठाउँ ठाउँमा उपमा, दृष्टान्त, रूपक, आदि अलङ्कारका छटाले अलङ्कृत पार्दै " श्रीविष्णुव्रतामृतम् " महाकाव्य तयार पार्नु भएछ। यो कवि लोकनाथ लुइटेलज्यू शरणागत भए पछाडि भगवान् प्रति अगाध निष्ठा, आस्था राखी लेखिएका प्रकाशित कृतिहरू मध्ये सवै भन्दा उत्कृष्ट हो, महनीय हो। विष्णुव्रतमा अगाध निष्ठा, आस्था राख्ने सवैलाई भक्तिमार्गमा अगाडि वढ्न, वढ्दैजान प्रेरणा दिनेछ। जम्मा १५ सर्गमा विभक्त "श्रीविष्णुव्रतामृतम्" का प्रत्येंक सर्गले मन्त्रार्थ ज्ञान, सर्वदेव वन्दना, विराटस्वरूपदर्शन, सदाचार चिन्तन एवं श्रीमद्भगवत्स्वरूप चिन्तन मनन आदिका वारेमा पाठक एवं साधकहरूलाईं मार्ग दर्शन गर्ने छ, गर्दै जाने छ।

अन्त्यमा पं. लोकनाथ लुइटेल ज्यू साधना सिद्ध हुँदै जानुहोस् र भगवत्प्रेरणावाट प्राप्त भावनालाई यसरी नै सजाउदै जानुहोस् भनी शुभाशंसा प्रकट गर्दछु। दिनाङ्क २०६८।७६ कार्तिक कृष्ण एकादशी

शुभेच्छा

वासुदेव उपाध्याय आत्रेय
धार्मिक प्रवक्ता (हेटौंडा)

सरल सरस मीठा विष्णुका दिव्यगान
समयसित मिलेका भावले छन् महान ॥
हरिगुण मनहर्ने शुद्धपार्ने विचार
अमृत रस मिलेको यो बुझे ग्रन्थसार ॥१॥
परमपुरुष माया जीव छन् तीनरूप
सुगमतम विशिष्टाद्वैतको यो स्वरूप ॥
बुझिकन हितकारी मार्गको खोज गर्ने
कृति छ सुदृढ नौका तुल्य संसार तार्ने ॥२॥
इह र पर जगत्मा वैष्णवी शक्ति ठानी
हरिचरण भजेमा भै व्रती शुद्ध हामी ॥
परमपद अवश्यै पाउने छौं भनेर
अमृत वचन छर्ने ग्रन्थ माने पढेर ॥३॥
हरि हर विधि आत्मा भेदले जानिएका
परमपुरुष चारै व्यूह छन् मानिएका ॥
कठिन विषय यस्तो लेखने भाव साथ
कविवर गुरु हाम्रा धन्य हुन् लोकनाथ ॥४॥
मधुरवचन नौनी घीउको पुञ्ज जस्तो
सुकृति नरम मिश्री मिस्सिएको छ जस्तो ॥
प्रतिपद हरिभक्ति ज्ञानको मूलश्रोत
वनिकन हित गर्ला यो छ मेरो अठोट ॥५॥
भजन मनन गर्दे प्रेमले वेदसार
पढिकन सव जाउन् भक्त संसारपार ॥
सकल जन खुशी हुन् यो शुभेच्छा हजा
सविनय सवमा छन् वन्दना वारवार ॥६॥ शुभेच्छा

ब्रह्ममुहूर्तमा भगवत् चिन्तन गर्दा अकस्मात् स्फुरण भई शब्दावलीहरू स्मृतिमा आए र कपिमा अङ्किकत गर्दै गएँ। शुरूमा गायत्रीमातालाई प्रार्थना गरेँ। हे माता ! सत्कर्ममा प्रेरणा दिनुहोस्, आत्माले सुखशान्ति पाओस्, तपाईको प्रकाश पाएर हृदय उज्यालो होस्। प्रातः स्मरामि हृदि संस्फुरदात्मतत्व्वम्०, प्रातः स्मरामि भवभीतिमहार्तिशान्त्यै ०, प्रातः स्मरामि रघुनाथमुखारविन्दम् ०, रामो राजमणिः सदा विजयते ०। भन्दै जादा "तद्ज्ञानामृतवेद- सारममलम्" यो पद स्फुरण हुनगयो। यसलाई पूरागर्न प्रयास गर्दा 'श्रीविष्णुव्रतामृतम्' यस रचनाको मङ्गलाचरण प्रथम पद्य निर्माण भयो। अनुष्टुप् छन्दमा अरु गायत्री मन्त्रार्थ रचना गरेँ। सुदर्शन शतक कहिले काहिँ पढ्ने गरेको थियो। अर्थ पटक्कै लाग्दैन थियो। अझै पनि सुदर्शनशतकको अर्थ लगाउन सकेको छुइन। वालक कालमा पिता माता परिवारवाट वियोग हुदा एकदिन स्वप्नमा सीता राम लक्ष्मण देखिनु, तुरुन्तै वोलाएको सङ्केत ठानेर सन्निधिमा जान खोज्दा हराउनु भयो। यही स्मृति वारवार भइरहँदा 'श्रीरामः शरणं मम' यो रचना तयार भएको थियो। त्यसै गरी सुदर्शनशतकद्वारा चिन्तन गर्दा सुदर्शनचक्र सम्बन्धी ज्योति गायत्रीमहामन्त्रको भर्ग हो, भन्ने हृदयमा "ध्येयः सदा०- सूर्यनारायण भगवान्का विम्बमण्डलका माझमा रहने, कमलको आसनमा वसेका, मयूरको प्वाँख लगाएका, कुण्डल धारण गरेका, मुकुट लगाएका, वनमाला मणिले शोभायमान भएका, सुवर्ण जस्तो शरीर भएका, शङ्खचक्र हातमा

लिएका, नारायण भगवान् सधैं ध्यान गर्न योग्य हुनुहुन्छ, यो प्रभाव भयो। गायत्रीमन्त्रार्थ चिन्तन मनन "गोपेश्वर-माहात्म्य" रचना गर्दादेखि नै वढ्दै गएको थियो। सूर्यको वर्णनीय भर्ग भन्दा सूर्यलाई अवलम्बन गरेर ज्योतिर्मय चक्रसग सम्बन्धित सूर्यवंशी 'अम्बरीष' नायक चुन्ने काम भयो। श्रीमदभागवतमा उल्लिखित जीवनीमा आफ्ना मौलिक भावविचार मिलाएर तयार गर्न प्रयास गरेकोछु। **उद्देश्यः-** विष्णुभक्ति हृदयमा स्थिर होस, सदाचारवाट विचलित हुन नपरोस्, पति वरण गरेर आएकी दुलहीले सासू ,श्वसुरा,जेठाजु,देवर, आमाज्यूहरूलाई मर्यादा अनुसार सम्मान गरे झैँ सवै देवी देवताहरूको सम्मान गरौँ उपेक्षा अपमान नगरौँ,। आफ्ना आराध्य पतिपरमेश्वरमा प्रेमा भक्तिद्वारा अनन्यभावले सुखदुःखको प्रवाह नगरी जीवनसर्वस्व अर्पण गरौँ। सवै जनजाति प्राणीहरूलाई दया, सहयोग, सद्भावना गर्न सिकौँ। कुनै प्राणीहरूको हिंसा अपमान न गरौँ,। सवैको सम्मान गर्न सिकौँ, यस्तै राम्रा अरू ज्ञान हुन्,। श्रीविष्णुभक्ति प्रति सद्भावना जागृति होस्, गायत्री माताको, श्रीरामको, श्रीसीतामाताको, श्रीकृष्णको, श्रीलक्ष्मीमाताको र सुदर्शन भगवान्को २४, २४ कादरले अर्चना गरी 'श्रीविष्णुव्रतामृतम्' को पाठ र मननद्वारा श्रीविष्णुभक्ति धारण गरेको सिद्धि मिलोस् साथै ती श्रीविष्णुभक्तहरूमा प्रकृतिका २४ तत्ववाट निर्मित शरीर सम्बन्धी मायाको बन्धन नरहोस्, साथै सवैमा श्रीलक्ष्मीनारायण भगवानको असीम कृपा वर्षियोस्। सवै

विष्णुव्रतीहरू आफ्नो जीवात्माको उद्धार गर्न र भगवान्को अखण्डित परमानन्द हुने आश्रय (मोक्ष)प्राप्तगर्न सफल हुन् । यो नै श्रीविष्णुव्रतको मूल अभिप्राय हो । श्रीविष्णुव्रतमा स्मृति र श्रद्धामा प्रवेश भगवान्को कृपावाट मात्र सम्भव छ। यो सिद्धान्तः यसमा प्रतिपादन गरिएको छ । ब्रह्म मुहूर्तमा चिन्तन मनन गर्दा वाल्यकालको एउटा घटना सम्झना आउँछ। एकदिनको कुराहो- म माचमा घास झार्न चढेको थिएँ। सुकेका सिक्रा भाचिएर निकै अग्लो ठाउँवाट लडेर चेष्टत रहित भएँछु। आमाले "हे राम ! हे विष्णु ! राम सत्य हुन्, विष्णु सत्य हुन्, मैले आज सम्म गरेका कार्तिक व्रत, स्वस्थानी व्रत, तीज व्रत, एकादशी व्रत,सत्य हुन् भने सवै व्रतहरूको फल र मेरो अव उप्रान्त वाँकी रहेको सवै आयु यस छोरालाई दिन्छु। यसका काखमा शिर राखी प्राण छोड्न पाउँ, भन्दै अर्पण गर्नु भएको थियो अरे। यो कुरा हजुर आमा भन्नुहुन्थ्यो। त्यस पछि ६ महिना विरामी भएर माघशुक्ल दशमी तिथिमा विहान ११ वजे मेरा काखमा शिर राखे पछि आँखा चिम्लनु भयो। म त्यस वेला १७ वर्षको थिएँ। पिताजी म एक वर्ष हुदै स्वर्गीय हुनुभएको अरे। आफ्नो आयु दिने माता पिता हजुर आमा र हजुर वा साथै श्रद्धाले सुन्ने सुनाउने सवैको आत्माले अवश्यनै अखण्ड भगवान्को परमानन्दाश्रय (मोक्ष) पाओस् भनी यो भगवच्चिन्तन मनन गरेको हो। हितेच्छु गुरु, साथी-हरूलाई सुनाउँदै जादा राम्रो छ, छपाउनु पर्छ, भनेको हुनाले छपाउन जमर्को गरेको हुँ। यो सुनेर छपाउन प्रेरणा दिने महानुभावहरूको नाम पनि यसमा लेख्न प्रयास भएको छ। यस'श्रीविष्णुव्रतामृतम्'मा सवैभन्दा ठूलो प्रायश्चित्त सविधि

विष्णुदीक्षासंस्कार,गायत्री,मूलमन्त्र जप र मन्त्रार्थ मनन हो । श्रीमद्भागवत् अनुसार अम्बरीषको जीवनीमा दुर्वासाको रूप लिएर शिवले गरेको भक्त परीक्षा, देवीदेवता एवं सुदर्शनको वन्दना, भगवत्कुपा, सदाचार शिक्षा, श्रीविष्णुव्रत परम्परा र अन्त्यमा रामकृष्ण एवं शालिग्रामको उपासना, प्राणायाम आदि योगद्वारा भगवद्भाव विभोर वन्ने विचार प्रस्तुत गर्न प्रयास भएको छ। अनुष्टुप्, इन्द्रवज्रा,उपेन्द्रवज्रा,उपजाति,. वसन्ततिलका, तोटक, शार्दूलविक्रीडित, शिखरिणी, मन्दा क्रान्ता, छन्द प्रयोगका साथ गद्यमा पनि उल्लेख गरिएको छ ।

शास्त्राण्यधीत्य मनसा परिमन्थितार्थं
ज्ञात्वैव कः. सफलतां लभते मनुष्यः ।
उद्देश्य-लक्षण-परीक्षणहेतुगम्यं
गृह्णाति पालयति चेत् फलभाक् स एव ॥१॥

प्रश्न- शास्त्र पढेर , मनले सवैतिर मन्थन गरिएको अर्थ बुझेर मात्र कसले सफलता पाउँछ ?। उत्तर- शास्त्रको उद्देश्य, लक्षण, र परीक्षणका कारणवाट त्यसको रहस्य र उपयोगी तत्त्व पत्ता लागे पछि यदि ग्रहण र पालन गर्दछ भने मात्र त्यो फलभागी हुन्छ॥ किनभने जीव पक्षी हो। पक्षीका दुई पखेटा हुन्छन्। उड्ने वरावर शक्ति दुवै पखेटामा हुन्छ। जीवका पखेटा ज्ञान र कर्म दुई हुन्। ज्ञानरूप पखेटा शरीर निर्मल निरोग मजवूत वनाउने शक्ति हो। एकमात्र पखेटाले पक्षी उड्न सक्तैन। दोश्रो पखेटा मजवूत वनाउने सदाचार संस्कार भगवद् ध्यान योगादि सेवा आराधना हो । मानवलाई दिव्यगति प्रदान गरी वाटो देखाउने शक्ति हो। सदाचार र संस्कारको लक्ष्य आत्माको उद्धार गर्नु हो ।

यस "श्रीविष्णुव्रतामृतम्"ले दुवै शक्ति परिचालन गरी आत्मालाई उडाउन (मोक्षप्राप्त गराउन) सक्ने शक्ति प्रदान गर्नेछ भनी विहान पख विउँझिएको अवस्थामा जसले प्रेरणा दिएर यो तयार भयो उनै भगवानलाई भित्री हृदयदेखि वारवार वन्दना गर्दछु। यसलाई सुधारका साथ "आशंसा" लेखेर प्रकाशन गर्न, प्रेरणा दिनुभएको हुनाले आदरणीय शिक्षागुरु श्रीटीकाप्रसाद वस्तीज्यू, "श्रीविष्णुव्रतामृतम् प्रति"लेखेर हौसला वढाउने पूज्यपाद स्वामी श्रीदेवराज आचार्य ज्यू (अध्यक्ष श्रीवैष्णव परिषद् नेपाल) , "मङ्गलानुशासनम्" लेखेर प्रोत्साहन दिने आदरणीय स्वामी श्री अच्युत प्रपन्नाचार्य (प्रमुख श्रीलक्ष्मीनारायण मन्दिर पाञ्चाली विराटनगर १६) ज्यू ,"श्रीनारायणप्रीतये "शीर्षकमा कविता रचेर आशीर्वाद दिने सह.प्राध्यापक श्रीकृष्णप्रसाद वस्तीज्यू, "शुभाशंसा" रचेर सद्भावना जगाउने प्राध्यापक श्रीनारायण कट्टेल (श्रीपिण्डेश्वर विद्यापीठ धरान)ज्यू, "शुभेच्छा" शीर्षकमा मीठो कविता रचेर मुटु छुनेगरी हृदयमा भक्ति जगाइदिने स्वामी श्रीवासुदेव आत्रेय (प्रमुख धार्मिक प्रवक्ता हेटौंडा) ज्यू , "शुभाशंसा" लेखेर सत्प्रेरणा दिने आदरणीय स्वामी श्रीकृष्णमाचार्य(गैडाकोट) ज्यूहरूलाई हृदयदेखि सादर सम्मान गर्दछु। यसलाई छपाउन धेरै रकम सहयोग गर्ने श्री भीष्म निरौलालाई मूरीमूरी धन्यवाद छन्। अन्य भाषा सुधारमा प्रेरणा दिने पं श्रीदीपक पराजुली ज्यू, सुनेर राम्रो छ भनी हौसला दिने श्रीयदुनन्दन निरौलाज्यू (दर्शनाचार्य), श्रीअम्बर ढकालज्यू खोटाङ(सह प्राध्यापक श्रीपिण्डेश्वर) मलाई पनि सुनाउनु होस्न' भन्ने श्रीचन्द्रप्रसाद कट्टेलज्यूहरू एवं श्रीवैष्णव हरिकीर्तनमण्डली धरानलाई पनि श्रद्धा गर्दछु। अन्त्यमा कम्प्यूटर र छपाई गरिदिने महानुभावहरूलाई पनि समुचित श्रद्धागर्दछु ॥ रचयिता

चिन्तनविषयानुक्रमणिका

१ नायकजन्मचिन्तनानन्दयोगः प्रथमसर्गः पृ. १
२ शिक्षाध्ययनानन्दयोगः द्वितीयसर्गः १०
३ गृहस्थाश्रमचिन्तनानन्दयोगः तृतीयसर्गः २०
४ श्रीविष्णुव्रतधारणानन्दयोगः चतुर्थसर्गः ३५
५ मन्त्रार्थमननानन्दयोगः पञ्चमसर्गः ४७
६ द्वयचरममन्त्रार्थमननानन्दयोगः षष्ठसर्गः ७३
७ विष्णुभक्तसंरक्षणानन्दयोगः सप्तमसर्गः ८८
८ सर्वदेववन्दनानन्दयोगः अष्टमसर्गः १०१
९ सुदर्शनध्यानानन्दयोगः नवमसर्गः ११६
१० विराट्स्वरूपदर्शनानन्दयोगः दशमसर्गः १५८
११ सदाचारचिन्तनानन्दयोगः एकादशसर्गः १७०
१२ श्रीविष्णुव्रतोत्तमतामननानन्दयोगः द्वादशसर्गः १८८
१३ विष्णुव्रतपरम्परामननानन्दयोगः त्रयोदशसर्गः २०५
१४ श्रीरामानुजसम्बर्धनविष्णुव्रतमननानन्दयोगः चतुर्दशसर्गः २१५
१५ श्रीमद्भगवत्स्वरूपमननानन्दयोगः पञ्चदशसर्गः २३६

शम्

संस्कृत पाठ पढ्न र अर्थ मनन गर्न केही विधि गर्नु पर्दैन। जतिखेर जहा जसरी पनि पाठ र मनन गरे हुन्छ। विशेष व्रत अनुष्ठान सिद्ध गर्नको लागि चाहिँ निम्न लिखित सङ्कल्प गर्ने - ॐ तत्सत् ३ ॐ विष्णुः ३ पूर्वसङ्कल्पमुच्चार्य अद्येह...गोत्रः .....र्मा(वर्मा, गुप्तः) अहं मम जन्मनि जन्मान्तरे विहित सकलपापक्षयार्थम्, इह जन्मनि समस्तपितृणा मुद्धरणार्थम्, आत्मनश्चाजीवनं सुखशान्त्यैश्वर्य- प्राप्तिपूर्वकं जीवनान्ते श्रीलक्ष्मीनारायण- चरणकमलयो- रखण्डा ऽऽनन्दाश्रय- प्राप्तये भगवदाराधनां श्रीविष्णुव्रतामृत- पारायणं मननं च करिष्ये। शङ्खचक्र हातमा लिएका लक्ष्मीले सहित नारायणको तस्वीरमा वा पुस्तकमा भए तिल जौ तुलसी पुष्प लिएर नभए त्यसै हात जोडेर प्रार्थना गर्दै पुरुषसूक्त र निम्नलिखित नाम भन्ने। (विशेष इच्छा र अनुकूल भएमा दीप कलश गणेश (विष्वक्सेन) र कलशमा सवै देवताको पूजा गरेर यी नामले पूजा गर्दा पनि हुन्छ) ॐभूर्भुवः स्वः भगवत्यै गायत्रीदेव्यै नमः,१ ॐ तत्पदार्थस्व- रूपिण्यै नमः ,२ ॐ सर्वयागफलप्रदायै नमः , ३ ॐ विप्रश्रियै नमः , ४ ॐ तुर्यमार्गप्रदर्शिन्यै नमः , ५ ॐ वसुन्धरायै नमः , ६ ॐ रेवत्यै नमः, ७ ॐ नित्यानन्दस्वरूपिण्यै नमः, ८ ॐ यशस्विन्यै नमः , ९ ॐ भक्तवत्सलायै नमः , १० ॐ गोविन्दगुणवर्धिन्यै नमः , ११ ॐ देशोपद्रवनाशिन्यै नमः , १२ ॐ वरारोहायै नमः , १३ ॐसरस्वत्यै नमः , १४ ॐ धीरोत्तमायै नमः , १५ ॐ महादेव्यै नमः , १६ ॐ हिमायै नमः , १७ ॐ धिषणायै नमः , १८ ॐ योगिन्यै नमः, १९ ॐ योग्यायै नम , २० ॐ नारायण्यै नमः , २१ ॐ प्रणवायै नमः , २२ ॐ चोरबाधाविनाशिन्यै नमः , २३

ॐ दक्षिणायै नमः , २४ ॐ यादवार्चितायै नमः ॥

श्रीराम अर्चना

१ ॐ श्रीरामाय नमः, २ ॐ श्रीरामभद्राय नमः ,३ ॐ श्रीराम चन्द्राय नमः , ४ ॐ श्रीरघुनाथाय नमः ५ ॐ श्रीसीतापतये नम , ६ ॐ श्रीराजीवलोचनाय नमः,७ ॐ श्रीदशरथनन्दनाय नमः, ८ ॐ श्रीकौशल्यानन्दवर्धनाय नमः, ९ ॐ श्रीराजेन्द्राय नमः, १० श्रीरघुपुङ्गनाय नमः११ ॐ श्री जानकीवल्लभाय नमः, १२ ॐ श्रीजनार्दनाय नमः, १३ ॐ श्रीविश्वामित्रप्रियाय नमः, १४ ॐ श्रीनारायणाय नमः, १५ ॐ श्रीशरणत्राणतत्पराय नमः, १६ ॐश्रीसत्यवाचे नमः, १७ ॐ श्रीसत्यविक्रमाय नमः , १८ ॐ श्रीसत्यव्रताय नमः, १९ ॐ श्रीराघवाय नमः , २० ॐ श्रीपितृभक्ताय नमः२१ ॐ श्रीवेदान्तसाराय नमः, २२ ॐ श्रीत्रिविक्रमाय नमः, २३ ॐ श्रीनारसिंहाय नमः, २४ ॐश्रीपुरुषोत्तमाय नमः, ॐ श्रीसीता- लक्ष्मण- भरत- शत्रुघ्न- हनुमत्समेताय श्रीरामचन्द्राय नमः ॥ १ ॐ सीतायै नमः , २ ॐ जानक्यै नमः , ३ ॐ जनकात्मजायै नमः, ४ ॐ मिथिलानन्दायै नमः, ५ ॐ रावणान्तकर्यै नमः, ६ ॐ रामवक्षस्थलालयायै नमः , ७ ॐ वेदगर्भायै नमः , ८ ॐ तपस्विन्यै नमः , ९ ॐ संसारतारिण्यै नमः , १० ॐ तापिन्यै नमः , ११ ॐ वेदमात्रे नमः , १२ ॐ रामपतिव्रतायै नमः,
१३ ॐमूलप्रकृतिसम्भवायै नमः , १४ ॐ वागीश्वर्यै नमः , १५ ॐ आत्मविद्यायै नमः , १६ ॐ नारायण्यै नमः ,१७ ॐ वसुन्धरासमुद्भवायै नमः , १८ ॐ चन्द्रवदनायै नमः , १९ ॐ शोकनाशिन्यै नमः , २० ॐ कमलायै नमः , २१ ॐ वैष्णव्यै नमः , २२ ॐ परमेश्वर्यै नमः,२३ ॐ कलिकल्मषनाशिन्यै नमः,

२४ ॐ रमायै नमः ॐ श्री-भू-नीला-गोदात्मिकायै महालक्ष्म्यै नमः ॥

श्रीकृष्ण अर्चना

१ ॐ केशवाय नमः , २ ॐ नारायणाय नमः , ३ ॐमाधवाय नमः , ४ ॐ गोविन्दाय नमः , ५ ॐ विष्णवे नमः ,६ ॐ मधुसूदनाय नमः , ७ ॐ त्रिविक्रमाय नमः , ८ ॐ वामनाय नमः, ९ ॐ श्रीधराय नमः , १० ॐ हृषीकेशाय नमः , ११ ॐ पद्मनाभाय नमः , १२ ॐ दामोदराय नमः , १३ ॐ वासुदेवाय नमः ,१४ ॐ सङ्कर्षणाय नमः , १५ ॐ प्रद्युम्नाय नमः , १६ ॐ अनिरुद्धाय नमः , १७ ॐ पुरुषोत्तमाय नमः , १८ ॐ अधोक्षजाय नमः १९ ॐ नारसिंहाय नमः २० ॐ अच्युताय नमः , २१ ॐजनार्दनाय नमः , २२ ॐ उपेन्द्राय नमः , २३ ॐ हरये नमः, २४ ॐ श्रीकृष्णपरव्रह्मणे नमः, ॐ परात्परतमाय सर्वेश्वराय नारायणाय नमः ॥

लक्ष्मी अर्चना

१ ॐ श्रियै नमः , २ ॐ अमृतोद्भवायै नमः, ३ ॐ कमलायै नमः , ४ ॐ चन्द्रसोदर्यै नमः , ५ ॐ विष्णुपत्न्यै नमः , ६ ॐ वैष्णव्यै नमः ७ ॐ वरारोहायै नमः , ८ ॐ हरिवल्लभायै नमः ९ ॐ शार्ङ्गिण्यै नमः , १० ॐ देवदेविकायै नमः, ११ ॐ लोकसौन्दर्यै नमः , १२ ॐ महालक्ष्म्यै नमः , १३ ॐ चपलायै नमः ,१४ ॐ कात्यायन्यै नमः ,१५ ॐ जगन्मात्रे नमः ,१६ ॐ विश्ववल्लभायै नमः , १७ ॐ क्षीरसागरतनयायै नमः ,१८ ॐ कमलवासिन्यै नमः ,१९ ॐ कमलपत्राक्ष्यै नमः, २० ॐ पद्माननायै नमः , २१ ॐ रमायै नमः , २२ ॐ सर्वसुलभायै नमः,२३ ॐ इन्दिरायै नमः,२४ ॐ जीवोद्धार- परायणायै नमः,

ॐ श्रीभू-नीला-साक्षात्मिकायै महादेव्यै नमः ॥

सुदर्शन अर्चना

१ ॐ सुदर्शनाय नमः , २ ॐ चक्रराजाय नमः , ३ ॐ महाद्युतये नमः ,४ ॐ सौदामिनीसहस्राभाय नमः, ५ ॐ चतुर्वेदमयाय नमः,६ ॐ भवरोगविनाशकाय नमः, ७ ॐ ज्वालाकाराय नमः,८ ॐ पाषण्डजन- खण्डनाय नमः, ९ ॐ श्रीकृष्णमानसाय नमः,१० ॐनारायणाज्ञानुवर्तिने नमः, ११ ॐ वाणासुरदोर्दण्डखण्डनाय नमः ,१२ ॐ विजयाकृतये नमः ,१३ ॐ अव्ययाय नमः ,१४ ॐ परञ्ज्योतिषे नमः , १५ ॐ जीवोद्धाराय नमः ,१६ ॐ त्रिविक्रमाय नमः ,१७ ॐ मन्त्रयन्त्रमयाय नमः , १८ ॐ विभवे नमः , १९ ॐ सर्वायुधसमन्विताय नमः ,२० ॐ ॐकाररूपाय नमः , २१ ॐ नारायण- शक्तिसमन्विताय नमः, २२ ॐ श्रीवैष्णवाय नमः, २३ ॐ सत्यव्रताय नमः,२४ ॐ सत्यधर्मसंरक्षकाय नमः ॐ श्रीविजय- लक्ष्मीसमेत- सुदर्शनचक्र राज- परब्रह्मणे नमः ॥ अर्चना सिद्धिरस्तु । भनेर तुलसी अर्पण गर्ने। यस पछि फूल तुलसी अञ्जलिमा लिएर धर्म, अर्थ, काम, मोक्षको भावनाका साथ प्रार्थना गर्ने ।

ब्रह्मादीनां स्तुतिसुवचनैर्लोककल्याणहेतू
श्रीवैकुण्ठात् समवतरितौ सन्तसन्तारसेतू ॥
शुद्धां शिक्षां जनहितकरीं सत्सु विस्तारयन्तौ
सीतारामौ हृदि निवसतां सत्यसङ्कल्पवन्तौ ॥१॥

(नेपाली भाषामा सर्ग.१५ श्लो. १५ मा अर्थ छ)

जाताह्लादौ स्मितसुवचनौ दिव्यसिंहासनस्थौ
शान्तौ दान्तौ सुललिततनू सूरिभिः सेव्यमानौ ॥

लीलावन्तौ जनहितकरौ यौ सदाचारवन्तौ
सीतारामौ हृदि विलसितौ प्राप्नुयां तौ कदाहम् ॥२॥
(नेपाली भाषामा सर्ग.१५ श्लोक.२३ मा अर्थ छ)

शेषाङ्के शयितं रमाविलसितं देवर्षिभिर्वन्दितं
नाभ्युत्पन्नसरोजयोनिसहितं चक्रादिभिर्भूषितम् ॥
सज्योतिर्वनमालया च मणिना संशोभितोरस्थलं
श्यामाङ्गं मधुरस्मितं सुनयनं नारायणं धीमहि ॥३॥
(ने.भा. सर्ग.१४ श्लो. १२२ मा अर्थ छ)

श्रीकृष्णदिव्यचरितामृतपानलुब्धः
श्रीजानकीशपदपद्मरसैकनिष्ठः ॥
श्रीशेषशायिचरणाश्रितमानसोऽहं
श्रीमन् स्वजीवसुमनस्त्वयि भावयामि ॥४॥
(ने. भा. सर्ग.१३ श्लो.५८ मा अर्थ छ)

तुलसी पुष्प अर्पण गर्नु । यसपछि श्लोक पाठगर्दै अर्थ मनन गर्दा विष्णुभक्ति योगानुष्ठान सिद्ध हुन्छ ॥

-::-

श्रीमते रामानुजाय नमः

स्मरणीय विषय

श्रीविष्णुव्रत पूर्ण गर्न जनले श्रद्धा र विश्वासले
यो पढ्दा मनभित्र जागृति हुने आह्लादिनी भक्तिले ॥
सच्चा शुद्ध दयालु मानव वनी वाँचौं खुशी हुन् जन
श्रीनारायणको दयामृत पियी सम्पन्नहोस् जीवन ॥१॥

सन्तोषी हुनु साधु सङ्गत गरी श्रीविष्णुदीक्षा लिनु
आत्मा श्रीहरि हुन् भनी मन पनि श्रीविष्णुमै अर्पिनु ॥
भोगी अर्जित कर्मको फल सबै निष्किञ्चनै वन्दिनु
श्रीनारायणमा रमाइरहने बानी बसाली दिनु ॥२॥

सच्चा हुन् करुणासमुद्र भगवान् गर्छन् प्रतिज्ञा पूरा
हाम्रा हुन् धन, धर्म, आश्रय सबै सम्झेर यो सर्वदा ।
शुद्धाहार-विहार-कीर्तन-कथा उन्कै सदा चिन्तन
योगाभ्यास समेत साधन गरी सम्पन्न होस् जीवन ॥३॥

जीवात्मा गति लिन्छ अग्नि दिनमा माघादि षड्मासमा
हावा-सूर्य-जलेश-चन्द्र विजुली ब्रह्मेन्द्रका लोकमा ।
पाई मान वनी तनू चहकिलो प्रस्थान सीधा गरी
भू-पानी-रवि-वायु-पुष्कर-अहं सातौं महत् यी तरी ॥४॥

गंगा छिन् विरजा नुहाइ यसमा विष्णुस्वरूपी वनी
लक्ष्मीका पति छन् जहाँ अव उही हामी सँगै जौं भनी ।
लान्छन् विष्णुसमान दूतगणले जानेछ वैकुण्ठमा
जो वस्ने छ सदा रमेशसँगमा त्यो धन्य हो विश्वमा ॥५॥

-:():-

श्रीविष्णुव्रतामृतम्

ॐ तद्ज्ञानामृतवेदसारममलं वेदान्ततत्त्वान्वितं
सच्छास्त्रे समलङ्कृतं सुललितं ज्योतिर्मयं शाश्वतम् ॥
विश्वव्यापक-सृष्टि-पालन-लयं सत्यं सुधासागरं
तुर्यं जीवनसार्थकं परतमं नारायणं धीमहि ॥१॥

त्यो दिव्य ज्ञानरूपी अमृतमय वेदको सारले पूर्ण निर्मल बनेका, वेदान्तको रहस्यले युक्त भएका,सत्शास्त्रमा गहना बनेका, सुन्दर ज्योतिरूप भएका,अविनाशी सवैतिर व्यापक,सृष्टि, पालन र संहार गर्ने, सत्यस्वरूप, अमृतको सागर,अन्तीम जीवन सार्थक गराउने, सर्वोत्तम सर्वेश्वर नारायण भगवानलाई ध्यान गर्दछु ॥१॥

वरेण्यं शिवदं शान्तं ध्यानयोगस्य सिद्धिदम् ।
भर्गरूपं महद्दिव्यं गुरुज्ञानं भजामहे ॥२॥

वर्णन गर्न लायक, कल्याण दिने, शान्तस्वरूप, ध्यान योगको सिद्धि गर्ने,तेजरूप, अतिदिव्य,गुरुद्वारा प्राप्त ज्ञानरूप हरिलाई भजन,गरौं ॥२॥

देवस्येष्टतमस्यैव स्वीकुर्वन्तो व्रतोत्तमम् ।
धीमहि सच्चिदानन्दं स्वात्मनः सुखशान्तये ॥३॥

इष्टतम उनै देव हरिको उत्तम व्रत स्वीकार गर्दै आफ्ना अत्माको सुखशान्तिका लागि सत् चित् आनन्दरूप भगवान्लाई ध्यान गरौं ॥३॥

धियो यो नस्तपोध्यानविधानात् श्रीरमापतिः ।
प्रचोदयाद् सदा सत्ये भवतु हरितोषणम् ॥४॥त

तपस्या र ध्यानको विधि गर्दा श्रीलक्ष्मीनारायण भगवान्ले हाम्रो बुद्धिलाई सधैं सत्य मार्गमा प्रेरणा गरिदिउन् र हाम्रा

जपले हरिभगवान्मा प्रसन्नता होस् ॥४॥

गगनाकृतिमान् रामो लक्ष्मणो गौररूपवान् ।
दृष्टौ तावेकदा स्वप्ने पुनस्तत्रैव चाल्पितौ ॥५॥

एक दिनको कुरा हो, आकाशको रूप भएका राम,गोरा लक्ष्मण यी दुईलाई सपनामा देखें, तर तुरुन्तै त्यही अल्पिनुभयो ॥५॥

निद्रायां दृष्टवस्तूनां फलं ज्ञातुं समुत्सुकः ।
भाग्येन प्रेरितोऽध्येतुं पिण्डेश्वरं समागतः ॥६॥

निद्रामा देखेका वस्तुको फल जान्न इच्छा गर्दथें ,भाग्यले प्रेरित भएर पिण्डेश्वरमा पढ्न आइपुगें ॥६॥

एकदा ऽश्रावयं स्वप्नं यां शिक्षागुरुमातरम् ।
तस्यार्थं बोधयन्ती सा दीक्षार्थं मां च प्रैरिरत् ॥७॥

एकदिन शिक्षा गुरु आमालाई सपना सुनाएँ ,त्यसको अर्थ सुनाउँदै कृपा गरेर वैष्णव दीक्षा लिन प्रेरणा गर्नुभयो ॥७॥

गुरोरन्वेषणं कुर्वन् प्राप्य वृन्दावनं ततः ।
श्रीरङ्गमन्दिराधीशात् दीक्षामन्त्रं च लब्धवान् ॥८॥

गुरुको खोजी गर्दै जादा वृन्दावन पुगेर श्रीरङ्गमन्दिरका प्रमुख वालक स्वामीवाट दीक्षामन्त्र प्राप्त गरें ॥८॥

श्रीविष्णुव्रतनिष्ठावान् आसीत् को लब्धवान् हरिम् ।
केनाऽचारेण सोऽतिष्ठत् सर्वं कथय भो गुरो ! ॥९॥

हे गुरो ! श्रीविष्णुव्रतमा निष्ठाराख्ने कसले हरिलाई पाउन सक्यो । कुन आचरणले त्यो रह्यो , सवै वताइदिनुहोस् ॥९॥

श्रीमद्भागवतं पाद्मं नारदपाञ्चरात्रकम् ।
श्रद्धयाऽध्ययनं कुर्वन्नाशीर्वादेन ज्ञास्यसि ॥१०॥

श्रीमद्भागवत, पद्मपुराण, नारदपाञ्चरात्र,यी ग्रन्थ श्रद्धाले अध्ययन गर्दा आशीर्वादले जान्नेछौ ॥१०॥

मन्त्रतत्वात्मसात् कर्तुं धर्मशास्त्राणि चिन्तयन् ।
उपहासाय विदुषां शब्दपुञ्जं करोम्यहम् ॥११॥
मन्त्ररहस्यलाई आत्मसात् र धर्मशास्त्रको चिन्तन गर्दै विद्वान्हरूका माझमा उपहासको पात्र बन्न यी शब्दपुञ्ज म रचना गर्दछु ॥११॥
श्रीदेवो ज्योतिषां ज्योतिः प्राणिनां हृदये स्थितः ।
भ्रामयति जगत् यः स सर्वोत्कर्षेण वर्तते ॥१२॥
जुन श्रीले सहित भएका देवता ज्योतिका पनि ज्योति,बनेर प्राणीका हृदयमा रहेको हुनुहुन्छ । संसारलाई घुमाउनु हुन्छ, ती परमेश्वर सर्वोत्तम बनेर रहनुहुन्छ ॥१२॥
विश्वं सृजति यो नित्यं रक्षति हरतीति च ।
वेदेषु वर्णितं ध्येयं तमेव चिन्तयाम्यहम् ॥१३॥
जो विश्वलाई सिर्जना गर्नुहुन्छ, सधै पालना गर्नुहुन्छ र संहार पनि गर्नुहुन्छ । वेदमा वर्णित ध्यान गर्न योग्य तिनैलाई सधैं म चिन्तना गर्दछु ॥१३॥
सूर्यमण्डलमध्यस्थो देवो भुवनभास्करः ।
रश्मिभी रचनार्थं मे हृदाकाशे प्रकाशताम् ॥१४॥
सूर्यमण्डलका माझमा रहने दिव्यस्वरूपले संसारलाई उज्यालो पार्ने भगवान् सूर्यनारायण मेरा रचनालाई सफल पार्न किरणहरूका साथ मेरो हृदय आकाशमा चंकिउन् ॥१४॥
आसीत् वैवस्वतो नाम सूर्यपुत्रोऽतिनिर्मलः
इक्षाकुप्रमुखास्तस्याऽभवन् पुत्रा गुणान्विताः॥१५॥
वैवस्वत नाम गरेका अतिनिर्मल सूर्यपुत्र थिए । तिनका इक्षाकु आदि प्रमुख गुणैगुणले युक्त छोराहरू भए ॥१५॥
तेषु दशसु पुत्रेषु नभगो धार्मिकः सुधीः

आसीत् सुनीतिविद् धीरो विष्णुभक्तिपरायणः ॥१६॥
ती दश छोराहरू मध्ये नभग- धर्मात्मा, विद्वान्, नीति जान्ने, धीर, विष्णुभक्तिमा परायण थिए ॥१६॥
नभगो वेदमध्येतुं पुत्रान् प्रेरयति स्म ह ।
अल्पमायुस्तथा शास्त्रं ज्ञात्वानन्तं निवर्तिताः ॥१७॥
नभगले छोराहरूलाई वेद पढाउन पठाए ,तर ती छोराहरू आयु छोटो शास्त्र लामो बुझेर फर्किए ॥१७॥
नाभागोऽवरजः पुत्रः पितेव शीलभूषणः ।
सत्यवक्ता सदाचारी पितुर्वचनपालकः ॥१८॥
नभगका कनिष्ठपुत्र नाभाग वावु जस्तै शीलस्वभावको गहना भएका साँचो वोल्ने सत्य सदाचारलाई पालन गर्ने पिताको आज्ञा पालन गर्ने निष्ठावान् थिए ॥१८॥
गुरुवेदान्तवाक्येषु श्रद्धावान् शुचिरात्मवान्
जिज्ञासुश्चतुरो वाग्मी साधुसज्जनसेवकः॥१९॥
गुरु, वेद र वेदान्तको वाक्यमा श्रद्धा राख्ने पवित्र, आत्मज्ञानी, जिज्ञासु,चलाख,वोल्न सीपालु,साधु सज्जनका सेवक थिए ॥१९॥
नम्र-मधुर-गम्भीर-गुणवानेष वालकः
पित्राज्ञया स्थितो वेदमध्येतुं गुरुसन्निधिम् ॥२०॥
नम्र, मधुर, गम्भीर, गुणवान यी वालक पिताजीका आज्ञाले गुरुसँग वेद अध्ययन गर्न वसेका थिए ॥२०॥
देहि दिव्यं गुरो ! ज्ञानं नरजीवनसिद्धये ।
येन मे पूर्णज्ञानं स्याल्लभेतात्मा परां गतिम् ॥२१॥
हे गुरो ! मानवजीवन सिद्धिका लागि दिव्यज्ञान दिनुहोस् । जुन ज्ञानले मेरो ज्ञान पूर्ण होस् र आत्माले उत्तमगति पावोस् ॥२१॥
ततो गुरुः प्रसन्नः सन्नुवाच वेदसम्मतम् ।

देह-वाङ्-मनसां शुद्धिकारकं वचनामृतम् ॥२२॥
त्यस पछि गुरु प्रसन्न भएर वेद सम्मत शरीर, वचन, मन, शुद्ध गराउने वचनरूपी अमृत भन्नुभयो ॥२२॥

धारणात् पालनादेव नरो जीवनसार्थकृत् ।
हरौ प्रीतिं परां प्राप्य जीवात्मानं समुद्धरेत् ॥२३॥
जुन वचनामृत पान गरेर कर्तव्य धारण र पालन गर्नाले मनुष्य आफ्नू जीवन सफल गराउने हरि भगवान्मा उच्चतम आह्लादिनी प्रेमा भक्ति पाएर जीवात्मालाई उद्धार गर्नेछ ॥२३॥

यो सृष्टिं विदधाति राजसगुणो ब्रह्मस्वरूपो भवन्
सत्त्वात्मा भवपालनाय सततं विष्णुस्वरूपे स्थितः ॥
संहारं प्रकरोति तामसगुणो रौद्रेण रूपेण यः
सैको ब्रह्मपरात्मदिव्यपुरुषः सृष्टेर्व्यवस्थां व्यधात् ॥२४॥
जो रजोगुण प्रधान ब्रह्मस्वरूप वनेर सृष्टि गर्नुहुन्छ, संसारलाई पालन गर्न सत्त्वगुण प्रधान वन्दै निरन्तर विष्णुस्वरूपमा रहनुभएको छ, जो तमोगुण प्रधान वनेर रौद्ररूपले संहार गर्नुहुन्छ, ती ब्रह्म परतम आत्मास्वरूपी दिव्यपुरुष (ईश्वर) एउटै हुन् उनैले सृष्टिको व्यवस्था गर्नुभएको हो ॥२४॥

जीवानामधिपं चराचरपतिं नारायणाख्यं विभुं
लक्ष्मीशं भज शिष्य ! जन्मसफलं ज्ञानं च पूर्णं भवेत् ॥
वेदात् वेदतरं परात्परतमं सत्यं शिवं सुन्दरम्
तं ज्ञात्वैव सदा भजन्ति मनुजाः शास्त्रेषु पारङ्गताः ॥२५॥
हे शिष्य ! जीवका मालिक चराचरका अधिपति नारायण नाम भएका सर्वव्यापक लक्ष्मीका पतिलाई भजन गर । जीवन सफल र पूर्णज्ञान हुनेछ । वेदले पनि वर्णन गर्न नसकिने,

परभन्दा पनि पर रहेका सत्य शिव र सुन्दर ती परमेश्वरलाई जानेर सधैं शास्त्रमा पारङ्गत मनुष्यहरू भजन गर्दछन् ॥२५॥

जीवात्मा स्वस्वरूपोऽस्ति भेदास्तस्यैव पञ्चधा ।
मुमुक्षु: केवली बद्धो मुक्तो नित्यश्च सर्वदा ॥२६॥

जीवात्मा स्वस्वरूपको छ ,त्यसका भेद पाँच प्रकारका छन् , मुमुक्षु, केवली , बद्ध, मुक्त, र सधैं नित्य पनि छ ॥२६॥

पुरुषार्थी भवेत्सैव जीवस्योद्धारसाधने ।
धर्मार्थकामसंसिद्धो ज्ञानी चेश्वरजीवयो: ॥२७॥

ईश्वर र जीवको ज्ञाता मनुष्य धर्म अर्थ काममा सिद्ध जो छ त्यो नै जीवको उद्धार साधनामा लागेको पुरुषार्थी हुनेछ ॥२७॥

अन्तर्यामी परो व्यूहो विभवोऽर्चास्वरूपक: ।
परात्मा पञ्चधा भूत्वा विश्वं रक्षति सर्वदा ॥२८ ॥

अन्तर्यामी स्वरूप, परस्वरूप, व्यूहस्वरूप, विभव स्वरूप र अर्चास्वरूप,पाँच प्रकारको भएर परमात्मा विश्वलाई सधैं रक्षा गर्नुहुन्छ ॥२८॥

उपाया: सन्ति नाभाग ! साध्यसाधनसिद्धये ।
ते ज्ञानं, कर्म, भक्तिश्च, प्रपत्तिर्गुरुगौरवम् ॥२९॥

हे नाभाग ! साध्य ईश्वर प्राप्तिको साधना सिद्धिका लागि उपायहरूछन् ती ज्ञान,कर्म भक्ति,प्रपत्ति र गुरुगौरव हुन् ॥२९॥

स्व-पर-पुरुषोपाय-प्राप्तिण्वरूपबोधका: ।
विरोधिशब्दसंयुक्तास्ते वै स्वरूपघातका: ॥३०॥

स्वस्वरूप, परस्वरूप, पुरुषस्वरूप, उपायस्वरूप, प्राप्तिस्वरूप यी ईश्वर स्वरूप वुझाउने साधना हुन् । तिनै विरोधि शब्दले युक्त छन् भने (स्वस्वरूपविरोधी, परस्वरूपविरोधी, पुरुषस्वरूपविरोधी उपाय स्वरूपविरोधी, प्राप्तिस्वरूप विरोधी)

साधना घातक हुन्छन् ॥३०॥

उपास्यानि स्वरूपाणि न विरोधीनि सर्वदा ।
पीत्वा गुरुमुखाद्दिव्यममृतं परमाद्भुतम् ॥
कालेन साधनां कृत्वा सानन्दो गृहमागतः ॥३१॥

यी ईश्वरका स्वस्वरूप, परस्वरूप, पुरुषस्वरूप, उपायस्वरूप, प्राप्तिस्वरूपहरू साधना द्वारा उपासना गर्न योग्य छन् । तिनै स्वस्वरूपविरोधी, पर स्वरूप विरोधी, पुरुषस्वरूपविरोधी, उपायस्वरूपविरोधी, प्राप्तिस्वरूपविरोधी छन् भने साधना द्वारा उपासना गर्न हुदैन । गुरुका मुखवाट यो परम अद्भुत दिव्य ज्ञानामृत पान गर्नुका साथै केही समय साधना समेत गरेर आनन्दका साथ घर आउनुभयो ॥३१॥

अग्रजा भाजनं चक्रुः तं विना पैतृकं धनम् ।
नभगस्य सुतत्वेन नाभागो नाम सार्थकम् ॥३२॥

दाजुहरूले यी नभइकन पनि पैतृक सम्पत्ति भाग लगाए, यिनलाई भाग लगाएनन् । नभगका छोरा हुनाले र अंश नहुनाले नाभाग नाम सार्थक हुन गयो ॥३२॥

नाददन् भ्रातरस्तेन याचितं पैतृकं धनम् ।
याहि त्वं पितृसान्निध्यमूचुः पितैव ते धनम् ॥३३॥

तिनले मागेको पितृप्रसाद धन दाजुहरूले दिएनन् र भने तिमी वावुका नजिकमा जाउ, बावु नै तिम्रा धन हुन् ॥३३॥

पितुः सेवा परं भाग्यं दैवेन प्रतिपादितम् ।
इति स्मृत्वा स नाभागः सिषेवे पितरं मुदा ॥३४॥

दैवले सिद्ध गरिदिएको पिताजीको सेवा ठूलो भाग्य हो, भन्ने संझिएर ती नाभागले हर्षले पिताको सेवा गरे ॥३४॥

उवाच सेवमानं तं श्रद्धया मुदितो पिता ।

ज्ञानवानसि हे पुत्र ! हरिः शं ते करिष्यति ॥३५॥

श्रद्धाले सेवा गर्ने त्यस छोरालाई खुसी भएका बाबुले भने, हे पुत्र ! ज्ञानी रहेछौ, हरिले तिम्रो कल्याण गर्नुहुनेछ ॥३५॥

यत्र सत्रं प्रकुर्वन्ति धीमन्तोऽङ्गिरसादयः ।
षष्ठे दिने विमुह्यन्ति मन्त्रान् विस्मृत्य कर्मणि ॥३६॥

जुन ठाउँमा अङ्गिरसादि विद्वानहरू दीर्घकालीन यज्ञ गर्दैछन् , छ छ दिनमा कर्ममा मन्त्र विर्सिएर मोहित हुन्छन् ॥३६॥

तत्र याहि विनीतः सन् मन्त्रदानेन सेवय ।
प्रसन्नास्ते प्रदास्यन्ति शुभाशिषं धनं च ते ॥३७॥

त्यहाँ जाउ र नम्र भएर मन्त्र अड्किएका वेला मन्त्र भनिदिएर सेवागर । ती खुसी हुनेछन् र तिमीलाई शुभाशीर्वाद र धन पनि दिनेछन् ॥३७॥

पितुर्वचनमाश्रित्य यथोक्तं तच्चकार ह ।
परीक्षितः शिवेनाऽपि सत्याद् धर्मान्न चाचलत् ॥३८॥

पिताजीको वचन स्वीकार गरेर जस्तो भनेको थियो त्यस्तै गरे । शिवभगवान्ले पनि परीक्षा गर्नुभयो र पनि सत्य धर्मवाट चटपटाउनु भएन ॥३८॥

यज्ञान्ते यद्धनं प्राप्तं तेभ्यः शतगुणाधिकम् ।
स तेन राज्यमर्जित्वा राजराजाधिपोऽभवत् ॥३९॥

यज्ञान्तमा जुन धन प्राप्त भयो, त्यो दाजुहरूको भन्दा शयगुणा वढी थियो । तिनले त्यो धनद्वारा राज्य खरिद गरेर राजाहरूका पनि राजा महाराजा भए ॥३९॥

आसीत् चन्द्रकुलोत्पन्ना नाभागस्य सधर्मिणी
सुषमा शीलसम्पन्ना पतिव्रतपरायणा ॥४०॥

नाभागकी श्रीमती चन्द्रकुलमा उत्पन्न, राम्रो सुहाउने , उच्च

शील स्वभाव भएकी पतिव्रतमा परायणा थिइन् ॥४०॥

विद्यावैभवसम्पन्नौ ध्यानयोगपरायणौ ।
तौ दम्पती सिषेवाते लक्ष्मीनारायणौ मुदा ॥४१॥

विद्या र धनले सम्पन्न ध्यानयोगमा परायण ती दम्पतीले प्रसन्न मनले लक्ष्मी र नारायणको सेवा गरे ॥४१॥

राजधर्मं पालयन्तौ तौ द्वौ विदधतुस्तपः ।
तयोः प्रविष्टो देवांशः तपः पूर्णं बभूव ह ॥४२॥

राजधर्म पालन गर्ने ती दुईले तपस्या गरे । ती दुईमा देवांशको प्रवेश भयो र तपस्या पूर्ण भयो ॥४२॥

ग्रहैः पञ्चभिरुच्चस्थैर्निरीक्षिते शुभे दिने ।
आनन्दशान्तिसद्भाववर्षितेऽक्षयसंतिथौ ॥४३॥
सदाचारवतोः शीलविनयान्वितयोस्तयोः ।
नारायणप्रभावेण सञ्जातो गुणवान् शिशुः॥४४॥

पाँच उच्च ग्रहहरूले हेरिएको, आनन्द, शान्ति, र सद्भावनारूपी मानौ पानी वर्षा भएको, शुक्लपक्ष अक्षय नाम गरेको तृतीया शुभतिथिमा सदाचारले सम्पन्न, सुशीलता, नम्रताले परिपूर्ण ती दुई दम्पतीको नारायणभगवान्का प्रभावले गुणवान् वालक जन्मियो ॥४३॥४४॥

सानन्दं जलमुक् सुवृष्टिमकरोत् वायुः सुखं स्पर्शयन्
नृत्यन्ति स्म च गोधनानि सततं सन्ताः प्रसन्नास्तदा ॥
बालाः क्रीडनकर्मणि प्रमुदिता नार्यः प्रसन्नान्विता
नाभागस्य शिशौ नवे समुदिते स्वर्गो महीमागमत् ॥४५ ॥

हावाद्वारा सुखको स्पर्श गराउँदै मेघले आनन्दको सुवृष्टि गराए । गोधनहरू नाच्न उफ्रिन लागे । त्यसवेला साधुसन्तहरू

खुसी भए। वालकहरू खेल्ने कर्ममा खुसी, नारीहरू हँसिला खुसिला भए। नाभागको छोरो जन्मिएको वेला स्वर्ग पृथिवीमा आएको अनुभव भयो ॥४५॥

वेदानां ध्वनिभिस्स्तवादिमधुरैर्नृत्यैर्वचोभिः शुभै :
दीपानां बहुपंक्तिभिश्च नगरी संसेव्याना बभौ ।
राजा काञ्चन-रत्न-वस्त्र-विभवानुत्सर्जनं चाकरोत्
जातेयं पृथिवी शिशौ समुदिते विश्वंभरा सार्थिका ॥४६॥

वेदहरूको ध्वनिले, स्तुति मधुर शुभवचन र नृत्यहरूले, दीपावलीका पङ्क्तिहरूले सेवा गरिएकी नगरी झिलिमिली वनी चम्किइन्। राजा सून रत्न ऐश्वर्य धन वाड्न लागे। यी पृथिवी वालक जन्मिएका वेलामा विश्वम्भर ।(संसारलाई भरणपोषण गर्ने)नाम सार्थक भएकी वनिन् ॥४६॥

इति श्रीविष्णुव्रतामृतसदाचारभक्तिकाव्ये नायकजन्म चिन्तनानन्द योगो नाम प्रथमसर्गः ॥१॥

अथ द्वितीयसर्गः

नारायणं सागरजां फणीन्द्रं सेनापतिं वेदविदो गुरूञ्च ॥
नमामि सर्वान् पितृमातृवर्गान् स्वश्रेयसे श्रीहरिभक्तिसिद्धये ॥१॥

नारायण भगवान्लाई, लक्ष्मीलाई, शेषभगवान्लाई, सेनापति विष्वक्सेनलाई र वेदज्ञाता दीक्षा शिक्षा दिने सम्पूर्णगुरुहरूलाई र पितामाताहरूलाई पनि आत्माको कल्याण र श्रीहरिभक्ति सिद्धिकालागि नमस्कार गर्दछु ॥१॥

गुरून् समाहूय शुभे मुहूर्ते होमादिशास्त्रीयविधिं विधाय ॥
पुत्रस्य सौभाग्यसमृद्धिकामो राजा स्वयं नाम चकार तस्य ॥२ ॥

छोराको सौभाग्य समृद्धि चाहने राजाले गुरुहरूलाई वोलाएर

शुभ मुहूर्तमा होमादि शास्त्रीय विधि गरेर नाम राख्ने काम आफैँ गर्नुभयो ॥२॥

नक्षत्र-शारीर-सुलक्षणेन विष्णुप्रियो नाम समुच्चचार ॥
ईषज्जलं यो व्रतपूरणाय पीत्वा प्रसिद्धोऽभवदम्बरीषः ॥३॥

नक्षत्र र शरीरका लक्षण अनुसार विष्णुप्रिय नाम राख्नु भयो । जो व्रतपारायण गर्न अलिकति पानी पिउनाले अम्वरीष नामले प्रसिद्ध हुनुभयो ॥३॥

आचारवान् शान्त उदारभावः सौम्यः सुशीलो मितवाक् विनम्रः ॥
वैकुण्ठलोकात् भगवत्कृपातः समागमल्लोकहिताय नूनम् ॥४॥

आचारवान्, शान्त, उदारभाव भएका, सौम्य, सुशील, थोरै वोल्ने, विनम्र, भगवान्का कृपाले वैकुण्ठलोकबाट मानौँ लोकहितकालागि आर्लिनु भयो ॥४॥

प्रबर्धमानः समकाल एव बिम्वेन कान्त्या सदृशः सुधांशुः ॥
युवा शरीरेण धिया च वृद्धो बभूव रूपेण स कामदेवः ॥५॥

विम्व र कान्तिले सँगसँगै चन्द्रमा जस्तै वढनुभयो । शरीरले युवा, वुद्धिले वूढा, र रूपले कामदेव हुनुभयो ॥५॥

लोके प्रसिद्धः जननेन जन्तुः संस्कारमात्रेण भवेत् स जातिः ॥
स्वर्णं सुवर्णं ज्वलने सुसिद्धं जीवात्मनोऽप्युत्तमता तथैव ॥६॥

लोकमा प्रसिद्धि छ जन्मनाले जन्तु, त्यही संस्कार मात्रले जाति हुन्छ । सून अग्निमा खारे पछि सुवर्ण सिद्ध हुन्छ । त्यस्तै जीवात्मा पनि संस्कार गरेपछि उत्तमता प्राप्त गर्दछ ॥६॥

आहारशुद्धेन शरीरशुद्धिर्वाणी भवेत् व्याकरणेन शुद्धिः ॥
ध्यानेन चेतोऽध्ययनेन बुद्धिः सर्वात्मशुद्धिर्हरिकीर्तनेन ॥७॥

आहारशुद्धिले शरीरशुद्धि, व्याकरण अध्ययनले वाणी शुद्धि, ध्यानद्वारा चित्त शुद्धि, अध्ययनले बुद्धि शुद्धि, हरिकीर्तनले

सर्वात्मशुद्धि हुन्छ ॥७॥
एवं सदा चिन्तनयाऽकुलः सन् विद्यार्जनार्थं कृतनिश्चयोऽभूत् ॥
पित्राज्ञया जीवनसार्थकाय भृगोः समीपं स जगाम धीरः ॥८॥
एवं प्रकार सधैँ चिन्तनाले आकुल हुदा विद्या अर्जन गर्ने निश्चय गर्नुभयो र पिताको आज्ञाले जीवन सार्थक पार्न भृगु ॠषिका नजिकमा ती वालक जानुभयो ॥८॥
अध्यैत सम्यक् श्रुति-काव्य-कोष-षड्दर्शनव्याकरणानि तानि ॥
अध्यात्मतत्वं पुनरन्वपृच्छत् कथं भवेन्मानवलक्ष्यपूर्तिः ॥९॥
वेद,काव्य,कोष,षड्दर्शन र व्याकरण,राम्ररी पढ्नुभयो । कसरी मानव लक्ष्य पूर्ण हुन्छ, यस विषयमा फेरी अध्यात्म रहस्य पनि सोद्धनुभयो ॥९॥
विष्णुप्रियं भक्तियुतं स्वशिष्यं जिज्ञासमानं परमेशतत्वम् ॥
निमील्य नेत्रे हृदि संविचार्य गुरुस्तमेवं समुवाच बोध्यम् ॥१०॥
परमेशतत्व जान्न चाहने भक्तियुक्त आफ्ना शिष्य विष्णुप्रियलाई आँखा चिम्लिएर हृदयमा राम्ररी विचार गरेर गुरुले तिनलाई ज्ञानगर्न लायक कुरा भन्नुभयो ॥१०॥
अनादिरात्मा पुरुषः परेशो विराजते ब्रह्मणि दिव्य एकः ॥
स एव सृष्टिस्थितिनाशकर्ता ब्रह्माण्डधर्ता भवदुःखहर्ता ॥११॥
जसको आदि छैन, जो सम्पूर्णको आत्मा पुरुष हो, जो परभन्दा पनि पर रहने दिव्य एक मात्र ब्रह्ममा विराजमान हुनुहुन्छ । उनै सृष्टि, पालन, संहार गर्ने ब्रह्माण्ड धारणगर्ने र संसारको दुःख हर्ने हुनुहुन्छ ॥११॥
ज्ञेयो ह्यचिच्चिच्चिदचिद्विशेषः सदुच्यते वेदरहस्यविज्ञैः ॥
तस्यैव मायां प्रकृतिं मुनीशा वदन्ति बुद्धीन्द्रियचित्तकर्त्रीम् ॥१२॥
निश्चय ज्ञानगर्न योग्य अचित्(जड) ,चित्(जीव), चिदचिद्विशेष

ईश्वर हुन्, भनेर वेदरहस्य जान्ने विद्वान्हरू भन्दछन्। उनकै मायालाई वुद्धि, इन्द्रिय र चित्त निर्माण गर्ने प्रकृति भन्दछन् ॥१२॥

चिच्छक्तिरूपप्रकृतौ स्ववीर्यं संस्थापयामास यदा रमेशः ॥
तदा समुत्पन्नमिदं सुदीव्यं हिरण्मयं नाम महत् सुजातम् ॥१३॥

चिच्छक्तिरूप प्रकृतिमा आफ्नो वीर्य जव रमापतिले स्थापना गर्नु भयो त्यसवेला उत्पन्नभएको सुवर्णमय तत्व महत्तत्व नामले प्रसिद्ध हुनगयो ॥१३॥

हरेः पदं सत्त्वगुणं प्रशान्तं चित्तं सुशुद्धं महदात्मकं यत् ॥
तस्मिन्निवासी परमाधिदेवः क्षेत्रज्ञदेवः स हि वासुदेवः ॥१४॥

हरिको पदस्वरूप सत्त्वगुण प्रशान्त महत्तत्त्व अन्तर्निहित भएको शुद्धचित्त जो छ त्यसमा वस्ने परमाधिदेव क्षेत्रज्ञ देव हो र त्यसलाई वासुदेव भनिन्छ ॥१४॥

ईशस्य वीर्यात् महतो विकारात् जातोऽभिमानस्त्रिविधात्मशक्तिः ॥
अनन्तरूपः स सहस्रशीर्षः संकर्षणो नाम शिवाधिदेवः ॥१५॥

ईश्वरको वीर्य र महत्तत्त्वको विकारवाट उत्पन्न अभिमान युक्त तीन प्रकारको शक्ति भएको अनन्तरूप हजार शिर भएको शिवका उपास्य देवता संकर्षण हुनुहुन्छ ॥१५॥

सत्वात्मकात्तस्य मनोऽभिजातं विकल्पसंकल्पमयं सकामम् ॥
ब्रह्माधिदेवो धिषणाऽभिरामः प्रद्युम्ननामा भगवत्स्वरूपः ॥१६॥

सत्वगुणको विशिष्टतावाट उनको मनमा प्रकट भएको संकल्प विकल्प प्रसस्त भएको कामना भएको ब्रह्माका आराध्यदेव ज्ञानपूर्ण प्रद्युम्न नामहुने भगवान्को स्वरूप छ ॥१६॥

व्यूहं हृषीकेशमधीश्वरं च नीलोत्पलाभं ह्यनिरुद्धसंज्ञम् ॥
जीवाधिपं राजसगर्वरूपमध्यात्मविज्ञा मुनयो वदन्ति ॥१७॥

इन्द्रियका अधिपति नीलकमल जस्तो कान्ति भएका

राजसगुणको अभिमानगर्ने जीवाधिपति अनिरुद्ध नामक भगवत्स्वरूप छ , अध्यात्मज्ञाता मुनिहरू यी चार शक्तिलाई व्यूह भन्दछन् ॥१७॥

देवो हि नारायण एक एव परात्परब्रह्ममयो महेशः ॥
हे शिष्य ! तस्यैव विभाजितानि चत्वारि रूपाणि निरूपितानि ॥१८॥

एक मात्र देवता नारायण नै परात्पर ब्रह्म महेश हुनुहुन्छ । हे शिष्य ! उनकै विभाजित चार रूप यहाँ निरूपण गरिएका छन् ॥१८॥

तस्याऽवतारा बहवश्च सन्ति कलांशभेदाः सनकादिरूपाः ॥
तेष्वेव बोध्यौ खलु रामकृष्णौ स्वांशेन पूर्णाविव पूर्णचन्द्रौ ॥१९॥

उनै परमेश्वरका धेरै अवतार छन् । कला अंशका भेदले युक्त सनकादिरूपहरू पनि अवतार हुन् । तिनीहरूमध्ये आफ्ना अंशले पूर्ण पूर्णचन्द्र जस्तै वैभवावतार राम र कृष्ण हुन् ॥१९॥

युगे युगे याववताररूपौ लीलाविभूत्या जनरञ्जयन्तौ ॥
न केवलं तौ खलनिग्रहाय स्वाचारबोधात् भवतारणाय ॥२०॥

युगयुगमा लीलाविभूतिद्वारा जनतालाई आनन्द गराउने जुन अवताररूप छन् । ती अवतार केवल दुष्ट संहार गर्नका लागि मात्र होइन आफ्नो सदाचार बोध गराएर जनतालाई संसार तार्नका लागि पनि परमेश्वरले अवतार धारण गरेकाहुन् ॥२०॥

जीवेषु चैतन्ययुतो मनुष्यो नारायणध्यानपरायणः सन् ॥
संस्कारवानाचरणेन कीटो भृङ्गीव रूपं प्रलभेत सत्यम् ॥२१॥

जीवहरूमा चेतना युक्त मनुष्य नारायणको ध्यानमा तल्लीन हुँदा संस्कार र आचरणले कीरो कमलकोटी भए झैँ सुन्दररूप प्राप्त गर्न सक्नेछ । यो ध्रुव सत्य छ ॥२१॥

व्याप्तः स नारायण एक एव सर्वत्र भूतेषु चराचरेषु ॥

यं पश्यसि त्वं खलु तं सुविम्वं नारायणस्यैव विचारणीयम् ॥२२॥
ती नारायण भगवान् एक मात्र सम्पूर्ण चर अचर प्राणीहरूमा व्याप्त हुनुहुन्छ। जसलाई तिमी देख्छौ। त्यो देखिएको विम्ब नारायणको नै हो भन्ने बुझ्नु पर्दछ ॥२२॥

स सच्चिदानन्दमयस्वरूपः संविद्रतिह्लादविकासशीलः ॥
सर्वत्र लक्ष्म्या सह सन्निविष्टो विराजते सत्वगुणेन युक्तः ॥२३॥
ती नारायण सत्, चित् र आनन्दमय स्वरूपले संविद्, रति र आह्लादको विकास गर्ने, सर्वत्र लक्ष्मीसँग निरन्तर रहने, सत्त्वगुणले युक्त वनेर विराजमान हुनुहुन्छ ॥२३॥

जीवात्मनः सद्गतये सदा सदाचारसद्धर्मसुरक्षणाय ॥
श्रद्धानुकूलाश्रितदिव्यरूपानर्चावतारान् भगवान् चकार ॥२४॥
जीवात्माको सद्गति गराउनका लागि सधैं सदाचार,सद्धर्मको सुरक्षा गर्न श्रद्धा अनुकूल दिव्यरूपका अर्चावतारहरू भगवान्ले लिनुभयो ॥२४॥

जीवः प्रकृत्यात्मनि देहगेहे कथं प्रविष्टो भगवद्वियुक्तः ॥
आत्मा परात्मेत्यनयोः समैक्यं जिज्ञासमानं पुनरप्युवाच ॥२५॥
जीव प्रकृतिप्रधान शरीररूपी घरमा कसरी प्रवेश भयो, भगवान्वाट वियोग भएका आत्मा र परमात्मा यी दुईको ऐक्यभाव जान्न चाहँने शिष्यलाई फेरी भन्नुभयो ॥२५॥

कैंकर्यकार्येण सदानुकूलाः सृष्ट्यादिकर्तुं सततं समर्थाः ॥
वैकुण्ठनाथस्य कृपानियोगात् जीवस्वरूपा अमराश्च नित्याः ॥२६॥
कैंकर्यकार्यद्वारा सधैं अनुकूल, सृष्टि आदिकर्म गर्न निरन्तर समर्थ, वैकुण्ठ नाथ भगवान्का दयाले अमर वनेका जीवस्वरूपहरू नित्य मानिन्छन् ॥२६॥

निवृत्तकामा भगवत्प्रसादात् स्तुतिं प्रकुर्वन्ति न तृप्तिमन्त ॥

आनन्दमात्रैकधनाः प्रसन्नाः वैकुण्ठवासा मुनयो हि मुक्ताः ॥२७॥
भगवान्का प्रसादले कामनावाट निवृत्त भएका जनहरू स्तुति गर्दछन् र कहिल्यै अघाउदैनन् ,यस्ता आनन्दमात्र धन हुने प्रसन्न रहने वैकुण्ठमा वस्ने मुनिहरु मुक्त जीवात्मा हुन् ॥२७॥

पञ्चात्मकोऽनित्यदेहोऽहमात्मा सर्वं धनं यन्मम मन्यमानः॥
आचारहीनो मधुमांसभोजी जीवो हि बद्धो हरिभक्तिहीनः ॥२८॥
पृथिवी, जल, तेज, वायु, आकाश प्रधान भएको यो अनित्य देहलाई 'आत्मा मै हुँ' सवै धन मेरो हो, भन्ने आचारहीन मदिरा मांस भोजी जीवन नै हरिभक्तिहीन र बद्ध हुन्छ ॥२८॥

अस्मिन् शरीरे प्रकृतेःस्वरूपे ऽहंवाचकात्मा ननु केवलोऽस्ति ॥
अपास्य नारायणमादिदेवं स्वात्मानमाहो तपतीति नित्यम् ॥३०॥
प्रकृतिको यस शरीररूपी स्वरूपमा अहंद्वारा बोधहुने आत्मा केवली हो । नारायण आदि देवलाई छोडेर स्वात्मानुभवमात्र गरिन्छ भने नित्य सन्तापित हुन्छ ॥३०॥

मुमुक्षवोऽपि द्विविधा भवन्ति सन्देहयुक्ता ननु निश्चयान्ताः ।
उपासका वानरबालतुल्या मार्जारपोताः सदृशाः प्रपन्नाः ॥३१॥
मुमुक्षुहरू दुई प्रकारका हुन्छन्, सन्देहयुक्त, र निश्चयान्त। सन्देहयुक्त उपासक वानरको वालक जस्तै आफ्नू रक्षा आफै गर्नुपर्छ भन्छन् , भने निश्चयान्त उपासक विरालाका छाउरा जस्ता निश्चिन्त रहने प्रपन्नहरू हुन्छन् ॥३१॥

जीवान् समस्तान् सुखिनो विधातुं वेदादिशास्त्राणि बुधैर्विमथ्य ॥
निरूपितः कर्मसुधारकर्ता धर्मो हि सर्वत्र सनातनोऽयम् ॥३२॥
सम्पूर्ण जीवहरूलाई सुखी वनाउन वेदादि शास्त्रहरूलाई विद्वान्हरूले मन्थन गरेर निरूपण गरिएको कर्मको सुधार गर्ने यो धर्म सवै ठाउँमा सनातन मानिन्छ ॥३२॥

निवृत्तकामा भगवत्प्रसादात् स्तुतिं प्रकुर्वन्ति न तृप्तिमन्त ॥
धृति-क्षमा-दान-दम-स्वभावाऽहिंसा-सदाचारयुतो मनुष्यः ॥
स वै पवित्रः कुशलो गुणाढ्यः पुनाति विश्वं सकुलं समाजम् ॥३३॥
धृति,क्षमा,दान,दम,सुस्वभाव,अहिंसा,सदाचारले युक्त मनुष्य निश्चय पवित्र कुशल गुणले धनी हुन्छ र विश्व, कुल र समाजलाई पवित्र बनाउँछ ॥३३॥
प्रयोजनं वस्तु धनं निवृत्तिः श्लोकार्थवाच्यः समकर्महेतुः ॥
परोपकारे हरिभक्तिसिद्धौ योऽर्थः प्रयुज्येत स सार्थकः स्यात् ॥३४॥
प्रयोजन, वस्तु,धन,निवृत्ति, श्लोकको अर्थ बोध हुने समान् कर्मको कारण जो अर्थ छ त्यो परोपकारमा हरिभक्ति सिद्धिमा प्रयोग गरिन्छ भने त्यो अर्थ सार्थक हुन्छ ॥३४॥
स्त्रीपुत्ररत्नान्नगृहेषु नित्यमाशक्तभावैहिककाम एषः ॥
रज्वा दृढं वासनया सुबद्धं यन्ता बृषं भ्रामयतीव जीवम् ॥३५॥
स्त्री,पुत्र,रत्न,अन्न, र घरहरूमा नित्य आशक्तभाव हुने इह लोकको मात्र कामना गर्ने जो व्यक्ति छ त्यो व्यक्ति वासनारूपी डोरीले बलियो बाँधिएको गोरुलाई पाल्नेले घुमाए झैँ जीवलाई,घुमाउँदछ ॥३५॥
यज्ञादिपुण्यार्जनकर्म कृत्वा स्वर्गीयभोगान् परिभुज्य जीवः ॥
आवर्तते गौरिव बन्धनाय बनं परिक्रम्य चरन् दिनान्ते ॥३६॥
यज्ञादि पुण्य कर्म गरेर प्राप्त स्वर्गीय भोग भोगेर सकेपछि, दिनभरी वन चर्दै घुमेर बेलुका गाई आफै बन्धनमा आये झैँ सान्सारिक मोह बन्धनमा बाँधिन जीव पनि सन्सारमा जन्म लिन आउँदछ ॥३६॥
वदन्ति यद्दुःखनिवृत्तिमात्रं स्वात्मानमेवानुभवं हि मोक्षम् ।
निसृत्य कारात् भ्रमतीव जीवो निराश्रयोऽनन्तसुखी कथं स्यात् ॥३७॥

कोही दु:खनिवृत्तिमात्र भएको आफ्ना आत्माको अनुभवलाई मोक्ष भन्छन् , कारागार वाट निक्लिएर जीव आश्रय पाएन भने त्यो जीव कसरी अनन्तसुखी होला ॥३७॥

प्रारब्धकर्माणि समानि भुक्त्वा सन्त्यज्य सर्वां भववासनां च ॥
लभेत मोक्षं विरजाजलेन स्वान्ते रमेशानुभवेन शुद्धः ॥३८॥

यस जीवले प्रारब्धकर्म सवै भोग गरी संसारका सम्पूर्ण वासना त्याग्ने काम गरेर रमापतिको अनुभवरूपी विरजा जलले नुहाए पछि अन्तस्करण शुद्ध हुन्छ र मोक्ष पाउन सक्छ ॥३८॥

आनन्दमात्रैकरसेन सौम्यं नित्यं रमालालितपादपद्मम् ॥
विश्वम्भरं यो भजते सदैव तस्यैव मोक्षः पुरुषार्थपूर्णः ॥३९॥

आनन्दमात्र एकरसले रमणीय वनेका नित्य रमाले सेवागरेको पदकमल छन् जस्का ती विश्वम्भर भगवान्लाई जो भज्दछ त्यसको नै पुरुषार्थपूर्ण मोक्ष हुन्छ ॥३९॥

अष्टाङ्गयोगेन मनो निरुध्य यज्ञाद्यनुष्ठानजपादिकर्म ॥
स्मृत्वा हरिं येन विधीयते यत् तत्कर्मयोगो भवतीत्युपायः ॥४०॥

यम नियमादि अष्टाङ्गयोगले मन रोकेर यज्ञादि अनुष्ठान जपादि कर्म गरेर हरिलाई संझेर जसद्वारा व्रतकर्म गरिन्छ त्यो उपायमूलक कर्मयोग हुन्छ ॥४०॥

सत्यस्वरूपं परमेश्वरस्य बोधाय सम्यक् प्रभवेत् समर्थः ॥
तमो विनाशे ननु दीप एव स ज्ञानयोगो भवतीत्युपायः ॥४१ ॥

अन्धकार नाशगर्ने विषयमा वत्ती नै निश्चित भए झैं परमेश्वरको सत्यस्वरूप बोधकालागि समर्थ जो योग होला , त्यो उपायमूलक ज्ञानयोग हुन्छ ॥४१ ॥

या ज्ञानविश्वासबिभूषिताङ्गा पूजाकथादावनुरागयुक्ता ॥
दृढानवच्छिन्नतमा निरन्ता सा यस्य भक्तिः परमार्थसिद्धा ॥४२॥

जुन् ज्ञान विश्वासले बिभूषित अङ्ग हुने पूजा कथादिमा अनुरागयुक्त दृढ नटुटेको निरन्तरता रहेको जस्को भक्ति छ , त्यो भक्ति परमार्थसिद्धगराउने भक्ति हो ॥४२॥

आत्मानुशीला परमेशनिष्ठा तदर्पिताचारफला समग्रा ॥
तद्विस्मृतौ व्याकुलतामुपेता सा यस्य भक्तिः परमार्थसिद्धा ॥४३॥

आत्माको अनुभवगर्न तत्पर गराउने,परमेश्वरमा निष्ठा वढाउने, उनै भगवान्मा आफुले गरेका सवै कर्मफल अर्पण गराउने, उनै भगवान्को विस्मृतिमा व्याकुलता वढाउने जसको भक्ति छ,त्यो परमार्थसिद्धा भक्ति हो ॥४३॥

शास्त्रस्य सारं गुरुणोपदिष्टं सूक्तं समग्रं मननं विधाय ॥
विष्णुप्रियो नैतिकशिष्यधर्मं धृत्वा प्रसन्नो गृहमाजगाम ॥ ४४॥

शास्त्रको सार गुरुले उपदेश दिएका मीठा वचनलाई मनन गरेर विष्णुप्रिय नीतिसम्मत शिष्यधर्म पालन गरेर प्रसन्न वनी घर आए ॥ ४४॥

हे मातापितरौ प्रसन्नमनसा गत्वा गुरोः सन्निधिं
लब्ध्वा शास्त्ररहस्यदिब्यमतुलं कल्याणशक्तिप्रदम् ॥
सेवाकर्म गुरोर्विधाय सततं दत्वाऽतुलां दक्षिणाम्
सेवायै समुपागतश्चरणयोराज्ञां समिच्छाम्यहम् ॥४५॥

हे माता ! पिता ! प्रसन्न मनले गुरुको नजिकमा गएर तुलना गर्न नसकिने कल्याण र शक्ति दिने शास्त्रको रहस्य पाएर गुरुको सेवाकर्म निरन्तर गरेर धेरै दक्षिणा दिएर आइपुगें। पितामाताका चरणकमलको सेवागर्न म चाहन्छु ॥४५॥ इति श्रीविष्णुव्रतामृत-सदाचारभक्तिकाव्ये शिक्षाध्ययन-चिन्तनानन्द-योगो नाम द्वितीयसर्गः ॥ २॥ ४६+४५=९१

अथ तृतीयसर्गः

शास्त्रेषु पारमधिगम्य समागतं तं
पुत्रं स्वपादतलयोः शिर आनमन्तम् ।
आघ्राय मूर्ध्न्यतिशयेन विलोकयन्तौ
स्वाङ्के निगृह्य पितरौ मुदमापतुस्तौ ॥ १॥

शास्त्रमा पार भएका आफ्ना पाउमा शिर झुकाएका त्यस छोरालाई प्यारले शिर सुँघेर हेर्दै ती पितामाताले अङ्कमाल गरेर आनन्द प्राप्त गर्दाभए ॥ १॥

लक्ष्मीं प्रजासु महिलासु नरेषु विष्णु-
मात्मानमेव पशुपक्षिचराचरेषु ।
पश्यन्तमार्द्रमनिशं कुशलं स्वपुत्रं
राज्याधिकारमपि तं जनकश्चकार ॥२ ॥

महिला प्रजाहरूमा लक्ष्मी, पुरुष प्रजाहरूमा विष्णु, पशुपक्षी चर अचर सवैमा आत्मालाई देख्ने भएका निरन्तर कोमल बनेर रहने कुशल आफ्ना त्यस छोरालाई राज्यसञ्चालन गर्ने सम्पूर्ण अधिकार पनि मिलाई दिए ॥२॥

सर्वत्र राज्यजनतासु विहाय चिन्ता-
मेकान्तवासमुपलभ्य समाधिनिष्ठः ।
संस्मृत्य चात्मनि रमेशमनन्ततल्प
आनन्दमात्रमधुरैकरसे स रेमे ॥ ३ ॥

सवैठाउँमा राज्य र जनतामा चिन्ता छाडी एकान्त ठाउँमा वसेर समाधिमा स्थिर हुँदै आत्मामा रमापति भगवान्लाई ध्यान गरी आनन्दमात्र मधुर एकरस हुने शेषशायी भगवान्को स्वरूपमा ती रमाएर रहे ॥ ३ ॥

नारायणे पितरि संमिलिते प्रजानां

शिक्षासुरक्षणविधिं सततं चकार ।
राजा पितेव शुभचिन्तनकर्मकर्ता
सर्वे जनाः प्रमुदिताः सुखिनो बभूवुः ॥४ ॥

नारायणमा पिता लीन भएपछिको समयमा प्रजाहरूको शिक्षा र सुरक्षा गर्ने विधि निरन्तर गर्नु भयो । राजा शुभचिन्तन गर्ने पिता जस्ता भए । सवै जनता हर्षित र सुखी भए ॥४ ॥

राजा बभूव कुशलो मिथिलानगर्यां
विद्यापराक्रमधनाधिपतिः सुकेतुः ।
पुत्र्याः स्वयम्बरविधौ नृपतीन् सुशीलान्
कन्यानुकूलचरितान् तरसा जुहाव ॥५ ॥

मिथिला नगरीमा विद्या पराक्रम र धनका अधिपति कुशल सुकेतु नामका राजा थिए । पुत्रीको स्वयम्बर विधिमा कन्याको अनुकूल चरित्र भएका सुशील राजाहरूलाई ठाँटवाँटका साथ वोलाए ॥५ ॥

विद्या-सुरूप-गुण-शीलवलेन सर्वान्
जित्वा गृहाण तनयां कुलपूज्यशीलाम् ।
मर्यादया सरसभावनया प्रपूर्णं
पत्रं सुवर्णरचितं नृपतिर्लुलोके ॥ ६॥

विद्या,सुरूप,गुण,सुशीलताका वलले सवैलाई जितेर कुलपूज्य सुशील छोरी ग्रहण गर्नुहोस,यस्ता कुरा मर्यादा र सरस भावनाले परिपूर्ण सुवर्ण अक्षरले रचिएको पत्र राजाले देखे ॥६॥

नाहं सुधी र्न बलवान् न च चक्रवर्ती
कन्यार्थसुन्दरतमं न च मे सुरूपम् ।
कन्याः सभा उपगतान् कति राजपुत्रान्
दृष्ट्वैव मेऽद्य नयने सफले करोमि ॥७॥

म न विद्वान् ,न बलवान् ,न चक्रवर्ती ,कन्यार्थका लागि सुन्दरतम न मेरो रूप छ। तै पनि त्यहाँ गएर कन्या, सभा र त्यहाँ आएका धेरै राजपुत्रहरूलाई देखेर आज आँखा सफल वनाउदछु ॥७॥

इत्थं विचार्य रविनन्दन उत्सुकः स-
न्नाशीर्वचांसि गुरुमातृगणात् स लब्ध्वा ।
उस्रेण सूर्य इव दिव्यरथे निवेश्य
सेना-सुहृद्गुरुवलैर्मिथिलां जगाम ॥८॥

यस्तो विचार गरेर रविकुलनन्दन उत्सुकवनी ती राजा गुरु र मातृसमुहवाट आशीर्वाद पाएर दिव्य रथमा वसेर किरणद्वारा सूर्य भैँ सेना सुहृद्वर्ग र गुरुहरूका साथ मिथिला जानुभयो ॥८॥

उल्लङ्घ्य पर्वत-नदी-वन-गण्डशैलान्
पश्यन् विनम्र-फल-पुष्पयुतान् सुवृक्षान् ।
राज्ञे जयोऽस्त्विति बहूनि वचांसि शृण्वन्
गृह्णन् ययौ वकुल-जाति-लता-सुगन्धम् ॥९॥

पर्वत,नदी,वन,ढुङ्गा,र ढुङ्गाका थुप्राहरू नाघेर फल फुलले परिपूर्ण भुकेका वृक्षहरूलाई हेर्दै यी राजाको जयहोस भन्ने वचनहरू सुन्दै वकुल जातिआदि लहराहरूको सुगन्ध ग्रहण गर्दै जानुभयो ॥९॥

सुस्वागतार्थसमुपागतवद्भिरेवं
सम्मानितः सह गणैर्नगरीं प्रविष्टः ।
दीपैरनेकजलपूर्णघटैर्ध्वजैश्च
संशोभितां स मिथिलां ललनामपश्यत् ॥१०॥

स्वागतगर्न आएका जनहरूद्वारा सम्मानित हुँदै तिनै सँग

सहरमा प्रवेश गर्नुभयो । दीपहरू , जलपूर्ण घडाहरू र ध्वजाहरूद्वारा शोभायमान भएकी मिथिला नगरीलाई सुन्दरी नारीको रूपमा देख्नुभयो ॥१०॥

आभूषणेन वसनेन सुभूषिताङ्गाः
सिन्दूर-विन्दुतिलकैर्ललितोत्तोत्तमाङ्गाः ।
सर्वे जनाः प्रमुदिताः समुपागतानां
चक्रुर्नवीनविधिनाऽतिथिमान सेवाः ॥११॥

आभूषण र वस्त्रले शोभायमान् अङ्ग भएका सिन्दूरको विन्दु र तिलकले सुन्दर उत्तम शरीर भएका सवै जनहरू खुशी थिए । आएका पाउनाहरूको अतिथि सत्कार नयाँ तरिकाले गरे ॥११॥

औत्सुक्यताऽकलनया व्यधिकं विनिद्रो
ब्राह्मे पवित्रसमये सहसा निनिद्रः ।
लक्ष्मीः समागतवती वदनं चुचुम्ब
गत्वा शनैः प्रविशति स्म च बालिकायाम् ॥१२॥

उत्सुकता धारणगर्ने कारणले धेरै वेर निद्रा लागेन, विहानको पवित्र समयमा अकस्मात् निधाए । नीदमा लक्ष्मी आइन् र मुख चुम्वन गरिन् र विस्तारै गएर बालिकामा प्रवेश गरिन् ॥१२॥

प्रातर्बभूव नृप ! जागरणं विधाय
सोत्साह उद्यमविधिं सततं विधत्स्व ।
उत्साहिनं कुशलिनं चतुरं सुशीलं
लक्ष्मीर्वृणोति पुरुषं न तु तैर्विहीनम् ॥१३॥

महाराज ! विहान भयो, उठने काम गरेर उत्साहका साथ उद्यम विधि निरन्तर गर्नुहोस् । उत्साही सीपालु चलाक सुशील पुरुषलाई लक्ष्मी वरण गर्दछिन्, अनुत्साहीलाई गर्दिनन् ॥१३॥

इत्थं वचोभिरनुगीततमैः कवीना-

मुद्बुध्य केन किमिदं ननु सम्प्रदिष्टम् ।
तस्मिन् क्षणे नयनविस्फुरणेन भव्यम्
संसूचितं सुशकुनं सफलं समीपे ॥१४॥
यस्ता शब्दावली मिलाएर गाएका कविहरूका वचनले
व्युँझिएर 'केले यस्तो निर्देशन दियो' भनी मनन गरेको वेला
आँखा फुर्नाले नजिकै शुभ शकुन सूचित भयो ॥१४॥
यस्मिन् प्रवालमणि-मारकता-सुभित्ति-
स्तम्भाः सुवर्णरचिता बलभी सुरूप्या ।
भूमिस्तु कुट्टिम-वरिष्ट-रसाऽऽरकूटा
तस्मिन् स्वयम्बर-गृहे नृपतिर्विवेश ॥१५॥
जहाँ प्रवालमणि मारवलले चिटिक्क पारेका भित्ता र स्तम्भ
छन्, सुन र चाँदीका बला छन्। उत्तम मारवल घोटेर चिप्ला
वनाएका भित्री भूभाग छन्। त्यस्ता स्वयम्बर गरिने घरमा
राजाले प्रवेश गरे ॥१५॥
छत्रान्वितेषु मणि-झल्लरभूषितेषु
सिंहासनेषु बहुराजकुलेषु सत्सु ।
एकस्मिन्नेव मधुरस्मित आननाब्जः
तारासु चन्द्र इव राजसु राजते स्म ॥१६॥
मणि झल्लरले सुशोभित सिंहासनहरूमा धेरै राजाहरू वशे
छँदामा एउटा सिंहासनमा मधुर मुष्कान भएका कमल जस्ता
मुख भएका ताराहरूमा चन्द्रमा झैं राजाहरूका माझमा
शोभायमान भए ॥१६॥
राजा स्वयम्बरणयोग्यवरेषु तेषु
के के गुणाः शुभफला महिमा च कस्मिन् ।
सम्यग् विचारकरणाय सुयोग्यविज्ञात्

ज्ञातव्यमेतदखिलं जगृहे सुकेतुः ॥१७॥
राजा सुकेतुले स्वयम्बर गर्न योग्य ती वरहरूमध्ये कुन व्यक्तिमा के के शुभ गुण महिमा छन् । राम्ररी विचार गर्नकालागि सुयोग्य ज्ञातावाट ज्ञान गर्न लायक सवै संग्रह गर्नुभयो ॥१७॥

को मे भविष्यति पतिर्गुणवान् नरेन्द्र
इत्येव चिन्तनवतीं ललनां जयन्तीम् ।
स्वप्ने हरिस्तव पतिं वरणाय योग्यम्
सन्दर्शयन् स्मितमुखं जनयंश्चकारः ॥१८॥

कुन् मेरा गुणवान् राजा पति होलान् ,यतिमात्र चिन्तना गर्नेवाली ललना जयन्तीलाई स्वप्नमा हरिले वरण गर्न योग्य मुसुक्क हासेका पति देखाउँदै बोध गराउनुभयो ॥१८॥

दीप्तं मुखं मधुरिपोः परिवेशयुक्तम्
संस्मृत्य तादृशवरं कथमद्य लप्स्ये ।
एवं विचारपरमा स्वसखीसमीपे
हे गौरि मामव पुनः पुनरप्यवाच ॥१९॥

मधुरिपु भगवान्को परिवेश युक्त उज्यालो मुख संझिएर त्यस प्रकारको वर कसरी पउँला । यस्ता विचारमा डुवेकी ती जयन्तीले साथीहरूका समीपमा "हे गौरी ! मलाई रक्षागर, हे गौरी ! मलाई रक्षागर," वारवार भनिन् ॥१९॥

राजन्य-वीर-चरितं श्रवणं निषिध्य
पश्यामि नान्यपुरुषानिति संवदन्ती ।
धृत्वा करे सुरचितं रमणीयमाल्यम्
सा चन्द्रिका-तनुमयी सुषमा विवेश ॥२०॥

राजाहरूको वीर चरित्र सुन्न निषेध गरेर अरु कुनै

पुरुषहरूलाई हेर्दिन भन्दीछँदी हातमा कला भरेर वनाएको रमणीय वरमाला लिएर चन्द्रमाका कलाले शरीर वनेकी परमशोभाशालिनी ती वालिका प्रवेश गरिन् ॥२०॥

उन्मिल्य नेत्रयुगलं परितो विलोक्य
दूराद्धि तादृशवरं परिशीलयन्ती ।
नारायणं स्मृतवती शरणं प्रपन्ना
ज्योत्स्नाभिरावृततनुं पुरुषं ददर्श ॥२१॥

न्आँखा खोलेर चारैतिर हेरेर टाढैवाट त्यसप्रकारको परिवेशले युक्त वर खोज्दै नारायण भगवान्‌लाई संभिइन् रशरण परिन्, ज्योतिले घेरिएको शरीर भएका पुरुषलाई देखिन् ॥२१॥

सोऽसौ प्रदिष्ट इति सा त्वरितं समीपं
गत्वा स्वयम्वरणकर्म मुदा चकार ।
स्वप्ने प्रदर्शितमुखीमवलोकयन् सन्
संस्थाप्य तां स्वहृदये मुमुदे स राजा ॥२२॥

इनै हुन् देखिनुभयो, भन्दै ती वाला तुरुन्तै नजिक गएर प्रसन्न भएर वरलाई माला लगाउने (चुन्ने) काम गरिन्। ती विष्णुप्रिय राजा सपनामा देखिएकी वालिका हुन् भन्ने अनुभव गर्दै तिनीलाई हृदयमा राखेर खुशी भए ॥२२॥

खात्पुष्पवृष्टिरभवद् न्यनदन् सुशब्दा
आशीर्वचांसि च बहून्यवदन् मुनीशाः ।
नार्यो नराः स्मितमुखा ननृतुः सभायाम्
सर्वे च ते मुमुदिरे भगवत्कृपातः॥२३॥

आकाशवाट पुष्पवृष्टि भयो। मङ्गलशव्दहरू घन्किए। महात्माहरूले धेरै आशीर्वाद दिए। नरनारीहरू सभामा हाँस्तै नाच्नलागे । त्यहाँ उपस्थित सवै भगवत्कृपावाट भएको भनी

खुशी भए ॥२३॥

सर्वे नृपाः मनसि रोषयुता निवृत्ता
विष्णुप्रियं मथयितुं मिलने प्रवृत्ताः ।
शस्त्रास्त्रसज्जितजनैर्वहुभिः स्वसैन्यै-
रागम्यमार्गमखिलं सहसा न्यरुन्धन् ॥२४॥

मनमा क्रोध लिएर फर्किएका राजाहरू विष्णुप्रियलाई मन्थन गर्न संगठन गर्नलागे । शस्त्र र अस्त्रले सज्जित धेरै सैन्यहरू द्वारा तुरुन्तै आउँदै गरेको वाटो रोकीदिए ॥२४॥

वैवाहिकं सकलवेदविधानकर्म
पूर्णं विधाय नियमेन समागतस्य ।
विना विरोधमभवद् तुमुलं समीकं
मृताः सशस्त्रसमलङ्कृतभूरिसेनाः ॥२५॥

विवाहसम्बन्धीं सम्पूर्ण वेदले वताएको विधिविधानका साथ पूर्ण सनियम गरेर आएका तिनको विना विरोध ठूलो युद्ध हुनगयो सशस्त्र असङ्ख्य सेनाहरू मरे ॥२५॥

ते चिक्षिपुः शितशरान् विनिहन्तुकामाः
चिक्षेप तान् प्रतिशरान् विदधत् स्वरक्षाम् ॥
राज्ञः शरा रिपुधनूंषि शराँश्च भङ्क्त्वा
कायं प्रविश्य रुधिरं सततं पपुर्नु ॥२६॥

ती राजाहरूले मार्ने इच्छा गरेर तीखा वाणहरू फ्याँके । विष्णुप्रियले आफ्नो वचाउ गर्दै तिनीहरू प्रति वाण प्रहार गरे । तर इनका वाणहरूले शत्रुका धनुष र वाणहरूलाई नष्टगर्दै शरीरमा गाडिएर मानौँ रगत पिए ॥२६॥

विष्णुप्रियं सकलशक्तिधरं समर्थं
ते ददृशुः सुपरिवेशयुतं प्रदीप्तम् ।

दैवेन रक्षितमिमं ननु देवरूप-
मित्येव चिन्तनपरा विदिशः प्रभेजुः ॥२७॥
विष्णुप्रियलाई सवै शक्ति धारण गर्न समर्थ भएको तिनी हरूले सुपरिवेश युक्त वलेको देखे । दैवले रक्षा गरिएको निश्चय देवरूप हो भन्ने विचार गर्दै विपरीत दिशा तर्फ भागे ॥२७॥
कीर्त्या श्रिया विपुलसैन्यवलेन सार्धं
स्त्रीभिर्जनैश्च गुरुभिः सुमनः किरद्भिः ॥
राजन् सुखी भव, सदा विजयी भवेति
श्रृण्वन् विवेश नगरीमभिगीयमानः ॥२८॥
कीर्ति, श्री, विपुल सैन्यवलका साथ फूल वर्षा गराउने नरनारी र गुरुहरूद्वारा "राजन् सुखी होउ, सधै विजयी वन,"भन्ने वचन सुन्दै गाथा समेत गाइएका राजाले नगरीमा प्रवेश गर्नुभयो ॥२८॥
सुस्वागताय रचितानि मनोहराणि
द्वाराणि रम्यवसनैः समलङ्कृतानि ॥
स्रगपुष्प-पत्रजलपूर्णघटानि तानि
पश्यन् विवेश नगरीमभिवन्द्यमानः ॥२९॥
सुस्वागतका लागि रचित मनोहर रम्यवस्त्रहरूद्वारा समलङ्कृत द्वारहरू र माला पुष्प जलपूर्ण घडाहरूलाई हेर्दै वन्दना गरिएका ती राजा नगरीमा प्रवेश गर्नुभयो ॥२९॥
तुङ्गासने निवसतोरुभयोः सहर्षम्
मन्त्रान् पठन्त ऋषयः कविताश्च धीराः ॥
यज्ञेऽभिमन्त्रितजलेन पवित्रितेन
राज्याभिषेकमविलम्वमलं प्रचक्रुः ॥३०॥
हर्षले गद गद भएका विद्वान् ऋषिहरूले यज्ञमा अभिमन्त्रित

पवित्र जलले मन्त्र र कविताहरू पढदै उच्चासनमा वसेका दुई जोडीको तुरुन्त राज्याभिषेक गरिदिनुभयो ॥३०॥

विद्या-प्रभा-विनयशीलयुता मुनीशाः
भूपाः प्रजार्थसुखशान्तिविधौ समर्थाः ॥
लज्जा-पतिब्रत-सुशीलगुणाश्च नार्यः
लोकोपकारकरणात्प्रभवन्ति पूज्याः॥३१॥

विद्या,प्रभा,विनय र सुशील ऋषिमुनि सन्तहरू, प्रजाको सुखशान्ति बढाउन समर्थ राजाहरू,लज्जा,पतिब्रता,सुशीलता गुणपूर्ण नारीहरू, लोकको उपकार गर्नाका कारणले र सदाचार पालन गर्नाले पूजनीय हुन्छन् ॥३१॥

सूर्यो रथेन गगने नृपतिः पृथिव्याम्
निद्रां विहाय सततं भ्रमणं प्रकुर्वन् ॥
दीप्ति-प्रताप-किरणैर्यशसा प्रजाना-
मज्ञान-ताप-दुरितानि लयञ्चकार ॥३२॥

सूर्यले आकाशमा, राजाले पृथिवीमा निद्रा त्यागेर निरन्तर भ्रमणगर्दै कीर्ति, प्रताप,किरण र यशद्वारा प्रजाहरूको अज्ञान,ताप,कष्ट र पापहरू नाश गर्नुभयो ॥३२॥

स्वस्त्यस्तु ते नरपते ! बहिरेकयोगी
वार्तां विधातुमभिकाङ्क्षति कश्चिदत्र ॥
कर्तव्यकर्म करणाय भवान् प्रमाण-
मादिश्यतामवनतस्तव किङ्करोऽहम् ॥३३॥

हे महाराज ! हजुरको कल्याण होस , यहाँ वाहिर कुनै एउटा योगी वार्तालाप गर्न चाहन्छ । गर्न योग्य कर्म गर्नलाई हजुर आज्ञा दिनुहोस् , शिर झुकाउने म तपाइँको सेवक हूँ ॥३४॥

किं नाम तस्य,कुत आगमनं किमर्थम्

सर्वं परीक्ष्य शयनाय स सेवनीयः ॥
आतिथ्यसद्मनि मया समये समेत्य
वार्तां प्रकर्तुमपि शीघ्रमलं लभेत ॥३४॥

त्यसको के नामहो, कहाँवाट आएको,के चाहन्छ ,सवै परीक्षा गरी सुत्ने खाने आदि सवै व्यवस्था गरेर राम्रो सेवागर्नु । आतिथ्य भवनमा समयमा आएर मसँग वार्तालाप गर्न छिटै पाउनेछ ॥३४॥

सर्वान्निषिध्य रहसि न्यमिलत् स राजा
पप्रच्छ तं कथय नव्यतमां प्रवृत्तिम् ॥
यद् यद् श्रुतं सविनयश्चरधर्मनिष्ठः
सत्यं वदामि नृपते ! कटुकं क्षमस्व ॥३५॥

सवैलाई निषेध गरेर एकान्तमा राजा त्यससँग मिलनुभयो र नयाँ नयाँ घटना भन भनी त्यसलाई सोधनु भयो । महाराज ! कटु वचन भयो भने क्षमा चाहन्छु ,सेवकको धर्ममा रहेर नम्र वनी जो जो सुने सत्य कुरा भन्दछु ॥३५॥

विष्णुप्रियो न खलु यो हरिभक्तिनिष्ठः
सोऽयं विवाहसमये नृपतीन् जघान ॥
तस्माद् बभूव नरकं गमनाय योग्यः
तेषां स्त्रियश्च जनता बहुलं वदन्ति ॥३६॥

जो विष्णुप्रिय हो त्यो हरिमा भक्तिनिष्ठा राख्नेवाला होइन । यस्ले ता विवाहको समयमा राजाहरूलाई मार्‍यो । त्यसकारण त्यो नरक जानलाई योग्य भयो । तिनीहरूका स्त्रीहरू र जनताहरू ज्यादै नराम्रो वत्खाइँ गर्दछन् ॥३६॥

श्रुत्वा मृतान् प्रति स खिन्नमना विनिद्रः
सञ्चिन्तयन् नयविदां चरणे प्रपन्नः ॥

दोषी भवेयमथवा न भवेयमेवं
शास्त्रप्रमाणमपि नीतियुतं पप्रच्छ ॥३८॥

यी कुरा सुनेर मरेका जनप्रति सद्भावना विचार गर्दै खिन्न मन गर्दै चिन्ता गरिरहने वनी नीति जान्ने विद्वान्का चरणमा परेर भने- 'दोषी भएँ अथवा भइँन,' यो नीतियुक्त शास्त्रप्रमाण सोधे ॥३८॥

विद्वानुवाच नृपतिं खलु शास्त्रसारं
लक्ष्यार्थभेदनपटुत्वकरं मृगव्यम् ॥
नारीसतीत्व-जन-राष्ट्हिताय युद्धं
राजा करोति यदि नैव भवेदधर्मः ॥३९॥

विद्वान्ले राजालाई भन्नुभयो-'शास्त्रको सार जानेर लक्ष्यार्थ भेदनगर्न, सीप सिक्न मृगको सिकारगर्न , नारीसतीत्व रक्षागर्न, जनता र राष्ट्हितकालागि राजा युद्धगर्दछन् भने अधर्म हुदैन धर्म हुन्छ ॥३९॥

आत्मार्थमेव खलु पोषणकर्म कुर्वन्
दीनान् जनान् न च सुरक्षति राष्ट्रधर्मम् ॥
अर्थेन देशरचनां न विकासकर्म
राजा करोति यदि सैव भवेदधर्मः ॥ ४०॥

निश्चय आफ्नुमात्र पोषणकर्म गर्दै राजा दीनजन र राष्ट्धर्मको सुरक्षा गर्दैनन् र उठाएको अर्थद्वारा देशरचना विकासकर्म गर्दैनन् भने त्यस अवस्थामा अधर्म नै हुन्छ ॥४०॥

जानन् सुधर्ममपि पालनकर्म नास्ति
जानन्नधर्ममपि नैव विसर्जनं तत् ॥
एतादृशो हि पुरुषो नरकाय योग्यो
धिग् जीवनं नरकगामिन एव तस्य ॥४१॥

सुधर्मलाई जानेर पनि पालनकर्म हुदैन। अधर्म जानेर पनि त्यागिदैन। यस्ता प्रकारको पुरुष नरक जान योग्य हुन्छ। नरकगामी त्यस्ता व्यक्तिको जीवन धिक्कार छ ॥४१॥

श्रुत्वा बुधामृतवचः शुभशास्त्रसारं
धर्मोऽभवत् किमथवा स महानधर्मः ॥
धर्मे कृते सकललोकहितं सुखं स्यात्
पापे कृते यदि सदा नरकं पतेयम्॥४२॥

शुभशास्त्रको सार भएको विद्वान्का मुखवाट निष्किएको अमृतवचन सुनेर धर्म भयो अथवा ठूलो अधर्मभयो प्रष्ट हुन सकेन। धर्मभए सम्पूर्ण लोकको हित सुखहोला , यदि पाप गरिएको रहेछ भने ता सदाकालागि नरक परिएला ॥४२॥

अज्ञानमोहवशगः कृतवान् नृहिंसां
धर्मो भवेदिति महानभवद् ह्यधर्मः ॥
हे विश्वदेव ! जगदीश्वर ! मोक्षदातर् !
ुक्तो भवामि कथमद्य कुकर्मदोषात् ॥४३॥

अज्ञान र मोहवशमा परेर नरहिंसा गरैं। धर्म होला भनेको ठूलो अधर्म भयो। हे विश्वदेव ! हे जगदीश्वर ! हे मोक्षदाता ! यस कुकर्मवाट मोक्ष म कसरी हुन्छु ॥४३॥

मूर्खो महान् कलुषवानतिनीचकर्मा
जीवोपघातरममाणतमः कुवुद्धिः ॥
यावत् तपन्ति रवि-चन्द्र-धराः सताराः
तावत् वसेत् स भगवन् ! निरयेऽतितापे ॥४४॥

मूर्ख,ठूलो दोषी ,अत्यन्त नीच कर्म गर्ने, जीवलाई मारेर अत्यन्त रमाउने निन्दनीय वुद्धि भएको व्यक्ति, ताराले सहित भएर रवि, चन्द्र,पृथिवी जव सम्म चम्केर रहन्छन् तव सम्म

त्यो अति दुःखदायी नरकमा वस्नेछ ॥४४॥

राजेति पूर्वजनिकर्मफलप्रभावात्
अस्मिन् जनौ प्रतिहतोऽस्मि कृतस्य दोषात् ॥
शुद्धः कलङ्करहितः प्रभवामि केन
तं कर्तुमद्य भगवन् ! सततं यतिष्ये ॥४५॥

राजा भन्ने पद पूर्वजन्मका कर्मफलका प्रभावले भयो। यसजन्ममा गरेका कर्मका दोषले म नाश भएको रहेछु। कुन उपायले शुद्ध कलङ्कले रहित हुन सक्छु, हे भगवान् ! त्यस्तो कर्म गर्न निरन्तर प्रयास गर्नेछु ॥४५॥

विप्रो न चिन्तनपरो न तपःसहोऽहं
नालं सदाचरणपालनकर्मनिष्ठः ॥
उच्चाभिजातजननोऽपि न शुद्धसत्वो
धिक् मां प्रभो ! निरयवर्त्मनि पान्थ आसम् ॥४६॥

चिन्तन गर्न तल्लीन म ब्राह्मण हुइन, मैले शीतताप सहेको पनि छैन, पर्याप्त सदाचार पालन गर्ने कर्मनिष्ठ हुइन, उच्च जात खानदानमा जन्मेको भएर पनि ममा शुद्ध विचार छैन। हे प्रभो ! मलाई धिक्कार छ, म नरक जाने वाटामा वटुवा भएँ ॥४६॥

हे पद्मनाभ ! परमाधिपते ! परेश !
हे लोकनाथ ! पुरुषोत्तम ! हे रमेश ! ॥
हे विश्वपालनपरायण ! हे मुकुन्द !
त्वां चिन्तयामि सततं कृपया प्रसीद ॥४७॥

हे पद्मनाभ ! हे परमाधिपते ! हे परेश ! हे लोकनाथ ! हे पुरुषोत्तम ! हे रमेश ! हे विश्वपालनपरायण ! हे मुकुन्द ! तपाईलाई निरन्तर चिन्तन गर्दछु , कृपाका साथ प्रसन्न हुनुहोस् ॥४७॥

कस्मिन्नुवास कथमागतवानिदानीं
गच्छानि कुत्र च हरे ! कतमो भवानि ॥
चिन्तासमुद्रमभिगम्य कथं प्रतीरं
लप्स्येऽहमद्य भगवन् ! शरणं प्रपद्ये ॥४८॥

हे भगवान् ! पहिले म कहाँ वसेको थिएँ , अहिले यहाँ कसरी आयेँ ,भविष्यमा कहाँ जानुपर्ला, के होइएला । आज चिन्तारूपी समुद्रमा डुवेर रहेको म कसरी पार पाउँला । हे भगवान् ! म हजुरको शरण पर्दछु ॥४८॥

मोहाभिमानकृतकर्मफलैरनेकै :,
भुञ्जन् हि कष्टमधुना सभयः स्थितोऽ स्मि ॥
यद् यद् मया दुरितकर्म कृतं प्रभूतम्
सर्वं क्षमस्व भगवन् ! शरणं प्रपद्ये ॥४९॥

मोह र अभिमानले गरेका कर्मका अनेकौ फलहरूले अहिले कष्ट भोग्दै डराएर रहेको छु। जो जो मैले पापकर्म प्रसस्त गरेँ ,सवै क्षमा गरिदिनुहोस् , हे भगवन् ! म शरण पर्दछु ॥४९॥

सञ्चिन्तयामि सततं परमेशतत्वं
त्वां विश्वपालनविभुं करुणासमुद्रम् ॥
भक्त्या प्रतुष्यसि विभो ! विमलां सुभक्तिं
वाञ्छामि तेऽद्य चरणौ शरणं प्रपद्ये ॥ ५०॥

म सधैँ परमेशतत्व,संसारलाई पालन गर्न समर्थ,दया सागर तपाइँलाई संझना गरीरहन्छु। हे विभो ! हजुर भक्तिले खुशी हुनुहुहन्छ ,म निर्मल प्रेमा भक्ति चाहन्छु , त्यसैले आज तपाइंका चरणमा शरण पर्दछु ॥५०॥

सर्वस्वं तनुमर्पयामि भगवन् ! त्वत्पादयोः सन्निधिं

हे नारायण ! पालय त्यज पुनर्यद् वाञ्छसि तत्कुरु ॥
हे विष्णो ! मम रक्षकोऽसि दयितस्त्वां चिन्तये प्रार्थये
भक्तिं शक्तिसमन्वितां रसमयीमाल्हादिनीं कामये ॥५१॥

हे भगवान् ! तपाईंका पाउको नजिकमा शरीर सहित सर्वस्व अर्पण गर्दछु, हे नारायण ! रक्षा गर्नुहोस,त्याग्नुहोस,जे गर्न इच्छा छ गर्नुहोस् । हे विष्णु ! तपाइँ प्यारा मेरा रक्षक हुनुहुन्छ, यो संझन्छु, प्रार्थना गर्दछु । शक्तिले सहित भएको रसले परिपूर्ण आनन्द गराउने (अह्लादिनी) भक्ति चाहन्छु , ॥५१॥

इति श्रीविष्णुव्रतामृतसदाचारभक्तिकाव्ये गृहस्थाश्रम चिन्तनानन्द- योगो नाम तृतीयसर्गः ३ । ९१+५१=१४२

अथ चतुर्थसर्गः

सकलजनसमूहान् पुत्रवन्मानयन्ती
दुरितमपि विहन्तुं मातृवत् चिन्तयन्ती ॥
हरिचरणसरोजं लालयन्ती हि लक्ष्मी :
परमसुखयुतान् तान् कर्तुमिच्छां करोति॥१॥

सम्पूर्ण जनसमूहलाई छोरा झैं मान गर्ने, कष्ट पापलाई पनि नाश गर्न आमा झैं चिन्तना गर्ने, हरि भगवान्का चरणकमललाई सेवा गरीरहने लक्ष्मीमाता ती सम्पूर्ण जीवहरूलाई परमसुखले युक्त वनाउन चाहनुहुन्छ ॥१॥

हरिचरणसरोजे श्रद्धया विश्वसन्तं
श्रुतिमधुरवचोभिर्वन्दनैरानमन्तम् ॥
मनसि विचलितं तं दर्शयन्ती रमा सा
सरसवचनमेतत् श्रीहरिं प्रत्युवाच ॥२॥

हरिभगवान्का चरणकमलमा श्रद्धाले विश्वास गर्ने, श्रुतिमधुर वचनले, स्तुति वन्दना गर्दै झुकेका, मनमा विचलित भएका

ती विष्णुप्रियलाई देखाउँदै ती लक्ष्मीले श्रीहरिलाई यो मीठो वचन भन्नुभयो ॥२॥

नयननिमिलितः सन् हे हरे ! चिन्तितं किम्
विमल-चरितवन्तं किं न दृष्टं त्वयेति ॥
हृदयमतिशयं मे कम्पते तं विलोक्य
सुतविपदि विदीर्णा का भवेन्नैव माता ॥३॥

हे हरि ! आँखा जोडेर के चिन्तना गर्नुहुन्छ । निर्मल चरित्र भएको हजुरले देख्नुभएन । मेरो हृदय त्यसलाई देखेर अतिशय काम्दछ । कुन चाहिँ आमा छोरो विपत्तिमा परेको देखेर विदीर्ण हुन्नन् ॥३॥

वृजिनतरसमुद्रादात्मसंतारणाय
प्रयतत अधिकं चेत् यो हरे ! शुद्धये च ॥
प्रियबुधजनमध्ये सोत्तमः शुद्धसत्व-
स्तव निकटनिवासं स्वाश्रयं देहि तस्मै ॥४॥

पापमय समुद्रवाट आत्माको उद्धार गर्न र आत्मा शुद्धिका लागि जो यदि प्रयास गर्दछ भने त्यो प्रिय जन विद्वान्हरूका माझमा उत्तमताले सहित भएको शुद्ध प्राणी हुन्छ । त्यसलाई तपाइँका नजिकको निवास आफ्नो आश्रय दिनुहोस् ॥४॥

ननु हरति मनांसि दन्तपङ्क्तीः प्रदर्श्य
पुलकितनयनः सन् हर्षपूर्णः प्रसन्नः ॥
प्रियजनफलसिध्यै नित्यकर्मप्रबोध-
ममृतवचनमेतत् श्रीहरिस्तामुवाच ॥५॥

दाँतका पङ्क्ति देखाएर निश्चय मन हरण गर्दैहुनुहुन्छ जस्तो वनी हर्षले परिपूर्ण निर्मल पुलकित नयन भएको वन्दै प्यारा जनको फल सिद्धिकालागि नित्यकर्मको बोध गराउने निम्न

अमृत वचन श्रीहरिले लक्ष्मीलाई भन्नुभयो ॥५॥

तपन-हिमसहा वा ब्रह्मचर्यव्रतस्थः
कृतयमनियमो वा वेदवेदान्तनिष्ठः ॥
सुधृतसविधिदीक्षः शङ्खचक्राङ्कितोऽपि
प्रभवति भवमुक्तः श्रद्धया शुद्धचित्तः ॥६॥

गर्मी र हिउँ सहने, व्रह्मचर्य व्रतमा रहने, यम नियम आदि योग साधन गर्ने, वेद वेदाङ्गमा निष्ठा राख्ने, अथवा श्रद्धाले विधिका साथ शंखचक्रले अङ्कित वनेर दीक्षा लिएको र श्रद्धाले शुद्धचित्त भएको छ भने संसारवाट मुक्त हुन्छ ॥६॥

मम मनुमननीयो मद्वियोगेऽतिखिन्नः
त्रिभुवनविभवं वा यो त्यजेच्चेन्मदर्थे ॥
तिलकमपि ललाटे धारयन् चिन्तयन् मां
प्रभवति स रमे ! मे सन्निधावाश्रयाय ॥७॥

मेरो मन्त्र मनन गर्ने, मेरो वियोगमा अत्यन्त खिन्नहुने, मेरा निमित्तमा त्रिभुवनको वैभव त्यागन जो सक्तछ, मलाई संझदै निधारमा मेरो चिह्न धारणा गर्ने जो छ, हे रमे ! त्यो मेरा साथमा आश्रयका लागि योग्य हुन्छ ॥७॥

वसनलसितविष्वक्सेनरूपं विधाय
स हरिरपि रमायाः सन्निधावाजगाम ॥
कथय समुचितं यत् तत्र गत्वा विधेयं
प्रमुदितहृदया सा श्रीहरिं प्रत्युवाच ॥८॥

वस्त्रले शोभायमान विष्वक्सेनको रूप वनाएर हरिभगवान् पनि लक्ष्मीका नजिकै पाल्नुभयो । "त्यहाँ गएर गर्नुपर्ने समुचित कुरा भन" भन्नुभयो । हृदय गद्गद् भएकी ती लक्ष्मीमाताले हरिभगवान्लाई भन्नुभयो ॥८॥

विमलरुचिरपूर्णं पञ्चसंस्कारयुक्तं
द्वयचरमजपन्तं दिव्यदेहं विधाय ॥
गुरुतनुमवलम्ब्याचार्यतामाचरन् सन्
नरतनसफलार्थं देहि शिष्याय मन्त्रम् ॥९॥

निर्मल, अत्यन्त मनपर्ने, पञ्चसंस्कारले युक्त, द्वय र चरम मन्त्र जपीरहने, दिव्य शरीर वनाएर गुरुको शरीर वनेर, आचार्यले गर्नुपर्ने नियम पालन गर्दै ,मानवजीवन सफल पार्नको लागि शिष्यलाई मन्त्र प्रदान गर्नुहोस् ॥९॥

इति विदितमुदीर्य श्रीहरिस्तत्र लुप्तो
धृततिलकललाटः स्वाश्रितैः सेव्यमानः ॥
निगमनियमविज्ञो योगनिष्ठो बभूब
प्रमुदितकमलाऽभूत् पूर्णजीवेप्सितार्था ॥१०॥

यी तिम्राकुरा वझैँ भनेर श्रीहरि अल्पिनुभयो । निधारमा तिलक लगाएका आफुमा आश्रित शिष्यहरूले सेवागरिएका वेद वेदान्तको नियम जान्ने योगमा निष्ठा राख्ने हुनुभयो । जीवहरूको उद्धार गर्ने अभिलासा पूराहुने ठानेर हँसीली लक्ष्मी हुनुभयो ॥१०॥

हरिशरणमनन्यो नित्यमुच्चार्यमाण
उभयगतिसुसिध्यै राजनीतौ स राजा ॥
सकलगुणनिधानं राज्यसंचालनाय
सचिवमपि नियुज्य स्वान्तनिश्चिन्तितोऽभूत् ॥११॥

नित्य भक्तिभावले 'हरिशरणम्' मात्र वोल्ने ती राजाले, इहलोक र परलोकको गति सुधार सिद्धिको काम गर्न राजनीतिमा निपूण राज्य सञ्चालनका लागि सम्पूर्ण गुणका खानी सचिवलाई नियुक्त गरेर आफु निश्चिन्त हुनुभयो ॥११॥

अविरलयतमानः तीब्रभक्त्या प्रपूर्णः

भगवदनुभवार्थं श्रीहरेर्दर्शनाय ॥
श्रवणगतनिनादात् ज्ञातवान् सोऽनुकम्पां
सुखकरमधुना संसिद्धमेतत् स्वकार्यम् ॥१२॥

भगवद् अनुभव गर्न र श्रीहरिको दर्शन गर्नका लागि तीव्र भक्तिले पूर्ण भएर निरन्तर प्रयास गर्दै जाँदा राजाले कानमा आएको आवाज द्वारा भगवान्‌को दयालाई जाने। यो नयाँ आफ्नू कार्य अहिले सजिलै सिद्ध भयो भनी ठाने ॥१२॥

श्रुतिनियमविधिज्ञात् दर्भपाणेः सकासात्
शुभमनुमुपनेतुं राज्यचिन्तामपास्य ॥
कृतयमनियमानां ज्ञानिनामाश्रमेषु
कृतमनुगमनं यत् तेन विष्णुप्रियेण ॥१३॥

वेदको नियम जान्ने कुश हातमा लिने गुरुद्वारा शुभ महामन्त्र ग्रहण गर्न राज्यको चिन्ता छोडेर हिडेका ती विष्णुप्रियले यम नियम आदि पालन गर्ने ज्ञानीहरूका आश्रमहरूमा जाने काम गरे ॥१३॥

शिरसि विलसितं श्रीचूर्णमध्योर्ध्वपूण्ड्
धृतगलवनमालं ध्याननिष्ठं कुशस्थम् ॥
निमिलितनयनं यं पीतवस्त्रं शुभाङ्गं
स गुरुमभिनमन् तं सन्निधिं सञ्जगाम ॥१४॥

शिरमा शोभायमान माझमा श्रीचूर्ण भएको ऊर्ध्वपुण्ड् धारण गरेका, घाँटीमा वनमाला लगाएका, कुशमा वसेका, ध्यानमा विश्वास गरेका, आँखा चिंम्लिएका,पहेलोवस्त्र लगाएका, सुन्दर शरीर भएका,गुरुलाई दण्डवद् गर्दै ती राजा नजिकै गए ॥१४॥

भवजलधिनिमग्नो ज्ञानभक्त्यादिहीनो
हरिमिवगुणवन्तं ज्ञानवन्तं भवन्तम् ॥

चरणनिपतितस्त्वां प्रार्थयेऽहं विनम्रः
तव चरणशरण्यं भो गुरो ! देहि मह्यम् ॥ १५॥

संसार समुद्रमा डुवेको, ज्ञानभक्ति नभएको, चरणमा पस्रिएको, नम्र वनेको म शुभगुणले युक्त ज्ञानवान् हरिभगवान् जस्ता हजुरलाई प्रार्थना गर्दछु। भो गुरो ! मलाई तपाईंका चरणको सेवा गर्ने मौका दिनुहोस् ॥१५॥

न खलु विदितधर्मो नात्मविद् वेदनिष्ठो
रचितबहुलगर्वो राजमानाभियुक्तः ॥
न च कृतगुरुसेवो नाहमाचारशुद्धो
गुरुचरणसरोजं कामये स्वाश्रयाय ॥१६॥

निश्चय मैले धर्म जानेको छुइन, आत्मज्ञान पनि ममा छैन, न त वेद निष्ठा छ 'राजा हुँ भन्ने अभिमानले घमण्डी वनेको छु, न मैले गुरुको सेवा गरेँ, न म आचारमा शुद्ध छु, आश्रय प्राप्त गर्नका लागि गुरुका चरणको सेवागर्न चाहन्छु ॥१६॥

न च मम रुचिरेवं दीर्घजीवी प्रवीणो
बहुधनबलयुक्तः स्यामहं राजराजा ॥
मम सुरुचिमिहैकां भो गुरो ! श्रावयामि
कथमहमित ऊर्ध्वं कल्मषात्पारमेमि ॥१७॥

दीर्घजीवी, सीपालु, धेरै धन वलले युक्त, महाराजा हुनसकुँ भन्ने यस्तो मेरो कुनै रुचि छैन। मेरो सुरुचि एउटैमात्र छ। हे गुरो ! सुनाउँछु। म पापपूर्ण यस लोकवाट कसरी पार हुन सक्छु ॥१७॥

वृजिनजनितरोगैः न स्मृतिः स्यात्प्रयाणे
नरतनफलसिध्यायुत्तमोपाय एकः ॥
हरिचरणनिवासः प्राप्यते मोक्षरूपः

कथमिति जनयन्तं कं गुरुं स्वाश्रयामः ॥१८॥
पाप जनाउने रोगद्वारा प्राण जाने समयमा भगवान्को संझना हुदैन। मानव जीवन सफल पार्नका लागि एक उपाय मोक्षरूप हरिचरणमा निवास कसरी प्राप्तगर्न सकिन्छ। यो वुझाउने कुन गुरुका शरणमा परौँ ॥१८॥

जनकमपि भवन्तं मातरं स्वामिनं वा
प्रियसहृदयमित्रं रक्षकं सेवकं च ॥
जनधनमपि यद् यद् वर्तते तद्धि सर्वं
गुरुमहमभिमन्ये दीक्षयैनं प्रपन्नम् ॥१९॥

पिता, माता, स्वामी, प्यारा सहृदय मित्र, रक्षक, सेवक, जन, धन जे जे छन् सवै म हजुर गुरुलाई नै मान्दछु। भो गुरो ! यो शरण परेकालाई दीक्षा दिनुहोस् ॥१९॥

स्वपतिमनुशरण्या सेनयाऽन्वेषयन्ती
पतिरिव गुरुसेवां कर्तुमैच्छज्जयन्ती ॥
गुरुचरणनिवासं स्वं पतिं सा विवेद
गुरुभिरपि सुयोग्यौ स्वीकृतौ स्वाश्रयाय ॥२०॥

आफ्ना पतिको अनुशरण गर्दै आएकी जयन्तीले पनि पति झैँ गुरुको सेवागर्ने इच्छा गरिन्। तिनले पनि गुरुका चरणमा आफ्ना पति वसिसकेका छन् भन्ने कुरा जानिन्। गुरुहरूवाट पनि आफ्नो आश्रयमा वस्न योग्य ठाँनेर स्वीकार भयो ॥२०॥

प्रमुदितहृदयौ तौ वेदवेदान्तनिष्ठौ
गुरुचरणसुसेवां कर्तुमाह्लादवन्तौ ॥
धृतविमलसुवस्त्रौ स्नानदानेन पूतौ
निवसतमभितो मां तौ गुरुः प्रत्युवाच ॥२१॥

प्रसन्न हृदय भएका, ती वेदवेदान्तमा निष्ठा राख्ने, गुरुका

चरणको सेवा गर्न आनन्दित हुने शुद्ध वस्त्र लगाउने, स्नान दानले पवित्र भएका, ती दुईलाई गुरुले "मेरा सन्निधिमा वस" भन्नु भयो ॥२१॥

जगति विदितमेतं ज्ञानिभिर्ज्ञेयमेवं
हरिमिव सुलभं तद् ब्रह्मतत्वं न चान्यत् ॥
धन-जन-सुख-चिन्तारूपसिन्धौ निमग्नाः
न दधति हरिभक्तिं ते हि सौभाग्यहीनाः॥२२॥

ज्ञानीहरूले जान्नयोग्य यो यौटा संसारमा विदित भइसकेको छ हरिभगवान् जस्तो सुलभ त्यो ब्रह्मतत्व अर्को छैन । धन, जन, सुख,चिन्तारूपी समुद्रमा डुवेका व्यक्तिहरू श्रीहरि भगवान्लाई धारणगर्दैनन्, ती निश्चय सौभाग्यहीन भएका हुन् ॥२२॥

भवजलधिमिमं यो तर्तुमिच्छेत् मुमुक्षुः
कृतनियमविनम्रो धारयेत् मूलमन्त्रम् ॥
भजति यदि रमेशं नित्यसंवन्धवन्तं
जननमरणवन्तं तारयत्येवमीशः ॥२३॥

यो संसार समुद्र तर्न चाहने मुमुक्षु जनले, नियमहरूलाई पालन गर्दै मूलमन्त्र धारण गरोस् । यदि नित्यसम्बन्ध भएका लक्ष्मीनारायणलाई भज्दछ भने जन्म र मरणले युक्त जीवलाई ईश्वरले पनि अवश्य तार्नुहुन्छ ॥२३॥

व्रतनियमधराय ज्ञानशीलाय तस्मै
हरिपदगमनार्थं विस्मृतेर्नैव बाधा ॥
नरतनमपहाय प्राणवन्तो मनुष्याः
रवि-शशि-कर-युक्ताः श्रीशधाम प्रयान्ति ॥२४॥

व्रत नियम धारण गर्ने ज्ञानशील ती व्यक्तिलाई हरिपदमा जानको लागि विस्मृतिवाट कुनै बाधा हुदैन । प्राण धारण

गर्ने मनुष्य मानव शरीरलाई छोडेर सूर्य र चन्द्रका किरणले युक्त भएर लक्ष्मीले सहित नारायणको धाम जान्छन् ॥२४॥

प्रकृतिविकृतितत्त्वाद् राजसे रक्तरङ्गे
न वसति शुभरङ्गं तामसे कृष्णितेऽपि ॥
वसति रुचिररङ्गं शुद्धसत्त्वे शरीरे
हृदय-कलुष-भावं दूरयेत् संस्कृतेन ॥२५॥

प्रकृति विकृति हुने मुख्यतत्त्व हुनाले रजोगुण सँबन्धी रातो रङ्गमा शुभ रङ्ग वस्तैन, तमोगुण सँम्बन्धी कालामा पनि शुभरङ्ग वस्तैन। शुद्ध सफामा रुचिकर रङ्ग वसे झैँ सत्त्वगुणी शरीरमा सत्त्वगुण प्रधान ईश्वर वस्नुहुन्छ। मन्त्र श्रवण संस्कारद्वारा हृदयको कलुष भावलाई हटाउनु पर्छ ॥२५॥

हरिपदशुभचिह्नं श्वेतमृत्सत्त्वशुद्धं
रजतशुभहरिद्रां यो हरेः प्रेयसीं श्रीम् ॥
सविधि शिरसि नित्यं धारयेदूर्ध्वपुण्ड्रं
स भवति हरिनिष्ठो वैष्णवो भक्तिपूतः ॥२६॥

सेतो माटाको सत्त्वगुणले शुद्ध हरिभगवान्का पाउरूपी शुभचिह्न तिलक र रातो वेसारको हरि भगवान्को प्रियलाग्ने श्रीलाई ऊर्ध्व पुण्ड्र भनिन्छ। त्यस ऊर्ध्वपुण्ड्रलाई सविधि नित्य शिरमा जो धारण गर्दछ, त्यो हरिमा निष्ठाराख्ने भक्तिले पवित्र वनेको वैष्णव हुन्छ ॥२६॥

मधुरवचनमेतत् मानसे सन्निधाय
मनुमननसुयोग्यं देहमादौ विधाय ॥
त्वयि मनुमभिधास्ये शास्त्रसारानुसार-
मिति वदति गुरौ स स्त्री(श्री)युतो तत्परोऽभूत् ॥२७॥

यो मीठो वचन मनमा राखेर पहिले मन्त्र मनन गर्न पवित्र शरीर

वनाएर शास्त्रको सारानुसार तिमीमा मन्त्र स्थापना गर्दछु। यो गुरुले भन्नुभएको हुदा श्रीमती सहित राजा तदनुसार तयार हुनु भयो ॥२७॥

नखर-वसन-केशान् देहवाग्भावनाश्च
सविधिरचितशुद्धं सौम्यतां चाकलय्य ॥
कृत-हवन-विधानौ यज्ञसंस्कारवन्तौ
गुरुरपि कृतवान् तौ शङ्खचक्राङ्कितौ च ॥२८॥

नङ्, वस्त्र, केश,शरीर वोली र भावनालाई शुद्ध गराएर सौम्यतालाई स्वीकार गरेर गुरुले पनि होमादि विधिविधान यज्ञसंस्कार सम्पन्न गरी ती दुईलाई शङ्खचक्र अङ्कित गराइदिनुभयो ॥२८॥

धृत-सित-तिलकौ यौ मध्यरक्तोर्ध्वपुण्ड्रौ
सुरचित-नवसंज्ञावन्त्ययुज्यप्रपन्नौ ॥
कुशलसुतवदन्तेवासिनौ दिव्यदेहौ
मनुमननसुपात्रौ श्रीगुरुर्मन्यते स्म ॥२९॥

सेतो ठाडो दुइटा धर्सो र माझमा रातो ठाडो एउटा धर्सो भएको तिलकलाई ऊर्ध्व पुण्ड्र भन्दछन्। जो त्यस्तो तिलक लगाएका, भगवान सम्वन्धी नाम राखेका र अन्त्यमा प्रपन्न शव्द जोडिएको नाम भएका, असल छोरा जस्तै छेउमा वसेका, दिव्यशरीर भएका, ती दुईलाई मन्त्र जप गर्न योग्य सुपात्र श्रीगुरुले ठान्नुभयो ॥२९॥

बुधजन-तुलसी-गो-साधवो बाल-वृद्धा
विपदि च नरनार्यः प्राणिनः सेवनीयाः ॥
भवजलनिधितारं शालपाषाणरूपं
गुरुमपि भगवन्तं दम्पती ! पूजयेतम् ॥३०॥

विद्वान् जन, तुलसी, गाई, साधु , सन्त, वालक, वृद्ध, आपत्मा

परेका नरनारीहरू र प्राणीहरूको सेवागर्नु । सन्साररूपी समुद्र तार्ने शालग्रामरूप भगवान्लाई र गुरुलाई पनि तपाइँहरू जोडी मिलेर पूजागर्नु ॥३०॥

श्रुति-वचनसुविज्ञो यो सदाचारशीलः
यमनियमविधिज्ञो वेदवेदान्तनिष्ठः ॥
स्वयमपि विधिकर्ता कारयत्येव शिष्यं
मिलति यदि गुरुस्तं शान्तमूर्तिं भजस्व ॥३१॥

वेदको वचनलाई राम्ररी जान्ने जो सदाचारशील, यम नियम विधिका ज्ञाता वेदवेदान्तमा निष्ठा राख्ने आफू पनि नियम पालन गर्ने र शिष्यलाई पनि पालन गराउने यदि यस्ता गुरु भेटिन्छन् भने त्यस्ता शान्तमूर्ति गुरुलाई भजन गर्नु ॥३१॥

सनियम-जप-सन्ध्या-पाठ-पूजादिकर्म
नियमितकरणीयं श्रीहरिप्रीतये तत् ॥
हरिजनु-तिथि-भेषु श्रद्धया स्नानदानात्
अनलससुशरीरौ ! प्राणिनः पालयेतम् ॥३२॥

श्रीहरि प्रसन्नताको लागि नियमसहित
जप,सन्ध्या,पाठ,पूजादिकर्म नियमितरूपले गर्नु । भगवान्को जन्म तिथि नक्षत्रमा आलस्य रहित फुर्ती वनेर श्रद्धाले स्नान दान पुण्यकर्म र प्राणी सेवा पनि गर्नु ॥३२॥

गुरु-पितृ-जननीर्यो विष्णुलक्ष्मीस्वरूपं
स्मरति तरुलता-गो-प्राणिनः सेवते च ॥
सविधिनियमयुक्तः सात्विकाहारशुद्धो
भवति हरिसमानो वैष्णवः स प्रपन्नः ॥३३॥

गुरु, पिता, मातालाई जो विष्णुलक्ष्मीको स्वरूप संझन्छ । वृक्ष, फुलको वोट, लहरा, गाई र प्राणीहरूलाई पनि सेवा

गर्दछ। विधि सहित नियम पालन गर्ने सात्त्विक आहारद्वारा शुद्ध छ भने त्यो हरिसमान प्रपन्न वैष्णव हुन्छ ॥३३॥

विदितमिति वदन्तौ श्रद्धया विश्वसन्तौ
गुरुरुपरि विदीप्तो दर्भपाणिः कुशस्थः ॥
ग्रहजनितसुलग्ने मङ्गलं कारयित्वा
द्वयचरमसमेतं श्रावयामास मन्त्रम् ॥३४॥

यो ज्ञान भयो भन्ने श्रद्धाले विस्वास गर्ने ती दुईलाई उच्चस्थानमा कुशासनमा उज्याला वनेर वसेका गुरुले ग्रहजनित शुभलग्नमा मङ्गल गान गराएर द्वय चरम समेत मूलमन्त्र सुनाउनुभयो ॥३४॥

इह मनुजजनिर्वः सत्यसङ्कल्पसिद्धा
कठिनवृजिनसिन्धुं पारकर्तुं समर्था ॥
अभवदिति मतं मे धारणाद् ब्रह्मनिष्ठो
विधिमिममवलम्बी यो भवेत् सैव धन्यः ॥३५॥

यो तपाईहरूको मनुष्य जुनि सत्य सङ्कल्पले सिद्ध अतिकठिन पापसमुद्र पारगर्न समर्थ भयो। यो मेरो मतलाई धारणाद्वारा ब्रह्ममा निष्ठा राख्ने, यो नियम अवलम्बन गर्ने जो होला त्यो धन्य हुनेछ ॥३५॥

श्रुत्वा श्रीगुरुवाचममृतमयीमज्ञानविध्वंसिनीं
बुध्वाऽऽत्मापि समाश्रयेत् हरिपदं दिव्यं सुरैरीप्सितम् ॥
स्मृत्वा श्रीगुरुरूपमीशमपरं स्वान्तः स्थितं श्रीपतिं
लब्ध्वाऽऽनन्दमुभौ च तौ मुमुदतुर्धन्यं तयोर्जीवनम् ॥३६॥

अमृतै अमृत भएको अज्ञानलाई ध्वंस गर्ने गुरुका वचन सुनेर देवताहरूले चाहेको दिव्य हरिपदलाई आत्माले पनि आश्रय पाउनेछ भन्ने वुझेर श्रीगुरुको रूप लिने हृदयमा वासगर्ने

दोश्रा लक्ष्मीपति (श्रीगुरुलाई)संझेर ती दुवैजना आनन्द पाएर खुशी भए। ती दुईको जीवन धन्य भयो ॥३६॥

इति श्रीविष्णुव्रतामृतसदाचारभक्तिकाव्ये श्रीविष्णुव्रत-धारणानन्दयोगो नाम चतुर्थसर्गः ॥ १४२ +३६=१७८

पञ्चमसर्गः

विश्वस्तोऽपि गुरो ! मन्त्रे कौतुकेन प्रपीडितः ।
ज्ञातुमिच्छामि मन्त्रार्थमुत्कर्षतां च बोधय ॥१॥

गुरो ! मन्त्रमा विश्वास छ र पनि उत्सुकताले पीडित म मन्त्रार्थ र उत्तमता जान्न चाहन्छु, दुवै संझाइदिनुहोस् ॥१॥

वाञ्छामि भो गुरो ! तेषु त्रिषु मन्त्रेषु संस्थितम्
शास्त्रीयं वैभवं दिव्यं वैशिष्ट्यं वै रमापतेः ॥२॥

भो गुरो ! ती तिनै मन्त्रमा रहेको लक्ष्मीपतिको शास्त्रीय दिव्य वैभव र वैशिष्ट्य जान्न चाहन्छु ॥२॥

राजन् ! प्रियोऽसि मेऽत्यन्तं वाञ्छितं ते वदाम्यहम् ॥
श्रुतिस्मृत्यनुसारेण त्वमधिकारवान् भव ॥३॥

हे राजन् ! तिमी अत्यन्त प्रिय छौ, तिम्रो चाहना पूरा गर्न श्रुति स्मृति अनुसार म भन्दछु। तिमी अधिकारवाला वन ॥३॥

मनोऽहञ्चित्तबुद्धीनां नियन्ता गुरुशिश्रिषुः ॥
श्रद्धावान् सात्त्विकाहारः त्यक्तमानोऽनसूयकः ॥४॥
वशेन्द्रियः सुधीः शान्तो गुर्वाज्ञाप्रतिपालकः ॥
गुरुवेदान्तवाक्येषु विश्वासी गतमत्सरः ॥५॥
सुशीलः कृतविद् योऽस्ति सोऽधिकारी भवेदतः ॥
मन्त्रार्थं सरहस्यं तं श्रावयेत् तत्त्वविद् गुरुः ॥६॥

मन, अहङ्कार, चित्त, र बुद्धिको नियन्त्रण गर्ने , गुरुको निरन्तर सेवा गर्न चाहने, श्रद्धालु, सात्विक आहार गर्ने ,मान

नखोज्ने, ईर्ष्या रहित इन्द्रिय वस भएको विद्वान, शान्त,गुरुको आज्ञा पालन गर्ने, गुरुवेदान्त वाक्यमा विश्वास गर्ने,उद्दण्डता

यावद् भवति मन्त्रार्थश्रवणाय सुनिर्मलः ॥
तावद् दीक्षागुरोः सेवातपांसि कुरु नित्यशः ॥७॥

जव सम्म मन्त्रार्थ श्रवण गर्नका लागि निर्मल हुदैन, तव सम्म दीक्षागुरुको नित्य सेवा र तप गर ॥७॥

गुरोस्तद्वचनं श्रुत्वा स्वासने दंपती स्थितौ ॥
यावद् गुरुः प्रसन्नः स्यात् तावद् स्थातुं विनिश्चितौ ॥८॥

गुरुका ती कुरा सुनेर आफ्नो आसनमा दुवै वसे । जव सम्म गुरु खशीु हुनुहुन्न तव सम्म वस्ने निश्चय गरे ॥८॥

तुरीयां दृढतां बुध्वा प्रसन्नो भगवानभूत् ॥
वाचा गद्गदया सर्वं मन्त्रार्थमवदत् गुरुः ॥९॥

अन्तीम दृढता वुझेर गुरु प्रसन्न हुनुभयो । खुसियालीले गद्गद भएका वचनद्वारा गुरुले मन्त्रार्थ वताउनुभयो ॥९॥

ददत्यन्ये मितं देवा अमितं जगदीश्वराः ॥
तेष्वपि स रमानाथः सानन्दाश्रयमोक्षदः ॥१०॥

अरु देवताहरू सीमित फल दिन्छन् । जगदीश्वरहरू असीमित फल दिन्छन् । जगदीश्वरहरूमा रमानाथ भगवान आनन्दले सहित आश्रय भएको सर्वोत्तम मोक्ष प्रदान गर्नुहुन्छ ॥१०॥

वेदेषु वर्णिता देवा उपास्याः सर्वदा नरैः ॥
तेषां सार्थस्य मन्त्रस्य ज्ञानाद् भक्तिः प्रवर्धते ॥११॥

वेदमा वर्णन गरिएका देवताहरू मानिषद्वारा सधैं उपासना गर्न योग्य हुन्छन् । ती देवताहरूको अर्थसहित मन्त्रको ज्ञान गर्नाले भक्ति वढ्दछ ॥११॥

गच्छन्ति गा इदं प्रोक्तं लक्ष्यं नयन्ति ना इति ॥

यत्र गा ना भवन्त्येष समूहवाचको गणः ॥१२॥
गच्छन्ति इति गा, नयन्ति इति ना व्युत्पत्ति गरेमा गा ना शब्द वन्दछ । गा ना सन्ति यस्मिन् स भन्दा जाने लाने व्यक्तिहरूको समूह अर्थ बुझाउने गण शब्द हुन्छ ॥१२॥

तेषामीशो गणाधीशः साग्रपूज्योऽस्ति सर्वदा ॥
आदौ प्रणवसंयोगात् महामन्त्रोऽभिजायते ॥१३॥
समूहको मालिक भन्दा गणाधीश गणेश वन्दछ, यी गणेश अगाडि पूजा गरिने देवता हुनुहुन्छ । अगाडि ॐजोड्नाले महाँमन्त्र हुन्छ ॥१३॥

गं गतिर्बोधको वर्णोऽकारः सर्वज्ञ ईश्वरः ॥
मकारार्थो भवेज्जीवो गं वीजार्थो निरूपितः ॥१४॥
गति बुझाउने वर्ण 'ग् ',सर्वज्ञ ईश्वर वुझाउने 'अ','म्'को अर्थ जीव हुन्छ । यी जोडिदा गं वन्दछ, यसलाई वीज भनेर निरूपण गरिएको छ ॥१४॥

गं गणेशेति शब्दाद् 'ङे'चतुर्थीप्रत्यये कृते ॥
नमश्चान्ते भवेन्मन्त्रो सर्वविघ्नविनाशकः ॥१५॥
गं गणेश शव्दवाट चतुर्थी ङे प्रत्यय जोडी शव्द सिद्ध गरेर अन्त्यमा 'नमः'जोडिदा सम्पूर्ण विघ्न विनाशक मन्त्र हुन्छ ॥१५॥

ॐ गं गणेशाय नमः

आधारं विघ्ननाशाय गणेशं याति यो नरः ॥
आनारायण योगेन सुखशान्तिमवाप्स्यति ॥१६॥
जो मान्छे विघ्नलाई विनाश गर्नका लागि गणेशको शरण पर्दछ । जीवले शान्ति पाउने आश्रय आधारस्वरूप आ नै नारायण हो, आको योगले सुखशान्ति पाउनेछ ॥१६॥

वेदेषु वर्णितान् देवान् पूजयन्ति च ये नराः ॥

वैदिकास्ते भवन्त्येव शान्तिसन्मार्गगामिनः ॥१७॥
जो मानिसहरू वेदमा वर्णित देवताहरूलाई पूज्दछन्, ती शान्ति र सन्मार्गमा हिडने वैदिक हुन्छन् ॥१७॥

ॐ एकदन्ताय विद्महे वक्रतुण्डाय धीमहि
तन्नो दन्ती प्रचोदयात् ॥ उपनिषद् ॥

एकदन्तं वक्रतुण्डं जानामि चिन्तयामि च ॥
सदाऽस्मान् दन्तवान् देवो सत्कर्मणि नियोजयेत् ॥१८॥
उपनिषद भनेको वेदमन्त्रहो। यसको अर्थ-एउटा दाँत भएका वाङ्मुखेलाई जान्दछु चिन्तना गर्दछु। सधैँ दन्तधारी देवताले हामीलाई सत्कर्ममा लगाइदिउन् ॥१८॥

अव धातो रक्षणादौ मन् प्रत्यये टिलुप्तके ॥
वस्योठि च गुणेजाते ॐ शब्दसिद्धिरिष्यते ॥१९॥
'अव' धातुवाट रक्षागर्ने अर्थमा 'मन्' प्रत्यय गरी टि को लोपगर्दा 'अ व् म्' हुन्छ। व मा सम्प्रसारण उ वनाएर गुणगर्दा ॐसिद्धहुन्छ ॥१९॥

अकारो वासुदेवः स्यादुकारः शक्तिरुच्यते ॥
मकारो जीव इत्येवं सम्बन्धादौ प्रसिध्यति ॥२०॥
व्याकरण र कोश अनुसार अको अर्थ सर्व व्यापक सृष्टि, पालन र संहार गर्ने देवता , उकारको अर्थ शक्ति, मकारको अर्थ जीव कहिन्छ, यस प्रकार सम्वन्ध मिलेको अर्थ सिद्ध हुन्छ ॥२०॥

ईश्वर-जीवयोर्मध्ये पुत्रजनकयोरिव ॥
माशक्तिर्वर्तते तस्मात् सा हि बोधयतीश्वरम् ॥२१॥
ईश्वर र जीवका माझमा पिता र पुत्रका माझमा झैं मा शक्ति हुनुहुन्छ। त्यसैले शक्तिले नै ईश्वरलाई चिनाउन सक्नुहुन्छ ॥२१॥

NEPAL SANSKRIT UNIVERSITY
वाल्मीकि विद्यापीठ पुस्तकालय
Acc. 2304/2309

गायत्री परमा माता परमेशप्रबोधिका ॥
गायत्रीस्मरणात् ध्यानात् वन्दनात् सिद्धिमान् भवेत् ॥२२॥
गायत्री परमेश्वर बुझाउने ठूली माता हुनुहुन्छ । गायत्रीको सम्झना, ध्यान र वन्दना गर्नाले सिद्धिले सहित भएको हुन सकिन्छ ॥२२॥

व्याहृतिषु हि भूः शब्दात् अग्निदेवः प्रतीयते ॥
भुवश्च वायुदेवोऽस्ति स्वरिति सूर्य उच्यते ॥२३॥
व्याहृतिहरूमा भूः शव्दवाट अग्नि अर्थ लाग्दछ , भुवः शव्दको अर्थ वायु हुन्छ, स्वर् शव्दको अर्थ सूर्य कहिन्छ ॥२४॥

भूर्विष्णुर्हि भुवो लक्ष्मीः स्वरिति जीव उच्यते ॥
विष्णुलक्ष्म्योरसौ जीवो दास पुत्रोऽभिधीयते ॥२४॥
भूः-विष्णु,भुवः-लक्ष्मी, स्वर् -जीव अर्थ बुझिन्छ । विष्णु र लक्ष्मीको यो जीव सेवक पुत्र कहिन्छ ॥२४॥

गुणभेदेन भूः सत्त्वं रजो भुवं ततः परम् ॥
स्वरिति तामसं ज्ञेयं गुणानुष्ठानवत् फलम् ॥२५॥
गुणका भेदले भू सत्त्वगुण, भुवः रजोगुण र स्वर् तमोगुण जान्नु पर्दछ , गुणको प्रभाव अनुसार फल हुन्छ ॥२५॥

ऋग्यजुःसामवेदेभ्योऽजायन्त भुर्भुवःस्वराः ॥
अ. उ. म.स्वर्णवत् तेषामोमिति सन्धितोऽभवत् ॥२६॥
ऋग्वेद यजुर्वेद सामवेदवाट भूर् भुवःस्वर् निष्कन्छन् । यी सून झैँ खारिदा अ उ म हुन्छन् र जोडिदा ॐ भएको हो ॥२६॥

विष्णुः सत्त्वगुणी-देवः सत्त्वगुणः स्थिरो भवेत् ॥
स्थिरत्वात् भगवान् विष्णुर्विश्वम्भरो निगद्यते ॥२७॥
विष्णु सत्त्वगुणी देव हुनुहुन्छ , सत्त्वगुण स्थिर हुन्छ । स्थिर हुनाका कारणले भगवान् विष्णु विश्वलाई पालन पोषण गर्ने

विश्वम्भर भनिनु हुन्छ ॥२७॥
ब्रह्मा रजोगुणी देवो रजो व्युत्पत्तिकारकम् ॥
सृष्टिर्भवेत् सदा तस्मात् शास्त्रे सर्वत्र वर्णितः १ ॥२८॥
ब्रह्मा रजोगुणी देव, रज सृष्टिगर्ने तत्त्व हो । रजवाट सृष्टि भइरहन्छ शास्त्रमा सर्वत्र वर्णित छ ॥२८॥
तामसगुणसंमिश्रः सर्वसंहारकारकः ॥
विषदोषान् समाहर्तुं शिवो ध्येयः सदा नरैः ॥२९॥
तमो गुणले युक्त शिव सम्पूर्णलाई संहार गर्न सक्ने शक्तिले सम्पन्न हुनुहुन्छ । विषदोष नाशगर्न मनुष्यद्वारा सधैँ ध्यान गर्न योग्य शिव हुनुहुन्छ ॥२९॥
सृष्ट्यादौ ब्रह्मणा दृष्टा व्याहृतिर्मन्त्रसिद्धिदा ॥
ॐ व्याहृतिं जपेदादौ सार्थं मन्त्रं ततः क्रमात् ॥३०॥
सृष्टिको आदिमा ब्रह्माले मन्त्रलाई सिद्धि दिने व्याहृति देख्नुभयो । जपको आदिमा ॐव्याहृति त्यसपछि अर्थसहित मन्त्र जप्नुपर्छ ॥३०॥
ॐ संयुक्तं त्रयं ज्ञेयं तत्पदेन प्रदर्शितम् ॥
तद्ब्रह्म सबितुर्मध्ये ज्योतीरूपेण वर्तते ॥३१॥
ॐले संयुक्त तीनलोक तत्ले देखाएको ब्रह्म, त्यो ब्रह्म सूर्यका माझमा ज्योतिरूपले रहन्छ ॥३१॥

---

१ अकारार्थो भवेत् ब्रह्मा, उकारो विष्णुरुच्यते
मकारः शङ्करः प्रोक्त ओमिति जगदीश्वराः ॥ (पद्मपुराणम्)
अकारको अर्थ ब्रह्मा, उकारको अर्थ विष्णु र मकारको अर्थ शिव भनेर वर्णन गरिएको छ । यी तीन सन्धी भएर जोडिदा ओम् हुन्छ । यी तीन देवता जगदीश्वर हुन् ॥ (पद्मपुराणम्)

षू (ङ,ञ्) धातोः सूयते लोकान् प्रसवेऽर्थे कृते तृचि ।
सुनोति स्नपनेऽर्थे च सवितेति सुसिद्ध्यति ॥३२॥

संसारलाई जन्माउनुहुन्छ अथवा चीसो तातो पार्नुहुन्छ यस्तो व्युत्पत्ति हुदा षूङ,र षुञ् दुई प्रकारका धातुवाट प्राणीप्रसव र स्नपन (अभिषव) अर्थमा प्रकृति प्रत्यय भएर सविता शब्द सिद्धहुन्छ ॥३२॥

चराचराणां सर्वेषां सृष्टिस्थितिलयान् रविः ॥
करोति सर्वजीवानामात्माधिष्ठानमुच्यते ॥३३॥

चर अचर सवैको सृष्टि पालन र संहार सूर्य गर्नुहुन्छ । त्यसकारण सवै जीवहरूका आत्माको वास(अधिष्ठान) सूर्य मानिनुहुन्छ ॥३३॥

दिव्याश्रयाय जीवान् स प्रेरयति सदा रविः ॥
ज्योतिर्नारायणः साक्षात् नारायण ! नमोस्तुते ॥३४॥

ती सूर्य सधैँ दिव्य आश्रय प्राप्तिकालागि जीवहरूलाई प्रेरणा दिनुहुन्छ । ज्योतिरूपी साक्षात् नारायण हुन् । हे नारायण !

१.ध्येयः सदा सवितृमण्डलमध्यवर्ती
नारायणः सरसिजासनसन्निविष्टः ।
केयूरवान् मकरकुण्डलवान् किरीटि-
हारी हिरण्मयवपुर्धृतशंखचक्रः ॥उद्धृतम्

यस उद्धृत श्लोक अनुसार ध्यानगर्न लायक सूर्यमण्डलको माझमा हुने कमलको आसनमा वस्ने मयूरको प्वाँख लाउने वुटे कुण्डल गहँना लगाउने मुकुट लगाउने सवर्ण जस्तो शरीर भएका शंखचक्रलाई धारण गर्ने नारायण हुनुहुन्छ ।उद्धृतम्

भगवान् ! तपाईंलाई नमस्कार छ ॥३४॥
सवितुर्ज्योतिषो देवा भुम्यब्दिग्वेदखादयः ॥
जायन्ते सवितैवैतन्मण्डलं तपतीति च ॥३५॥
सूर्यको ज्योतिवाट नै देवता, भूमि, जल, दिशा, वेद, आकाश, वायु आदि सवै जन्मन्छन् । सूर्य नै यी सवैको पुञ्जीभूत मण्डल हुन् र तपीरहेका छन् ॥३५॥
वृणते सवितुर्भर्गा ये संसारभयान्विताः ।
सम्भक्तौ वरणेऽर्थे च द्वे तयोर्वृङ्वृञोर्द्वयोः ॥३६॥
वरणीयवरेण्ये स्तः कृतैण्यानीयरोस्तयोः ॥
जीवनं वरणीयं स्यात् तेषां श्रद्धासमन्वितम् ॥३७॥
जो व्यक्तिहरू संसारका डरले युक्त छन्, ती व्यक्तिहरू सूर्यको तेजलाई वरण गर्दछन् । सम्भक्ति र वरण अर्थमा वृङ् र वृञ् दुई प्रकारका धातुवाट अनीयर र एण्य प्रत्यय गर्दा वरणीय वरेण्य दुई शब्द हुन्छन् । ती वरण गर्न योग्य सूर्यका तेजको उपासना गर्ने जनहरूको जीवन पनि श्रद्धाले पूर्ण वर्णन गर्न लायक हुन्छ ॥३६॥३७॥
जन्ममृत्युजरादीनां नाशाय सूरिभिर्जनैः ॥
आदित्यान्तर्गतं भर्गः प्रार्थनीयं च सर्वदा ॥३८॥
जन्म,मृत्यु,जरा, आदिको नाश गर्नका लागि विद्वान् जनले सूर्यमण्डल भित्र रहेको तेज१ सधैं प्रार्थना गर्न योग्य छ ॥३८॥
भर्जनेऽर्थे भृजी धातोः भ्रस्ज पाकेऽचि प्रत्यये ॥
"न्यङ्कादीनां च"कृते कुत्वे भर्गः शब्दोऽभिजायते ॥३९॥
भर्जनअर्थमा भृजी धातुदेखि,पाक अर्थमा,भ्रस्ज धातुदेखि अच् प्रत्यय गरेर "न्यङ्कादीनां च ७।३।५३" सूत्रले कुत्व गर्दा भर्ग शब्द वन्छ ॥३९॥

भर्जते कलुषादीनि कृतानि पूर्वजन्मनि ॥
भर्गस्तेजः प्रकाशो यत् तद् ज्ञानमुत्तमोत्तमम् ॥४०॥
पूर्वजन्ममा गरेका पापहरू भुटीदिन्छ पकाइदिन्छ। यस्तो अर्थदिने भर्ग- तेज, प्रकाश ,सर्वोत्तम ज्ञान हो ॥४०॥
निर्गुणं निर्मलं शुद्धं दिव्यं नारायणात्मकम् ॥
मननीयं सदा रूपं परमानन्ददं शुभम् ॥४१॥
निर्गुण, निर्मल, शुद्ध, दिव्य, आत्मामा (सूर्यको विम्व भित्र) विराजमान हुने, परमानन्द दिने, शुभरूप सधैं मनन गर्न यौग्य उनै नारायण भगवान् हुनुहुन्छ ॥४१॥
क्रीडाद्यर्थेषु दिव् धातोरचि गुणे कृते सति ॥
सिध्यति देवशब्दोऽत्र दिव्यकर्मार्थबोधकः ॥४२॥
क्रीडादि अर्थमा दिव् धातुवाट अच् प्रत्यय र गुण गर्दा देव शब्द सिद्ध हुन्छ। यसले दिव्यकर्म अर्थ वोध गराउँछ ॥४२॥
सर्वावस्थासु कार्येषु व्यवहारेषु कान्तिषु ॥
क्रीडादिषु भवेत् दिव्यं यस्य स देव उच्यते ॥४३॥
सवै अवस्थामा, कार्यमा, व्यवहारमा, कान्तिमा, सवै खेलहरूमा जसको दिव्यता हुन्छ, ती देवता वोलिनुहुन्छ ॥४३॥
चिन्तायां ध्यायते र्धातोः छन्दसि बहुलं लिङि ॥
सम्प्रसारणदीर्घादौ कृते धीमहि सिध्यति ॥४४॥
चिन्ताअर्थमा ध्यायति रूप हुने ध्यै धातुवाट वेदमा लिङ् लकार महि प्रत्यय सम्प्रसारण दीर्घ आदि कार्य भएर धीमहि शब्द सिद्ध हुन्छ ॥४४॥
ध्यानेन मननेनैव निधिध्यासनकर्मणा ॥
लभते परमानन्दं भवेत् स ब्रह्मविग्रहः ॥४५॥
धीमहिको अर्थ-ध्यान,चिन्तन, मनन, एवं अन्तर्हृदयमा ध्येय

पुरुषको स्वरूप स्थापना गर्नाले परमानन्द प्राप्त हुन्छ ,त्यो ब्रह्मकर्म गर्ने ब्राह्मणको शरीर हो ॥४५॥

लिङ्लकारे धिङाधारे शब्दो धीमहि सिध्यति ॥
ध्यानमेव सुखाधारो ब्रह्मानन्दः स उच्यते ॥४६॥

आधार अर्थ हुने धिङ् धातुवाट लिङ्लकारमा धीमहि शब्द सिद्ध हुन्छ। यो ध्यान नै सुखको आधारहो, त्यही ब्रह्मानन्द कहिन्छ ॥४७॥

ध्यै धातोः क्विप् युते यत्र विहिते सम्प्रसारणे ॥
तत्र सिध्यति धीशब्दः ध्यानयोगार्थसिद्धिदः ॥४७॥

ध्यै धातुवाट क्विप् प्रत्यय जोडेर गर्ने कर्म पूरा भएपछि जहाँ सम्प्रसारण गर्दा धीशब्द सिद्ध हुन्छ। ध्यानयोग सफल वनाउन सिद्धिदिने वुद्धि हुन्छ ॥४७॥

करोति सुखिनो लोकान् धनमानवलान् कवीन् ॥
प्रसिद्धान् देवरूपान् या सा धीर्नो हृदि तिष्ठतु ॥४८॥

जुन बुद्धिले जनलाई धन मान वलले पूर्ण, सुखी, कवि,प्रसिद्ध, देवरूप वनाउँछ। त्यो वुद्धि हाम्रा हृदयमा वसोस् ॥४८॥

याभिर्ध्यायति यं देवमीप्सितं सिद्धिसाधकः ॥
यो देवः स धियोऽस्माकं सत्कर्मणि नियोजयेत् ॥४९॥

सिद्धि चाहने साधक चाहेका जुन् देवतालाई जुन् साधनाद्वारा ध्यान गर्दछ। ती ध्यान गरेका देवताले हाम्रो बुद्धिलाई सत्कर्ममा लगाईदिउन् ॥४९॥

ऐम् ॐ प्रणवतुल्यो यः प्राणिमङ्गलकारकः ॥
ऐं बीजं व्याहृतिः सैव मन्त्रादौ युज्यते सदा ॥५०॥

जो ऐं = प्रणव ॐवरावर हो, यो प्राणीको मङगल गर्ने वर्ण हो। ऐं व्याहृति र वीज नै हुनाले सधै मन्त्रका अगाडि प्रयोग गरिन्छ ॥५०॥

पूजामाङ्गल्यमाकार इः कामः प्राणिनो 'म्' इति ॥
ओ बोधयति लक्ष्मीशम् ऐं सिध्यति सुसन्धिना ॥५१॥

पूजा माङ्गल्यभाव वुझाउने 'आ' हो , 'इ'ले काम वुझाउछ, 'म्'ले प्राणी जीव वुझाउँछ 'अ'ले नारायण वुझाउछ । (आ+इ+म्=एम्, अ+एम्=ऐम्) यसरी सन्धिगर्दा ऐं सिद्धहुन्छ ॥५१॥

लज्जार्थे ह्रीं भवेल्लक्ष्मी : क्लीं च ज्ञानस्वरूपिणी ॥
क्लीवते क्लीवृतः सिद्धं तानि व्याहृतयो मताः ॥ ५२॥

लज्जार्थमा ह्रीं हुन्छ र लक्ष्मी वुझाउँछ। ज्ञानस्वरूपको प्रतीकरूप क्लीं हो । क्लीवते (भर्जते) अर्थमा क्लीवृ धातुवाट क्लीं सिद्धहुन्छ । यी तीनटा व्याहृति मानिन्छन् ॥ ५२॥

शक्तिभिः सम्वृता देवी लोकान् सृजति रक्षति ॥
संहरति च सा काले चामुण्डानामधारिणी ॥५३॥

शक्तिले पूर्णभएकी देवी चामुण्डा नाम धारण गरी लोकलाई सृजना, पालन, र संहार गर्नुहुन्छ ॥५३॥

चण्डते कुप्यति चण्डः मुण्डः शुध्यति मुण्डते ॥
यया हतौ चण्डमुण्डौ सा चामुण्डा प्रकीर्तिता ॥५४॥

रीषाउछ भन्ने अर्थमा चण्ड शव्द वन्छ, पाप गरे पिछे मुण्डन गर्छ भन्दा मुण्ड शव्द वन्छ। जसले चण्ड र मुण्डलाई मार्नुभयो। तिनै चामुण्डा नामले प्रसिद्ध भइन् ॥५४॥

आनन्दरूपिणी काली चिद्रूपिणी सरस्वती ॥
सद्रूपिणी महालक्ष्मीर्बीजरूपा नमोऽस्तु नः ॥५५॥

आनन्दरूपिणी काली, चिद्रूपिणी सरस्वती, सद्रूपिणी महालक्ष्मी, यी तीन शक्तिको एकरूपतालाई बीजरूपा भनिन्छ। यी त्रिरूपा शक्तिलाई हाम्रो नमस्कार छ ॥५५॥

वाङ्माया ब्रह्मसूरेषा ऐं-ह्रीं-क्लीं रूपमाश्रिता ॥

चामुण्डा चण्डहन्त्री स्यात् तस्यै देव्यै नमो नमः ॥५६॥
वाक् र माया (प्रकृति) रूप भएकी ब्रह्मपैदा गराउने ऐं-ह्रीं-क्लीं- रूपलाई आश्रय लिएकी चण्ड- मुण्डलाई नाशगर्ने चामुण्डा नाम भएकी यी माता हुन्। ती देवीलाई वारवार नमस्कार छ ॥५६॥

चा चण्डं चमतीत्यर्थे मुण्डं मुण्डति कौ च या ॥
आरक्षणाय सम्पन्ना चामुण्डा नाम सिध्यति ॥५७॥
जो चण्डलाई चवाई दिन्छिन् भन्ने अर्थमा चा, मुण्डलाई खण्डन गर्नुहुन्छ पृथिवीमा भन्ने अर्थमा मुण्डा, आ- रक्षा गर्न सम्पन्न भएकी भन्दा चामुण्डा नाम सिद्धहुन्छ ॥५७॥

'ॐ ऐं ह्रीं क्लीं ' प्रथमं ,ब्रूयात्, 'चामुण्डायै ' च मध्यमे ॥
'विच्चे' चान्त्ये नवार्णाख्यो भवेत् मन्त्रः सुखप्रदः ॥५८॥
ॐऐं ह्रीं क्लीं चामुण्डायै विच्चे (उपनिषद)

नारायणाश्रितां शाक्तां बालसूर्यसमप्रभाम् ॥
अष्टायुधधरां देवीं मातरं प्रणमाम्यहम् ॥५९॥
नारायणाश्रिता भन्नाले जीवगतिलाई आश्रयदिने त्रिशक्तियुक्त वालसूर्य वरावर प्रभा भएकी आठ हतियार धारण गर्ने देवी मातालाई म प्रणाम गर्दछु ॥ ५९॥

जीवो नाम न मेऽधीनः शिवाधीनो भवेत् सदा ॥
रोदिति स शिवे रुष्टे प्रसन्ने शान्तिमेष्यति ॥६०॥
जीव नाम गरेको तत्त्व मेरा अधीनमा छै , शिवका अधीनमा छ। शिव रुष्ट भएमा रुन्छ, शिव प्रसन्न भएमा शान्ति प्राप्त गर्नेछ ॥६०॥

एरभावे शिवे शब्दे शवशब्दोऽभिजायते ॥
प्राणाः शवन्ति यस्मात् स भवेदशुभवाचकः ॥६१॥

शिव शव्दमा शिको इ नहुदा शव शब्द वन्दछ । जसवाट प्राण (शवन्ति= गच्छन्ति) हिड्छन् भन्ने अर्थ हुन्छ र त्यो अशुभवाचक वन्दछ ॥६१॥

शिवमस्यास्ति यस्मिन् वा शिवः कल्याणकारकः ॥
नम्यते यः शिवस्तत्र "नमः शिवाय" सिद्धयति ॥६२॥

शिवम्-कल्याणम् यसको छ अथवा यसमा छ ,यो अर्थमा कल्याण- कारक शिवशब्द वन्दछ। जुन् शिव वन्दना गर्न योग्य हुनुहुन्छ। त्यस्ता ठाउँमा पञ्चाक्षरी "नमः शिवाय"यो मन्त्र सिद्धहुन्छ,। ॐजोडदा"ॐ नमः शिवाय" यो शिव महामन्त्र हुन्छ ॥६२॥

शं सुखमिन्वति व्याप्तौ इवेरचि शिवो भवेत् ॥
आनारायणमाश्रित्य यो भजेत् स सुखी भवेत् ॥६३॥

सुख सवैतिर हुन्छ भन्ने व्याप्ति अर्थमा इवि धातुवाट अच् प्रत्यय भएर शिव शब्द सिद्धहुन्छ। आधार आश्रय नारायण वुझाउने आ जोडेर जो भजन गर्दछ। त्यो सुखी हुनेछ ॥६३॥

वेदप्रणिहितं ब्रह्म प्रमाणयति साधकः ॥
प्राणानुत्क्रामयत्यूर्ध्वं जपसिद्धिं करोति च ॥६४॥

वेदमा वर्णन गरेर प्रमाणित ब्रह्मलाई साधक प्रमाण सिद्ध गर्दछ। प्राणहरूलाई उत्तरायण ऊर्ध्व गति दिलाउँछ , जपसिद्धि पनि गर्दछ ॥६४॥

आदौ ॐकार उच्चार्यो मन्त्रस्य मननं ततः ॥
मन्त्रात्मा प्रणवो ज्ञेयस्तं विना मन्त्रता न हि ॥६५॥

अगाडि ॐउच्चारण गर्नुपर्दछ, त्यसपछि मन्त्रको अर्थ मनन गर्नु पर्दछ। मन्त्रको आत्मा ॐ जान्नुपर्छ। ॐ विना मन्त्रको भावपूर्णता हुँदैन ॥६५॥

हुदैन ॥६५॥
शिवस्य हृदये विष्णुर्विष्णोर्हृदि शिवः सदा ॥
उभौ चिन्तयतोऽन्योऽन्यं भक्तोद्धारपरायणौ ॥६६॥
शिवका हृदयमा विष्णु ,श्रीविष्णुका हृदयमा शिव सधै हुनुहुन्छ। यी दुवै एक अर्कालाई चिन्तना गर्नुहुन्छ , दुवै भक्तको उद्धारगर्न परायण छन् ॥६६॥
रोगमृत्युविनाशाय विद्यायै च शिवं भजेत्
दाम्पत्यार्थमुमां , विष्णुं सानन्दाश्रयमुक्तये ॥६७॥
रोगमृत्यु विनाशकालागि र विद्याका लागि शिवको भजन गर्नुपर्दछ। दाम्पत्य सुखका लागि उमाको, र सानन्दाश्रय ुक्तिकोलागि विष्णुको उपासना गर्नुपर्दछ ॥६७॥
दिव्याः सर्वे हरेरंशा भवन्ति वलवत्तराः ॥
स्वर्गादिलौकिकं देवा दास्यन्ति कर्मणः फलम् ॥६८॥
सवै हरि भगवान्का दिव्य अंश हुन् र वलिया पनि छन्। देवताहरू स्वर्गादि लौकिक कर्मको फल दिन्छन् ॥६८॥
तेषु सर्वेषु देवेषु विशिष्टा जगदीश्वराः ।
नारायणसहाया ये मोक्षं दास्यन्ति ते सदा ॥६९॥
ती सम्पूर्ण देवताहरूमा व्रह्मा, विष्णु, महेश्वर यी तीन जगदीश्वर विशिष्ट शक्ति भएका छन्। यी जगदीश्वर नारायण (विष्णु) को सहयोग लिएर मोक्ष दिनेछन् ॥६९॥
काश्यां मृत्युं लभन्ते ये तान् तारयति निश्चयः ॥
रामतारकमन्त्रस्य प्रदानेन सदाशिवः ॥७०॥
काशीमा जो मृत्यु पाउँदछन्, तिनीहरूलाई रामतारक मन्त्र प्रदान गरेर सदाशिव निश्चय तराउनु हुन्छ ॥७०॥
अवतारा असंख्येयाः सन्ति दिव्याः सुखप्रदाः ॥

तेषु श्रीरामकृष्णौ द्वौ ब्रह्मानन्दप्रदावुभौ ॥७१॥
दिव्य र सुखदिने अवतारहरू असङ्ख्य छन् । ती मध्ये श्रीराम र श्रीकृष्ण दुई ब्रह्मानन्द प्रदान गर्नेवाला हुन् ॥७१॥
अवतारानुसारेण रूपभेदेन कर्मणा ॥
बहवो नाममन्त्रा ये ते सन्त्यव्यापका मताः ॥७२॥
अवतार अनुसार , रूपभेदले र कर्मले धेरै नाममन्त्रहरू छन् ती अव्यापक मानिएका छन् ॥७२॥
यथा मुकुं ददातीति मुकुन्दो मोक्षदायकः ॥
गाः पालयति गोपालो लोकसंरक्षको मतः ॥७३॥
जस्तै मुकुं (मुक्ति) दिनुहुन्छ भन्ने यो अर्थमा सिद्ध मुकुन्द शव्द मोक्षदायक मानिन्छ । गाई भूमि इन्द्रिय आदिलाई पालन गर्नुहुन्छ भन्दा गोपाल हुन्छ र गोपालको अर्थ संसारको संरक्षक मानिएको छ ॥७३॥
रमन्ते योगिनो यस्मिन् राममन्त्रो महान् भवेत् ॥
कर्षति सर्वपापानि कृष्णशब्दोऽभिधीयते ॥७४॥
जुन् पुरुषमा योगीहरू रमाउँछन् भन्दा राम वन्छ । राम मन्त्र महान् मानिन्छ । सवै पापहरू कर्षण गरेर मिल्काइदिनु हुन्छ भन्ने अर्थमा कृष्ण शव्द सिद्धहुन्छ ॥३४॥
अव्यापका इमे मन्त्रा उत्तमाः सन्ति यद्यपि ।
व्यापकेष्वपि मन्त्रेषु त्रयो मन्त्राः समुत्तमाः ॥७५॥
यी मन्त्रहरू यद्यपि उत्तम छन् तर अव्यापक मानिन्छन् । ती व्यापक मन्त्रमा पनि तीन मन्त्रहरू उत्तम मानिन्छन् ॥७५॥
(ॐ) क्लीं कृष्णाय गोविन्दाय गोपीजनवल्लभाय स्वाहा ।
नम्रताशिष्टताशक्तिः क्लीं शब्दाद् ज्ञायते बधैः ॥
ॐ शब्दसदृशं बीजं क्लीं नामाग्रे प्रयुज्यते ॥७६॥

नम्रता शिष्टता शक्ति क्लीं शब्दबाट विद्वान् जनले
बुझ्नुपर्दछ । ॐ शब्द जस्तो बीजमन्त्र क्लीं हो र नामको
अगाडि प्रयोग गरिन्छ ॥७६॥

कर्षति सर्वपापानि शत्रून् वा कृष्ण उच्यते ॥
तस्मै क्लीं शक्तिदेवाय श्रीकृष्णाय नमो नमः १ ॥७७॥

शब्द व्युत्पत्ति अनुसार सम्पूर्ण पापहरूलाई फ्याँकीदिने अथवा
शत्रुहरूलाई नाशगर्ने भन्दा कृष्ण भनिन्छ । क्लीं शक्तिले युक्त
श्रीकृष्ण भगवान्लाई वारवार नमस्कार छ १ ॥७७॥

स्वर्गेषुपशुवाग्वज्रदिङ्नेत्राब्घृणिभूमिषु ॥
लक्ष्यदृष्ट्या स गोशब्दो यत्र तत्र प्रयुज्यते ॥७८॥

स्वर्ग, इषु ,पशु,वाणी,वज्र,दिग् ,नेत्र ,जल, सूर्यकिरण,भूमि यी
अर्थमा लक्ष्य अनुसारका दृष्टिले त्यो गो शब्द जहाँ तहाँ प्रयोग
गरिन्छ ॥७८॥

---

१ " १ सद्यः प्राणिपवित्राणि जगतां मङ्गलानि च ।
ककारः कमलाकान्तः ऋकारो राम इत्यपि ॥१॥
षकारः षड्गुणपतिः श्वेतद्वीपनिवासकृत् ।
णकारो नरसिंहोऽयमकारो ह्यक्षराऽग्निभुक् ॥२॥
विसर्गौ च तथा ह्येतौ नरनारायणावृषी ।
सम्प्रलीनाश्च षट्पूर्णा यस्मिञ्छन्दे महामनौ ॥३॥
परिपूर्णतमे साक्षात् तेन कृष्णः प्रकीर्तितः ।
शुक्लो रक्तस्तथा पीतो वर्णोऽस्यानुयुगं धृतः ॥४॥
द्वापरान्ते कलेरादौ वालोऽयं कृष्णतां गतः ।
तस्मात् कृष्ण इति ख्यातो नाम्नाऽयं नन्दनन्दनः ॥५॥गर्गसंहिता
गो.ख,१५।२८-३२ = १

अवतारेषु यः सर्वान् लभते प्रयुनक्ति च ॥
गोविन्द एव तस्मै मे जीवतत्त्वं समर्पये ॥७९॥
अवतारहरू मध्ये जो श्रीकृष्ण गोशब्दवाट बुझिने सवै विषयलाई पाउनुहुन्छ र प्रयोग पनि गर्नुहुन्छ भन्दा गोविन्द नाम रहन गएको छ। ती गोविन्दलाई मेरो जीवतत्त्व समर्पण गर्दछु ॥७९॥
या नेत्रे सफले कुर्यात् स्नेहेन कृष्णदर्शनात् ॥
बचनाऽदान-दानाद् वा सा गोपीत्युच्यते बुधैः ॥८०॥
जसले प्रेमले कृष्णदर्शनद्वारा र वचनको आदान-प्रदानद्वारा आँखा सफल पारेका छन्। तिनलाई विद्वान् हरूले गोपी भनेका छन् ॥८०॥
यः श्रीनारायणो विष्णुर्गोपीजनप्रियोत्तमः ॥
भुक्तिदो मुक्तिदो स्वामी तस्मै जीवनमर्पये ॥८१॥

१ "तुरुन्तै प्राणीहरूलाई पवित्रगराउने जगतका मङ्गल रूप हुने, क भन्दा लक्ष्मीपति, ,ऋकारले राम षकारले षड्गुणपति श्वेतवपि निवासी, णकारले नृसिंहभगवान्, अ अक्षरले अक्षर-अग्नि पान गर्ने देवता ,दुई विसर्गले नर र नारायण तपस्वी ऋषिरूपी भगवान्,जुन् महाँमन्त्र छन्दमा यी षट् भगवद्स्वरूप लीन छन्। त्यसकारण परिपूर्णतम अर्थमा साक्षात् कृष्ण हुनुहुन्छ भनी वर्णन गरिएको छ। युग अनुरूप शुक्ल, रक्त, पीत वर्ण धारण गर्नुभएको छ। द्वापरको अन्त्यमा कलियुगको आदिमा इनै बालकृष्णको रूपलाई प्राप्त गर्नुभएको छ। त्यसकारण कृष्ण नामले ई नन्दनन्दन प्रसिद्ध हुनुभएको छ। गर्गसंहिता अर्थ ॥५॥

जो श्रीनारायण विष्णु नै कृष्ण गोपीजनका उत्तम प्रिय भुक्ति, मुक्ति दिने स्वामी हुनुहुन्छ, तिनैलाई जीवन अर्पण गर्दछु ॥८१॥

स्वाहूयन्तेऽनया स्वाहेत्यन्तं गोपालसंज्ञकम् ॥
सिद्धिभिः सहितं मन्त्रं सञ्जपेन्मोक्षसाधकः ॥८२॥

जुन शब्दद्वारा राम्ररी हवन गरिन्छन् यस अर्थमा स्वाहा शब्द वन्दछ स्वाहा अन्त्यमा भएको गोपाल नाम भएको सिद्धिले सहितभएको मन्त्र मोक्षको साधना गर्न चाहनेले राम्ररी जपोस् ॥८२॥

स्वाजुहोमि समान् प्राणान् सेन्द्रियान् कृष्णपावके ॥
आह्वयसे कदा कृष्ण ! कुरु मे श्रेय उत्तमम् ॥८३॥

कृष्णरूपी आगामा इन्द्रियसहित सम्पूर्ण प्राणहरूलाई राम्ररी हवन गर्दछु। हे कृष्ण ! कहिले वोलाउनुहुन्छ। मेरो उत्तम कल्याण गरिदिनुहोस् ८३॥

ॐ नारायणाय विद्महे वासुदेवाय धीमहि। तन्नो विष्णुः प्रचोदयात् ॥ उद्धृतम्।

गायत्र्यां ये त्रयो मन्त्राः सन्ति त उत्तमोत्तमाः ॥
विष्णुर्नारायणो वासुदेवश्चेति त्रयो मताः ॥८४॥

गायत्रीमन्त्रमा उत्तमोत्तम तीन मन्त्र छन्। विष्णु ,नारायण र वासुदेव तीन मानिएका छन् ॥८४॥

वेवेष्टि विश्वं यो देवो विष्णुर्नुप्रत्ययाद् भवेत् ॥
ॐ नम इतियोगेन महामन्त्रोऽभिजायते ॥८५॥

जुन् देवता संसारलाई व्याप्ति अर्थमा(ढाक्नुहुन्छ भन्ने अर्थमा) विष्लृ व्याप्तौ-धातुवाट नु प्रत्यय भएर विष्णुशव्द वन्दछ। " ॐ नमः" यो जोडिएर सिद्धहुंदा षडक्षरी महामन्त्र वन्दछ ॥८५॥

सर्वत्र वसति वासुर्वाहुलकादुणि कृते ॥

स चासौ देव इत्यर्थे वासुदेवोऽभिधीयते ॥८६॥
वसुदेवस्य पुत्रेऽर्थे, शुद्धान्तस्करणेष्वपि ॥
प्रकाशते च यो देवः स वासुदेव उच्यते ॥८७॥

सवै तिर वस्ने हुदा वस् धातुवाट उण् प्रत्यय गर्दा वासु शब्द हुन्छ ,'स च असौ देवः' भन्ने अर्थमा वासुदेव शव्द वन्दछ । 'वसुदेवका छोरा भन्ने अर्थमा र शुद्ध अन्तस्करणमा प्रकाशमान हुनुहुन्छ जो देवता' भन्ने अर्थमा ती देवता वासुदेव भनेर कहलाइनु भएको छ ॥८७॥

'ॐ नमः' प्रथमे, मध्ये 'भगवते' सुशोभिते ।
'वासुदेवाय ' मन्त्रान्ते द्वादशाक्षरवान् मनुः ॥८८॥

अगाडि 'ॐ नमः, माझमा 'भगवते' अन्त्यमा 'वासुदेवाय' भएको द्वादशाक्षरी महाँमन्त्र हुन्छ ॥८८॥

तेषां मध्येऽपि मुख्योऽसौ महानष्टाक्षरः स्मृतः ॥
शिष्टपरिग्रहादेष श्रीमन्त्रः संप्रकीर्तितः ॥८९॥

ती मन्त्रहरू मध्येमा पनि मूल उपाधिप्राप्त अष्टाक्षर मन्त्र महनीय मुख्य संझिएको छ। शिष्ट सन्तजनवाट स्वीकार गरिएको हुनाले श्रीमन्त्र भनिने गरिएकोछ ॥८९॥

श्रीमूलोपाधिना युक्तो मन्त्रोऽयं त्रिपदान्वितः ॥
शेषत्वं पारतन्त्र्यं स कैङ्कर्यं चार्थसंयुतः ॥९०॥

'श्रीमूल'उपाधिले युक्त यो मन्त्र तीनपदले युक्त त्यो मन्त्र शेषत्व, पराधीनता र कैङ्कर्यता अर्थले युक्त छ ॥९०॥

अङ्गाङ्गीभावसम्बन्धादनयोः शेषशेषिनोः ॥
शेषी स्वामी तथा शेष आधाराधेयसम्मतः ॥९१॥

यी दूई शेष र शेषीमा शेष अङ्ग, शेषी अङ्गी, सम्बन्ध, त्यस्तै

शेषी आधार, शेष आधेय सम्बन्ध मानिएको छ ॥९१॥
अस्यार्थो प्रणवे विष्णुर्लक्ष्मीरोरवधारणा ॥
अनयोर्नित्यसम्बन्धाद् ओरूपं सन्धिनाऽभवत् ॥९२॥
प्रणवमा 'अ'को अर्थ-सृष्टि, पालन, प्रलयकर्ता त्रिजगदीश्वर अर्थलाग्ने वासुदेव विष्णु हुनुहुन्छ। अकारो वासुदेवः स्यात् ,इति,अमरकोषः,अकारार्थो विष्णुर्जगदुदय-रक्षा- प्रलय- कृत्, इत्यपि अन्यत्र प्रमाणम्) उ'को अर्थ तत्तत्स्वरूपचिह्न निर्देशन गर्ने अवधारणा शक्ति यी दुईको नित्य सम्बन्ध हुनाका कारणले सन्धी भएर अ+उ=ओ,भयो ॥९२॥
ओः शेषी 'म'जीवः शेष एतौ द्वौ सेव्यसेवकौ ॥
श्रद्धा-विश्वास-सेवाभिः स्वामी गृह्णाति सेवकम् ॥९३॥
ओ शेषी,'म'जीव शेष, यी दुई सेव्य र सेवक हुन्। श्रद्धा, विस्वास र सेवाद्वारा स्वामी सेवकलाई स्वीकार गर्नुहुन्छ ॥९३॥
स्वामी त्यजति गृह्णाति बध्नाति मुञ्चतीति च ॥
त्यागाद् दुःखी भवेज्जीवो ग्रहणात् सुखमाप्स्यति ॥९४॥
स्वामी त्यागनुहुन्छ ,ग्रहण गर्नुहुन्छ, बाध्नुहुन्छ, फुकाउनु पनि हुन्छ। जीव त्यागनाले दुःखी, ग्रहण गर्नाले सुखी हुनेछ ॥९४॥
चित्स्वरूपस्य कृष्णस्य बोधकोऽकार इष्यते ॥
उकारश्चित्स्वरूपायाः श्रिया वाचक उच्यते ॥९५॥
चित्स्वरूप कृष्णको बोधक अकार स्वीकार गरिएको छ। उकार चित्स्वरूपा श्रीशक्तिको वाचक कहिन्छ ॥९५॥
तयोर्दासो मकारोऽर्थ एतत्प्रणवलक्षणम् ॥
ॐ कारोच्चारणादेव मन्त्रो मन्त्रत्वमाप्नुयात् ॥९६॥
ती दुईको दास म हो, यो प्रणववाट बुझनुपर्ने लाक्षणिक अर्थहो। ॐ उच्चारण गर्नाले मात्र वास्तविक मन्त्र हुन्छ ॥९६॥

प्रेरणाऽस्ति श्रिया यस्मिन् स मन्त्रः श्रीविभूषितः ॥
यस्य स्थानोद्‌गमो मूलो मुख्यकारणवान् सदा ॥९७॥
जुन् मन्त्रका विषयमा लक्ष्मीको प्रेरणा छ , त्यो मन्त्र श्रीले विभूषित छ । जसको स्थान,उद्‌गम मुख्यकारणले युक्त सधैँ छ, त्यो मूलमन्त्र भनिन्छ ॥९७॥

व्याप्यसत्त्वगुणाधारो मूलोपादानकारणः ॥
प्रतिष्ठा श्रेष्ठता यस्मिन् स मन्त्रो मूल उच्यते ॥९८॥
व्याप्त सत्त्वगुणको आधार,मूलरूपले उपादानकारण,प्रतिष्ठा,र श्रेष्ठता, छ जसमा त्यो मन्त्र मूल मन्त्र कहिन्छ ॥९८॥

अकारेणोच्यते विष्णुः श्रीरुकारेण चोच्यते ॥
मकारस्त्वनयोर्दासः पञ्चविंशः प्रकीर्तितः ॥९९॥
अकारले विष्णु ,उकारले श्रीशक्ति अवधारणा कहिन्छ । मकार यी दुईको दास मानिन्छ । तत्त्वहरू मध्ये पञ्चीशौं 'म'अक्षर मानिएको छ ॥९९॥

कुर्बोधयति भूतानि कर्मेन्द्रियाणि चुस्तथा ॥
ज्ञानेन्द्रियाणि टुस्तद्वत् तन्मात्रास्तुर्हि सर्वदा ॥१००॥
कु कवर्गले पञ्चमहाँभूत(पृथिवी, जल, तेज, वायु, आकाश) बुझाउँछ। चु चवर्गले पाँच कर्मेन्द्रिय (वाक्, पाणी, पाद,पायु ,उपस्थ) बुझाउँछ। टु टवर्गले पञ्च ज्ञानेन्द्रिय(आँखा, कान, जिव्रो,नाक,छाला) बुझाउछ। तु तवर्गले पञ्च तन्मात्रा(रूप, रस, गन्ध, स्पर्श,शब्द) बुझाउँछ ॥१००॥

प-फ-ब-भा मनोबुद्धिर्महत्-प्रकृतयो मताः ॥
चतुर्विंशतितत्त्वानि प्रकृतेर्गुणवन्ति हि ॥१०१॥
प-मन, फ-बुद्धि, ब-महत्तत्व, भ-प्रकृति, बुझाउँछन्। चौविश तत्त्व प्रकृतिका गुण हुन् ॥१०१॥

तद्भिन्नो जीव आत्मैव ज्ञानानन्दस्वरूपकः ॥
मकारेण स संबोध्य एष शास्त्रस्य निर्णयः ॥१०२॥
चौविश तत्त्वले भिन्न जीव आत्मा नै ज्ञान आनन्द स्वरूप बुझाउने वाला हो। त्यो जीव मकारले बुझाउँछ। यो शास्त्रको निर्णय हो ॥१०२॥

आयेति 'ङे' विभक्त्यर्थे शेषी नारायणो मतः।
उकारो ऽप्यस्य शेषत्वमुरेवमवधारणा ॥१०३॥
चतुर्थी 'ङे' विभक्तिमा आय् आदेश गरेर नारायणमा जोड्दा' नारायणाय' हुन्छ। यो नारायण शेषी हो। नारायणको शेष 'उ' हो। उ भनेको अवधारणा हो। धारणा (चिताएको) अर्थ पूरा गराउने शक्ति हो ॥१०३॥

अकारो रक्षकः प्रोक्त उकारो हेतू रक्षणे ॥
अनयो र्हि म जीवात्मा शेषोऽन्येषां कदापि न ॥१०४॥
अकार रक्षक, उकार रक्षा गर्नमा प्रेरणा गर्ने मुख्य कारण मानिन्छ। यी दुईको म जीवात्मा शेष हो। अरु कसैको शेष होइन ॥१०४॥

पितरमातरौ 'ओ' र्हि मकारः पुत्र एव हि।
नमः पदेन जीवोऽयं ताभ्यां समर्प्यते बुधैः ॥१०५॥
'अ'ले पिता, 'उ'ले माता, 'म'ले जीव पुत्र, नै प्रतीति हुन्छ। 'नमः' पदले नमस्कार वन्दना अथवा म जीवात्मा वनेर(संसारी भएर) अलग्ग रहन चाहन्न ,चतुर्थ्यन्त 'ताभ्याम्' ती पितामातालाई विवेकी विद्वान्द्वारा आफ्नो जीवात्मा समर्पण गरिन्छ ॥ १०५॥

नमत्याह्वयतीत्येवं रक्षार्थेऽसुन्कृते भवेत् ॥
नमः शब्दे द्विपदेऽस्तः षष्ठ्यन्तो मोऽव्ययोऽस्ति न ॥१०६॥

नमति, आह्वयति, भनी वोलाउने अर्थमा नम् धातुवाट असुन् प्रत्यय गर्दा 'नमः' शब्द वन्दछ। यसमा दुई पद छन्। यसरी अर्थ विचार गर्दा 'मः' षष्ठ्यन्त छ, र 'न'अव्यय छ ॥१०६॥

केवलं मः स्वशेषत्वं स्वतन्त्रोऽहं न दासता ॥
स्वरूपस्य विरोधी स्यात् नपदेन स नश्यति ॥१०७॥

केवलं 'मः'षष्ठ्यन्तले म आफ्नै शेष हुँ, म स्वतन्त्रछु, कसैको दास हुइन। यस्तो अर्थ हुन्छ र स्वरूपको विरोधी हुन्छ। न पद जोडिए पछि त्यो दोष नाश हुन्छ ॥१०७॥

उपायस्य विरोधी स्यात् स्वरक्षां स्वयमावहेत् ॥
समाधानः स्वरक्षायै समर्थ ईश्वरो भवेत् ॥१०८॥

आफ्नो रक्षा आफैँ जिम्मा लिइन्छ भने उपायको विरोधी हुन्छ। यसको समाधान आफ्नो रक्षाका लागि ईश्वर समर्थ हुनुहुन्छ ॥१०८॥

नाराणामयनं यस्मिन् व्याप्यो नारायणः स्मृतः।
आधारो रक्षकः सैव जीवोद्धारपरायणः ॥१०९॥

नाराणाम्-जीवहरूको,अयनम् गति,जसमा छ,त्यो व्यापकरूपले नारायण मानिएको छ। त्यो नै जीवहरूको आधार , रक्षक एवं उद्धारक,हो ॥१०९॥

शेषो जीव उपायोऽस्य शेषी स भगवान् हरिः ।
अखण्डो नम इत्यत्र सखण्डो बोधयिष्यति ॥११०॥

शेष जीव हो,यसको उपाय शेषी भगवान् हरि हुनुहुन्छ। अखण्ड 'नमः'यस पदमा पदच्छेद गरी सखण्ड वनाउँदा 'न मः' पद वन्छ, त्यसले'म'जीव ईश्वर हौइन बुझाउनेछ ॥११०॥

ईश्वरे, मदीयं सर्वमिति भाव्यं बुधैः सदा ॥
विरोधी स्वस्वरूपस्य निर्वृत्तिर्यदि सम्भवेत् ॥१११॥

ईश्वरमा आफ्नू आत्मा समर्पण गर्ने सम्पूर्ण भाव विद्वान्ले राख्नुपर्दछ। यदि यो भाव सम्भव भयो भने स्वस्वरूपको विरोधी भाव निवृति हुन्छ ॥१११॥

मां पालय, न वा, कोऽपि नान्योऽस्ति रक्षको मम ॥
उपायस्य विरोधी यः स एवं निवृति र्भवेत् ॥११२॥

मलाई पालन गर्नुहोस् अथवा नगर्नुहोस् ,अर्को कोही पनि मेरो रक्षक छैन। उपायको विरोधी जो छ त्यो यसप्रकार निवृति हुन्छ ॥११२॥

नारायणेतरान् कामान् संयमेन सदा त्यजेत् ॥
प्राप्यफलविरोधस्य निवृत्तिर्नात्र संशयः ॥११३॥

नारायण वाहेक सबै इच्छा साधना गरेर सधैं त्यागनुपर्छ अनि पाउने फलको विरोध हराउछ। यसमा सङ्का छैन ॥११३॥

'म' शब्दो ममता बोधः स्वरूपस्य विनाशकः ॥
न ममेत्यर्थभावेन जीवस्योज्जीवनं भवेत् ॥११४॥

म शव्द ममता बुझाउने हुनालेस्वरूपको विनाशक हो। न मम-मेरो होइन, या अर्थ भावनाले जीवको उद्धार हुन्छ ॥११४॥

आदौ 'ॐ नमः' उच्चार्यस्ततो 'नारायणाय च ॥
नरति "नृ नये" धातोरचि नरो सुसिध्यति ॥११५॥

अगाडि ॐ नमः उच्चारण गर्नुपर्दछ, त्यसपछि नारायणाय। 'नारायणाय' यसको व्युत्पत्ति- नृ धातु- भ्वादिमा पाठ पढेको हुनाले 'नरति, क्र्यादिमा हुनाले 'नृणाति, चुरादिमा हुनाले 'नारयति, रूप हुन्छ। अर्थ लान्छ, पुऱ्याउँछ, भन्ने अर्थमा नृधातुवाट अच् प्रत्यय हुँदा नरशव्द सिद्धहुन्छ ॥११५॥

नराज्जातानि नाराणि तेषां सैवायनं गतिः ॥
नराज्जाता इमा आपोऽयनं चाप्यस्ति विग्रहः ॥११६॥

मानिसवाट जन्मेका भन्ने अर्थमा 'नारम्'-(जीवसमूह) हुन्छ्। तिनीहरूको 'अयन' भनेको गति हो, जुन आश्रयमा पुगे पछि अर्को गति लिनु पर्दैन। मानिसवाट उत्पन्न पानीलाई पनि नारम् भनिन्छ,'नारा आपः अयनम् यस्य सः'यस्तो विग्रह अर्थ हुँदा जलमा शयन गर्ने शेषशायी भगवान् वुभ्फिनुहुन्छ, उनैलाई आत्मसमर्पण गर्न'ङे' प्रत्यय जोडेर मन्त्र सिद्ध भएको छ ॥११६॥

नाराणि नित्यवस्तूनां समूहाः यस्य साश्रयाः ॥
जीवानामयनं यस्मिन् स नारायण उच्यते ॥११७॥

नार शब्दको अर्थ नित्यवस्तुहरूको समूह हुन्छ, यो समूह जसका आश्रयमा रहन्छ। यी नित्यवस्तुहरूको गति जसमा छ ती नारायण भनेर जान्नु पर्छ ॥११७॥

चेतनाचेतनेष्वेषु सान्तर्यामित्वकारणात् ॥
उपायत्वमुपेयत्वं चेतनेष्वेव तत्फलम् ॥११८॥

चेतन र अचेतन सवैमा चर अचर सवैतिर अन्तर्यामी वनेर रहनु भएको हुनाले चेतनशील (भक्तिभावनाले जाग्रित) प्राणीमा नारायण नै उपाय स्वरूको भाव र उपेयस्वरूकोभाव त्यसमन्त्रको फल वन्न पुगेको छ ॥११८॥

नारं जीवसमूहः स्यादयनं गतिरन्तिमा ॥
गत्यालम्वनवान् सैव नारायण इहोच्यते ॥११९॥

नारम्- जीवसमूह हो, अयनं अन्तिम गति हो । गतिको आलम्वन ग्रहण गर्ने आश्रय लिने उनै नारायण यहाँ कहिनु भएको छ ॥११९॥

आययोगेन सेव्यस्य नित्यं कैङ्कर्यप्रार्थना ॥
न स्वाधीनो हरेरेवाधीनो भवति सर्वदा ॥१२०॥

आय जोडिँदा सेव्य भगवान्को नित्य कैङ्कर्य प्रार्थना वुभ्फिन्छ

। स्वाधीन छैन, हरिभगवान्को मात्र सधैं अधीनमा रहेको छ। यसको तात्पर्यार्थ -परात्परतम परमेश्वर सर्वेश्वर विष्णु, नारायण, कृष्ण, हरि जे भने पनि भगवान् अन्तिम परमानन्द हुने आश्रयको अर्थात् मुक्तिको आलम्बन विभाव हुनुहुन्छ ॥१२०॥

अष्टाक्षरं त्रिभागं यो श्रीमन्त्रं मङ्गलाभिधम् ॥
गृह्णाति सूत्रवत् सैव हरेः सान्निध्यमाप्नुयात् ॥१२१॥

लक्ष्मीद्वारा प्रेरणा भएर सिर्जनाभएको, मङ्गलै मङ्गल भएको, तीन पदमा विभाजन भएको आठ अक्षर भएको मूलमन्त्र जो व्यक्ति जनै झैं धारण गर्दछ, संस्कार सहित स्वीकार गर्दछ। त्यसले नै हरिभगवान्को सान्निध्यलाई प्राप्त गर्नेछ ॥१२१॥

मूलेन सम्पुटं कृत्वा गायत्रीं सञ्जपेत् सदा ॥
स सिद्धिं समवाप्नोति श्रद्धाविश्वाससंयुतः ॥१२२॥

मूल मन्त्रले संपुट गरेर सधैं श्रद्धा र विश्वासले गायत्रीमन्त्र जप्छ भने त्यसले सजिलै राम्ररी सिद्धि पाउँछ ॥१२२॥

सनावास्तारयन्त्यन्ये तारयति स्वयं हरिः ॥
नौरेव भगवान् विष्णुः सर्वदेवनमस्कृतः ॥१२३॥

अन्य देवताहरू नाउको सहयोगले तार्दछन्। हरि सहयोग न लिइकन आफैं तार्नुहुन्छ। सवै देवताहरूले नमस्कार गरिएका भगवान् विष्णु नै नाउ हुनुहुन्छ ॥१२३॥

पञ्चोग्रकर्मदोषेभ्यो विष्णुव्रतस्य धारणात् ॥
गङ्गाधारासु स्नात्वेव नरो भवति निर्मलः ॥१२४॥

पञ्चउग्र कर्म (१मदिरापान,२ जीवहत्या,३ स्वर्णादिधन हरण, ४परस्त्रीहरण, ५विश्वासघात,) दोषवाट विष्णुव्रत धारण गर्नाले गङ्गाका धारामा स्नान गर्नाले शुद्ध भए झैं मानिस

निर्मल हुन्छ ॥१२४॥

शिष्टाचारपवित्रकारणपरं सौभाग्यसंवर्धकं
नित्यानन्दमयं सदाश्रयकरं नारायणप्रापकम् ॥
मन्त्रार्थं गुरुवाक्यरूपममृतं जीवात्ममोक्षप्रदं ।
विश्वासं स्ववलम्व्य दुर्गतिभयात् नित्यं पिवामो वयम् ॥१२५॥

शिष्ट सभ्य जनले आचारलाई पवित्र गराउन कारण वनेको, सौभाग्य वढाउने नित्य आनन्दै आनन्द भएको सत्यको आश्रय गराउने नारायण भगवान्को सान्निध्यमा पुऱ्याउने जीवात्मालाई मोक्ष गराउने विश्वासलाई स्वीकार गरेर यस मानव जीवनको पछि दुर्गति होला भन्ने डरले सधैं हामी श्रीगुरुको वाक्यरूपी मन्त्रार्थ अमृत पिउँदछौं ॥१२५॥

इति श्रीविष्णुव्रतामृतसदाचारभक्तिकाव्ये मन्त्रार्थमननानन्दयोगो नाम पञ्चमसर्गः ॥५॥ १७८+१२५ ३०३

अथ षष्ठसर्गः

आरभ्य लक्ष्मीशपदारविन्दात् स्वाचार्यपर्यन्तगुरूनुदारान् ॥
शिक्षाप्रदान् मातृपितृञ्च मान्यान् नमामि मन्त्रार्थविदःसमग्रान् ॥१॥

लक्ष्मीनारायण भगवान्का पाउरूपी कमल फूलवाट आरम्भ भएर दयालु आफ्ना आचार्य सम्मका समादरणीय दीक्षा,शिक्षादिने गुरुहरू, पितामाता ,मान्यजनहरू र मन्त्रार्थ जान्ने सम्पूर्णलाई सादर नमस्कार गर्दछु ॥१॥

उपाय एकः परमो रमेशः संतारको मामितरो न कोऽपि ॥
सञ्चिन्तयद्भिर्हृदि नित्यमित्थं स्वाचारनिष्ठैर्हरिरेव सेव्यः ॥२॥

उपाय एक परम पुरुष रमापति भगवान् मलाई तार्नेवाला हुनुहुन्छ। अर्को कोही तारक छैन। सधैं यही चिन्तन गर्ने हृदयमा नित्य यही भाव राख्ने आफ्नो आचार निष्ठामा रहने

जनहरूले सेवा गर्न योग्य हरि भगवान् नै हुनुहुन्छ ॥२॥

विष्णुप्रियो वाक्यमिदं सुरम्यं श्रुत्वा प्रसन्नः पुनरप्युवाच ॥
मन्त्रेषु गुह्यं चरमद्वयार्थं कांक्षे गुरो ! बोधय मां प्रपन्नम् ॥३॥

विष्णुप्रियले यस्तो राम्रो वचन सुनेर प्रसन्न भएर फेरि भने। गुरो ! मन्त्रहरू मध्ये चरम र द्वयमन्त्रको रहस्यमय पूर्ण अर्थ श्रवण गर्न चाहन्छु। शरण परेको मलाई बुझाइदिनुहोस् ॥३॥

निष्ठां गुरावीश्वर एव भक्तिं जिज्ञास्यभावं च रहस्यबोधे ॥
ज्ञात्वा गुरुर्मन्त्रविदां वरिष्ठ उवाच सम्यङ्नृपतिं क्रमेण ॥४॥

गुरुमा निष्ठा, ईश्वरमा भक्ति, र मन्त्रको रहस्य बोध गराउने विषयमा जान्न चाहने भावलाई बुझेर मन्त्रार्थ जान्नेहरू मध्ये वरिष्ठ गुरुले क्रमैसग राजालाई भन्नुभयो ॥४॥

लक्ष्म्याः कृपापौरुषकारभावं ज्ञात्वाऽपराधानननपेक्ष्य कृष्णः ॥
जीवाय कल्याणतमं स्वधाम ददाति राजन् ! परमो दयालुः ॥५॥

हे राजन् ! लक्ष्मीको पौरुषकार भावलाई जानेर अपराधहरूलाई वास्ता नै न गरी परम दयालु भगवान् कृष्ण जीवलाई परम कल्याणमय आफ्नो धाम दिनुहुन्छ ॥५॥

न विद्यते कश्चन सेव्यमानो देवस्तथा जीवगतिप्रधानः ॥
तस्मादुपायो भगवान् मुकुन्दो जीवाश्रयः सत्त्वतनुः शरण्यः ॥६॥

सेवा गर्न योग्य कोही पनि त्यस प्रकारको जीवको मुख्य गति भएको देवता पाइदैन। त्यसकारण उपाय स्वरूप भगवान् मुकुन्द जीवका आश्रय सत्त्वतनु शरण पर्नेलाई रक्षा गर्नेवाला हुनुहुन्छ ॥६॥

द्वयमन्त्रार्थः

"श्रीमन्नारायणचरणौ शरणं प्रपद्ये। श्रीमते नारायणाय नमः "॥
या श्रीयते वा श्रयते विशेषे व्युत्पत्तिसिद्धिः प्रभवेच् श्रि(ञ्) धातोः ॥

सेव्याऽथवा सेवकभावरूपा सा श्रीर्भवेत् पौरुषकारभावा ॥७॥
श्रिञ् धातुवाट सेवागरिइन्छ अथवा सेवागर्दछिन् यस्तो अर्थमा व्युत्पत्ति सिद्धि हुँदा सेवा गर्न योग्या अथवा सेवकभावरूप भएकी पौरुषकारभावरूपा श्री (लक्ष्मी) शब्द सिद्धहुन्छ ॥७॥
श्रृणोति वा श्रावयतीति सैव सर्वास्ववस्थास्वनपायिनी श्रीः ॥
सा सन्ततेरुद्धरणाय नित्यमुद्वोधयन्ती परमेश्वरं तम् ॥८॥
श्रु धातुवाट पनि श्री लक्ष्मी सुन्नुहुन्छ ,सुनाउनुहुन्छ ,सवै अवस्थामा भगवान्वाट अलग्ग भएर न रहने मिलेर मात्र रहने ,शोभा वढाउने हुनुहुन्छ। ती लक्ष्मी सन्तानको उद्धारका लागि परमेश्वरलाई संभ्फाइरहनुहुन्छ ॥८॥हिंसा,प्रीणने अर्थमाछछछछछछ
ये देहवन्तो भुवि सन्ति जीवाःश्रियाः समांस्तांस्तनयान् विचार्य ॥
सर्वापराधाननपेक्ष्य तेभ्यः शान्तिं क्षमां शं च हरिर्ददाति ॥९॥
संसारमा देहधारी जति जीवहरू छन् , ती सवै लक्ष्मीका सन्तान् हुन् भन्ने विचार गरेर सवै अपराध वास्तै न गरिकन तिनीहरूलाई शान्ति क्षमा र सुख हरिभगवान् दिनुहुन्छ ॥९॥
देहापचारादघदोषपूर्णो जीवो भवेत् भावविकारयुक्तः ॥
कार्यं विनाश्य स्वगुरोः सकाशात् दूरं भवेत् शिष्यसमो विरोधी ॥१०॥
भाव विकार युक्त जीव देहापचारका कारणले पापले पूर्ण दोषी हुछ। काम विगारेर गुरुका नजिकवाट टाढा भएको शिष्य विरोधी भए जस्तै जीव पनि भगवान्को विरोधी हुन्छ ॥१०॥
मातेव पुत्रं सुखशान्तियुक्तं सौभाग्यवन्तं ननु चिन्तयन्ती ।
श्रीरेव रोषं विनिहन्ति विष्णोः तस्माद् हरिं श्रीसहितं भजेत ॥११॥
माताले भैँ पुत्रलाई सुखशान्तियुक्त सौभाग्यवान् निश्चय चिन्तना गर्ने श्री (लक्ष्मी) नै विष्णुको रीषलाई नाश गर्नुहुन्छ। त्यसकारण श्रीसहित हरि भगवान्लाईृ भजन गर्नुहोस् ॥११॥

अस्यास्ति सा श्रीः पुरुषोत्तमस्य श्रीमान् सदैव शुभशब्दसिद्धः ॥
श्रिया स नारायण एव शश्वत् भवेत्समर्थो भवतारणाय ॥१२॥

श्री लक्ष्मी ई पुरुषोत्तमकी छन् भन्ने अर्थमा श्रीमान् शुभशब्द सदैव सिद्धहुन्छ। लक्ष्मीका साथ भएर नै नारायण निरन्तर संसार तार्न समर्थ हुनुहुन्छ ॥१२॥

रमाभिलाषां मननं विधाय नारायणस्तां कमलामुवाच ।
रमे ! तवेच्छापरिपूरणाय कर्तव्यमेकं किमहं न जाने ॥१३॥

रमाका अभिलाषालाई मनन गरेर नारायण भगवान्ले ती लक्ष्मीलाई भन्नुभयो। हे रमे ! तिम्रो इच्छा परिपूर्ण गर्न एउटा कर्तव्य के हो। जो म जान्दिन ॥१३॥

शास्त्रक्षमे द्वे ननु रक्षणीये नैकं च शक्नोमि तयोर्विहन्तुम् ॥
क्षमाविनाशो मम शक्तिनाशः शास्त्रस्य नाशोऽपि वपुर्विनाशः ॥१४॥

शास्त्र क्षमा दुई निश्चित् रूपले रक्षागर्न योग्य छन्। ती दुई मध्ये एक पनि म नाशगर्न शक्तिन। क्षमाको नाश गरे मेरो शक्ति नाश हुन्छ,शास्त्रको नाश गरे मेरा शरीरको नाश हुन्छ ॥१४॥

रमाऽवदत् त्वच्छरणे प्रपन्ना गृहीतदीक्षा भगवन् ! रमन्ते ॥
कृताऽपराधानपि पालयैताञ्चान्यान् तवेच्छां कुरु भक्तिहीनान् ॥१५॥

रमाले भन्नुभयो 'हे भगवान् ! तपाइँका शरणमा दीक्षा लिएर प्रपन्न वनी जो रमाउँछन्, यिनीहरूले अपराध गरेका भए पनि यिनीहरूलाई पालन गर्नुहोस। अरु भक्तिले हीन व्यक्तिहरूलाई इच्छा अनुसार जे गर्न मन लाग्छ गर्नुहोस् ॥१५॥

नारायणोऽनन्तगुणैकधामः श्रिया विशिष्टः स उपाय एकः ॥
स्वामित्व-वात्सल्य-बला-नुकम्पा सौशील्य-सौलभ्यगुणैः प्रपूर्णः ॥१६॥

नारायण अनन्त गुणका धाम, लक्ष्मीले विशिष्ट एकमात्र उपाय हुनुहुन्छ। स्वामित्व,वात्सल्य,बल, दया, सौशील्य,सौलभ्य

यी गुणहरूले परिपूर्ण हुनुहुन्छ ॥१६॥

स्वामी हरिः सेवक एव जीवः स्वस्वामिभावात्मकयोग एषः॥
स्वामिप्रभावात् भवति प्रकर्षः सम्मानमाप्नोति स सेवकोऽपि ॥१७॥

स्वामी हरि, सेवक नै जीव, स्वस्वामिभाव सम्बन्ध आत्मा भएको यो एक योग हो। स्वामीको प्रभाववाट यस्तो विशेषता हुन्छ। त्यो सेवकले पनि सम्मान पाउँदछ ॥१७॥

प्रह्लाददोषान् सकलान् नृसिंहो वत्से प्रलीनान् सुरभिः प्रसूता ॥
तान् प्राक्तनान् जीवकृतान् शरण्यः सर्वान् विनष्टान् भगवान् करोति ॥१८॥

प्रह्लादमा भएका सम्पूर्ण दोषहरूलाई नृसिंह भगवान्ले, वाच्छामा लीन भएका मैलालाई सुत्केरी गाईले नाश गरे झैँ पूर्वजन्ममा जीवले गरेका सम्पूर्ण दोषलाई नाशगर्ने 'शरणमा परेकालाई रक्षागर्ने (शरणे साधुः शरण्यः) भन्ने यस अर्थमा शरण्य शब्दको अर्थ सिद्ध गर्ने भगवान् उक्त सवै दोष नाश गर्नुहुन्छ ॥१८॥

शक्तिप्रयोगात् परिपन्थिनोऽपि मित्राणिवत् स्वाश्रयमालभन्ते ॥
हरेर्विचित्रा घटनापटीयसी सा शक्तिरेवात्र समं करोति ॥१९॥

शक्तिको प्रयोगद्वारा शत्रुहरू पनि मित्रहरू झैँ आश्रय पाउँदछन्। हरिका विचित्र किसिमका घटना घटाउन सीपालु त्यो शक्तिले नै यहाँ सवै काम गर्दछ ॥१९॥

आर्तान् विषण्णान् स्वजनान् समीक्ष्य सर्वात्मनादभ्रदयां करोति ॥
पत्न्यास्तनुं भेदकरं जयन्तं तत्याज जीवन्तमिमं प्रपन्नम् ॥२०॥

अत्यन्त खिन्न आफ्ना भक्तजनहरूलाई राम्ररी विचार गरेर सम्पूर्ण आत्मशक्तिद्वारा कहिल्यै नाश न हुने दया गर्नुहुन्छ। पत्नीको शरीर ठुङ्ने जयन्त कागलाई शरण परेको हुँदा जिउँदै

छोडिदिनुभयो ॥२०॥

ऐश्वर्यशाली भगवान् शरण्य ऐश्वर्यहीनो ह्यति नीचजीवः ॥
भयेन जीवं विमुखं रमेशात् गृह्णाति सौशील्यगुणैः सुशीलम् ॥२१॥

ऐश्वर्यशाली भगवान् शरण पर्नेलाई रक्षागर्ने हुनुहुन्छ। ऐश्वर्यहीन अति नीच जीव हो। डरले रमेशवाट विमुख भएको जीव यदि सुशील छ भने त्यसलाई सौशील्य गुणद्वारा भगवान् स्वीकार गर्नुहुन्छ ॥२१॥

अतीन्द्रियो ज्ञाननेत्रेण दृश्यः योगेन भक्त्या सह लभ्यतेऽसौ ॥
प्रपन्नभक्ता हरिणा सहैव क्रीडन्ति गायन्ति वदन्ति नित्यम् ॥२२॥

इन्द्रियदेखि बाहिरका,ज्ञाननेत्रले देखिने योग र भक्तिका साधनले भगवान्लाई पाउन सकिन्छ। प्रपन्नभक्तहरू हरिका सँगै खेल्छन्,सँगै गाउँछन् ,सधैं सँगै वोल्छन् ॥२२॥

लोकैः कृतं कर्म शुभाशुभं स जानाति सर्वं मनसि प्रविष्टः ॥
क्षमां विधास्यन् शरणागतान् यान् दण्डेन चान्यानपि शं करोति ॥२३॥

जनताले गरेका शुभ र अशुभ सवै कर्म मनमा प्रवेश गरेर वस्नुभएको छ जान्नुहुन्छ। शरणमा परेकालाई क्षमा गर्दै सुख शान्ति गर्नुहुन्छ , अरुलाई पनि दण्ड दिएर सुख गर्नुहुन्छ ॥२३॥

दृष्ट्वाऽपराधं न विभेत् स जीवो वात्सल्यतां साधयतीन्दिरेशः ॥
कार्यस्य दार्ढ्याय स एव शेषी स्वामित्वभावं प्रकटीकरोति ॥२४॥

अपराध देखेर त्यो जीव न डराओस भनेर लक्ष्मीपति वात्सल्यता गुणलाई साधना गर्नुहुन्छ। गरेको काम दृढता पूर्वक सम्पन्न गर्न ती हरि शेषी वनेर स्वामित्वभाव प्रकट गर्नुहुन्छ ॥२४॥

प्रभोः समीपे न वसेत् स जीवः सौशील्यमेवाश्रितवान् परेशः ॥
सान्निध्यतामाश्रयणाय नित्यं सौलभ्यतां श्रीहरिरातनोति ॥२५॥

प्रभुका समीपमा जीव न वस्ला भनेर परमेश्वर हरिले सौशील्य गुणलाई आश्रय गर्नुभएको छ। समीपमा वस्ने आश्रय पाउन् भनेर श्रीहरि सौलभ्यता गुणलाई विस्तार गर्नुहुन्छ ॥२५॥

शिलासुवर्णादिषु तन्निवासादर्चावतारो भगवतत्स्वरूपः ॥
सौलभ्यवैशिष्ठ्यगुणेन युक्तो नारायणः स्वाश्रितमुक्तिहेतुः ॥२६॥

शिला सुवर्ण आदिमा ती भगवान्को निवास हुनाले शिला मूर्ति शालिग्राम र सुवर्ण आदि धातुका प्राण प्रतिष्ठित मूर्ति अर्चावतार भगवान्कै स्वरूप हो। सौलभ्य-सजिलै प्राप्त गर्न सकिने विशष गुणले युक्त नारायण आफुमा आश्रित जनका मुक्तिको कारण हुनुहुन्छ ॥२६॥

पलायते यो भगवत्प्रपन्नात् हरेः कृपालब्धगुणप्रभावात् ॥
पुनः परावर्त्य स एव जीवः सुखेन धामाश्रयणं लभेत ॥२७॥

जव सम्म भगवान.को कृपा हुँदैन तव सम्म भगवत्प्रपन्न (शरणागति) हुन वाट मनुष्य भाग्दछ। कृपा पाए पछि गुणका प्रभावद्वारा फेरि फर्केर आएर शरणागति वन्छ, भगवद्धामको आश्रय पनि पाउँछ ॥२७॥

नारायस्यैव रमायुतस्य श्रीपादरूपौ चरणावुभौ द्वौ।
साहित्यसौन्दर्यमयावुपाय- पूर्तिप्रकर्षौ त्यजतां न जीवम् ॥२८॥

रमाले युक्त नारायणका श्रीपादरूप दुई चरण साहित्यको सौन्दर्यले पूर्ण उपाय हुन्। व्रत पूरा गर्न समर्थ छन् उपासना द्वारा यी दुई चरणले जीवलाई त्याग्दैनन् ॥२८॥

रमापतेर्द्वौ चरणौ पवित्रौ रमापतिभ्यां ननु शक्तिवन्तौ ॥
ताभ्यां सुदूरश्चरणाश्रितश्चेत् लभेत सिद्धिं चरणप्रतापात् ॥२९॥

रमापतिका दुई चरण पवित्र छन् ,ती रमापति भन्दा पनि शक्तिले युक्त छन्। रमापति भन्दा टाढा भए पनि भगवान्का

चरणमा आश्रित छ भने चरणका प्रतापले सिद्धि पाउनेछ ॥२९॥

श्रीरामकृष्णौ विभवावतारा- वर्चावतारस्तु शिलाविशेषः ॥
दृष्ट्वाऽपि दिव्यं भगवत्स्वरूपं श्रद्धा न जायेत कुबोधदृष्ट्या ॥३०॥

श्रीराम र कृष्ण विभव अवतार हुन्, अर्चावतार शिलाविशेष शालिग्राम प्राणप्रतिष्ठितहरू हुन् । यी दिव्य भगवत्स्वरूप देखेर पनि श्रद्धा नहुनु निन्दनीय भगवद् विपरीत ज्ञान (कुवोध)ले ढाकिएको दृष्टिले हो ॥३०॥

मनुष्यमात्रं यदि ये स्मरन्ति पश्यन्ति ते प्राकृतरूपमेव ॥
प्राक्जन्मदोषाद् भववद्‌विरोधात् पुन पुनस्ते नरके पतन्ति ॥३१॥

जो यदि भगवान्‌लाई मनुष्य मात्र संझन्छन् ती प्रकृतिको रूपलाई मात्र हेर्दछन् । पूर्वजन्ममा गरेका दोषका कारणले भएको भगवद्विरोधद्वारा तिनीहरू वार वार नरकमा पर्दछन् ॥३१॥

शेषो भवेत् सेवक एव जीवः स्वामी स शेषी पुरुषोत्तमश्च ।
पादौ सदा स्वामिनः साररूपौ स्वामी प्रसन्नः शरणं प्रपन्ने ॥३२॥

शेष सेवक जीव नै हो, स्वामी शेषी पुरुषोत्तम हुनुहुन्छ । पाऊ सधैं स्वामीका साररूप हुन् । प्रपन्न वनी शरण परेमा स्वामी प्रसन्न भैहाल्नुहुन्छ ॥३२॥

गत्यर्थवोधाच्चरशब्दमूलात् ल्युट् प्रत्यये यौ चरणौ भवेताम् ॥
तावेव सान्निध्यगतिं प्रदत्तो मोक्षेच्छवो तौ शरणं प्रयान्तु ॥३३॥

गति अर्थ वोध गराउने चर धातुवाट ल्युट् प्रत्यय भएर दई वचनमा चरणौ शव्द सिद्ध हुन्छ । ती दुई चरणले नै भगवान्‌को नजिकमा जाने गति दिन्छन् । मोक्षको इच्छा गर्ने जनहरूती चरणको शरणमा दीक्षालिई प्रपन्नवन्न जाउन् ॥३३॥

शीर्येत यस्मिँल्ल्युटि शब्दशिद्धौ भावे प्रसिद्धं शरणं निनादम् ॥
समर्पितं जीवनमाश्रयाय हरौ प्रकुर्वन् सफलो मनुष्यः ॥३४॥

शीर्येत-सम्पूर्ण जीवन जसमा न्यौछावर(होम) गरिन्छ, यस अर्थमा शृ (हिंसायाम्) धातुवाट ल्युट् प्रत्यय गरेर भावमा शब्द सिद्ध हुँदा 'शरणम्'शब्द प्रशिद्ध भएको छ। यो अर्थ मनमा लिएर परमानन्द प्राप्त हुने आश्रय (मोक्ष)का लागि हरिमा जीवन समर्पण गर्दै रहने मनुष्य सफल हो ॥३४॥

अनिष्टनाशाय शुभेष्टसिद्ध्यै शरण्यदेवोऽव्यभिचार्य्युपायः ॥
प्राप्योऽस्ति वा प्रापक एक एव नारायणः सर्वगुणैकधामः ॥३५॥

अनिष्टनाश र शुभ इष्टसिद्धिको लागि शरणमा लिन स्वीकार गर्ने भगवान् छल कपट रहित उपायस्वरूप हुनुहुन्छ। प्राप्य र प्रापक सम्पूर्ण गुणको आश्रय धाम एकमात्र नारायण हुनुहुन्छ ॥३५॥

यं सच्चिदानन्दमकुण्ठशक्तिमध्यात्मविज्ञानमयस्वरूपम् ॥
नारायणं स्वाश्रयसिद्धिकामः तमाश्रयामीति गृहाण राजन् ॥३६॥

जुन् सच्चित् आनन्दस्वरूप हुने, कहिल्यै कही कसैवाट नरोकिने(अकुण्ठ)शक्ति हुने, आत्मामा ईश्वर सत्ता बोध गराउने विशिष्ट ज्ञानले पूर्ण स्वरूप नारायण हुनुहुन्छ। हे राजन् ! उहाँलाई आफ्नो अन्तिम परमानन्दाश्रय सिद्धिको कामना हृदयमा लिएर 'आश्रय लिन्छु' भन्दै ग्रहण गर्नुहोस् ॥३६॥

गत्यर्थकात् प्रात् पदशब्दमूलात् लटीट्कृते सिद्धपदं प्रपद्ये ॥
विश्वासपूर्णं हृदयादुपाये दार्ढ्यं सदा कारयति प्रशस्तम् ॥३७॥

गति अर्थ लाग्ने प्रपूर्वमा हुने पद धातुवाट लट् लकार इट् प्रत्यय गरेमा दिवादिमा 'प्रपद्ये'शब्द सिद्ध हुन्छ। यसशब्दले उपायका विषयमा हृदयदेखि विश्वासपूर्ण दृढता प्रशस्त गराउँदछ ॥३७॥

स्मरन्ति वा नेत्यविचार्य जीवान् दाशो नदीं नॄनिव नौसहायः।
रमाश्रितस्तारयतीति सिन्धुं जीवाः प्रपन्ना हरिमाश्रयन्ते ॥३८॥

संभन्छन् वा संभदैनन् विचारै नगरिकन जीवहरूलाई माभीले मानिषलाई नाउको सहयोगले नदी तारे भैँ रमापति भगवान्ले संसार समुद्र तार्नुहुन्छ। त्यसकारण मोक्षेच्छु जीवहरू प्रपन्न वन्दै हरिमा आश्रित हुन्छन् ॥३८॥

भवेच्चतुर्थ्यायपदेन नित्यं रमेशयोः किंकरकार्यसिद्धिः ॥
नारायणः श्रीरनपायिनी द्वौ प्राप्यावुपायौ स्वयमेव सिद्धौ ॥३९॥

'श्री' र 'नारायण' शब्दमा चतुर्थी विभक्तिको 'ङे-आय' जोड्नाले लक्ष्मीनारायणको सेवा कार्यसिद्धि हुन्छ। नारायण र अनपायिनी श्री दुवै प्राप्य उपाय हुन्। यो अर्थ आफैँ सिद्धछ ॥३९॥

कैङ्कर्यकार्यस्य विरोधबोधाः पूर्वार्जिताः कल्मषपुण्यरूपाः ॥
"नमः" पदार्थस्य ननु प्रभावात् नश्यन्ति सर्वाः प्रचुरा अविद्याः ॥४०॥

कैङ्कर्य कार्यको विरोध बुझाउने पूर्वजन्ममा कमाएका पाप र पुण्यको रूप भएका अविद्या हुन्। "नमः" पदार्थको प्रभावले सवै नाश हुन्छन् ॥४०॥

ऐश्वर्य-सौन्दर्य-सुखानि यानि स्वार्थे विरोधीनि भवन्ति तानि ॥
मन्त्रान्तयोगे "नम" इत्यनेन नश्यन्ति विध्नानि समागतानि ॥४१॥

ऐश्वर्य, सौन्दर्य, सुख यी जति छन् स्वार्थमा सवै विरोधी मानिन्छन्। मन्त्रको अन्त्यमा "नमः" यो जोडिनाले आइपर्ने सवै विरोधी विघ्नहरू नाश हुन्छन् ॥४१॥

चरममन्त्रः

सर्वधर्मान्परित्यज्य मामेकं शरणं व्रज।
अहं त्वा सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुचः ॥गीता अ १८।६६

अन्यायमार्गानुसरद्भिरेवं सम्पादितं युद्धमिदं नरेन्द्र ! ॥
धर्मेऽपि सम्भ्रान्तमतिं स्वभक्तं जगाद कृष्णो वचनामृतानि ॥४२॥

मन्त्रार्थ "हे राजन्! अन्याय मार्गमा अनुसरण गर्नेहरूले यो

युद्ध तयार गरेको हो"। धर्ममा भ्रम भएका आफ्ना भक्तलाई कृष्णले वचनरूपी अमृत भन्नुभयो ॥४२॥

द्विधा फलं कर्मकृतेन लभ्यम् त्याज्यं हि तत्स्वर्गसुखादियुक्तम् ॥
सेव्यं सदा श्रीहरिनिष्ठधर्मं मोक्षप्रदातारमुपायमूलम् ॥४३॥

कर्म गर्नाले दुई प्रकारको फल पाइन्छ। १ स्वर्ग र अन्य सुख आदिले युक्त फल हुन्छ, आदि भन्नाले कष्ट दिने पनि हुन्छ। २ अर्को हरिमा निष्ठावढ्ने धर्म मोक्षफल दिने उपायमूलक हुन्छ, । स्वर्ग र कष्ट फल पाइने सबै धर्म कर्ममा आशक्ति हुनु हुदैन त्याग्नु पर्छ। अर्को हरिरूप मनन धर्म मोक्षको लागी मुख्य उपाय हुनाले त्याग्नु हुँदैन ॥४३॥

हरेरहं, मे भगवान् हरिः स्यात् अस्यैव मे देह-कलत्र-गेहाः ॥
न मेऽस्ति किञ्चिद् , हरिरेक एव, हरौ प्रपन्ने भगवानिवाऽस्मि

म हरिको हुँ ,मेरा भगवान् हरि हुनुहुछ। मेरो शरीर पत्नी पुत्र घर सबै हरिकै हुन्। मेरो भन्ने केही छैन,छ भने एक हरि मात्र हुनुहुन्छ। हरिको सविधि शरण परेमा प्रपन्न वनेमा म भगवान् जस्तै मानौ भगवान् नै हुन सक्छु, भन्ने भाव राख्नुपर्दछ ॥४४॥

कर्मादियोगान् क्रमशो विकुर्वन् त्यक्त्वा फलंकर्म, कृताभिमानम् ॥
आराध्यमेकं समुपायरूपं प्राप्यं सदा त्वं स्पृहया विधत्स्व ॥४५॥

कर्मादियोगहरू क्रमैसँग गर्दै फल, कर्म, र गरिएको अभिमान त्यागेर आराधना गर्न योग्य उपायस्वरूप प्राप्तगर्न योग्य भगवान्लाई सधैं तिमी भित्री मनले धारण गर ॥४५॥

कर्मादियोगान् हरिलब्ध्युपायानेतान् सदाचारविधीन् विधाय ॥
"स्नात्वैव भुञ्जीत" यथा पवित्रो नारायणं मामनुसंभजस्व ॥४६॥

हरिलाई प्राप्तगर्ने यी उपाय स्वरूप कर्मादियोग,सदाचार विधिलाई पालन गरेर "कमसे कम स्नान गरेर खाउ" भने झैं

पवित्र वनेर 'नारायण मै हुँ ' मलाई भजनगर ॥४६॥

राजन्यधर्माः परिवर्जनीया भवन्ति दोषा इति चिन्तयित्वा ॥
गीतारहस्यं हरिणा प्रदत्तं वात्सल्यतास्पष्टगुणं प्रदृष्टम् ॥४७॥

राजाका धर्महरू दोषी हुन्छन् त्याग्नुपर्छ , यस्तो विचार गरेर गीतारहस्य हरिले दिनुभयो । यसवाट वात्सल्यता गुण स्पष्ट देखियो ॥४७॥

स्वां बोधयन्नात्मतत्त्वं परत्वं प्रदर्शयामास विराटरूपम् ॥
निर्विघ्न-विश्वासविवर्धनाय स्वामित्ववैशिष्ट्यगुणं प्रदिष्टम् ॥४८॥

आफुलाई बुझाउँदै आत्मतत्त्व र परतत्त्व बोध हुने विराटरूप देखाइदिनुभयो । यसरी निर्विघ्न भएर विश्वास लागि स्वामीमा हुने विशिष्ट गुण देखाउनुभयो ॥४८॥

सामान्यरूपं सरलं सखायं हे कृष्ण ! हे यादव ! हे सखेति ॥
स्नेहेन पार्थो वदति स्म वाक्यमनेन सौशील्यगुणं व्यनक्ति ॥४९॥

सामान्यरूप,सरल, साथी संझेर 'हे कृष्ण ! हे यादव ! हे सखा ! अर्जुनले यी शव्द प्रेमले भने। यसले भगवान्मा भएको सौशील्यगुण प्रकट गर्दछ ॥४९॥

अप्राकृतं दिव्यविराट्स्वरूपं नेत्रेण दृष्ट्वा ननु कृष्णरूपम् ॥
नृत्यन्ति सौलभ्यगुणेन मुग्धा मां शब्द एतत् प्रकटीकरोति ॥५०॥

प्रकृति या मायादेखि भिन्न(अप्राकृत) दिव्य विराट स्वरूपलाई आँखाले देखेर कृष्णरूप प्रति सौलभ्य गुणका कारणले मुग्ध भएर भक्तजनहरू नाच्तछन् । यो रहस्य मां शब्दले प्रकट गर्दछ ॥५०॥

ब्रह्मादिदेवाङ्गमयं परेशं सर्वज्ञमीशं पुरुषोत्तमाख्यम् ॥
जीवाश्रयं सत्त्वतनुं रमेशमेकं शरण्यं सततं भजस्व ॥५१॥

ब्रह्मादि सवै देवता अङ्ग भएका पर भन्दा पनि पररहने

सर्वज्ञ ईश्वर पुरुषोत्तमले पुकारिने जीवलाई आश्रय लिने सत्त्वगुणले युक्त शरीर भएका शरण पर्नेलाई रक्षागर्ने एकमात्र रमापति कृष्णलाई सधैँ भजन गर। यो अर्थ एकं शव्दले वुझाउँछ ॥५१॥

सारथ्यवेषं धृतदण्डरज्जुं धुल्यादिना धूसरिताङ्गकेशम् ॥
रथे स्थितं ते रणसिन्धुमध्यात् जानीहि मामुद्धरणाय हेतुम् ॥५२॥

सारथीको भेष भएको, दण्ड डोरी हातमा लिएको, धुलोहरूले अङ्ग केश धुसरित भएको, रथमा वसेको रणसिधुको माझवाट तिमी(अर्जुन)लाई निश्चित उद्धार गर्ने मुख्य कारण म हुनेछु, यो रहस्य मेरा वचनद्वारा जान मलाई चिन ॥५२॥

एकं पदात् केवलं कृष्णमात्रं जीवस्य कल्याणतमं शरण्यम् ॥
प्राप्यं सुसेव्यं समुपायमेकं ब्रजेति बुध्या ननु मां गृहाण ॥५३॥

"एकम्" यस पदवाट केवल कृष्णमात्र जीवको कल्याणतम शरण्य=शरणपर्नेलाई रक्षागर्ने , परमानन्द प्राप्तगर्नको लागि सेवागर्न लायक, असल उपाय हुनुहुन्छ। उनै एकमात्र कृष्णका शरणमा जाउ, यो ज्ञानले मलाई स्वीकार गर ॥५३॥

सारथ्यवेषं कृतवानिदानीं नीचत्ववृत्तं ननु पाण्डवेभ्यः ॥
कथं किमेतद्भयमन्यमानं सर्वज्ञ ईशोऽस्म्यहमित्युवाच ॥५४॥

सारथीको भेष अहिले गरेकोछु। पाण्डवहरू भन्दा नीचत्व वृत्ति पनि स्वीकार गरेको छु । 'कसरी य़स्तो किन' भनी डराउँने अर्जुनलाई 'सर्वज्ञ ईश्वर म हुँ ' जसरी भए पनि भक्तको उद्धार गर्न म समर्थ छु ,यो भाव 'अहम्' पदले वुझाउनुभयो॥५४॥

ज्ञानेन शक्त्या सह हीनरक्षं तमर्जुनं श्रीहरिमाश्रयन्तम् ॥
ये ये जनाः श्रीचरणौ प्रपन्नाः तांश्चार्थबोधं कुरुते पदं त्वाम् ॥५५॥

ज्ञान शक्तिले रक्षागर्न न शक्ने , श्रीहरिमा आश्रय लिएका ती

अर्जुनलाई र जो जो जन श्रीचरणमा प्रपन्न छन् तिनीहरूलाई पनि "म उद्धार गर्दछु" यो अर्थबोध'त्वाम्'पदले गर्दछ ॥५५॥

इष्टाप्तिरोधि ह्यनिष्टाप्तिहेतुं सर्वं च तत् पापमिदं वदन्ति ॥
इष्टाप्तिसिध्यै लभसे भयं त्वं तेभ्यः समस्तेभ्य इतो विभर्मि ॥५६॥

इष्ट भनेको सुख शान्ति आनन्द हो, अनिष्ट भनेको दीर्घ कालीन सुख शान्ति आनन्द नहुने दुःख दिने पापकर्म हो। 'इष्टलाई प्राप्तगर्न रोक्ने,अनिष्ट प्राप्तगराउने कारण सबै पापहुन्' भनेर विद्वानहरू भन्दछन्। इष्टलाई प्राप्त गर्ने सिद्धिका लागि तिमी डराउँछौ। ती इष्ट विरोधी सम्पूर्ण पापवाट यस अगाडि म रक्षा गर्दछु ॥५६॥

दीक्षादिसंस्कारविधिः प्रपन्नः स्वजीवने गृह्यत एकवारम् ॥
लोकापवादाय, भयेन वाऽवृतौ भवेदुपायान्तरदोष एव ॥५७॥

दीक्षादि संस्कार विधि प्रपन्न(आजीवन व्रत लिने काम) यस जीवनमा एकपटक ग्रहण गरिन्छ । लोकापवाद र डरले इष्टदेता र विधि फरक गरी दोहोऱ्याएमा उपायान्तर नामको दोष नै हुन्छ , व्रतवाट चुकेको विचलित भएको संझनुपर्दछ, यस्तो गर्नु हुँदैन ॥५७॥

"मुक्तो यथा स्यास्त्व"महं करिष्ये सर्वं तथा यं सुविधिं विधाय ॥
स्वयं हि पापानि समानि यानि त्वक्त्वा गमिष्यन्ति पुनःसदात्वाम् ॥५८॥

"जसरी तिमीमुक्त हुन्छौ" त्यस्तै प्रकारको सवै असल विधि गरेर म तिमीलाई सवै पापवाट मुक्त गराउनेछु। सम्पूर्ण जति पापहरू छन् निश्चय तिमीलाई छाडेर सधैँ हट्नेछन् ॥५८॥

व्याघ्रो मृगं भक्षितुमाक्रमन् सन् पलयाते सुप्तहरेः प्रभावात् ॥
समागते मे निकटे समग्रं पूर्वार्जितं किल्विषमेति दूरम् ॥५९॥

वाघ मृगलाई खान आक्रमण गर्न लाग्दा सुतेका हरि= सिंहको

प्रभाववाट भाग्दछ। यो दृष्टान्त अनुसार म हरिका नजिकमा शरण परी जीव आएमा पहिले अर्जिएका जीवका सम्पूर्ण पापहरू दूर हुन्छन् ॥५९॥

प्राग्जन्मकर्मोत्सृजितानि यानि फलानि सर्वाणि शुभाशुभानि ॥
अनुग्रहाद् निग्रहाद् मत्त एव नश्यन्ति भुञ्जन्ति च तानि जीवाः ॥६०॥

पूर्वजन्ममा गरेका शुभ र अशुभ कर्मका सवै फलहरू मवाट कृपाहुँदा नाश हुन्छन् ,मवाट कृपा न हुँदा ती सवै जीवहरूले भोग्दछन् ॥६०॥

इयं प्रतिज्ञा महती ममाऽस्ति प्रपन्नजीवोद्धरणाय पार्थ ! ॥
व्यर्थं हि शोकं कुरुसे त्वमत्र धैर्यं समालम्ब्य भव प्रसन्नः ॥६१॥

हे अर्जुन ! प्रपन्न जीवहरूको उद्धारका लागि यो मेरो ठूलो प्रतिज्ञा छ। यस विषयमा तिमी व्यर्थै शोक गर्छौ। धैर्यलाई अवलम्वन गरेर प्रसन्न होउ ,शोक नगर ॥६१॥

गृह्णाति यो वेदवेदाङ्गसारं गोतार्थतत्वं ग्रहणाय योग्यम् ॥
विश्वासवान् श्रीभगवत्सहायः स पापसिन्धोर्ननु पारमेति ॥६२॥

जो वेद र वेदान्तको सार गीताको अर्थरहस्य ग्रहणगर्न योग्य ज्ञान ग्रहण गर्दछ। विश्वासका साथ ग्रहण गर्ने त्यो व्यक्ति श्रीभगवान्को सहयोगले पापरूपी समुद्रवाट निश्चय पार हुन्छ ॥६२॥

परित्यज्ज्योपायान् हरिरतिविहीनान् दृढमतिः
गुरुं मां श्रीकृष्णं निरवधिकमात्मन्यनुभवम् ॥
प्रकुर्वन् यो नित्यं स्वजनपरिवारेऽपि रमते
स मामेष्यत्येवं मम निकटवासी च भवति ॥६३॥

हरिमा प्रेम गर्न बाधा गर्ने उपायहरूलाई त्यागेर मनलाई वलियो वनाउन चाहना गर्ने व्यक्तिले म गुरु श्रीकृष्ण भगवान् लाई आत्मामा अवधि रहित जतिखेर पनि अनुभव

गर्दै जो व्यक्ति नित्य स्वजन परिवारमा रहेर पनि रमाउँछ। त्यो व्यक्तिले मलाई पाउँनेछ। मेरो निकटवासी पनि हुनेछ ॥६३॥

इति श्रीविष्णुव्रतामृतसदाचारभक्तिकाव्ये
द्वयचरममन्त्रार्थमननानन्दयोगो नाम षष्ठसर्गः ॥६॥

३०३+६३=३६६

अथ सप्तमसर्गः

इदं मन्त्ररत्नार्थतत्वं प्रसिद्धं
गुरोर्दिव्यवाक्यामृतं शास्त्रसारम् ॥
स पीत्वा हरेरेव सेवाभिलाषी
सदाचारवान् भक्तिनिष्ठो बभूव ॥१॥

यो मन्त्ररत्न सम्बन्धी रहस्य पूर्ण अर्थ भएर प्रसिद्ध,भएको सम्पूर्ण शास्त्रसार, गुरुको दिव्य वाक्य रूपी अमृत पान गरेर तिनी गुरुको नै सेवागर्ने इच्छा राखी सदाचारले युक्त भक्तिमा निष्ठा राख्ने भए ॥१॥

गुरोर्वन्दनादक्षिणादानधर्मान्
समग्रान् विधायैव राज्यं जगाम ॥
स्वयं पालयन् शिक्षयन् वेदशिक्षां
व्रतादीन् प्रकुर्वन् जनान् संसिषेवे ॥२॥

गुरुको वन्दना ,दक्षिणा,-दान,धर्म सवै गरेर राज्यमा आए। स्वयं पालना गर्दै वेदको शिक्षा सिकाउँदै व्रतहरू गर्दै जनताको राम्ररी सेवा गरे ॥२॥

सदा स्नानसन्ध्याःसदा देवपूजाः
सदा मन्त्रशिक्षाः सदा दानधर्माः।
सदा साधुदीनेषु सम्मानसेवाः
कृता सर्वदा तेन विष्णुप्रियेण ॥३॥

सधैँ स्नान,सन्ध्याँ, देवपूजा, सधैँ मन्त्रशिक्षा,सधैँ दानधर्म,
साधु,दीनजनहरूमा सम्मान सेवा ती विष्णुप्रियले गरे ॥३॥

अभूवन् दाचारवन्तः सुशीला जनाश्चानुरक्ता नृपस्यात्मजा नु ॥
अनेके समा मासपक्षा व्यतीयुर्विदेशे च तद्वैभवं वर्धते स्म ॥४॥

सदाचारवान् सुशील जनहरू भए । राजाका छोराहरू पनि अनुरागले युक्त भए । धेरै वर्ष, मास, पक्षहरू विते । विदेशमा पनि तिनको वैभव वढ्यो ॥४॥

पुनर्वैरिणो वैरभावं विमृश्य
समाजग्मुरेवं नरेन्द्राश्च पूर्वाः ॥
उपायं नवीनं समुत्पाद्य सर्वे
मिलन्ति स्म दुर्वाससा लक्ष्यसिध्द्यै ॥५॥

फेरि वैरीहरू वैरभावलाई सँझिएर पहिलेका राजाहरू भेलाभए । उपाय नयाँ उत्पन्न गरेर दुर्वासा सँग लक्ष्यसिद्धि गर्नका लागि सवै मिल्दा भए ॥५॥

स विष्णुप्रियो दुर्जनो जीवघाती
शिवद्रोहकर्ता,मुने ! पक्षपाती ।
अतो वै व्रतालुः सदा दानशीलो
विहीतोर्ध्वपुण्ड्रोऽभवच्छद्मवेषः ॥६॥

हे मुनि जी ! त्यो विष्णुप्रिय, दुर्जन, जीवघाती, शिवद्रोहकर्ता, पक्षपाती हो । यस कारण व्रतगर्ने सधैँ दानशील ऊर्ध्वपुण्ड्र धारण गर्ने छद्मभेष धारण गर्ने वनेको छ ॥६॥

स्मरत्येव भिन्नं वदत्येव भिन्नं
करोत्येव भिन्नं वहि श्वेतरूपम् ।
बको ध्यानकर्तेव विष्णुप्रियोऽसौ
ऋषे ! तस्य सम्यक्परीक्षां विधेहि ॥७॥

संभिन्छ वेग्लै,वोल्छ वेग्लै,गर्छ वेग्लै,वाहिर सेतोरूपछ , ध्यान गर्ने वकुल्लो जस्तो त्यो विष्णुप्रिय छ। हे ऋषि जी ! त्यसको राम्ररी परीक्षा गरेर वास्तविकता वुझिदिनुहोस् ॥७॥

मुनीन्द्रोऽवदत् हे नरेन्द्राः ! जना ये
स्वकीयान् हि दोषान् सदा संस्मरन्ति ॥
शुभान् तान् विधातुं प्रयासे रमन्ते
भवन्त्येव ते पुण्यवन्तः सुपूज्याः ॥८॥

दोषहरूलाई सम्झन्छन् र ती दोषहरूलाई असल वनाउन गरिने प्रयासमा रमाउछन्। ती पुण्यवान् जनहरू पूजनीय हुन्छन् ॥८॥

परैर्मानवैर्यान् कृतान् दुर्गुणान् यो
यदि ध्यानमात्रं नरः संकरोति ॥
भवत्येव पापी महान् बुद्धिहीनः
पतेत् रौरवे सैव वेदा ब्रुवन्ति ॥९॥

अरू मानवहरूले गरेका दुर्गुणहरूलाई यदि जो मनुष्य ध्यान विचार गरिरहन्छ। वुद्धि नभएको महापापी हुन्छ। त्यो नै रौरव नरकमा पर्छ भन्ने कुरा वेदहरू वताउँछन् ॥९॥

अतो हे नरेन्द्राः ! सदा सावधाना
भवन्तः सदाचारवन्तो व्रजेत ॥
विचार्यैव कार्यं कुरुध्वं हि यूयं
महामाननीयाः सुशीला भवेत ॥१०॥

यसकारण हे राजाहरू हो ! सधैं सावधान हुदै सदाचारी वनेर हिड्ने गर। विचार गरेर मात्र काम गर्ने गर। निश्चय सोचेर काम गर्ने मानिस ठूला मान पाउने सुशील हुन्छन् ॥१०॥

अवीच्यां पतन्तं मनुष्यं निरोद्धुं

सुधीभिः प्रयत्नो विधेयः सदैव ॥
उपायेन विष्णुप्रियं सत्यमार्गे
समावेशयाम्येव मेऽस्ति प्रतिज्ञा ॥११॥

नरकमा पर्नलागेका मनुष्यहरूलाई रोक्न विद्वान्ले सधैँ प्रयास गर्नुपर्छ। उपायले विष्णुप्रियलाई सत्यमार्गमा समावेश गराउछु। मेरो प्रतिज्ञा हो ॥११॥

स विष्णुव्रती वा शिवद्रोहकर्ता
छली वेषधारी यथार्थं प्रबोद्धुम्।
शुभं चिन्तयन् दिव्यदृष्टिं विधाय
मुनिर्योगशक्त्या विवेकं चकार ॥१२॥

त्यो विष्णुप्रिय विष्णुव्रती हो कि शिवद्रोही हो, अथवा छली भेषमात्र धारण गरेको हो, यथार्थ वुझ्न दिव्यदृष्टि वनाएर दुर्वासाले कल्याण हुने कुरालाई योगशक्ति अनुसार विचार गर्न लाग्नुभयो ॥१२॥

स नारायणस्यानुरागेण युक्तः
सदा मूलमन्त्रं जपन् ध्यानमग्नः।
हरेरेव पूजाकथादीन् विधाय
सदा योगवान् विष्णुभक्तिं करोति ॥१३॥

ती विष्णुप्रिय नारायण भगवान्को अनुरागले युक्त सधैँ मूलमन्त्र जप्तै ध्यानमा मग्न रहने हरिको मात्र पूजा,कथा कीर्तन गरेर सधैँ योग गर्दै विष्णुको भक्ति गर्दछन् ॥१३॥

चतुर्मासपर्यन्तमेकाग्रचित्तो
ब्रतं यज्ञहोमादिसर्वं विधाय ॥
ब्रतान्ते विशेषेण यज्ञं विधातुं
सदाचारिणो ब्राह्मणानाजुहाव ॥१४॥

चार महिना सम्म एकाग्र चित्त भएर व्रत, यज्ञ,होम, आदि सबै गरेर व्रतको अन्त्यमा विशेष प्रकारले यज्ञ गर्न सदाचारी व्राह्मणहरूलाई वोलाए ॥१४॥

ब्रतं पूर्णसिद्धं व्रतान्ते विशेषाद्
यथोद्यापनाच्चैव पारायणाद् वा ॥
इदं द्वादशीयुक्तघट्यां व्रतस्थै
र्विधेयं मतं सूरिभिर्बोधयिष्ये ॥१५॥

व्रतको अन्त्यमा व्रत पूर्णरूपले सिद्ध गर्न विशेष प्रकारले उद्यापन गरेर हुन्छ कि पारायण गरेर हुन्छ , यो पारायण कर्म द्वादशीको घडीमा नै गर्नुपर्छ कि पछि गर्दा हुन्छ विद्वान्‌हरूसंग वुझ्नेछु ॥१५॥

सशिष्यः स्वयं तत्र गत्वाऽहमद्य
हरौ भक्तिनिष्ठो ऽथवा कृत्रिमोऽस्ति ॥
छलैर्भक्तियुक्तं प्रमासिद्धमेनं
ससत्यां परीक्षां द्रुतं संकरामि ॥१६॥

शिष्यले सहित भएर म आफैं त्यहा गएर हरिमा भक्ति निष्ठा राख्ने हो वा कृत्रिम हो, छलले भक्तिले युक्त भएको हो भन्ने कुरा यथार्थ सिद्ध गर्न यसलाई सत्यले सहित भएको परीक्षा म तुरुन्तै गर्दछु ॥१६॥

इतीत्थं मुनिर्मानसे संनिधाय
स आमन्त्रणां स्वीकरोति स्म तस्य ॥
शुचि-स्नान-सन्ध्या-जपादीन् समाप्य
नृपाचारचित्रे विवेकं चकार ॥१७॥

यस्तो विचार मनमा राखेर ऋषिले ती राजाको आमन्त्रणलाई

स्वीकार गरे । शुचि, स्नान, सन्ध्या,जपादिलाई पूरा गरेर राजाको आचार चित्रमा विवेचना गर्नलागे ॥१७॥

कति ब्राह्मणास्तत्र संमानिताः स्युः
कति स्वादुनान्नेन तृप्ता भवेयुः ॥
इमां चिन्तयन् योगदृष्टया ददर्श
पिवन्तं जलं तं हि राजानमेव ॥१८॥

कति ब्राह्मणरू त्यहाँ संमानित भए, कति मीठो अन्नले तृप्त भए । यो चिन्तना गर्दा योगदृष्टिले राजाले नै पानी पिउँदै गरेको देखे ॥१८॥

समामन्त्रयन् वैदिकान् ब्रह्मनिष्ठान
विना भोजयित्वाऽऽगतान्तान् बुभुक्षून् ॥
कथं खादतीत्येष राजा ब्रतालुः
छलैर्युक्तमेनं भृशं दण्डयामि ॥१९॥

वैदिक ब्रह्मनिष्ठ ब्राह्मणहरूलाई वोलाएर आएका भोकाएकालाई नखुवाई ब्रतालु यो राजा कसरी खान्छ । यो छलले सहित भएको रहेछ, यसलाई दरो दण्ड दिन्छु ॥१९॥

सशिष्यः समागत्य राजानमाह,
अहो ! हा !! मया किं प्रदृष्टं न शोच्यम् ॥
त्वमग्रे महीपाल ! भुक्त्वा व्रतालुः,
तदुच्छिष्टमन्नं कथं भोजयेर्नः ॥२०॥

शिष्य सहित नजिकै आएर राजालाई भने,हाय !! मैले शोचदै न शोचेको देखें । हे राजन् ! व्रतालु तिमी आफु अगाडि खाएर वाँकी अन्न हामीलाई कसरी खुवाउँछौ ! के देख्नुपर्‍यो ! ॥२०॥

महद्दोषकर्ता सदाऽसावधानः
समाहूय विप्रान् बुभुक्षून् च दीनान् ॥

अशुद्धं च तत् यो हि भुक्त्वावशेषं
स संभोजयेच्चेत् भवेत् पापभागी ॥२१॥

भोकाएका ब्राह्मण दीन जनहरूलाई वोलाएर सधैं असावधान भएर ठूलो दोषी कर्म गर्छौं, जो खाएर वाँकी रहेको अन्न अशुद्ध हुन्छ, त्यो अन्न खुवाउछ भने त्यो व्यक्ति पापको भागी हुन्छ ॥२१॥

अभून्मे व्रतं भङ्गमाशंसमानः
सुशीलो विनम्रो भयात्कम्पमानः ॥
मुनेः सन्निधौ स्वाञ्जलिं संविधाय
सदुक्तिं शुभां वाचमेवं जगाद ॥२२॥

मेरो व्रत भङ्ग भयो भनेर शङ्का गर्दै, सुशील विनम्र वनी डरले थरथर काम्दै मुनिका अगाडि हात जोडेर सज्जनहरूले भनेको शुभ वचन निम्न प्रकारले भन्नुभयो ॥२२॥

कवीनां मतं शास्त्रसारं विलोक्य
मया केवलं विन्दुमात्रं गृहीतम् ॥
अभून्मेऽपराधो मुने ! पूज्यपाद !
क्षमस्व क्षमस्व त्वमेकः शरण्यः ॥२३॥

कविहरूको मत,शास्त्रको सार वुझेर मैले केवल विन्दुमात्र लिएकोछुँ । हे मुनि ! मेरो अपराध हुनगयो, हे पूज्यपाद ! क्षमा गर्नुहोस्, क्षमा गर्नुहोस, तपाइँ एक शरण पर्नेलाई शरण लिने हुनुहुन्छ ॥२३॥

अभिन्नः सुरेषु ध्रुवो मुक्तिदाता
स नारायणो ब्रह्मशर्वेन्द्ररूपः ॥
पुराणेषु शास्त्रेषु सर्वत्र सिद्धं

श्रुतं वाक्यमेतत् गुरुश्रीमुखेन ॥२४॥
देवताहरूमा अभिन्न,स्थिर भएर रहने,व्रह्मा,शिंव, इन्द्र रूपहुने, मुक्तिदाता नारायण हुन् भन्ने पुराण धर्मशास्त्रमा सर्वत्र सिद्ध यी कुरा गुरुका श्रीमुखारविन्दवाट मैले सवै सुनेको छु ॥२४॥

गुणानां प्रभावानुसारेण रूपं
गृहीत्वा सदा सर्वसम्पन्न ईशः ॥
जगद्रक्षणं सर्जनं नाशनं च
करोति त्रिधामूर्तिरूपः स एव ॥२५॥

गुणहरूको प्रभाव अनुसार रूप लिएर सधैं सर्वसम्पन्नवन्ने समर्थ शाली ईश्वर सत्त्वगुण प्रधान वनेर जगद् रक्षा,रजोगुण प्रधान वनेर सृष्टि,तमगुण प्रधान वनेर संहार गर्ने यी त्रिमूर्ति उनै नारायणहुन् ॥२५॥

उवाचेदमेवं मुनिः क्रोधयुक्तः
स्वयं ज्ञानिषु ज्ञानवान् हं प्रकुर्वन् ॥
अनेकानि सन्त्यन्यशास्त्राणि तानि
विना चिन्तयन् त्वं प्रलापं करोषि ॥२६॥

क्रोध युक्त वनेर मुनि यसप्रकार भन्नलाग्नुभयो-आफैं ज्ञानिहरूमा म ज्ञानी हुँ भन्ने अहंकार गर्दै अनेकौं अरू शास्त्रहरू छन्, ती शास्त्र चिन्तन नगरी तिमी व्यर्थ प्रलाप गर्दछौ ॥२६॥

अहं योगसिद्धोऽत्रिपुत्रः तपस्वी
जपध्यानकर्ता सदा वेदपाठी ॥
सदाचारशक्त्योपलब्धो मयैव
मनुष्यैरशक्योऽष्टसिद्धिप्रयोगः ॥२७॥

म योगसिद्ध अत्रिपुत्र तपस्वी जप ध्यान गर्नेवाला सधैं वेद पढ्ने वाला हुँ । सदाचार- शक्तिद्वारा मैले नै मनुष्यले प्राप्तगर्न

नशक्ने अष्टसिद्धिको प्रयोग गर्ने शक्ति प्राप्त गरेको छु ॥२७॥

सुरक्षा विधानात् प्रजानां हि राजन् !
तपोध्यानयोगाः कथं ते भवेयुः ॥
विना शास्त्रवोधं कथं तत्त्वबोधो
विना सद्गुरुं त्वं रहस्यं न वेत्सि ॥२८॥

हे राजन् ! प्रजाहरूको सुरक्षा गर्नु पर्ने कारणले तपाइँको कसरी तप, ध्यान,योग हुन शक्थ्यो । सद्गुरु विना शास्त्रवोध हुदैन, शास्त्र वोध विना तत्त्व वोध हुँदैन । तिमी शास्त्रको रहस्य जान्दैनौ ॥२८॥

सुसम्पत्तिवान् क्षत्रियो पुण्यशाली
स्वपूर्वार्जितैः कर्मभिः लब्धराज्यः ॥
अनभ्यासशास्त्रोऽसि ते दुर्गतिः स्या-
दवश्यं यथा त्वं भवन् स्वाभिमानी ॥२९॥

आफ्ना पूर्वजन्ममा अर्जित कर्मका फलले सुसम्पत्तिवान् क्षत्रीय पुण्यशाली वन्यौ र राज्य पनि पाएका हौ । शास्त्र अभ्यास न गरेको हुनाले,स्वाभिमानी भइरह्यौ भने अवश्य तिम्रो दुर्गति हुनेछ फरक पर्दैन ॥२९॥

अवोचन् मुनिः कम्पमानोऽग्नितुल्यः
त्वया मेऽपमानं कृतं यत् सहिष्ये ॥
पुनः पापशुध्यै मनुं मद्गृहाण
न गृह्णासि चेत्त्वामहं दण्डयामि ॥३०॥

कास्दै आगो वनेर मुनिले भने- तिमीले मेरो अपमान गऱ्या,जो गऱ्यौ म सहन्छु। तिम्रै उद्धारकालागि म भन्दैछु , गरेको पापशुद्धिका लागि फेरि मवाट मन्त्र ग्रहण गर, यदि ग्रहण

गर्दैनौ भने तिमीलाई म दण्ड दिन्छु ॥३०॥
मुनेस्तीक्ष्णवाक्येन राजाऽतिखिन्नो
गुरुं सुस्मितं सात्त्विकं शान्तमूर्तिम् ॥
"सदाचारनिष्ठो भव त्वं "सुवाक्यं
स्मरन् मूलमन्त्रं च तं प्रत्युवाच ॥३१॥

मुनिको तीखो वाक्यले राजा अत्यन्त खिन्न भए। मुसुक्क हाँसेका सात्त्विक शान्तमूर्ति गुरुलाई संझिए,"सदाचारनिष्ठ तिमी होउ" भन्ने सुवाक्य र मूलमन्त्र पनि संझदै ऋषिलाई जवाफ दिए ॥३१॥

पतिं या भजेच् श्रद्धया ह्येकमात्रं
सती सा भवेत् मानसंमानलब्धा ॥
अनेकान् भजेच्चेदविश्वासदोषात्
पतेदेव जीवोऽपि सत्यं ब्रवीमि ॥३२॥

जो नारी श्रद्धाले एकमात्र पुरुषलाई पतिको रूपमा भजन गर्दछिन् भने ती नारी मानसंमान पाउने सती हुनेछिन्। धेरै पति भजन गर्दछिन् भने अविश्वासरूपी दोषका कारणले मानसम्मान पाउनता परै रहोस घृणित बन्दछिन्। त्यस्तै जीव पनि नरकमा पर्दछ, म यो सत्य भन्दैछु ॥३१॥

शिवब्रह्मदेवात्मको मोक्षदाता
स नारायणो देवदेवाधिदेवः ॥
दया सागरो व्यापकः स्वां प्रतिज्ञां
सदा मां मुने ! त्वां च रक्षां करोति ॥३३॥

हे मुनिजी ! शिव,ब्रह्मा,देवताहरूको आत्मा स्वरूप मोक्षदाता

ती नारायण देवताका अधिष्ठाता देवता हुनुहुन्छ ,दयाका सागर, सर्वत्र व्यापक हुनुहुन्छ। आफ्नो प्रतिज्ञा पूरा गर्ने मात्र होइन मलाई र तपाइँलाई पनि सधैँ रक्षा गर्नुहुन्छ ॥३३॥

व्रतान्ते हरेर्दिव्यपूजाप्रसादं
त्यजेद्दोषयुक् भक्षिते पापभागी ॥
उपायेन हीनोऽभवं सङ्कटेऽस्मिन्
खलस्यैव दण्डो भवेद्धर्मरक्षा ॥३४॥

व्रतको अन्त्यमा हरिभगवान्को दिव्य प्रसाद त्यग्दा दोषी भइन्छ। खाएमा पापभागी भइन्छ। यस सङ्कटको अवस्थामा उपायले हीन भएँ। अहिले दुष्टको दण्डदिनु नै धर्मको रक्षा हुनेछ ॥३४॥

ततः क्रोधयुक्तः समुत्पाट्य केशं
महीं कम्पयन् पातयामास भूमौ ॥
समुत्पादितां राक्षसीं मन्त्रशक्त्या
"नृपं भक्ष शीघ्रं" मुनिस्तामुवाच ॥३५॥

त्यस पछि क्रोधयुक्त भएर पृथिवीलाई कम्पायमान गराउँदै केश उखेलेर भूमिमा पछारे। मन्त्रशक्तिले राक्षसी उत्पन्न गराएर "तरुन्तै राजालाई खाउ"यो वचन मुनिले राक्षसीलाई भने ॥३५॥

करालां विशालां नखास्त्रां कुरूपां
नृपो घोरवक्त्रां समीपे विलोक्य ॥
"हरे ! पाहि मां भो !" स्मरन् मन्त्ररत्नं
प्रबद्धाञ्जलिर्निम्नशीर्षो बभूव ॥३६॥

विकराल, विशाल, नङ् हतियार भएकी, कुरूप, डरलाग्दो मुख

भएकी राक्षसीलाई समीपमा देखेर "हे हरि ! मलाई रक्षा गर्नुहोस !" मूलमन्त्र संझदै हात जोडेर शिर निहुऱ्याए ॥३६॥

तमत्तुं प्रवृत्तां समुत्पत्य यावत्
नृपस्यैव दोर्मूलभागाच्च तावत् ॥
हरेश्चक्रमागत्य भस्मीचकार
मुनिं लक्षयित्वा ततोऽग्रे चचाल ॥३७॥

राजालाई खान जव उफ्रिएर तयार भई, त्यति खेरै राजाका वाहुमूल(कुम)वाट हरिभगवान्को सुदर्शन- चक्र निष्किएर त्यो राक्षसीलाई भस्म वनाइदियो । त्यसपछि मुनिलाई लक्ष्य गरेर अगाडि वड्यो ॥३७॥

मुनिश्चक्रराजस्य तापेन तप्तो
भयाद् योगमारुह्य शीघ्रं विलीनः ॥
अणोर्भावमालम्ब्य सिन्धौ प्रविष्टः
शनैरागतं तत्र चक्रं लुलोके ॥३८॥

मुनि चक्रराजका तापले पीडितभई डरले योगगरेर लुके । अणु वनेर समुद्रमा पसे । त्यहाँ पनि विस्तारै आएको चक्रलाई देखे ॥३८॥

महद्भावशक्त्याः प्रभावेण तस्य
निरोद्धुं गतिं यत्नमन्यं चकार ॥
गुरुत्वं समालम्ब्य मह्या गुहायां
प्रविष्टः शिलाभिश्च मार्गं रुरोध ॥३९॥

ठूलो भावना शक्तिको प्रभावले त्यसको गति रोक्न अर्को प्रयास गरे । गुरुत्व शक्ति अवलम्बन गरेर पृथिवीको गुफामा पसे अनि ढुङ्गाले वाटो रोके ॥३९॥

लघोर्भावमासाद्य शीघ्रातिशीघ्रं
मरुद्भिः सहैवान्तरिक्षे विलीनः ॥

स तत्रागतं दृष्टवान् चक्रराजं
ततो विह्वलश्चानुतापान्वितोऽभूत् ॥४०॥
लघु भावलाईृ स्वीकार गरी अतिछिटो हावाका साथ अन्तरिक्षमा विलाए। त्यहाँ पनि चक्रराज आएको देखेर विह्वल र चिन्ता तापले पीडित भए ॥४०॥
वलं मेऽस्ति यावत् यतिष्ये नु तावत्
मुनिः खिन्नचित्तः पुनर्ध्यानलीनः ॥
ततो देव-ताराशरीरे प्रविष्टः
पुनश्चक्रमग्रे समीपेऽन्वधावत् ॥४१॥
मेरो वल जव सम्म रहन्छ तवसम्म प्रयास गर्दछु , मानौ यस्तो भाव राख्तै मुनि खिन्नचित्त हुँदै फेरि ध्यानमा लीन भए। त्यपछि देवताराहरूका शरीरमा प्रवेश गरे। फेरि त्यहाँ पनि चक्र दौडिदै आयो ॥४१॥
दुर्वासाः तपसा मनोगतियुतो धावन् भ्रमन्नुत्पतन्
दैवीशक्तिवशादुपायरहितः संभ्रान्तचिन्तापरः ॥
सामर्थ्येन शरीररक्षणविधौ कर्तव्यशून्यो भवन्
देवानाह्वयति स्म हे सुरवराः ! आर्तोऽस्मि मां रक्षत ॥४२॥
दुर्वासा तपोवलद्वारा मनको गतिले युक्त भएर दौडिदै घुम्दै उफ्रिदै दैवीशक्तिका कारणले उपाय नभएर विहोस एवम् चिन्ताले पीडित भए। सामर्थ्यले शरीरको रक्षा गर्ने काममा कर्तव्य शून्य भए। देवतारूलाई वोलाउदा भए। हे देवताहरूहो ! म अत्यन्त पीडित छु मलाई वचाउ ॥४२॥
इति श्रीविष्णुव्रतामृतसदाचारभक्तिकाव्ये विष्णुभक्तसंरक्षणानन्द योगो नाम सप्तमसर्गः ॥ ३६६+४२=४०

अथाष्टमसर्गः

त्रिदिवे सुरराजमुवाच मुनिरतिखिन्नमना गलितोऽस्मि हरे ! ।
शिथिलोऽस्मि भयेन सुदर्शनतःपरिपाहि च मामतिदीनजनम् ॥१॥

स्वर्गमा पुगेर इन्द्रलाई मुनिले भने - हे इन्द्र ! सुदर्शनवाट हुने डरले अत्यन्तै खिन्न र गलेको छु , शिथिल छु, सुदर्शनवाट म दुःखीलाई रक्षा गरिदिनुहोस् ॥१॥

दयया सुरराजपदेऽस्मि हरेः पतितो प्रभवामि च रुष्टतया ॥
रमया सह तिष्ठति यत्र हरिरवरक्षति तत्र हि याहि मुने ! ॥२॥

हरि भगवान्का दयाले सुरराज पदमा छु, हरि रीषाउनु भयो भने राजपदवाट गिर्नेछु । हे मुनि ! रमाका साथ हरि जहाँ वस्नुहुन्छ त्यहाँ जाउ । हरि रक्षा गर्नुहुन्छ ॥२॥

धनदेश-सुरेश्वर-वह्नि-यमा वरुणानिलदिक्पतयो मुनयः ॥
अतिपीडितवानहमातपतः परिरक्षत विष्णुसुदर्शनतः ॥३॥

हे कुवेर ! हे सुरेश्वर ! हे अग्निदेव ! हे यम ! हे वरुण ! हे वायु ! हे दिक्पालहरू ! हे मुनिहरूहो ! म तापले अत्यन्त पीडित छु। विष्णुका सुदर्शनवाट रक्षा गर्नुहोस् ॥३॥

मुनिमाहुरिदं सुदुराचरितं न लभेमहि तद्विपरीतवलम् ॥
न हि शक्नुम उद्धरणाय वयमनुयाहि हरिं भज पादयुगम् ॥४॥

मुनिलाई देवताहरूले भने-यो तिमीले खराव आचरण गर्‍यौ । विष्णुको विपरीत वल हामी पाउदैनौ । हामी तपाईंलाई उद्धार गर्न शक्तैनौ । हरिका सन्निधिमा जाउ, भगवान्का पाउको भजन गर ॥४॥

गतिशीघ्रतपोव्रतयोगवलः कृतसिद्धिरुपेत्य च सत्यपुरम् ॥
जगतः प्रपितामहमेव मुनिः प्रकरोति नतिं प्रणतार्तिहराम् ॥५॥

अत्यन्त छिटो दगुर्ने गति लिएर तपस्याको योगवलले

सिद्धिप्राप्त गरेका दुर्वासा ब्रह्माको सत्यलोक पुगेर जगत्का प्रपितामहलाई नै मुनिले नमस्कार गर्ने जनको दुःख नाशगर्ने गरी वन्दना गरे ॥५॥

परमेश ! परात्परशून्यतनो ! परिवृंहितविश्वखगोलविभो ! ।
प्रभुरेव निराकृतिवेदतनुः प्रणमामि पितामह ! ते चरणौ ॥६॥

हे परमेश ! हे परात्पर ! शून्यशरीर भएका, सारासंसार भूगोल खगोल ढाकेर रहने हे प्रभो ! प्रभु नै अनुहार नभएको र वेदशास्त्रको शरीर भएको हुनुहुन्छ । हे पितामह ! तपाईंका चरणलाई प्रणाम गर्दछु ॥६॥

तमसः परसूर्यसमाननिभं श्रुतिवन्दितसम्बरवस्त्रतनुम् ॥
परमायतनं परतत्त्वमयं तव नौमि पितामह ! पादयुगम् ॥७॥

हे पितामह ! अन्धकार देखि पर सूर्य समान कान्ति भएका, वेदले वन्दना गरिएका, आकाश रूपी वस्त्रले शरीर ढाकेका, सवभन्दा ठूलो आयतन भएका, पर भन्दा पर रहने तत्त्व भएका, तपाईंका दुवै पाउलाई नमस्कार गर्दछु ॥७॥

ननु जागृति -सुप्ति-सुसुप्तिषु यत् स्मृतिबोधकरं तमसः परमम्
भवजीव- समूहविधानकरं तव नौमि पितामह ! पादयुगम् ॥८॥

निश्चय जागृति,सुप्ति,सुसुप्ति यी तीन अवस्थामा स्मृतिबोध गराउने,अन्धकार देखि पर हुने संसारका जीवसमूह वनाउने हे पितामह ! तपाईंका जोडी पाउलाई वन्दना गर्दछु ॥८॥

निगमा न च तन्न च तद्वचनैः कथयन्त्यजमच्युततत्त्वपरम् ॥
परिपूर्णसनातनदेवतमम्प्रणमामि पितामह ! पादयुगम् ॥९॥

वेदहरू "त्यो पनि होइन त्यो पनि होइन" यस्ता वचनले अजन्मा अविनाशी परतत्त्व परिपूर्ण सनातन उत्तम देवता वताउँछन् । हे पितामह ! तपाईंका जोडी पाउलाई वन्दना

गर्दछु ॥९॥

रजसा भवसृष्टिविधानपटो ! निखिलात्मनि राजसभावविभो ! ॥
प्रपितर् ! प्रभजे तव पादयुगम् कथमत्र न रक्षति पौत्रजनम् ॥१०॥

रजो गुणद्वारा संसारको सृष्टिविधानगर्न सीपालु, ! सम्पूर्ण आत्मामा राजसभावले व्याप्त हे पितामह ! तपाइँका जोडी पाउलाई भजन गर्दछु। के कारणले यहाँ नातिलाई रक्षा गर्नुहुन्न ॥१०॥

स पितामह आह मुनिं वचनं जनसेव्यतमं हरिचक्रमिदम् ॥
स हरिः परमाधिपतिः प्रवलःमम सेव्य उपास्य उतःसफलः॥११॥

ती व्रह्माले मुनिलाई यो वचन भन्नुभयो। जनताको साँचै सेवागर्ने यो हरिभगवान्को चक्र हो। ती हरि परमाधिपति, प्रवल हुनुहुन्छ र मेरा सेव्य एवं उपास्य तार्किकरूपले सफल हुनुहुन्छ ॥११॥

हरिणा रचितं मम सत्यपदं न कदापि करोमि विरोधमहम् ॥
यदि वाञ्छसि जीवितुमद्य मुने ! शरणं ब्रज धारय तन्नियमम् ॥१२॥

हरिले रचना गरेको मेरो सत्यलोक हो र म कदापि विरोध गर्न सक्तिन। यदि वाँच्न चाहन्छौ भने आज हे मुनि ! शरणमा जाउ र उनका व्रतनियमलाई धारण गर ॥१२॥

पुनरेव गणेशपुरीमगमत् त्वरितं समुवाच मुनिर्वचनम् ॥
भगवन् गणनायक ! ऋद्धिपते ! परिपाहि समागततीक्ष्णतपात् ॥१३॥

फेरि गणेशजीको दिव्य पुरीमा गएर तुरुन्तै भने। हे भगवन् ! हे गणनायक ! हे ऋद्धिपते ! यो आएका चक्रको तापवाट रक्षा गर्नुहोस ॥१३॥

गुणगौरव ! सौम्य ! सुरेशनुते ! गजवक्र ! विनायक ! सिद्धिपते ! ।
सुरपूज्य गणाधिप तीक्ष्णमते पतितोऽस्मि विभो ! तव पादयुगे ॥१४॥

हे गुणगौरव ! शान्त रहने ,हे सुरसैन्यपते ! हे गजवक्र ! हे

विनायक ! हे सिद्धिपते ! हे सुरपूज्य ! हे गणाधिप ! हे तीक्ष्णमते ! म तपाइँका युगलपाउमा परेकोछु ॥१४॥

गिरिजासुत ! चारुचतुर्भुजवान् प्रणतार्तिहरोऽसि भवान् वलवान् ॥
अहमस्म्यतिपीडितवान् भगवन्नवलम्ब्य दयां कुरु मां सुखिनम् ॥१५॥

हे पार्वती पुत्र ! राम्रा चारहात हुने, शरण पर्ने जनको दुःखलाई नाशगर्न तपाई समर्थ हुनुहुन्छ। हे भगवन् ! म अत्यन्त पीडितछु। दया गरेर मलाई सुखी वनाउनुहोस् ॥१५॥

गुणबुद्धिविनोदकरं सुखदं जनमोद-सुशान्ति-विधान-पटुम् ॥
भवतापभयावहविघ्नहरं प्रणमामि गणेशमहं वरदम् ॥१६॥

गुण, वुद्धिद्वारा आनन्द गराउने सुखदिने जनतालाई खुसियाली सुशान्ति विधान गर्न सीपालु, संसारको ताप डरलाग्दो विघ्न नाशगर्ने वरदान दिने गणेशलाई म प्रणाम गर्दछु ॥१६॥

शिवनन्दन ! संकटमोचन हे प्रमथार्चितदेवसमाजमणे ! ॥
खलु विष्णुसुदर्शनतीव्रतपादव मामतिपीडितमार्तमृषिम् ॥१७॥

हे शिवनन्दन ! हे संकटमोचन ! हे प्रमथगणले पूजा गरिएका देवसमाजका मणि ! विष्णुका सुदर्शनचक्रको तीव्र तापवाट अति पीडित आत्तिएको म ऋषिलाई रक्षा गर्नुहोस् ॥१७॥

मुनिमाह गणेश इदं वचनं स्वयमस्मि चतुर्भुजविष्णुसमः ॥
अवहेलनकर्मकृतं भवता मम नास्ति हरेरवरोधवलम् ॥१८॥

मुनिलाई गणेशले यो वचन भन्नुभयो -म आफैँ चारहाते विष्णु समान छु। तपाईंले अपहेलन हुने कर्म गर्नुभयो। मेरो भगवान्को विरोधगर्ने शक्ति छैन ॥१८॥

अवरोध्य गतिं रविमाह मुनिःसमजीवनिकायसुहृद् ! सवितर् ! ॥
त्वमसीश इदं ननु दूरयितुं भगवन्नव मामतिखिन्नतनुम् ॥१९॥

मुनिले गति रोकेर सूर्यलाई भन्नुभयो- हे सम्पूर्ण जीवसमूहका

मित्र ! हे सूर्य ! यो सन्ताप हटाउन तपाई समर्थ हुनुहुन्छ।
हे भगवान् अतिखिन्न शरीर भएको मलाई रक्षा गर्नुहोस ॥१९॥
तपदं जलदं जनचेतनदं जगतां नयनं दिनरात्रिकरम् ॥
हिमशीतविनाशकरं सुखदं तव नौमि रवे ! वरणीयतनुम् ॥२०॥
तातो न्यानो दिने, पानी वर्षा गराउने जनतामा चेतन जगाउने संसारलाई आँखा देख्ने वनाउने, दिन र रातको व्यवस्था गर्ने, हिम शीत नाश गर्ने सुखदिने हे सूर्य ! तपाइँको वर्णन गर्नलायक शरीरलाई नमस्कार गर्दछु ॥२०॥
क्षण-वेद-निमेष-दिवा-रजनी- शरदादियुगान्त-विभागकरम् ॥
विधि-जीवन-निश्चित-कालकरं तव नौमि रवे ! वरणीयतनुम् ॥२१॥
क्षण,वेद,निमेष,दिन,रात, ऋतु र युग युगान्तरको विभाजन गर्ने, भाग्य,जीवनका लागि निश्चित समयको सीमा वनाउने हे सूर्य ! तपाईको वर्णन गर्न लायक शरीरलाई नमस्कार गर्दछु ॥२१॥
नगवाजिनियोजितचारुरथं कृतदूरमिदं सकलं तिमिरम् ॥
सम-जीव-निकाय-विकाशकरं तव नौमि रवेर्वरणीयतनुम् ॥२२॥
सप्तरङ्गे सात घोडा जोडिएको सुन्दर रथमा वस्ने, सम्पूर्ण अन्धकारलाई नाशगर्ने,सम्पूर्ण जीवसमूहको विकाश गर्ने,हे सूर्य ! तपाईको वर्णनगर्न लायक शरीरलाई नमस्कार गर्दछु ॥२२॥
यमृचः परिधिं यजुषः सुतनुं किरणं भवतः खलु साममयम् ॥
परमेष्ठि-रमेश-महेशहृदं तव नौमि रवे ! वरणीयतनुम् ॥२३॥
ऋग्वेदका मन्त्रहरूको घेरा भएका,यजुर्वेदको सुन्दर शरीर भएका,तपाइँको सामवेदरूपी सङ्गीतमय किरण छ, तपाइँका हृदयमा व्रह्मा, विष्णु र शिव विराजमान हुनुहुन्छ। हे सूर्य ! तपाईको वर्णन गर्न लायक शरीरलाई नमस्कार गर्दछु ॥२३॥
सततं भव सृष्टिकरं रजसाऽखिललोकविनाशकरं तमसा ॥

परिपालकसत्त्वगुणात्मविभुं तव नौमि रवे ! वरणीयतनुम् ॥२४॥
रजोगुणको सहयोगले निरन्तर संसारको सृष्टिगर्ने, तमोगुणको सहयोगले सम्पूर्ण लोकको विनाश गर्ने, सत्त्वगुणी वनेर संसारलाई पालन गर्ने, व्यापक वनेर रहने हे सूर्य ! तपाईको वर्णन गर्न लायक दिव्य शरीरलाई नमस्कार गर्दछु ॥२४॥

मननीयकलं जपनीयमनुं तनुरोगविनाशकरश्मियुतम् ॥
जनजागरणातपदानपरं तव नौमि रवे ! वरणीयतनुम् ॥२५॥
मनन गर्न लायक कला भएका,जपगर्न लायक मन्त्र भएका, तनुरोग विनाशक रश्मि भएका, जन जागरण गराउने प्रकाश प्रदान गर्ने हे सूर्य ! तपाईको वर्णन गर्न लायक शरीरलाई नमस्कार गर्दछु ॥२५॥

सतताऽनवरुद्धगतिं गगने नवकान्तिदभर्गयुतं भुवने ॥
सकलाघहरं शुभबुद्धिभरं प्रणमामि रवे ! वरणीयतनुम् ॥२६॥
आकाशमा कहिल्यै कहीं नराकिने गति भएका, भुवनमा नवकान्ति दिने दिव्य तेजले युक्त भएका ,सम्पूर्णको पाप नाश गर्ने, सद्‌वुद्धि भरिदिने हे सूर्य ! तपाईको वर्णन गर्न लायक शरीरलाई नमस्कार गर्दछु ॥२६॥

भवतः कृतकर्मण एव मुने ! हृदयं ननु कण्टकविद्धमभूत् ॥
स हि तिष्ठति मे विमले दहरे किमहं करवाणि हरौ प्रवले ॥२७॥
तपाईवाट गरिएका कर्मवाट नै मेरो हृदय मानौ काँडाले घोचेको जस्तो भयो । उनै भगवान् मेरा हृदय भित्रको गहिराइमा वस्नुहुन्छ । शक्ति शाली हरिभगवान्‌का विषयमा म के गर्न सक्छु, केही पनि गर्न सक्तिन ॥२७॥

अश्रृणोत् रविणोदितवाक्यमिदम् यदि वाञ्छसि दीर्घतमं शमथम् ॥
वरदं धृतशंखसरोजकरं कमलासहितं भज चक्रधरम् ॥२८॥

सूर्यवाट प्रकट भएको यो वाक्य प्रष्ट सुनियो यदि तिमी दीर्घ शान्ति चाहन्छौ भने , वरदान दिने शंख, कमल धारण गर्ने, लक्ष्मीले सहित भएका चक्रधर भगवान्को भजन गर ॥२८॥

यदि रक्षति मा हि न भिन्नसुरा मनसेति विचार्य ययौ शरणम् ॥
अतिखिन्नमना वलहीनतनुर्मुनिरार्तपुकारवचः कृतवान् ॥२९॥

यदि रक्षा गर्नुहुन्छ भने मा नै रक्षा गर्नुहुन्छ। अरु देवताहरू रक्षा गर्दैनन्। यो मनले विचार गरेर आमाका शरणमा गए। अतिखिन्न मन गरेर वलहीन शरीरका हुँदै मुनिले आर्तपुकार गरे ॥२९॥

हरिभक्तजनोपरि मन्तुरभूत् ,भवति ! क्षमतां शरणं पतितम् ॥
परिपाहि सुदर्शनतापभयादवलोक्य दयां करु मां त्वरितम् ॥३०॥

हरिभगवान्का भक्तजनहरूमा अपराध भयो, हे आमा शरणमा आएको मलाई क्षमा गरिदिनोस। सुदर्शनको ताप सम्बन्धी डरवाट वचाउनुहोस्। मलाई हेरेर छिटो दया गर्नुहोस् ॥३०॥

भयहारिणि ! दुर्गतिनाशिनि ! हे परमेश्वरि ! हे सुखशान्तिकरि ! ॥
सृजसीह जगत्परिपासि च तत् हरसि त्वमुमा परमा प्रकृतिः ॥३१॥

हे भयलाई हरण गर्ने हे दुर्गति नाश गने ! हे सुख र शान्ति जनतालाई दिने ! हे परमेश्वरि ! तपाई यो जगत् सिर्जना गर्नुहुन्छ, रक्षा गर्नुहुन्छ, संहार पनि गर्नुहुन्छ। आमा तपाइँ मूलप्रकृति हुनुहुन्छ ॥३१॥

तव हस्तधृतेन शिवः शिवदः हृदि वासकृतेन हरिः सुखदः ॥
यदि पश्यसि यं दयया कुशलःमहनीयगुणाढ्यसुधीः स भवेत् ॥३२॥

तपाइँका हात समाउनाले शिव शिवद वन्नुभयो , हृदयमा वास गर्नाले हरि सुखदिने वन्नुभयो। यदि तपाइं दयाले जसलाई हेर्नुहुन्छ त्यो पूजनीय गुणको धनी ठूलो विद्वान् हुन्छ ॥३२॥

अिस-शंख-सुदर्शन-शूल-गदा-शर-चाप-सरोज-धरे ! वरदे ! ॥
महिषासुर-शुम्भविनाशकरे ! हर मेऽद्य सुरेश्वरि ! चक्रभयम् ॥३३॥
खुकुरी, शंख, सुदर्शनचक्र, त्रिशूल, गदा, वाण, धनुष, कमलफुल धारणगर्ने वरदानदिने, महिषासुर र शुम्भादि दैत्य नाश गर्ने हे देवताकी अधिष्ठात्री आमा ! आज मेरो चक्रको भयलाई नाश गरिदिनुहोस् ॥३३॥
कमलां मतिदां जगतां जननीं जनमोहकरीं सकलाभरणाम् ॥
निगमे कथितां ललितां परमां प्रभजे जगदीश्वरशक्तियुताम् ॥३४॥
कमलमा वस्ने लक्ष्मीमातालाई, बुद्धि दिने सरस्वतीमातालाई, जगत् संसारलाई पैदागराउने मातालाई, जनमोह गराउने आभूषणले सुसज्जित भएकी दुर्गामातालाई,यी वेदमा वर्णन गरिएका, त्रिजगदीश्वरका शक्तिले युक्त परमसुन्दरी परमेश्वरी माताहरूलाई म भजन गर्दछु ॥३४॥
खल-पामर-घातुक शक्तिहरे ! विनयार्तसुधीजनबुद्धिभरे ! ॥
जनकष्टदरिद्रविनाशकरे ! पतितोऽस्मि सुरेश्वरि ! ते चरणे ॥३५॥
हे सुरेश्वरी ! दुष्ट हुति नभएको तर डकैती गर्ने हत्याराहरूको शक्ति हरण गर्ने नम्र आर्त विद्वान् जनमा बुद्धि भरिदिने, जनताको कष्ट,दरिद्र,नाश गरिदिने हे सुरेश्वरि ! तपाईका चरणमा म परेकोछु ॥३५॥
हरि-शम्भु-पितामह-शक्रनते सरजन्म-गणेश-दिगीशनुते ॥
रजनीकरभास्कररस्मिधरे पतितोऽस्मि सुरेश्वरि ! ते चरणे ॥३६॥
हरि,शिव ब्रह्मा,इन्द्रहरूले वन्दना गरिएकी, कार्तिकेय, गणेश, दिक्पतिहरूले वन्दना गरिएकी, चन्द्र सूर्यको किरणलाई धारण गर्ने, हे सुरेश्वरि ! तपाईका चरणमा म परेको छु ॥३६॥
अखिलात्मनि शक्तिविधायिनि ! हेजगदीश्वरि ! शस्त्रधरे परमे ॥

अव मां शरणागतदीनजनं तव नौमि सुरेश्वरि ! पादयुगम् ॥३७॥
सवै प्राणीको आत्मामा शक्ति निर्माण गर्ने ,शस्त्र धारण गर्ने , परभन्दा पर रहेकी हे जगदीश्वरि ! शरणमा आएको मलाई रक्षा गर्नुहोस् । हे सुरेश्वरि ! तपाइँका युगल चरणलाई वन्दना गर्दछु ॥३७॥

तिसृभि र्धवलाभिरुपेत्य तदा कथितं ललितं सुखदं वचनम् ।
स सुभुञ्जति पूर्वकृतस्य फलं परिरक्षति का पतिपङ्कृतम् ॥३८॥
पतिव्रता तीनै ओटी उमा,लक्ष्मी,सरस्वतीले प्रकट भएर त्यस वेला वान्की परेका सुख दिने वचन भन्नुभयो । पूर्वजन्ममा गरेको फल त्यो भोग्दछ । कुन नारी आफ्ना पतिद्रोहीलाई रक्षा गर्दछे ॥३८॥

अभिमानवशेन मया रचितो हरिनिष्ठजने बहुमन्तुरभूत् ॥
कथमद्य सुरक्षणकर्म भवेदुमया सहितं प्रभजामि शिवम् ॥३९॥
अभिमानवश मैले रचेको हरिमा निष्ठा राख्ने जनमा ठूलो अपराध भयो । कसरी आज मेरो सुरक्षा होला । उमाले सहित शिवलाई भजन गर्दछु ॥३९॥

तपसिद्धिविधानकरं शिवदं मृगचर्मधरं धृतशूलकरम् ॥
शरचापयुतं धृतनागगलम् प्रणमामि शिवं परमाधिपतिम् ॥४०॥
तपस्या सिद्धि गरिदिने कल्याण प्रदान गर्ने, मृगचर्म लगाउने, हातमा त्रिशूल लिने, धनुष्काण वोक्ने, गलामा सर्प वेर्ने, परमाधि- पति शिवलाई दण्डवत् प्रणाम गर्दछु ॥४०॥

उमया सहितं हिमशैलगृहं जनकष्टहरं भवमोक्षकरम् ॥
अतिसुन्दरताण्डवनृत्यधरं प्रणमामि शिवं परमाधिपतिम् ॥४१॥
उमाले सहित भएर हिमालयको घरमा वस्ने भएका, जनताका कष्ट हरणगर्ने,संसारवाट मोक्ष गराउने, अति सुन्दर ताण्डव

नृत्य गर्ने,परमाधिपति शिवलाई दण्डवत् प्रणाम गर्दछु ॥४१॥
विषदोषमहज्ज्वरतापहरं ग्रहदोषविनाशकशान्तिकरम् ॥
शरणागतरक्षणकर्मकरं प्रणमामि शिवं परमाधिपतिम् ॥४२॥
विषदोष र महाँज्वर सम्बन्धी ताप हरण गर्ने, ग्रहदोष नाश गरेर शान्ति दिने शरणागतको रक्षा कर्म गर्ने, परमाधिपति शिवलाई दण्डवत् प्रणाम गर्दछु ॥४२॥
सुरनिम्नगया कचदिव्यतमं शशिना रुचिरं समगौरतनुम् ॥
गरलेन सुनीलगलं सुखदं प्रणमामि शिवं परमाधिपतिम् ॥४३॥
गङ्गा शिरमा खस्नाले केश अत्यन्त राम्राहुने, चन्द्रमा शिरमा रहनाले शोभायमान ,सम्पूर्ण गोरो शरीर भएका, विष घाँटीमा राख्नाले नीलो घाँटी भएका,सुख दिने परमाधिपति शिवलाई दण्डवत् प्रणाम गर्दछु ॥४३॥
शशिसूर्यधनञ्जयवन्नयनं नयनानिलकामहनं वरदम् ॥
बल-बुद्धि-धनायुरनन्तकरं प्रणमामि शिवं परमाधिपतिम् ॥४४॥
चन्द्र, सूर्य, र आगो जस्तै आँखा भएका, आँखाका आगाले कामदेवलाई नाश गर्ने ; वरदान दिने, बल, बुद्धि, धन, आयु वढाउने परमाधिपति शिवलाई दण्डवत् प्रणाम गर्दछु ॥४४॥
भवसर्जन-पालन-नष्टकरं विषभक्षण-सज्जनमोदकरम् ॥
लघुतुष्टतया महनीयगुणं प्रणमामि शिवं परमाधिपतिम् ॥४५॥
संसार सृष्टि,पालन र नष्टगर्ने विष पान गर्ने,सज्जनलाई आनन्द दिने, छिटै खुशी हुने प्रशंसनीय गुण हुने परमाधिपति शिवलाई दण्डवत् प्रणाम गर्दछु ॥४५॥
शिव आह मुनिं मम सेव्यतमे रमया सहिते हृदि वासकरे ॥
भवता कृतमक्षमकर्म महत् तव रक्षणकर्म कथं प्रभवेत् ॥४६॥
शिवजीले मुनिलाई भन्नुभयो-मेरा परम सेव्य रमाले सहित

भएर मेरा हृदयमा वासगर्ने भगवान्का प्रसङ्गमा तपाइँले क्षमा गर्न नै न सकिने ठूलो कर्म गर्नुभयो । तपाईको रक्षा कर्म कसरी हुन सक्ला ॥४६॥

यदि वाञ्छसि शान्तिमुपायमहं कथयामि मुने ! सफलं वचनम्। व्रतमुत्तममेव हरेः सविधिं कुरु शुद्धमना भज चक्रधरम् ॥४७॥

हे मुनि ! यदि शान्ति चाहनुहुन्छ भने सफल हुने उपाय वचन भन्छु, हो । हरिभगवान्को उत्तमव्रत विधिसहित गर । शुद्ध मन न्त्र उनै सुदर्शन चक्रधारी भगवान्को भजन गर ॥४७॥

तमसा भरिता मम बुद्धिरभूत् रजसा रचिता खलु सिद्धिरियम् ॥ अनयोरभिमानवसेन मुनिर्मननं कृतवानतिखिन्नमनाः ॥४८॥

तमो गुणले भरिएको मेरो बुद्धिभयो । रजो गुणले वनाएको यो सिद्धि थियो । यी दुईको अभिमानवस दुर्वासा ऋषि अत्यन्त खिन्न मनले मनन गर्न लाग्नुभयो ॥४८॥

स्वयमेव धनी,स्वयमेव वली मतिमान्सुगुणी प्रभवामि महान् ॥ दयया रहितो विनिहन्ति जनानसुरःस महान् दमनीयखलः ॥४९॥

आफु मात्र धनी हुँ, आफु मात्र वलियो हुँ, वुद्धिमानी हुँ, गुणी हुँ, ठूलो हुँ । यस्तो शोच्ने दया न भएको असुरले मानिसलाई जथाभावी मार्दछ । त्यो ठूलो दमन गर्न लायक दुष्ट हो ॥४९॥

अभवं ननु नीचकुसङ्गकरः हरिनिष्ठजनेष्वपि दोषभरः ॥ अहमेव महानिति भावभरः भगवान् सततं भवभारहरः ॥५०॥

म घृणित जनको सङ्गत गर्ने, हरिमा निष्ठा राख्ने जनहरूमा पनि दोष लगाउँने भएँ । म नै सवै भन्दा ठूलो हुँ भन्ने भावले भरिएको संसारको भारी भएँछु । भगवान् निरन्तर संसारको भार हरण गर्नुहुदो रहेछ ॥५०॥

कमलासन-शम्भु-महेन्द्र-सुराः कथयन्ति हरिव्रतमेव मुने ! ॥

हरिरेव महान्करुणाधनवान् तव पापविनाशकरो वलवान् ॥५२॥

ब्रह्मा, शिव, इन्द्र, र देवताहरू भन्नुहुन्छ 'हे मुनि ! हरि भगवान्को नै व्रत गर्नुपर्दछ' । हरि नै ठूला दयाधन भएका, तपाईंको पापलाई नाशगर्न सक्ने वल भएका हुनुहुन्छ ॥५२॥

अनभिज्ञतया भवतश्चरणौ शरणं न कृतं भगवन् नु मया ॥
अधुना खलसङ्गविहीनतया मम जन्म नवं सुपवित्रमभूत् ॥५३॥

हे भगवान् ! मैले अनभिज्ञ हुनाले हजुरका चरणको शरण स्वीकार गरिन । अहिले खरावी सङ्गतवाट वञ्चित हुनाले मेरो नयाँ पवित्र जन्म भयो ॥५३॥

अपराधकृतेष्वपि मङ्गलदौ शरणागतसाधुकरौ सरलौ ॥
भवसागरपोतसमौ सुगुणौ तव नौमि हरे ! विमलौ चरणौ ॥५४॥

हे भगवान् ! अपराध गर्ने जनमा पनि मङ्गल दिने,शरणपर्ने जनलाई सज्जन वनाउने,सरल, संसार- सागरको नाउ समान असल गुणले युक्त, तपाइंका कल्याण दिने दुई चरणलाई नमस्कार गर्दछु ॥५४॥

वन-कौस्तुभमाल्यधरं विपुलं रमया सहितं भृगुचिह्नयुतम् ॥
अतिकोमलभावमयं सरसं तव नौमि हरे ! सदयं हृदयम् ॥५५॥

हे भगवान् ! वनमाला कौस्तुभमणि धारण गर्ने,फराकिलो, लक्ष्मीले सहित भएको, भृगुऋषिका पाउको चिह्न भएको, अत्यन्त कोमल भावले भरिएको, रसिलो, दयाले सहित तपाइंको हृदयलाई नमस्कार गर्दछु ॥५५॥

खरदूषणरावणदुष्टहनौ खल-राक्षस-कंसविनाशकरौ ॥
सुरसज्जनसन्त-विनोदभरौ तव नौमि हरे ! वरदौ सुभुजौ ॥५६॥

हे हरि ! खर दूषण रावण जस्ता दुष्टलाई मार्ने, दुष्ट,राक्षसहरू र कंसलाई नाश गर्ने ,देवता, सज्जन,सन्तहरूलाई आनन्द

भरिदिने, तपाइंका वरदान दिने दुवैहातलाई भजन गर्दछु ॥५६॥

रवि-चन्द्र-धनञ्जयतुल्यनिभे नवजीवनदे खलशक्तिहरे ॥
असहायजनेषु सहायकरे तव नौमि हरे ! चपले नयने ॥५७॥

हे हरि ! सूर्य,चन्द्र,अग्नि, वरावर कान्ति भएका,नवजीवन दिने, दुष्टको शक्ति नाश गर्ने, असहाय जनमा सहयोग गर्ने,तपाइँका चञ्चल दुवै नयनलाई नमस्कार गर्दछु ॥५७॥

जनताघहरं सुखशान्तिकरं नवनीतसमं स्मरणीयतमम् ॥
किरणेन युतं परमाश्रयदं प्रणमामि हरे ! तब सौम्यतनुम् ॥५८॥

हे हरि ! जनताको पाप नाश गर्ने, सुख र शान्ति गर्ने ,नौनीघिउ समान कोमल, ज्यादै संझना गर्न योग्य किरणले युक्त, सवैभन्दा उत्तम आनन्दाश्रय दिने, तपाईको सुन्दर शरीरलाई नमस्कार गर्दछु ॥५८॥

अवतारधरं भवभारहरं भवसृष्टिकरं जनपुष्टिभरम् ॥
रुचिरं चरितं करुणाभरितं प्रणमामि हरे तब सौम्यतनुम् ॥५९॥

हे हरि ! अवतार धारण गर्ने, संसारको भार हरण गर्ने, संसारको सृष्टि गर्ने, जनतालाई पालन पोषण गर्ने, मन जागृत गराउने चरित्र भएको दयाले भरिएको, तपाईको सुन्दर शरीरलाई नमस्कार गर्दछु ॥५९॥

सरसं वचनं शुभभाग्यकरं बुधमोदभरं रसरङ्गयुतम् ॥
ललितं हसनं जनतापहरं प्रणमामि हरे ! तब सौम्यतनुम् ॥६०॥

हे हरि ! मीठो वचन भएको, शुभभाग्य गराउने, विद्वानलाई आनन्द भरिदिने,रसरङ्गले युक्त, जनताको ताप नाश गरिदिने, चेष्टाविशेषले सुन्दर हँसाई भएको तपाईको सौम्य शरीरलाई प्रणाम गर्दछु ॥६०॥

सुषमं वदनं मधुरं वसनं कर-ताल-सुरागयुतं भजनम् ॥

अमृतं भगवन् ! तव पादजलं कृतदोषहरं हरिसंस्मरणम् ॥६१॥
परम शोभाशाली हरिको मुखमण्डल, राम्रो वस्त्र, करताल रागरागिनी ध्वनिसहित हरिनामले युक्त भजन, हे भगवान् ! तपाँईंको पादजल अमृत हो, हे भगवान् ! गरेका कर्मको दोष नाश गर्ने मुख्यकर्म तपाइंको संझना नै हो ॥६१॥

स्तुतिमष्टकपद्यमयीं मधुरां प्रकरोति च यो हृदि भक्तियुतः ॥
हरिदर्शनमेव सदा सरमं कुरुते स नरो मननीयतमम् ॥६२॥
आठ पद्य भएको हरिभक्तिले युक्त भएर यो मीठो वन्दना जो गर्दछ। आत्माको उद्धारका लागि लक्ष्मीले सहित भएको मनन गर्न लायक हरिभगवान्‌को दर्शन प्राप्त गर्दछ ॥६२॥

सहसा सरमो हरिरागतवान् विधिरस्ति महान्वलवान् जनयन् ।
वद पूज्यमुने ! करवाण्यधुना स्वकृतेन भवेत्खलु भाग्यमिति ॥६३॥
भाग्य अत्यन्तै वलियो हुन्छ,भन्ने जनाउँदै सहसा रमाका साथ हरि आउनु भयो र भन्नुभयो-हे पूज्यमुनि ! भन्नुहोस,अहिले म के गरौं !! यो कुरा निश्चित बुझ्नुपर्छ-भाग्य भनेको आफुले गरेका कर्मको फल हो ॥६३॥

अतिपीडितवानहमस्मि विभो ! भगवन् ! तव दिव्यसुदर्शनतः।
ग्रहणं कुरु मां परिपाहि मया तव भक्तजनेष्वपराधकृतम् ॥६४॥
हे सर्वव्यापक ! हे भगवान् ! तपाइंका सुदर्शनद्वारा म अत्यन्त पीडित छु। त्यसलाई ग्रहण गर्नुहोस। मलाई रक्षा गर्नुहोस। मैले तपाइंका भक्तजनहरूमा अपराध गरें। पश्चात्ताप गर्दछु ॥६४॥

हृदि मे रमते प्रियभक्तजनो सरमो विरमामि च तस्य हृदि ॥
स्वसुरक्षणकर्मणि चक्रमिदं सुनियोजितवान् प्रथमं हि मुने !॥६५॥
हे मुनि ! मेरा हृदयमा प्यारो भक्तजन रमाउँदछ। लक्ष्मीका साथ म पनि प्यारा भक्तका हृदयमा वस्तछु। आफ्नो

सुरक्षागर्ने कर्ममा पहिले नै प्रयोग गरिसकिएको यो चक्र हो कसो गरौँ ॥६५॥

यदि दानकृतं पुनरेव च तद्, उचितं ? ग्रहणं मुनिराज ! वद ॥
अनुयाहि तमेव स भक्तिरतः परिरक्षति, शं सुभविष्यति ते ॥६६॥

यदि दान गरेको छ भने दोहोऱ्याएर त्यो फिर्ता लिई ग्रहण गर्न उचित हो त ! हे मुनिराज ! भन्नुहोस ! त्यो ज्यादै भक्तिमा लागेको छ, त्यसको सन्निधिमाजानुहोस,त्यसले रक्षागर्छ। तपाईंका लागि सुख हुनेछ ॥६६॥

दुर्वासा हरिचक्रपीडिततनुः शीघ्रं ततो निर्गतो
धावन् सन्नतिखिन्ननम्रवदनः प्रोवाच संवोधयन् ॥
श्रीविष्णोः परमप्रियोऽसि सफलो धन्यः क्षमावान् महान्
हे राजन् ! रिपुमाततायिनमिमं संरक्ष मामातुरम् ॥६७॥

दुर्वासा हरिभगवान्का चक्रले पीडित हुदाछँदा त्यहाँवाट तुरुन्तै निष्किए। दौडिदै अतिखिन्न भएर पश्चात्तापले शिर निहुऱ्याई सम्बोधन गर्दै भने। हे राजन् ! श्रीविष्णुभगवान्का तिमी परम प्रिय हौ, सफल धन्य हौ, क्षमावान् महान् हौ। मार्नका लागि तयार भएको शत्रु हुँ र पनि,यस् आतुरमा पिसिल्टिएको मलाई रक्षा गर्नुहोस् ॥६७॥

श्रीविष्णुव्रतामृतसदाचारभक्तिकाव्ये सर्वदेववन्दनानन्दयोगोनाम अष्टमसर्गः ॥८॥ ४०७+६७=४७४

अथ नवमसर्गः

ईषद् विन्दुजलस्य पानविधिना दोषी स विष्णुप्रियः
पूर्णं वर्षमलं विनम्रवदनश्चैकासने संस्थितः ॥
राजन् ! ते शरणागतोऽस्मि वचनं श्रुत्वा मुनिं चिन्तितं
पश्चात्तद्धि सुदर्शनं भगवतो दीप्तार्कवद् दृष्टवान् ॥१॥

अलिकति पानीको विन्दु पान गर्नाका कारणले दोषी ठहरिएका ती विष्णुप्रिय पूरा एकवर्ष सम्म शिर झुकाएर एक आसनमा वसेका अम्वरीषले "हे राजन् ! तपाईका शरणमा अएको छु" यस्तो वचन सुनेर चिन्तित मुनिलाई साथै पछाडि भगवान्को सुदर्शनचक्रलाई मानौं धपधप भएर वलेको हेर्न नसकिने सूर्य जस्तो देखे ॥१॥

पूर्णं मे व्रतकर्म भूसुरतनोः संरक्षणं स्यात्कथं
शोचन् सन् सहसा सुरक्षणपरो बद्धाञ्जलिः प्रार्थयत् ॥
निर्दोष्यस्मि सशंखचक्र ! भगवन् ! भक्तव्रतं पूरयन्
श्रुत्वा मे स्तुतिवाक्यमद्य युगपच्छीघ्रं सुशान्तो भव ॥२॥

मेरो व्रतकर्म पूर्ण र ब्राह्मणको सुरक्षा कसरी होला । यो शोच गर्दै तुरुन्तै सुरक्षा गर्न तत्पर भई हात जोडेर प्रार्थना गरे । म निर्दोषी छु भने, हे शंखचक्रले सहित भएका ! हे भगवन् ! भक्तको व्रत पूरा गराउँदै मेरो स्तुति वाक्य सुनेर अहिल्यै छिटोमा छिटो शान्त हुनुहोस ॥२॥

हे शस्त्राधिप ! चक्रराज ! भगवन्नग्निस्वरूपो भवान्
माया-मोह-विमूढ-दुष्ट-नृपतीन् धाम्नैव हंसि प्रभो ! ॥
तेजोज्वालसमुद्भवेन सततं सूर्यो यथा प्रोज्वलः
विश्वं दीपयसि भ्रमन् हि गगने धर्मस्य संरक्षकः ॥३॥

हे शस्त्राधिप ! हे चक्रराज ! हे भगवन् ! तपाइँ अग्निको स्वरूप

भएको हुनुहुन्छ। माया र मोहले छोपेर ज्ञानले हीन भएका दुष्ट राजाहरूलाई हे प्रभो ! तेजले नै मार्नुहुन्छ। तेजको ज्वालावाट उत्पन्न भएको सूर्यजस्तै उज्ज्वल हुनुहुन्छ। आकाशमा घुंदै विश्वलाई प्रकाशित गराउनुहुन्छ। साँचै तपाई धर्मसंरक्षक हुनुहुन्छ ॥३॥

दुष्टानामभिमान-भञ्जनपरा दीप्ताग्निवद्दाहिकाः
साधूनां सुखशान्तिशक्तिवरदा याश्चन्द्रशोभा यथा ॥
अज्ञानान्धविनष्टकारणकलाः सूर्यप्रभाप्रोज्ज्वलाः
ताः श्रीविष्णुसुदर्शनस्य सुषमाज्वालाः सदा पान्तु नः ॥४॥

दुष्टहरूको अभिमानलाई भत्काउन तल्लीन भएका, वलेको आगो जस्तै डढाउने शक्ति भएका, साधुहरूलाई सुख, शान्ति, र शक्ति वरदान दिने, जो चन्द्रमाको शोभा जस्तै छन्। अज्ञानरूपी अन्धकारले विनाश हुने कारण भएका कलाहरू सूर्यको प्रभा जस्तै उज्वल छन्। ती श्रीविष्णुसम्वन्धी सुदर्शनका परम शोभाशाली ज्वालाहरूले हामीलाई सधैं रक्षा गरुन् ॥४॥

सोमेशानसुरेशवह्निशमना रक्षोऽम्बुनाथानिला
ब्रह्मानन्तगणेशमातृमुनयः स्तुन्वन्ति यं सर्वथा ॥
यस्मात्ते प्रचुरं प्रकाशमतुलं लब्ध्वा महान्तोऽभवन्
तस्य श्रीशसुदर्शनस्य सुषमाज्वालास्सदा पान्तु नः ॥५॥

कुवेर, शिव, इन्द्र, अग्नि, यम, निर्ऋति, वरुण,वायु, व्रह्मा, शेष, गणेश, मातृशक्ति र मुनिहरू जसलाई सवै उपायले वन्दना गर्दछन्। जसवाट तुलना नै गर्न नसकिने धेरै प्रकाश पाएर ती देवताहरू पूजनीय महान् वनेका छन्। ती लक्ष्मीपतिसँग सम्वन्धित सुदर्शन चक्रका परम शोभाशाली

ज्वालाहरूले हामीलाई रक्षा गरुन् ॥५॥

मेरुर्यस्य कृपात एव सुतनुर्देवेज्यधामोऽभवत्
यस्माच्शक्तिमुपेत्य सूर्यकिरणाः सञ्जीवयन्ते जगत् ॥
दृश्यन्ते नवकान्तिभव्यविभवा उल्का नवीनोज्वलाः
तस्य श्रीशसुदर्शनस्य सुषमाज्वालाः सदा पान्तु नः ॥६॥

सुमेरु पर्वत जसका कृपाले सुन्दर स्वरूप भएको देवताको धाम भयो। जसवाट शक्ति प्राप्त गरेर सूर्यका किरणहरूले जगत्का प्राणीहरूलाई जीवित गराउँछन्। नयाँ कान्ति भएका भव्य ऐश्वर्यले सम्पन्न अकस्मात् निष्किएका नयाँ उज्याला ज्वाला देखिन्छन्। ती लक्ष्मीपतिसंग सम्बन्धित सुदर्शनचक्रका परम शोभाशाली ज्वालाहरूले हामीलाई रक्षा गरुन् ॥६॥

यस्मात्तापमुपेत्य पादपलताः फुल्लन्ति फक्कन्ति च
यस्य ज्योतिरुपेत्य ता दशदिशो दिव्यन्ति शाम्यन्ति च ॥
यस्माच्चित्समवाप्य जीवनजगत् संवर्धते पुष्यति
तस्य श्रीशसुदर्शनस्य सुषमाज्वालाः सदा पान्तु नः ॥७ ॥

जसवाट तापलाई प्राप्त गरेर वृक्ष लहराहरू फुल्छन्, फक्रिन्छन् झर्छन्। जसको ज्योति पाएर ती दशदिशाहरू उज्याला र शान्त हुन्छन्। जसवाट चैतन्य पाएर जीवनजगत् वढ्दछन् फुल्छन्। ती लक्ष्मीपतिसंग सम्बन्धित सुदर्शनचक्रका परम शोभाशाली ज्वालाहरूले हामीलाई रक्षा गरुन् ॥७॥

साहस्त्रारविनिस्सृता विकिरणा ज्योतिर्मया शाश्वता
दुष्टाघातपरायणाक्षनिरता नाभेः प्रभा भास्करा ॥
नेमेर्निर्गततेजसार्जितगुणा वेदप्रदा पौरुषा
दिव्या जीवनसार्थिकाऽमृतकरी सौदर्शनी पातु नः ॥८॥

हज्जारौ अरवाट निष्किएका विशेष किरणहुने, कहिल्यै नाश

नाश नहुने प्रसस्त ज्योतिहुने, दुष्टलाई मार्न सीपालु अक्षमा लीन हुने, नाभिको सूर्य सदृश प्रभा हुने, नेमिवाट निष्किएको तेजवाट सिर्जना भएको गुण हुने, वेदज्ञान दिने, पौरुषेय शक्तिले दीव्यहुने,जीवनलाई सार्थक गराउने, अमृत पैदा गराउने, सुदर्शन सम्बन्धी ज्वालाले हामीलाई रक्षा गरुन् ॥८॥

श्रीविष्णोः करसङ्गपुण्यविभवात् सम्बर्धमाना कला
श्रीशेषस्य शरीरसन्निधिवशाच्छुभ्रा मणीवारुणा ॥
पद्मछाया गुणमाश्रितेन सुषमा पीता सिता श्यामला
दीप्तार्चिः परिवेशसुन्दरतमा सौदर्शनी पातु नः ॥९॥

श्रीविष्णुका हातको सङ्गत हुदा प्राप्त भएका पुण्यका वैभवद्वारा बढेका कलाहुने,श्रीशेष भगवान्‌का शरीरको नजिकमा रहनाले सेता मणि जस्तै चम्किने, कमलको गुण लिनाले परम शोभाशाली कहीँ पीत कहीँ श्वेत कहीँ श्यामल वर्ण हुने, उज्ज्वल किरणको परिवेशले अत्यन्त सुन्दर,सुदर्शनसम्वन्धी ज्वालाले हामीलाई रक्षा गरुन् ॥९॥

विष्णोः शक्तिकरी नवोदयकरी भास्वन्निभा भास्करी
रक्षोजीवहरी जगत्सुखकरी बन्धूकशोभाकरी ॥
प्राग्जन्मार्जितपापभर्जनकरी त्रैलोक्यरक्षाकरी
स्वात्मानन्दकरी वराभयकरी सौदर्शनी पातु नः ॥१०॥

विष्णुको शक्ति प्रदर्शन गराउने, नयाँ उदय प्रदर्शन गर्ने, ज्योतिले युक्त भए झैं सूर्य समान ज्योति हुने, राक्षसको जीवन हरण गर्ने ,संसारलाई सुख गराउने, वन्धूक पुष्प जस्तो शोभा वनाउने, पूर्वजन्ममा अर्जित पापलाई भुटिदिने, तिनै लोकलाई रक्षा गर्ने, आत्मामा आनन्द गराउने, वरदान र अभय समेत दिने, सुदर्शनसम्वन्धी ज्वालाले हामीलाई रक्षा

गरुन् ॥१०॥

यस्या अग्रमुपेत्य निर्मलतमं व्योमापि धुम्रायते
तारा अग्निकणाः प्रकाशरहिताः सूर्येन्दुवैश्वानराः ॥
मेरुः कज्जलवद् विलीनमहिमः संविस्तृता या प्रभा
सा विष्णोः करवर्तिनी भगवती सौदर्शनी पातु नः ॥११॥

जस्को अगाडि उपस्थित हुनाले निर्मलतम आकाश पनि मैलो वन्दछ। जुन प्रभा फैलिनाले तारा, अग्निका कणहरू, सूर्य, चन्द्र, र आगो पनि प्रकाश रहित भएका छन् । सुमेरु काजल जस्तै महिमा न भएको हन्छ। जुन प्रभा विष्णुका हातमा रहनाले षट् ऐश्वर्यले युक्त वनेको छ त्यंही सुदर्शन सम्बन्धी ज्वालाले हामीलाई रक्षा गरुन् ॥११॥

राहुर्भास्करमेव सन्निगलितुं भ्रान्त्यागमत् सन्निधिम्
लब्ध्वा तापमसह्यमुग्रमधिकं शीघ्रं ततः प्राद्रवत् ॥
तद्वन्मेऽहितकारिणो ग्रहगणा ज्वालाप्रभावात्सदा
दूरं यान्तु, करोतु शान्तिमतुलां सौदर्शनी पातु नः ॥१२॥

राहु भ्रान्तिले सूर्य नै हुन् भन्ने संभिऐर निल्न नजिकमा गयो। सहन नसकिने अत्यन्त कड्ा ताप पाएर त्यहाँ वाट भाग्यो। त्यस्तै मेरा अहित गर्ने ग्रहगण ज्वालाका प्रभावद्वारा सधैं टाढा भागुन्, तुलना गर्न नसकिने शान्ति गरिदिउन् । उनै सुदर्शन सम्वन्धी ज्वालाले हामीलाई रक्षा गरुन् ॥१२॥

श्रीमच्छेषफणा मणीव लसिता सूर्यप्रभात्युज्वला
नेम्याच्छन्नतमा रमेव सुषमा षाड्गुण्यशक्तिप्रदा ॥
सौर्या यत्र न प्राप्नुवन्ति सुगतिं तत्रान्धकारापहा
साधूनां हितकारिणी भगवती सौदर्शनी पातु नः ॥१३॥

श्रीले सम्पन्न अनन्त भगवान्का फणा र मणि जस्तै शोभा

हुने, सूर्यका प्रभाले अत्यन्त उज्वल नेमिले अतिशय ढाकेर रहने, सुन्दर वस्त्र लाउने, लक्ष्मी जस्तै परम शोभा वनेर रहने, छ गुणा शक्ति दिने, सूर्यका किरण जहाँ पुग्दैनन् त्यहाँ पुगेर अँध्यारो नाश गर्ने,साधुसन्तको हितगर्ने, षट् ऐश्वर्यले पूर्ण सुदर्शन सम्वन्धी ज्वालाले हामीलाई रक्षा गरुन् ॥१३॥

प्राग्जन्मार्जितपापपुण्यफलदा या रोगशान्तिप्रदा
या धर्मार्थ-सुकाममोक्षफलदा या दिव्यदृष्टिप्रदा ॥
वीर्यैश्वर्यविवेकबुद्धिवलदा या वह्निवर्णप्रभा
सा ज्योतिर्दशदिक्प्रकाशनपरा सौदर्शनी पातु नः॥१४॥

पूर्वजन्ममा कमाएका पाप र पुण्यको फलदिन समर्थ छन्,जो रोगलाई निको पारेर शान्ति दिन्छिन्, जो धर्म, अर्थ, काम र मोक्ष फल दिन्छिन्, जो दिव्य दृष्टि दिन्छिन्, वीर्य, ऐश्वर्य विवेक, वुद्धि, र वल दिन्छिन्,जो आगाको वर्ण जस्तै प्रभा भएकी छिन्,ती ज्योति दशै दिशा प्रकास गर्न सक्ने सुदर्शन सम्वन्धी ज्वालाले हामीलाई रक्षा गरुन् ॥१४॥

यस्मात् दीपिततेजसा दिनमणिः सूर्योऽपि धूम्रायते
यस्मात् विस्तृततेजसाऽमृतमणिश्चन्द्रो विलीनायते ॥
शीतापः प्रभवन्ति सूर्यकिरणा वर्षन्ति चन्द्रात् सुधाः
चक्रान्निस्सृतदीप्तिवर्धिततनू सौदर्शनी पातु नः॥१५॥

जसवाट वलेका तेजद्वारा दिनमा मणि झैं चम्किने सूर्य पनि धूवाँ जस्ता हुन्छन्,जसवाट विस्तृत तेजले अमृतै अमृतका मानौ मणि जस्ता चम्किने चन्द्रमा पनि विलाउछन्। सूयर्का किरणहरू चीसो पानी वन्दछन्,चन्द्रमावाट अमृत वर्षन्छन्,चक्रवाट निष्किएका प्रकाशले शरीर बढेको सुदर्शन सम्वन्धी ज्वालाले हामीलाई रक्षा गरुन् ॥१५॥

कासारे कमलं नगेऽम्बुपतनं सन्ध्यासु नागोम्बुभृत्
सिंधौ विद्रुमवत् वने किसलयो विज्ञानदृष्ट्याऽस्ति या ॥
दुष्टानां दमनाय वर्धितशिखा दीप्ताग्निवत्प्रोज्वला
श्रीविष्णोः करवर्तिचक्रनिभृता सौदर्शनी पातु नः ॥१६॥

जो विज्ञानका दृष्टिले जलाशयमा कमलफूल , पर्वतमा पानी वर्षा, सन्ध्यामा नागकेशर जस्तो पानी धारणगर्ने, समुद्रमा विद्रुम जस्तो, वनमा पाउला जस्तो छ। दुष्टहरूको दमन गर्नका लागि शिखा- वढाउने वलेको आगो जस्तो उज्वल वनी श्रीविष्णुको हातमा रहने, चक्रको कोमलता सुदर्शन सम्वन्धी ज्वालाले हामीलाई रक्षा गरुन् ॥१६॥

हे भानो ! तव नास्ति भाः, कुमुदिनीस्वामिन् ! कला किं गता !
हे तारा : ! कथमद्य लुप्तविभवाः विद्युत् ! गतिर्नास्ति ते ॥
हे वह्ने ! त्वमधीर एव विदितो ज्वालोद्गमादामुत
आहुर्देवसभासु विस्मययुताः सौदर्शनी पातु नः ॥१७॥

हे सूर्य ! तपाइँको प्रकास छैन त,हे कुमुदिनीस्वामिन् ! हे चन्द्र ! कला के हराइन् कता गइन् ! , हे ताराहरूहो ! कसरी आज वैभव नभएका भयौ, हे विजुली ! तपाईको गति छैन कि क्याहो चटपटाउनु हुन्न, हे अग्निदेव ! तपाइँ होसै नभएको जस्तो वुभिनु हुन्छ ,केहो !! आम् आम् !! तर्कद्वारा वुभियो, सुदर्शन ज्वालाको उदयवाट भएछ, देवसभामा आश्चर्यले युक्त भएका देवताहरू भन्दछन्। ती सुदर्शन सम्वन्धी ज्वालाले हामीलाई रक्षा गरुन् ॥१७॥

सिन्दूरं रिपुयोषितामविरतं हृत्वा हि सौदर्शनी
देवानामवलाक्षितप्तसलिलं पीत्वा च शान्ताऽभवत् ॥
विश्वं संभ्रमणं विधाय सततं धर्मस्य संरक्षणं

कृत्वा विष्णुमुपेत्य संस्थितवती सौदर्शनी पातु नः ॥१८॥
शत्रुहरूका स्त्रीहरूको स्थाई सिन्दूरलाई हरण गरेर देवस्त्रीहरूका आँखाको तातो पानीलाई पिएर सुदर्शनको ज्वाला शान्त भयो । विश्व भ्रमण वारम्वार गरेर धर्मको संरक्षण गरेर विष्णुलाई प्राप्तगरी वसेकी मोक्षदिने सुदर्शनसम्वन्धी ज्वालाले हामीलाई रक्षा गरुन् ॥१८॥

अत्युग्रे ननु देवदानवरणे दुर्हृत्समूहं समं
हत्वा प्रोज्वलिता प्रवर्तनपरा विद्युन्निभा सा प्रभा ॥
लोकानां हितकारिणी भगवती सौदर्शनी भामिनी
सत्यासत्यसुधर्मबोधनपरा मोक्षप्रदा पातु नः ॥१९॥

देवदानवहरूको अत्यन्तठूलो रणसङ्ग्राममा सम्पूर्ण शत्रुको समूहलाई मारेर प्रोज्वलित भई वढीरहने, विजुली जस्तो त्यो प्रभा लोकको हित गर्ने, छ प्रकारका ऐश्वर्यले युक्त भएर मन विचलित गराउने, सत्य र असत्य छुट्याएर सुधर्म बोध गराउने,मोक्षदिने सुदर्शनको ज्वालाले हामीलाई रक्षागरुन्॥१९॥

श्रीविष्णोः करवर्तिचक्रनिसृता संवर्धमाना प्रभा
जीवानां गतिरेव नित्यचलना वारादिवेलेव या ॥
आयान्ती प्रबलातिदूरमवरं शब्दायमाना सदा
भक्ताभीष्टफलं प्रदाय मम सा कुर्यात् सदा मङ्गलम् ॥२०॥

श्रीविष्णुको हातमा रहने चक्रवाट निष्किएर वढीरहेको प्रभाहुने, नित्य चञ्चल जीवहरूको गति नै हुने, वारादि वेला जस्तो प्रवल वनेर आउने, टाढा नजिक शब्दगर्ने, सधैं भक्तलाई इच्छा अनुसार फल दिएर ती सुदर्शन सम्वन्धी ज्वालाले सधैं मेरो मङ्गल गरुन् ॥२०॥

दैत्यानां भुजदण्डमर्दनपरा गीर्वाणसंहर्षिता

या दीप्तिः समुपास्यते मुनिजनैः काष्ठा यथा ज्वालिताः ॥
यस्याश्चञ्चलभाप्रभावविभवात् तारा विलीनप्रभाः
सौभाग्यं सुफलं प्रदाय खलु नः कुर्यात् सदा मङ्गलम् ॥२१॥

दैत्यहरूको भुजदण्ड मर्दन गर्न समर्थ, देवताहरूलाई खुशी गराउने जुन् दीप्ति मुनिजनहरूद्वारा उपासना गरिन्छ ,जसरी दशै दिशा उज्याला हुन्छन्। जसका चञ्चल प्रकासको प्रभाव सम्वन्धी वैभवद्वारा ताराहरू कान्ति न भएका हुन्छन्। त्यसै सुदर्शशनका ज्वालाले सौभाग्य सुफल प्रदान गरेर निश्चय हाम्रो सधैँ मङ्गल गरुन् ॥२१॥

चक्राभा भ्रमणेन दुष्टदमनी पीनार्चिसम्बर्धिनी
सूरीणां हृदयार्तिदोषशमनी कल्याणसंपादिनी ॥
सूर्याभा नयनप्रहारचपला सौदामनी मोहिनी
वैचित्र्या प्रभवा विनोदनकरी कुर्यात् सदा मङ्गलम् ॥२२॥

चक्रको ज्योति घुमेर दुष्टको दमनगर्ने, वाक्लो किरण फैलाउने, देवताहरूका हृदयको आर्तदोष नाश गरिदिने, कल्याण संपन्न गरिदिने, सूर्यको जस्तो प्रकाशले आँखालाई पनि तिरिमिरी गराइदिने, मानौं विजुली वनेर मोहित गराइरहेकी छन्। विचित्र किसिमले प्रकट भएर आनन्द फैलाउने सुदर्शन सम्वन्धी ज्वालाले सधैँ मङ्गल गरुन् ॥२२॥

चक्रान्निस्सृततेजसः प्रतिभवा माहेश्वराग्निप्रभा
प्रत्यावर्त्य समस्तशैवनगरीं काशीं प्रजज्वाल या ॥
कृत्याप्रेरितदुर्जनान् समघसत् भक्तान् ररक्षैव या
कुर्यात् सा कमलापतिप्रियकरी सौदर्शनी मङ्गलम् ॥२३॥

चक्रवाट निष्किएका तेजद्वारा अकस्मात् आएका काशीनरेशका गुरु महेश्वरद्वारा निकालिएको अग्नि- प्रभा आफैँ फर्किएर

समस्त शैवनगरी काशीलाई जसले जलाइदियो । कृत्याले प्रेरणा गरिएका दुर्जनहरूलाई मारीदियो ,साथै जसले भक्तहरूलाई रक्षा गऱ्यो । तिनै लक्ष्मीनारायणको प्रियकर्म गर्ने सुदर्शन सम्वन्धी ज्वालाले मङ्गल गरुन् ॥२३॥

ग्राहास्यात् गजपादमोचनकरी देवारिविध्वंसिनी
दुर्भावात् शिशुपालमर्दनकरी मायासनी भामिनी ॥
राहोर्मस्तककर्तनी दशदिशो द्योतस्य विस्तारिणी
नित्यं दिव्ययशस्करी सुखकरी शान्ताऽस्तु सौदर्शनी ॥२४॥

ग्राहको मुखवाट हातीको पाउलाई छुट्कारा दिलाउने, देवशत्रुलाईृ संहार गर्ने, दुर्भावना हुनाका कारणले शिशुपाललाई मर्दन गर्ने, मायाको आसन गरेर वस्ने, भाव विशेषले भुल्याउने, राहुको शिर काटिदिने, दशैदिशा ज्योति फैलाउने, सधैँ दिव्य यश फैलाउने, सुख गराउने ,सुदर्शन सम्वन्धी ज्वाला आनन्द दिने वनुन् ॥२४॥

यां ज्वालां भगवत्प्रियेषु सुखदां शान्तिप्रदां मोक्षदां
योगस्था मुनयो भजन्ति सततं वेदेषु संवर्णिताम् ॥
ध्यानात् शंकर एव शं वितरति ब्रह्माऽपि सत्ये स्थितः
इन्द्रः स्वर्गपतिर्बभूव कृपया सा नः सदा रक्षतु ॥२५॥

जुन ज्वालालाई भगवान्का प्रियजनहरूमा सुखदिने, शान्तिदिने, मोक्षदिने, वेदमा वर्णन गरिएकी हुन् भनी योगमा वसेका मुनिहरू वारवार भजन गर्दछन् । जसको ध्यानवाट नै शिव सुख वाँड्नुहुन्छ व्रह्मा पनि सत्यमा रहनु भएको छ । इन्द्र जसका कृपाले स्वर्गका राजा भए । ती ज्वालाले हामीलाई सधैँ रक्षा गरुन् ॥२५॥

दैवी शक्तिविवर्धनाय मनसि श्रीशार्थसंवोधिनी

चित्तस्थासुरभाववृत्तिदमनी स्वाचारसंवर्धिनी ॥
देवानामुपकारिणी सुखकरी दुष्टात्मसंहारिणी
लोकानां हितकारिणी भगवती नः पातु सौदर्शनी ॥२६॥

दैवी शक्ति वढाउनका लागि मनमा लक्ष्मीनारायण अर्थ बोध गराउने,मनमा रहेको असुरभाव वृत्तिलाई दमन गर्ने, आफ्नो सदाचारलाई वढाउने, देवताहरूको उपकार एवं सुख गर्ने, दुष्टहरूलाई संहार गर्ने, लोकको हित गर्ने,छ प्रकारका ऐश्वर्यले युक्त सुदर्शन सम्बन्धी ज्वालाले हामीहरूलाई रक्षा गरुन् ॥२६॥

दीनानां रुधिराशनाय निरतान् कापालिकान् दुर्जनान्
दुष्टाहारविहाररुष्टकुटिलान् पैशाचवृत्तौ स्थितान् ।
स्त्रीसम्पद्धनजीवनादिहरणे लग्नान् सदा राक्षसान्
हत्वा भस्म-यशस्विनी रविनिभा नः पातु सौदर्शनी ॥२७॥

दीनजनहरूको रगत खानलाई लागिपर्ने, खप्परको माला लगाउने, दुषित खाना खाने,,दुष्ट व्यवहार गर्ने, रीसाउने, कुटिलभाव हुने, पिशाचको वृत्तिमा रहने, परस्त्री, परसम्पत्ति, परजीवनलाई हरणगर्ने, काममा लागेका दुष्ट राक्षसहरूलाई मारेर खरानीको यशरूपी टीकाले,युक्त सूर्य जस्तो कान्ति हुने सुदर्शन सम्बन्धी ज्वालाले हामीहरूलाई रक्षा गरुन् ॥२७॥

दैत्यानां ज्वलनेन भस्मनिकरैराच्छादिता या धरा
भर्तुः प्राप्तवियोगनेत्रसलिलैरार्द्रांशुकैरावृता ॥
या भूमिर्ह्यचलाऽपि तापवशगा सा कम्पमानाऽभवत्
तादृक् शक्तिसमन्विता बलवती नः पातु सौदर्शनी ॥२८॥

दैत्यहरूको हुरहुर वल्नाले वनेका खरानीका समूहद्वारा जुन पृथिवी छोपिएकी थिइन् । स्वामीको वियोग जनित नेत्रवाट खसेका पनीले भिजेका वस्त्रहरूद्वारा ढाकिइन् । जुन् भूमि

अचला भए पनि तापवश तिनी कम्पमाना भइन्। त्यस्ता शक्तिले युक्त बलशालिनी सुदर्शन सम्बन्धी ज्वालाले हामीहरूलाई रक्षा गरुन् ॥२८॥

नेत्राग्निर्न शमेद्धि कामदहनो रुद्रोऽपि सैहासनः
दह्यान्नैव निवासदिव्यकमलं ब्रह्माऽपि यौगासनः ॥
वज्राग्निर्न भवेत् सुशीतलतनुः शक्रोऽपि वाज्रासनः
सा नः पातु सदैव यां च मुनयस्तुन्वन्ति सैद्धासनाः ॥२९॥

नेत्रको अग्नि न निभोस भनेर कामदेवलाई डढाउने रुद्र पनि सिंहासनमा वसेर जप गर्नहुन्छ। आफु वसेको दिव्य निवास कमल न डढोस भनेर ब्रह्मा पनि योगा- सनमा वसेर जप गर्नुहुन्छ। वज्रको आगो चीसो नहोस् भनेर इन्द्र पनि वज्रासनमा वसेर जप गर्नुहुन्छ। ऋषिमुनिहरू सधैँ सिद्धासनमा वसेर जसको स्तुति वन्दना गर्दछन्, ती सुदर्शनसम्बन्धी ज्वालाले हामीलाई रक्षा गरुन् ॥२९॥

नेमिवर्णनम्

या नेमिः परिवर्तनेन महती ज्वालासमुत्पादिनी
या नारायण-तल्प-भू-जल-निधेरावर्तसंचालिनी ॥
या धारा धगधग्ज्वलत्यविरलं विष्णोः करे वर्तिनी
सौभाग्यं वितनोतु सा वलवती सौदर्शनी भामिनी ॥३०॥

जुन चक्रको नेमि वरिपरि फिरिरी घुमेर आगाको भन्दा सहस्र गुणावढी ठूलो ज्वाला उत्पन्न गराउने हुन्छिन्। जुन् नेमिले नारायण-भगवान्को शय्या सम्बन्धी आधार समेत समुद्रको भुँवरीलाई संचालन गर्दछिन्। जुन् धारा विष्णुका हातमा रहदा निरन्तर धगधग् वल्दछिन। ती वलशालिनी सुदर्शन सम्बन्धी नेमिले हाम्रो सधैँ सौभाग्य फैलाइदिउन् ॥३०॥

यस्या रश्मिगतिप्रभावविभवात् तारा विलीनप्रभाः
यस्याः स्वैरगतिं समुद्रलहरी बोधेत् स्वयं चेष्टया ॥
शैलस्फोटरवोऽपि बोधयति यां "लोकेऽस्ति रौद्रंङ्करी"
सा दद्यात् वृजिनापहा शुभगतिं सौदर्शनी सर्वदा ॥३१॥

जस्का किरणका गतिले वढेको ऐश्वर्य शक्तिद्वारा तारा कान्ति न भएका वन्दछन्, जसको स्वच्छन्द गतिलाई समुद्रका लहरीले आफ्ना चेष्टाले बुझाउँदछ। पहाडमा ठोकिएर आएको शव्दले पनि जसलाई "लोकमा रुवाउँने डरलाग्दो शक्ति छ"भन्ने वुझाउदछ। त्यो पाप नाश गर्ने सुदर्शनसम्बँधी नेमिले हामी सवैलाई सधैँ शुभ गति दिउन् ॥३१॥

यस्या दीपितचेतनान्विततनोः शैलो द्रवो जायते
यस्या दीप्तिवशात् जलान्तरगतः पाशी सदा त्रस्यते ॥
या यात्रामवलम्वते दिवि जले भूमौ न सा रुध्यते
सौभाग्यं व्रतिने प्रदाय भुवने सौदर्शनी दीप्यते ॥३२॥

जसको वलेको चञ्चलताले युक्त शरीरका कारणवाट पहाड झोल वन्दछ। जसका तेजका कारण पानी भित्र वस्ने वरुण सधैँ डराउनु हुन्छ। जो जव हिड्नुहुन्छ आकासमा, भूमिमा , पानीमा कहीँ रोकिनुहुन्न। ती सुदर्शनसम्वन्धी नेमि व्रतगर्ने जनलाई सौभाग्य दिएर संसारमा चंकिनुहुन्छ ॥३२॥

यस्याः तापमुपेत्य सागरजलं श्वेतं भवच्छुष्यते
दैत्यस्त्रीनयनाश्रुविन्दुनिवहैः नीरं पुनः पूर्यते ॥
या पातालविलस्य गाढतिमिरं पीत्वा मणिं निष्प्रभं
कुर्यात् सा हरिहस्तवर्तिसुषमा सौदर्शनी पातु नः ॥३३॥

जसको ताप पाएर सागरको जल सेतो हुदै सुक्तछ। दैत्यस्त्रीहरूका आँसुको जलसमूह वगेर फेरि पानी भरिन्छ।

जो पाताल विलको गाढ अन्धकार पीएर प्रभा न भएको मणि वनाइदिनुहुन्छ,ती हरि भगवान्का हातमा वस्ने परमशोभा शालिनी सुदर्शनसम्वन्धी नेमिले हामीलाई रक्षा गरुन् ॥३३॥

या कृष्णस्य कराग्रवर्तिकिरणा शुक्राक्षितेजो हरा
शत्रुस्त्रीनयनाश्रुपातकुशला हेम्नः प्रभावान्विता ॥
चक्राभा सुरसैन्यघोषसहिता सौभग्यदा कान्तिदा
सा सर्वार्जितकिल्विषं हरतु नः सौदर्शनी सर्वदा ॥३४॥

जो कृष्णका हातको अग्रभागमा वस्ने किरणरूपा हुनुहुन्छ, शुक्रका आँखाको तेज नाश गर्ने हुनुहन्छ, शत्रुका श्रीमतीका आँखावाट आँसु खसाउन सीपालु, सुवर्ण जस्तै टल्किने ,चक्रको प्रभा सुरसैन्यको गर्जनाले सहित भएको कान्ति दिने हुनुहुन्छ , ती सुदर्शन सम्वन्धी नेमिले हाम्रा सम्पूर्ण अर्जित पापलाई नाश गरिदिउन् ॥३४॥

दुष्टानां दमने मनोगतियुतो योऽनन्तशक्तीश्वरः
चक्राकारनिभः प्रचण्डबलयुज्ज्वालाशरीरावृतः ॥
लक्ष्मीशस्य सुकीर्तिवर्धनकरः सन्तस्य संरक्षकः
भद्रोऽभद्रहरः प्रधिर्भवतु नो सौभाग्यसंवर्धकः ॥३५॥

दुष्टहरूको दमनगर्न मनको गतिले दौडिने,जो अनन्तशक्तिको मालिक वनेको छ, चक्रको आकारतुल्य प्रचण्ड वलले युक्त ज्वालारूपी शरीरले ढाकिएको ,लक्ष्मीनारायणको सुकीर्ति वढाउने, सन्तको संरक्षक, अभद्रको हरण गर्ने प्रधि(नेमि) हाम्रो सौभाग्य वढाउने वनुन् ॥३५॥

दैत्यास्थित्रुटितेन निर्गतजले स्नानेन जिह्वानलः
दीनोत्पीडनलग्नदुष्टसमिधं भस्मीकरोत्येव यः ॥
यं दृष्ट्वा दिवि देव-सिद्धमुनयः सौभाग्यसंवृद्धये

कुर्वन्त्येव सुकामनां प्रतिदिनं कुर्यात् स नो मङ्गलम् ॥३६॥
दैत्यको हड्डी फोर्दा निष्किएका जलमा स्नान गर्नाले जिह्वा रूपी जोआगो छ,त्यसले दीनजनलाइ पीडागर्ने काममा संलग्न दुर्जनरूपी समिधालाई खरानी नै वनाइदिन्छ,जसलाई देखेर स्वर्गमादेवता सिद्धमुनिहरू सौभाग्य संवृद्धिका लागि शुभकामना व्यक्त गर्दछन्। ती सुदर्शन सम्वन्धी नेमिले हाम्रो प्रतिदिन मङ्गल गरुन् ॥३६॥

यः पान्थस्य मरौ जलं सुमधुरं निःस्वस्य हैमं धनं
जन्मान्धस्य सुदृक् च निर्गतपदः पादौ महानन्ददौ ॥
भक्तानां परमप्रियो हि भगवान्, कृष्णस्य चक्रं यथा
संपूर्णां जडतां प्रधिर्हरतु नः कुर्यात् सदा मङ्गलम् ॥३७॥

जो वटुवाको मरुभूमिमा मीठो जल हुन्छ , निर्धनीको स्वर्णमय धन हुन्छ, जन्मान्धको राम्रा आँखा, पाउ नहुनेको आनन्ददायक पाउ, भक्तहरूका परमप्रिय, भगवान् कृष्णको चक्र जस्तो हुनुहुन्छ,त्यस प्रधि(नेमि)ले हाम्रा सम्पूर्ण जडतालाई नाश गरुन् र हामीलाई सधैं मङ्गल गरुन् ॥३७॥

या विश्वं विदधाति शान्तिसुखदं कामांश्च पूर्णान् शुभान्
दीप्तं कामहनं शिवस्य नयनं हीनप्रभं याऽकरोत् ॥
अग्निर्हीननिभः कलानिधिरपि स्थातुं समर्थो न हि
सैश्वर्यं वितनोतु जीवसुखदं सर्वेषु नेमिः सदा ॥३८॥

जो विश्वलाई शान्ति र सुख वनाइदिनुहुन्छ। शुभकामनालाइ पूरा गरिदिनुहुन्छ। जसले कामदेव भस्म गराउने शिवको आँखोलाई प्रभाले हीन वनाइदिनुभयो। जसका प्रतापले अग्नि प्रभा हीन र कलाका खानी चन्द्रमा पनि रहन असमर्थ हुनुभयो। चक्रको नेमिले सवैमा सुखदिने ऐश्वर्य विस्तार गरिदिउन् ॥३८॥

यस्या ऋक्षविशेषभूतिनिवहैर्व्याप्तं नभो मण्डलं
तत्तापोद्गतमेघपंक्तिभिरिदं सर्वं सुकृष्णीकृतम् ॥
यस्या वेगजवायुना तरुलता सर्वाः समुत्पाटिताः
तद्वत्सा प्रणुदेत पापनिकरं कुर्याच्च नो मङ्गलम् ॥३९॥

जसको तारा विशेष ज्योतिको समूहले आकाश मण्डल व्याप्त छ,जसका तापवाट प्रादुर्भाव भएका मेघपङ्क्तिहरूले आकाश कालो वनिएको छ। जसका वेगवाट प्रकट भएका वायुले वृक्षलहराहरू सवै उखेलिएका छन्। त्यस्तै नेमिले हाम्रा पापका थुप्राहरू उखेलेर फ्याकी दिउन् र हामीलाई मङ्गल गरुन् ॥३९॥

नाट्याकाशविचित्रमेघवसनं सङ्गृह्य दिव्यो नटः
तारारूपमसंख्यपुष्पविसरं प्रच्छाद्य यो नृत्यति ॥
दैत्यानां तनुकन्दुकं विरचयन् लोकांश्च विस्मापयन्
आयुष्यं तनयन् सुदर्शनतनुः कुर्यात् प्रधिर्नो सुखम् ॥४०॥

नाट्य शालारूपी आकाशमा विचित्र मेघरूपी वस्त्र पहिरिएर सुन्दर नटुवा वनेर ताराररूप प्रसस्त फूलले नाचने ठाउँ ढाकेर जो नाच्तछ। दैत्यहरूको शरीरलाई भकुण्डो वनाएर गुड्काउदै जनतालाई चक्कित पार्दै सुदर्शनको शरीर हुने प्रधि(नेमि)ले हाम्रो आयु वढाउँदै सुखी जीवन वनाइदिउन् ॥४०॥

दारिद्र्यं विनिवार्य पूर्णविभवां विस्तारयन्ती विभा
गर्जन्ती विनिहत्य दुष्टदनुजान् विद्युन्निभार्चिप्रभा ॥
दुर्हृद्स्त्रीनयनाम्बुवर्षणकरी कादम्बिनीवद् विभा
विष्णोर्मोदकरान् करोतु दयितान् सौदर्शनी नः सदा ॥४१॥

दरिद्रभाव हटाएर पूर्ण शक्ति ऐश्वर्य फैलाउने, विशिष्ट ज्योति हुने, दुष्ट दैत्यहरूलाई मारेर गर्जनागर्ने, विजुलीको जस्तो

किरणको प्रभा हुने शत्रुका स्त्रीहरूका आँखावाट पानी वर्षाउने मेघमाला जस्तो कान्ति शोभाले युक्त सुदर्शन सम्बन्धी नेमिले भगवान् विष्णुका आनन्द गराउने प्याराभक्त हामीलाई वनाइदिउन् ॥४१॥

ब्रह्मानन्तसुरेश्वरप्रभृतिभिर्गीतैः स्वरैर्गुञ्जिते
प्रख्यातास्त्रवियोगसंबलयुते संग्रामयज्ञे कृते ॥
कृत्वा दानव-वस्त-शीर्षहवनं देवेभ्य ऐश्वर्यदः
श्रीविष्णोश्चरणाश्रितान् सनियमान् कुर्यात् प्रधिर्मङ्गलम् ॥४२॥

ब्रह्मा, अनन्त, इन्द्र आदि देवताहरूले ,गाइएका स्वरहरूद्वारा गुञ्जायमान भएका, प्रख्यात अस्त्र प्रयोग गरिने वलले युक्त, संग्राम यज्ञ गर्दा दानवरूपी वोकाको टाउको हवन गरेर देवताहरूलाई ऐश्वर्य दिने प्रधि(नेमि)ले श्रीविष्णुका चरणमा आश्रित नियम पालन गर्ने जनहरूलाई मङ्गल गरुन् ॥४२॥

अरवर्णनम्

मार्गध्वान्तविनाशकोज्वलयुतं दीप्तं तनुं सोल्मुकं
दुष्टानां दमनाय शीघ्रगतिकं ज्योतिर्मयं शाश्वतम् ॥
चक्रारं भवजालकर्तनपरं शीतारितापप्रदं
श्रीविष्णोः करवर्तिचक्रविभवं सौदर्शनं रक्षतु ॥४३॥

मार्गको अन्धकार नाशगर्न वनेकोउज्वलताले युक्त हुने, झरिलो हुरहुर वल्दै गर्ने शरीर भएको ,दुष्टहरूको दमन गर्नका लागि शीघ्र गति लिने, ज्योतिर्मय सधैँ स्थिरहने संसाररूपी मायाको जाललाई काट्ने, शीतको विरोधी ताप प्रदान गर्ने श्रीविष्णुको हातमा रहने दिव्य वैभव हुने सुदर्शन सम्बन्धी चक्रको अरले रक्षा गरुन् ॥४३॥

दैत्यानां रुधिराम्बुधौ समुदितं विष्णोः करे संस्थितं

ज्वालामालसमूहपुष्पमुकुलं जाम्बूनदाभूषणम् ॥
दीप्तौर्वं ननु रत्नमौक्तिकमयं संदीप्तदीपावलिं
चक्रारं वितनोतु शान्तममृतं सौदर्शनं नः सदा ॥४४॥
दैत्यहरूको रक्तरूपी समुद्रमा झुल्केको,विष्णुका हातमा वसेको, ज्वालाको रास(थुप्रो)को रूपलिने पुष्पको कोपिला भएको, सुनको आभूषण भएको, मानौँ वलेको वडवानल जस्तो ,रत्न मोतीको थुप्रो ,वलेका दीपहरूको वाटुलो समूहरूपी सुदर्शन चक्रको अरले हामीलाई सधैँ शान्त र अमर वनाइदिउन् ॥४४॥
ज्वालाजालविलोलभूपरिवृतं शैषं मणीवोज्ज्वलं
ब्रह्मेशादिनिवासमापकमहत्सीमान्तकं प्रोज्ज्वलम् ॥
सन्तानां हृदयारविन्दविकसद् ज्ञानप्रदं तैजसं
चक्रारं वितनोतु कर्मसफलं ज्ञानं च नो निर्मलम् ॥४५॥
ज्वालाका जालको हल्लिने समूहले पृथिवी ढाकेको, शेष भगवान्का शिरमा रहने मणिजस्तो उज्यालो, ब्रह्मा,शिव आदि देवताको निवासलाई नाप्न सक्ने, महत्तत्त्वको अन्तिम सीमा सम्म उज्यालो गराउन सक्ने, सन्तहरूको हृदयकमललाई फक्र्याउने, ज्ञानदिने, तेजयुक्त चक्रको अरले हामीलाई कार्यमा सफल गराउने निर्मल ज्ञान विस्तार गरिदिउन् ॥४५॥
सेनानीन् दनुजान् पलायनपरान् निर्मन्थनात् संसृजा
तेनैवं रुधिरेण सिञ्चितमुखात् प्रादुर्भवं पुष्करम् ॥
तद्वत् संज्वलिताग्निहेतिरुचिरं दिव्यं जगन्मोहनं
चक्रारं वितनोतु शान्तिमतुलां ज्ञानं च नो निर्मलम् ॥४६॥
भाग्न लागेका दैत्यसेनानीहरूलाई मन्थन गर्नाले उत्पन्न भएका एवं त्यस रगतले सिञ्चित मुखवाट उत्पन्न पोखरी जस्तो हुने, त्यस्तै वालेका अग्निको शिखा जस्तो सुन्दर दिव्य

विश्वलाई मोहित गराउने चक्रको अरले हामीलाई तुलना गर्न नसकिने शान्ति र निर्मल ज्ञान विस्तार गरिदिउन् ॥४६॥

कूपारे वडवानलार्चिसदृशा दावाग्नितुल्यप्रभा
प्रातः कालिकसूर्यकान्तिरिव या दैत्येन्द्रतेजोहरा ॥
साधूनां सुखदा द्विषां च भयदा विष्णोः करे शोभिता
सा शक्तिर्हि सुदर्शनारपरिषद् विघ्नात् सदा पातु वः ॥४७॥

समुद्रमा जल भित्रका आगाको ज्वाला जस्तो,वनडढेलाको ज्वालाजस्तो, प्रातः कालिक सूर्यको कान्ति जस्तो, जो दैत्येन्द्रको तेज नाश गर्ने,साधुहरूलाई सुख दिने,शत्रुलाई भय दिने,विष्णुका हातमा शोभायमान भएर रहने, सुदर्शनको त्यो अरपरिषद् शक्तिले तपाँईहरू सवैलाई सधैं विघ्नवाट रक्षा गरुन् ॥४७॥

त्रैलोक्यं परितः प्रबोधितशिखा मालेब संवेष्टिता
ज्वालालोलयुता प्रभाकरसमा दीपस्य वीथीनिभा ॥
छत्रे संरचिता सुझल्लरमयी नक्षत्रशोभेव या
लक्ष्मीनाथसुदर्शनारपरिषद् सा रक्षिका नो भवेत् ॥४८॥

चारैतिरवाट तीनैलोकलाई व्युँझाउने शिखा भएको, माला झैं वेरिएको,ज्वालाको चञ्चलताले युक्त- भएको सूर्य झैं दीपको श्रेणीजस्तो,छातामा राम्ररी रचिएका झल्लरै झल्लर जस्तो जो नक्षत्रको शोभा जस्ता ती लक्ष्मीनारायण भगवान्का सुदर्शन सम्वन्धी अरपरिषद् हामी सवैका रक्षक होउन् ॥४८॥

हेमस्तम्भसमानसुन्दरतमा ज्वालेव हारावलिः
नूनं वीरजयाप्तदीप्तविभवा सम्मानशोभावलिः ॥
या चक्रारसमूहदिव्यसुषमा मालेव चन्द्रावलिः
साऽऽनन्दाश्रयमातनोतु सततं श्रीधामशान्त्यावलिः ॥४९॥

सुनको खम्वा समान सुन्दरतम हारको पङ्क्ति मानौँ ज्वाला जस्तो, मानौँ वीरहरूलाई जितेर प्राप्त वलेको हिरण्य जस्तो, सम्मान शोभाको घेरा भएको जो चक्रका अरसमूहको दिव्य परम शोभाशाली चन्द्रको समूहरूपी फूलले वनेको माला जस्तो चक्रको अरपरिषद्ले श्रीनिवास भगवान्को दिव्यधाम शान्तिको समूहरूप निरन्तर आनन्दाश्रय फैलाईदिउन् ॥४९॥

लोकालोक-नगाप्तदीप्तकिरणाः संग्रामरात्र्यन्तिका
अज्ञानान्धविनाशनाय रचिताः पूजासु दीपा इव ॥
याश्चक्राश्मकषे कषायितबला उद्दीप्तलेखोज्वलाः
ताः सौम्यं नवजीवनं ददतु नः सौदर्शनारालयः ॥५०॥

लोकालोक पर्वतमा पुगेर वल्ने किरण भएका, रणसंग्रामलाई अन्त्यगराउने, अज्ञानरूपी अन्धकारलाई विनाश गर्न रचिएका पूजामा दीपहरू जस्ता,जो चक्रढुङ्गाको कषीमा घोटिएर वल वढेर हुरहुर वलेका ज्वालाले उज्वल वनेकाती सुदर्शन सम्वन्धी अरसमूहले हामीलाई सुन्दर नवजीवन प्रदान गरुन् ॥५०॥

विष्णोर्देहसमुद्रजन्मनिलयं दोर्दण्डनालोद्भवं
ज्वाला-नेम्यर-नाभिकेसरमयं पत्रात्मकं वर्तुलम् ॥
लक्ष्मीनाथरसेन पूर्णममलं यत्पद्ममत्यद्भुतं
तस्याराणि मनोरमां ददतु नो लक्ष्मीं सुरैर्वाञ्छिताम् ॥५१॥

विष्णुको शरीररूपी समुद्र जन्मघर भएको,हातको वाहुरूपी नालमा प्रकट भएको,ज्वाला नेमि,अर,नाभिरूपी केसरमय पत्रै पत्र भएको वाटुलो, लक्ष्मीनारायणका रसले पूर्ण निर्मल भएको जो अद्भुत् कमल फूलछ। त्यसका अरहरूले मनरमाउने देवताहरूले चाहेको सम्पत्ती हामीलाई प्रदान गरुन् ॥५१॥

ज्योतिर्जाल-सलील-निर्मलजला द्वौ नेमिनाभी तटा

या चक्रारनवा मनोगतियुता वीचिर्नदीनां यथा ॥
शं कर्तुं धृत-शीत-तापनिवहा बन्धूकशोभान्विता
सा सौभाग्यसुखानि नो विदधतां सौदर्शनी सर्वदा ॥५२॥

ज्योतिको जालरूपी पानीले निर्मल भएको, दुई नेमि र नाभि किनार भएको, जो चक्रसम्बन्धी अर तरङ्ग भएको, मनको गति भएको ,नदीको भुँवरी जस्तो छ। सुखशान्ति गर्न शीत र तापको समूहलाई पनि धारणगर्ने, बन्धूकफूलको शोभायुक्त जो सुदर्शन सम्बन्धी अरले हामीलाई सधैँ सौभाग्य र सुखहरू प्रदान गरुन् ॥५२॥

मासानां रवितुल्यदीप्तिसहितां दैत्येन्द्रमानापहा-
मन्यायस्य विनाशकारणपरां सन्न्यायदां शान्तिदाम् ॥
लक्ष्मीनाथमनस्समानगतिकां भक्तस्य यां रक्षिकाम्
वन्दे तां कलिवैरिणीं सुखकरीं चक्रस्य नाभिं सदा ॥५३॥

महिनाहरूका सूर्यसमान फरक फरक प्रकाशले सहित भएका, दैत्यका राजाहरूको मानलाई नाशगर्ने, अन्यायको विनाशगर्न तल्लीन हुने, सत्य न्यायदिने, शान्तिदिने, लक्ष्मीनारायणको मन समान शीघ्र गति हुने, जो चक्रको नाभि छ ती सधैँ कलियुगका वैरी हुन् र भक्तको सुख र संरक्षण गर्ने पनि हुन् , यी चक्रका नाभिलाई वन्दना गर्दछु ॥५३॥

विश्वस्तेषु सुशीलवत्सु तरुषु ज्योत्स्नेव या पुष्टिदा
लक्ष्मीनाथ-मनोज-पुष्पसरसा चक्रेशनाभिर्हि सा ॥
शत्रूणां रथवाजिसैन्यनिवहान् हत्वान्धकारावहान्
दिव्यान् नो वितनोतु भोगविभवाञ्श्रीधामशर्मान्वितान् ॥५४॥

विश्वास गर्ने जनहरूमा, सुशीलवान् जनहरूमा, वृक्षहरूमा, चन्द्रमाको कौमुदीले झैँ जो पुष्टि दिने, लक्ष्मीनाथका मनवाट

जन्मेको पुष्प र मिठास भएको सुदर्शन सम्वन्धी नाभि छ,सुदर्शन सम्बन्धी नाभिले शत्रूहरूको रथ, घोडा, सैन्य समूहलाई अन्धकार फैलाउने सवैलाई नाश गरेर दिव्य उपभोग गर्ने धन श्रीधाम सुखले युक्त आनन्द मोक्ष हामीलाई दिलाइदिउन् ॥५४॥

या ज्वालानलदिव्यदीप्तसुतनू लब्ध्वा महत्संगरं
या देवासुरभीषणं चटचटं शब्दं करोत्युल्वणम् ॥
या दैत्येश-वनानि संदहति या शुद्धा सुशोभान्विता
सा नाभिर्वितनोतु शान्तिमतुलां सौदर्शनी नः सदा ॥५५॥

जो ज्वाला नै अग्निको दिव्य हुरहुर भएको शरीर हुने, ठूलो लढाँई पाएर जो देवता र असुरको डरलाग्दो चटचटगर्ने स्पष्ट शब्द गर्दछ। जो वलशाली दैत्यरूपी वनजङ्गललाई डढाइदिन्छ ,जो शुद्ध रम्य शोभाले युक्त छ, सुदर्शन सम्वन्धी ती नाभिले हाम्रा लागि सधैं तुलना गर्न नसकिने शान्ति विस्तार गरिदिउन् ॥५५॥

दैत्यानां तनुकर्तनेन विगलद्रक्तोज्वलाभेव या
ताराः कान्तियुता भवन्ति रुचिरा यस्याः प्रभावात् सदा ॥
देवानां वनितामुखैः प्रमुदितैः रात्रीं सुशोभान्वितां
या नाभिः प्रकरोतु शान्तिमतुलां सर्वत्र देशेषु सा ॥५६॥

जो दैत्यहरूको शरीर काटनाले निक्लिएका रगत सम्वन्धी ज्वालाको कान्ति जस्तो छ। जसका प्रभावले सधैं ताराहरू मनपर्ने कान्तिले युक्त हुन्छन्। जुन नाभिले हँसिला देवस्त्रीहरूका मुखद्वारा रात्रीलाई शोभासम्पन्न वनाउँदछिन्। ती सुदर्शन सम्वन्धी नाभिले सम्पूर्ण देशमा अतुलनीय शान्ति विस्तार गरिदिउन् ॥५६॥

आशातीरयुते विपक्षकमले दस्युभ्रमे सागरे
या विष्णोः करमूलनिस्सृतझरा सम्यक्प्रविष्टान्तरम् ॥
ब्रह्माण्डे खलु नास्त्यसंभवमहो ! सर्वत्र यस्या गतिः
सा नाभिः प्रकरोतु नोऽनवरतं दीर्घायुषं जीवनम् ॥५७॥

विष्णुका हातरूपी मुहानवाट निष्किएको झरनास्वरूप नाभि= आशाका किनार भएको, विपक्षमा कमलहुने,चोरडाका जस्ता खरावी चाहिँ भुँमरी भएको समुद्र भित्र कुनाकुनामा प्रवेश गरेको छ। आश्चर्यको कुरा छ, ब्रह्माण्डमा असम्भव केही छैन। जसको सर्वत्र गति छ। ती सुदर्शनसम्वन्धी नाभिले निरन्तर हाम्रो जीवनलाई दीर्घ आयु भएको वनाइदिउन, ॥५७॥

युद्धे शत्रुपराजयेन मुदिता विष्णोः करे संस्थिता
वासार्थं निलयं विनिर्मितवती स्वास्रारुणैः शोभिता ॥
सर्वत्र श्रमवारणाय विहिता सेनेव या निश्चला
सा नाभिर्विदधातु कर्मकुशलं सौदर्शनी नः सदा ॥५८॥

युद्धमा शत्रुलाई जित्नेकाम हुनाले प्रसन्न भई, विष्णुका हतमा वसेका, वास वस्नकालागि निवास घर निर्माण गर्ने, आफ्ना हतियारको लालिमाले शोभायमान हुने,सर्वत्र श्रम रोक्न वनाइएको निश्चल सेना जस्तै जो सुदर्शनसम्वन्धी नाभि छ, त्यसले हामीलाई सधैं कार्यमा कुशल वनाइदिउन् ॥५८॥

यासामोष्ठ-कपोल-तालु-रसनाः शुष्यन्ति फेना इव
सिच्यन्ते पुनरेव तापविभवादस्त्रेशनाभेः सदा ॥
भूपानामवलाः प्रमुग्धहृदया ध्यायन्ति शंसन्ति यां
सा वो नो प्रददातु शान्तिमतुलां सौदर्शनी सर्वदा ॥५९॥

जसका ओठ, गाला,निधार,जीव्रो यी फिँज सुके झैं सुक्तछन् , फेरि ती सवै अस्त्रराज सुदर्शनचक्रका प्रताप ऐश्वर्य द्वारा सधैं

चीसा हुन्छन् । राजाहरूका स्त्रीहरू मुक्तकण्ठले जसलाई ध्यान गर्दछन् र प्रशंसा पनि गर्दछन् । त्यस सुदर्शनसम्वन्धी नाभिले तपाइँ हामी सवैलाई सधैं तुलना गर्न न सकिने शान्ति दिउन् ॥५९॥

या माया मधुकैटभादिदमनी या विश्वसंमोहिनी
या पद्मोन्मदनाशिनी गगनगा जीवात्मनः स्वामिनी ॥
या व्याप्त्या ननु विश्वमापनकरी व्रह्माण्डसञ्चालिनी
सा नो सोमसमं ददातु सुधनं सौदर्शनी मालिनी ॥६०॥

जुन सुदर्शन सम्वन्धी मायाले मधुकैटभ आदि दैत्यहरूलाई दमन गऱ्यो, जसले संसारलाई मोहित पाऱ्यो, जसले कमलफूलको उन्मादलाई नाश गरेकोछ, जो आकाशमा हिड्दछ, सम्पूर्ण जीवहरूको मालिक छ, जसका व्याप्तिले विश्वलाई नाप्न सक्तछ, व्रह्माण्डलाई सञ्चालन गर्दछ, त्यो सुदर्शन सम्वन्धी मालाको स्वरूपले हामी सवैलाई कुवेर वरावर सुधन प्रदान गरुन् ॥६०॥

या नाभीन्द्रियनेम्यरा सुकिरणा विद्या पराद्यान्विता
विष्णोर्वक्षसि संस्थिताऽमृतकरी पद्मेव या प्राञ्जला ॥
दुर्गेवोग्रवला त्रिशक्तिसहिता पञ्चोग्रपापापहा
सा शक्तिर्वितनोतु शान्तिमतुलां सौदर्शनी नः सदा ॥६१॥

जो नाभि, इन्द्रिय, नेमि, अर अङ्गहुने , असल किरण हुने, विद्या स्वरूप हुने, र सवभन्दा पर रहने आद्या स्वरूपा शक्ति हुने, विष्णुभगवान्का छातीमा वस्ने, अमृत पैदागराउने, कमल जस्तै शुद्ध, दुर्गाभवानी जस्तै उग्रवल हुने, आदिदैविक, आदिभौतिक, आध्यात्मिक त्रिशक्तिहुने,पञ्च उग्रपाप(मदिरापान, व्रह्महत्या, परधन अपहरण ,परस्त्री गमन, र विश्वासघात)

नाश गर्ने, ती सुदर्शन सम्बन्धी शक्तिले हामी सवैलाई अतुलनीयशान्ति प्रदान गरुन् ॥६१॥

या वाणासुरवाहुकृन्तनपरा याऽनन्ततेजोहरा
या शाल्वस्य विदूरथस्य रुधिरैदौर्गन्ध्यसंवर्धिका ॥
देवस्त्रीकरनिस्सृतैश्च कुसुमैः सौगन्ध्यसंपादिका
सा नाभिः दुरितानि संहरतु नः सौदर्शनी मालिका ॥६२॥

जो वाणासुरका हात काट्ने, जो अनन्त तेजलाई नाश गर्ने,जो शाल्वको विदूरथको रगतले दुर्गन्ध फैलाउने, देवनारीहरूका हातवाट निष्किएका फूलहरूका माध्यमवाट सुगन्ध सम्पादन गराउने, त्यो सुदर्शनसम्वन्धी मालारूप वनेको नाभिले हामीले गरेका सवै पापहरू संहार गरिदिउन् ॥६२॥

श्रीविष्णोश्चरणौ समाश्रितवतां रामानुजानां हृदि
स्थित्वा या कृतकर्मजन्यदुरितं हत्वा मनः सिञ्चति ॥
सम्पत्पुत्रकलत्रभोगविपिने सन्नष्टमार्गं नरं
सानन्दं हरिधाम सा भगवती सौदर्शनी प्रापयेत् ॥ ॥६३॥

श्रीविष्णुका चरणमा समाश्रित रामानुजगुरुमतानुसार व्रतलिने जनहरूका हृदयमा जो वसेर गरेका कर्मजन्य पापहरूलाई मारेर मनलाई पखालेर उर्वरा वनाइदिन्छ। सम्पत्ति,पुत्र, पत्नी सम्वन्धी उपभोगरूपी जङ्गलमा वाटो विराएका मानिसलाई तिनै सुदर्शन सम्वन्धी भगवतीले आनन्दले सहित भएको हरिधाममा पुऱ्याइदिउन् ॥६३॥

अक्षवर्णनम्

यैः क्रीडन्ति सुरेशदैत्यवनिताः संस्थापयन्त्यः पणं
श्रुत्वाऽक्षं ननु तत्र शब्दकटुकं खिद्यन्ति दैत्यस्त्रियः ॥
मोदन्ते दिवि देवमातर इतश्चक्राक्षतप्तांशुभि-

वाञ्छां स्वानुचितां विनाश्य सततं सौदर्शनः पातु नः ॥६४॥
जुन् अक्षद्वारा देवस्त्रीहरू र दैत्यस्त्रीहरू पण राखेर खेल खेल्दछन् । त्यहाँ खेलमा कान खाने अक्षशब्द सुनेर दैत्यस्त्रीहरू खिन्न हुन्छन् । एतापटि अक्षको तेजद्वारा स्वर्गमा देवमाताहरू खुशी हुन्छन् । सुदर्शन अक्षले हाम्रा अनुचित इच्छालाई नाश गरेर हामीलाई निरन्तर रक्षा गरुन् ॥६४॥

संग्रामे तृषिताः पिवन्ति रुधिरं स्मृत्वा जलं पक्षिणो
वृक्षास्तत्र सदानवाः परिजनाः शाखाः प्रशाखा नराः ॥
यस्याऽवेगमुपेत्य वज्रसदृशं नष्टा अभूवन् क्षणा-
देषोऽक्षःसुतनुःसदैव जनताः सौदर्शनो रक्षतु ॥६५॥

सङ्ग्राम भएका ठाउँमा तिर्खाएका पक्षीहरू,वृक्षहरू,दानवले सहित सेवकजनहरू, शाखाप्रशाखाहरू र मानिसहरू रगतलाई पानी संभेर पिउँदछन् । जसको वेग पाएर वज्र जस्ता वलिया वस्तु पनि तुरुन्तै नाश भए । त्यो राम्रो शरीर भएको सुदर्शन सम्वन्धी अक्षले जनताहरूलाई रक्षा गरुन् ॥६५॥

दैवीशक्तिविवृद्धये सुरगणैः संग्रामयज्ञः कृतो
यस्मिन् चक्रमभूत् सुमण्डपमिदं हव्यं द्विषद्दानवाः ॥
सुग्नेमिर्ननु नाभिकुण्डमनिलादक्षः प्रदीप्तानलो
होता केशवमानसं समभवत् सौदर्शनः पातु नः ॥६६॥

दैवी शक्ति वढाउन देवगणहरूले संग्राम नाम भएको यज्ञ गरे । जस्मा यज्ञमण्डप चक्र हुनुभयो । होमगर्ने चरु वैरभाव-राख्ने दैत्यदानवहरू भए । सूरो नेमि,नाभि कुण्ड,वलेको आगो अक्ष हुनुभो, घिउ हवन गर्ने होता केशवभगवान्को मन हुनगयो । सुदर्शनसम्वन्धी अक्षले हामी सवैलाई रक्षा गरुन् ॥६६॥

द्वेष्योन्मत्तगजेषु खेलनरते श्रीकृष्णहस्तस्थिते

मुक्ताविन्दुनिपातसुन्दरतमा भूमिः सुसन्दृश्यते ॥
यस्मिन् शीघ्रगतिं विलोक्य विबुधा मुह्यन्ति ब्रह्मादयः
वन्द्यो दिव्यसुदर्शनाक्षपुरुषः: सम्बर्धतां नो यशः ॥६७॥

वैरभाव राख्ने हातीहरूका माझमा खेल्न तल्लीन हुदा कृष्णका हातमा आएका वेला मोतीका विन्दु खस्नाले अति सुन्दरतमा भूमि देखिनुहुन्छ। जसमा शीघ्रगति देखेर व्रह्मा आदि देवतारू मोहित हुन्छन्। ती वन्दना गर्न लायक सुदर्शन सम्वन्धी अक्ष पुरुषले तपाई हामी सवैको यश वढाइदिउन् ॥६७॥

चक्रवर्णनम्

श्रीकृष्णस्य सुवाहुना धृतमिदं श्रीपद्मरागं यथा
सम्पर्कात् शशिनो सुशीतफलदं सूर्यस्य तापप्रदम् ॥
दुष्टानां हतकं सतां च सततं संरक्षणे तत्परं
तत्सौदर्शनचक्रममृतकरं पायाच्च नो जीवनम् ॥६८॥

श्रीकृष्णका दाहिने हातले धारण गरिएको यो अक्ष श्रीपद्मरागमणि जस्तो सम्पर्कद्वारा चन्द्रमाको चीसो फल दिने, सम्पर्कद्वारा सूर्यको ताप प्रदान गर्ने, दुष्टहरूको नाश गर्ने, सज्जनहरूको संरक्षणमा तत्पर रहने, अमृत वनाउने ती सुदर्शन सम्वन्धी चक्रले हाम्रो जीवनलाई रक्षा गरुन् ॥६८॥

वाराहे ननु दन्तरूपमभवत् नाखं नृसिंहे पुनः
श्रीरामे शरचापमेव, परशुं श्रीजामदग्न्यस्य च ॥
विष्णुर्यद् ग्रहणं करोति करयो रक्षार्थशस्त्रं नवं
चक्रास्त्रं ननु दिव्यशक्तिसहितं संपातु नो जीवनम् ॥६९॥

त्यो सुदर्शनचक्र सम्वन्धी अस्त्र मानौ वराह अवतारमा दात, नृसिंह अवतारमा नङ्ग्रा, श्रीराम अवतारमा धनुष्काण, श्रीपरशुरामजीको अवतारमा वञ्चरो हुनुभयो, विष्णुले अवतारै

पिच्छे रक्षा गर्न नयाँ हतियार लिनुभयो , त्यही असंख्य शक्तिले सहित चक्रसम्वन्धी अस्त्र हो। ती सुदर्शन सम्बन्धी अस्त्रले हाम्रो जीवनलाई रक्षागरुन् ॥६९॥

भक्तानां हृदये सरोजममलं संकाशितं फुल्लितं
नित्यं दीप्तिमुपेत्य चेतनजगत् संजीवितं वर्धितम् ॥
यस्माल्लब्धनिभा रवीन्दुशुचयः सम्मानवन्तोऽभुवन्
तच्चक्रं ग्रहजन्यदोषहतकं कुर्याच्च नो मङ्गलम् ॥७०॥

भक्तहरूका मनमा निर्मल कमलफूल वनी फक्रिने,फूलने,जसवाट नित्य दीप्ति पाएर चेतन जगत् संजीवित भयो र वढ्यो पनि, जसवाट प्राप्त तेजद्वारा सूर्य, चन्द्र र अग्नि सम्मानित भए। ग्रहले जनाउने दोषलाई नाश गर्ने ती सुदर्शनचक्रले हामीलाई मङ्गल गरुन् ॥७०॥

साहस्राणि सरोरुहाणि विधिवत् सम्पाद्य लक्ष्म्या सह
रुद्रं पूजयितुं सरोजनयनो भक्त्याऽभवत्तत्परः ॥
एकं न्यूनमभूत् तथा विधिकृते तत्रार्पयल्लोचनम्
तुष्टेनार्पितशूलशक्तिसहितं चक्रं सदा पातु नः ॥७१॥

एक समयमा लक्ष्मीका साथ कमलनयन भगवान् भक्तिले ओतःप्रोत वनी हज्जार कमलफूलहरू भेलागरेर शिवजीको पूजागर्न तत्पर हुनुभयो। पूजा क्रममा एउटा कमी भयो। त्यस अवस्थामा ‘मलाई कमल आँखे भन्छन्,उठेर पूजा विघ्न गर्नु भएन’ भन्दै एक आँखो चढाइदिनुभयो। त्यसवेला प्रसन्न भएका शिवजीले अर्पण गरिएको त्रिशूलको शक्तिले सहित सुदर्शनचक्रले हामीलाई रक्षा गरुन् ॥७१॥

सुदर्शनपुरुषवर्णनम्

हत्वा हैहयवंशबाहुजकुलं पृथ्वीं परिक्रामितः

स्नात्वा क्षत्रियरक्तरञ्जितजले नन्वागतो भार्गवः ॥
दुष्टानां तनुकृन्तनागतजले सम्मज्जनादुज्ज्वलः
पायान्नो हरिचक्ररूपपुरुषः पादाश्रितान् सर्वतः ॥७२॥

पृथिवी परिक्रमा गराइएका परशुरामजी हैहयवंशमा उत्पन्न भैरै हात भएका राजा कार्तवीर्य सहित सवै कुललाई मारेर क्षत्रिय रक्तले रङ्गिएको प्रभाषक्षेत्रको पानीमा स्नान गरी फर्किएर आउनुभयो। योद्धाहरूको शरीर काटता निष्किएका पानीमा नुहाएको मणि जस्तो वञ्चरो उज्यालो भयो, सोही हरिभगवान्को चक्ररूप पुरूषले चरणमा आश्रित हामी सवैलाई रक्षा गरुन् ॥७२॥

विद्वान् स्त्री-धन-पुत्रभोगविपिने विस्मृत्य मार्गं भ्रमन्
यस्मिन् कुञ्जरबन्धनाय रचिते गर्तेऽस्ति सम्यक् पतन् ॥
दीक्षातापमुपेत्य तेन सततं संवन्दिते प्रार्थिते
ग्राहात् कुञ्जरवत् सुरक्षणकरः सौदर्शनः पातु नः ॥७३॥

विद्वान्जन- स्त्री , धन, पुत्र सम्वन्धवाट हुने सुखशान्तिको भोगरूपी जङ्गलमा वाटो विर्सिएर घुम्दै जाँदा जुन हातीलाई वन्धनमा पार्न खनिएका खाडलमा चिप्लिदै फसेको छ। त्यसले दीक्षाताप पाएर निरन्तर वन्दना प्रार्थना गरेमा ग्राहवाट हातीलाई झैँ सुरक्षा गर्नेवाला सुदर्शनपुरुषले हामीलाई रक्षा गरुन् ॥७३॥

यो विद्वान् स्तुति-पाठ-योगविधिना श्रीचक्रराजं भजेत्
लक्ष्मीनाथकृपास्वरूपभगवान् तं सर्वदा पावयेत् ॥
लब्ध्वा मोक्षगतिं ब्रजेत् हरिपदं सोल्लङ्घ्य लोकान् समान्
तादृग् भक्तवरप्रदानकुशलः कुर्यात् स नो मङ्गलम् ॥७४॥

जो विद्वान् स्तुति, पाठ, योग विधिद्वारा श्रीचक्रराजलाई

भजनगर्ला ,लक्ष्मीनाथको कृपारूप सुदर्शन भगवान् त्यसलाई सधैँ पवित्र गराउनुहुन्छ। त्यो मोक्षगति पाएर सवैलोकलाई नाघेर हरिको दिव्यधाम जानेछ। त्यस्ता भक्तलाई वरदान दिन सीपालु सुदर्शनपुरुषले हामीलाई मङ्गल गरुन् ॥७४॥

विष्णोर्व्यूहचतुः स्वरूपविभवैः श्रीपाञ्चरात्रागमैः
वाग्देवी-कमला-मृडान्यभियुतैरुत्तेजितं दीपितम् ॥
भक्ताभीष्टफलप्रदं सुखकरं विष्णुप्रियास्त्रं वरं
तद्रूपः प्रकरोतु चक्रपुरुषो भक्तिप्रियान् नः सदा ॥७५॥

विष्णुका व्यूह सम्वन्धी चाररूपका वैभवले, श्रीपाञ्चरात्रागमका नियमले वाग्देवी, कमला र गौरीहरूले युक्त उत्तेजित भएर वलेको, भक्तले चाहेको फल दिने सुखगराउने विष्णुको प्यारो सर्वश्रेष्ठ अस्त्र छ। यो अस्त्ररूप चक्रपुरुषले हामी सवैलाई सधैँ भक्तिमा प्रेमगर्ने वनाइदिउन् ॥७५॥

देवान् दैत्यपराजितान् मुनिगणान् रक्षोभिराक्रन्दितान्
यो रक्षां प्रकरोति दुष्टविवशान् स्त्री-बाल-वृद्धान् समान् ॥
शक्तिस्रोतविशेषभर्गपुरुषो योगेन हृद्भावितः
लोकान् नः सुखिनः करोतु सततं विष्णुव्रते संस्थितान् ॥७६॥

जो दैत्यवाट हारेका देवताहरूलाई , राक्षसहरूले आक्रमण गरिएका मुनिगणहरूलाई , दुष्टवाट विवश गराइएका सम्पूर्ण स्त्री, वाल, वृद्धहरूलाई रक्षा गर्नुहुन्छ। योगद्वारा हृदयमा भावना गरिएका शक्तिस्रोत विशेष भर्गस्वरूप पुरुषले विष्णुव्रतमा रहेका हामी सवैलाई सधैँ सुखी वनाइदिउन् ॥७६॥

वाणी गायति यस्य दिव्यचरितं सङ्कल्पचेष्टामयं
सन्त्येते विभवाऽवतारवहवः श्रीरामकृष्णादयः ॥
विष्णुर्यं विदधाति रूपमपरं तत्रापि शक्तिं नवां

यस्मिन् स्थापितवान् मनोगतियुतां सौदर्शनोऽव्यात् स नः ॥७७॥
सरस्वती जसको राम्ररी कल्पनागरिएको चेष्टाद्वाराप्रकट भएको दिव्यचरित्र गाउँदछिन् । श्रीरामकृष्ण आदि विभव अवतारहरू धैरै छन् । विष्णु जुन अर्को सुन्दररूप त्यसमा पनि नयाँ शक्तिलाई धारण गर्नुहुन्छ । विष्णु जुन पुरुषमा मनको गतिले युक्त शक्तिलाई स्थापना गर्नुभएको छ । ती शक्तिस्वरूप सुदर्शन पुरुषले हामीलाई रक्षा गरुन् ॥७७॥

ॐकारे कृतवान् जनिं मधुरिपोराधारहस्ते स्थितः
यः सम्यक् प्रवलोऽभवत् हरिकृपापानीयमापीय च ॥
यस्य स्युर्नख-चाप-शस्त्रविसराः शाखाः छदाश्चञ्चलाः
विष्णोर्मानसवृक्ष एष विपुलः सौदर्शनः पातु नः ॥७८॥

ॐकारमा जन्मलिनुभयो,जो मधु दैत्यका शत्रु विष्णुका आधार हातमा वस्ने काम गर्नुभयो र भगवान्को कृपारूपी पानी पिएर विशेष वलियो हुनुभयो । जसका नङ, धनुष, आदि हतियाररूपी फैलिएका हाँगाहरू र चञ्चल साना हाँगा पातहरू हुन् । यो चक्रपुरुष ठूलो विष्णुको मनरूपी वृक्ष हो । यी सुदर्शन पुरुषले हामीलाई रक्षा गरुन् ॥७८॥

केचित् यं प्रवदन्ति चञ्चलतमां सौदामिनीं प्रोज्वलां
केचित् द्वादशसूर्यरश्मिनिवहां रत्नप्रभां दीपिताम् ॥
केचित् यं वडवानलं समुदितं तप्तार्चिसा संवृत-
मेवं कल्पित एष चक्रपुरुषः संपूरयेन्नो व्रतम् ॥७९॥

कसैले जसलाई अतिशय चञ्चल उज्वल विजुली भन्दछन् । कसैले द्वादशसूर्यका किरणको समूह रत्नको प्रभा, वलेको ज्योति वताउँदछन् । कसैले तातो किरणले ढाकिएको झुल्किन लागेको समुद्र भित्रको आगो भन्दछन् । यस्ता प्रकार कल्पना

गरिएका चक्रपुरुषले हाम्रो श्रीविष्णुव्रत पूरा गरिदिउन् ॥७९॥

नेत्रप्रोज्वलितं किरीटशिरसं ज्वालामुखं तापदं
विद्युत्कुण्डलयुक्श्रवं भयकरं संक्रामकोर्ध्वभ्रुवम् ॥
चण्डास्त्रैर्लसितं सषोडशकरं तीक्ष्णांशुकं वर्तुलं
यं दीव्यं पुरुषं विलोक्य सभयान् सौदर्शनः पातु नः ॥८०॥

आँखा वलेका, मुकुट शिरमा लगाएका, ज्वाला नै मुखभएका, ताप दिने, विजुलीरूपी कुण्डल युक्त कान भएका , डरलाग्दा, आक्रमण गर्दैछन् जस्ता आँखीभुइँ भएका, हतियारले शोभायमान भएका, सोह्रहात भएका, आँखा तिरिमिरी गराउने वस्त्र लगाएका , वाटुला, जुन दिव्य पुरुषलाई देखेर डराउने हामी सवैलाई सुदर्शन पुरुषले रक्षा गरुन् ॥८०॥

ज्वालाकेशयुतस्त्रिनेत्रवदनो यः षोडशास्त्रान्वितः
षट्कोणप्रणवान्तरे शशिधरे वीरासने संस्थितः ॥
धाम्ना स्वेन जगन्निरस्तकुहकः प्रत्यर्थिनां भीकरः
लक्ष्मीनाथसुदर्शनाख्यपुरुषो दद्यात् स नः पौरुषम् ॥८१॥

ज्वालारूपी केशले युक्त तीनआँखे मुख भएका,जो सोह्र प्रकारका हतियार युक्त, षट्कोण र ॐ प्रणवका वीचमा रहने, चन्द्रमालाई धारणगर्ने,वीरासनमा वसेका,आफ्ना तेजले संसारको अन्धकारलाई हटाउने,शत्रुहरूलाई डर पैदागराउने, लक्ष्मीनाथ सम्वन्धी सुदर्शननाम भएका ती पुरुषले हमीलाई पुरुषाथ शक्ति प्रदान गरुन् ॥८१॥

यो दण्डं परशुं कृपाणमुसले कोदण्डशक्त्यंकुशान्
वज्रं कुन्तगदे च पाशविशिखौ शंखं त्रिशूलं हलम् ॥
यश्चक्रं सुविभर्ति पूर्णविधिवत् ज्ञातास्ति संञ्चालने
विष्णोरस्त्रपतिः स रक्षतु सदा साधून् सदाचरिणः ॥८२॥

जो दण्ड, परशु, तरवार,मुसल, धनु ,शक्ति,अंकुश,बज्र, कुन्त, गदा, पाश,काँण, शंख, त्रिशूल,हलो र चक्र समेत सोर प्रकारका हतियार धारण गर्नुहुन्छ। यी सवै हतियार विधि अनुसार संञ्चालन गर्ने विषयमा ज्ञाता हुनुहन्छ। विष्णुका ती अस्त्रराजले सदाचारी साधुहरू सवैलाई रक्षा गरुन् ॥८२॥

यस्मिन् ज्योतिषि धातृदण्डनिसृता शक्तिः समागच्छति
यस्मिन् शंकरशूलनिर्गतविभा शीघ्रं समालीयते ॥
यस्मिन्निन्द्रसुरास्त्रशक्तिनिकरस्तत्रैव संमील्यते
तादृक्शक्तियुतोऽस्त्रराजभगवान् विश्वं सदा रक्षतु ॥८३॥

जुन ज्योतिमा व्रह्माको दण्डवाट निष्किएको शक्ति आएर मिल्दन्छ। जुन ज्योतिमा शिवजीको त्रिशूलवाट निष्किएको ज्योति तुरुन्तै लीनहुन्छ। जुन ज्योतिमा नै इन्द्रादि सवैदेवताहरूका वज्र आदि शस्त्र अस्त्रहरूको सवै समूह मिल्दछन् । त्यस्ता सवै शक्तिले युक्त अस्त्रराज भगवान्ले विश्वलाई रक्षा गरुन् ॥८३॥

यस्याक्षं परितो विलोडनकरी कादम्विनी दृश्यते
यस्यारे रविचन्द्रयोरहरहर्ज्योतिः समुन्मील्यते ॥
ज्वालाभिर्हतकान्तिभास उडवः काष्ठाश्च ता धूसराः
शेषां भूमिमपि प्रकम्पयति यो दद्यात् सुभाग्यं स नः ॥८४॥

जसका अक्षको वरिपरी लुटुपुटु गर्ने मेघमाला देखिन्छ। जसका अरमा सूर्य र चन्द्रको प्रतिदिन ज्योति छिटो छिटो गरी मिल्दछ । ज्वालाद्वारा टक्कराएर कान्ति क्षीण भएका ताराहरू र दशदिशा सवै मलीन भएका छन्। वाँकी भूमि पनि जसले कम्पायमान गराइदिनुहुन्छ ती सुदर्शन पुरुषले हामीलाई सौभाग्य प्रदान गरिदिउन् ॥८४॥

देवानां समरेऽस्त्रराज उदिते शम्भोस्त्रिशूलं धनुः
वायोरङ्कुशमग्निशक्तिरनिशं क्रोधः कृतान्तस्य च ॥
देवेन्द्रस्य पविस्त्वतीव भयदो व्यर्थाश्च ते निष्प्रभाः
देवाश्चापि भवन्ति निर्गतविभाः सर्वान् स नो रक्षतु ॥८५॥

देवताहरूको युद्धमा अस्त्रराज सुदर्शनचक्र प्रकट भएमा शिवको त्रिशूल, धनु, वायुको अङ्कुश, अग्निको शक्ति, यमराजको क्रोध, देवेन्द्रको अत्यन्त डरलाग्दो वज्र, ती सवै व्यर्थ र तेज हीन हुन्छन् साथै देवताहरू पनि तेज हीन हुन्छन्। यस्ता सुदर्शन पुरुषले हामीसवैलाई रक्षा गरुन् ॥८५॥

हे देवेन्द्र ! तव स्तुतिः सुविमला, वैश्वाानर ! त्वं वस
हे वैवस्वत ! नास्ति तेऽद्य समयो वायो ! प्रियस्त्वं सखा ॥
पाशिन् ! त्र्यम्वक ! सोम ! राक्षस ! सदा सेवध्वमस्त्रं हरे :
एवं यं प्रवदन्ति देवगुरवो जाड्यात् स नो रक्षतु ॥८६॥

हे देवेन्द्र ! तपाइँको वन्दना समुचित छ निर्मल छ ,हे वैश्वाानर ! तपाइँ कृपागरेर आराम गर्नुहोस, हे यमराज ! तपाईको वेला भएको छैन , हे वायुदेव ! तपाई सवैका प्यारा साथी हौ , हे वरुण ! हे त्र्यम्वक ! हे सोम ! हे नैर्ऋत्यका देवता राक्षस ! तपाइँहरू सवै हरिका अस्त्रराजको सेवा गर्नुहोस। यस्ता प्रकारले देवताका गुरुहरू जुन अस्त्रराजलाई भन्दछन्। ती अस्त्रराजले हामी सवैलाई रक्षा गरुन् ॥८६॥

यो दैत्येषु बली विलक्षणभुजो माली महान् वीर्यवान्
सङ्ग्रामे जितवान् सशस्त्रविबुधान् देवास्ततो लज्जिताः ॥
विष्णोः प्रेरणया रथाङ्गभगवान् गत्वा पुनस्तत्क्षणात्
हत्वैनं व्यतनोत् सुकीर्तिमतुलां दद्यात्स नो वैभवाम् ॥८७॥

जो दैत्यहरूमा ज्यादै वलियो विलक्षण हात भएको माली

नामको महान् तेजस्वी दैत्य थियो। युद्धमा शस्त्र अस्त्रले सहित देवताहरूलाई जित्यो। त्यस पछि देवताहरू लज्जित भए। विष्णुका प्रेरणाले सुदर्शनचक्र गएर पुनः तुरुन्तै मालीलाई मारेर अतुलनीय सुकीर्ति फैलाइदिनुभयो। ती चक्रराज भगवान्ले हामीलाई तुलना गर्न नसकिने ऐश्वर्य सम्पन्न सुकीर्ति प्रदान् गरुन् ॥८७॥

यो वाणासुरसंगरे विजितवान् गौरीसुतौ शांकरान्
यो वाहूनभिदत् तदा दशशतानुग्रस्वरूपोऽभवत् ॥
भिक्षुः प्रार्थितवान् शिवः सविनयो भक्तस्य संरक्षणे
शम्भुं सान्त्वयति स्म चक्रपुरुषः प्राणान् स नो रक्षतु ॥८८॥

जसले वाणासुरको रणसङ्ग्राममा गौरीपुत्र गणेश र कार्तिकेय दुवैलाई, शिवगण नन्दी भृङ्गी आदि सवैलाई जितिदिनुभयो। जसले वाणासुरका हजार हात काटीदिनुभयो र डरलाग्दा स्वरूपको हुनुभयो , त्यसवेला भक्तको रक्षागर्ने काममा नम्रताले सहित भएको भिक्षु वनेर शिवले प्रार्थना गर्नुभयो। चक्रपुरुष भगवान्ले शिवलाई शान्त्वना गराउनु भयो। ती चक्रराज भगवान्ले हामी सवैका प्राणलाई रक्षा गरुन् ॥८८॥

काशीं प्रज्वलनं सभासु नृपतेः चैद्यस्य संकृन्तनं
भौमस्यापि शिरो विछित्य सहसा मासन्निधौ पातनम् ॥
सिन्धुस्वामिवधे दिवैव गगने सूर्यं समाच्छादनं
देवाः संप्रवदन्ति यस्य सुयशः प्रज्ञां प्रदद्यात् स नः ॥८९॥

काशी सहरलाई जलाइदिनु , सभामा चेदीराजाको शिर काटिदिनु, भौमासुरको शिर काटेर तुरुन्त आमाका सन्निधिमा गिराइदिनु, सिन्धुदेशका राजा जयद्रथको वध गर्ने वेलामा दिउँसै आकाशमा सूर्यलाई छोपिदिनु , यी चक्रका सुयश

देवताहरू प्रशंसा गर्दछन्। ती चक्रराजले हामीलाई विशिष्टज्ञान प्रदान गरुन् ॥८९॥

कोऽसि त्वं, हनुमानहं, किमधुना त्वं, रामदूतोऽस्मि हि
सेतुं भञ्जय, सोऽपि भग्नमकरोद् वाचाऽर्जुनोऽखिद्यत ॥
कृष्णप्रेरणया पुनर्विरचितं सेतुं न चाचालयत्
विष्णोर्मानसमेव चक्रपुरुषो दीनान् स नो रक्षतु ॥ ९०॥

हनुमान् र अर्जुनको संवाद-तपाईं को हुनुहुन्छ ! ,म हनुमान् हुँ, आज भोली कसरी हनुमान् पत्याउँ , म रामको दूत हनुमान् नै हुँ पत्याउ न पत्याउ। साँचै हनुमान् हौ भने यो मैले वनाएको पूल भत्काउ त ! भन्नुभयो। ती हनुमानले पनि भत्काइदिनुभयो, भत्काउँदा वाचा गरेको थियो "अर्जुनले डढी मर्ने, हनुमान्ले अर्जुनले भनेको मान्ने, यस सर्त अनुसार" अर्जुन खिन्नभए। आफ्नू अनुपस्थितिमा भएको हुनाले कृष्णले रहस्य वुझेर दोहाऱ्याएर पुल वनाउन प्रेरणा दिनुभयो र त्यो पुलमुनि कृष्णले कल्पना द्वारा चक्र राखिदिनुभयो। त्यो पुल भाँच्न सकेनन् "हनुमान्ले वाचा अनुसार अर्जुनको ध्वजामा वस्नुपऱ्यो"। विष्णुको मन नै चक्रपुरुष हुनुहुन्छ। ती चक्रपुरुषले हाम्रो रक्षा गरुन् ॥९०॥

द्वात्रिंशज्जठरान्तरेण सहितो यः षोडशाष्टाष्टकैः
दिव्यैर्वाहुभिरेव सुन्दरतनुः षट्कोणशोभाकृतिः ॥
योऽहङ्कार-जगन्महत्समयवान् मायेशदेहान्वितो
रक्षा-ऽनुग्रह-सृड्विशेष-लयकृत् दीनान् स नो रक्षतु ॥९१॥

पेटभित्र वत्तीस अङ्गतत्व भएको, दाहिने आठ , देब्रे आठ जम्मा सोह्रहातले सुन्दरशरीर भएको, षट्कोण शोभायुक्त आकृति भएको, जो अहङ्कार,जगत् महत्तत्त्व र समयलाई

अधीनमा राख्ने माया पति परमेश्वरको शरीरमा रहने , रक्षा, कृपा, सृष्टि विशेष र प्रलय गराउने हुनुहुन्छ ,ती चक्रराजले दीन दुःखी हामीलाई रक्षा गरुन् ॥९१॥

यः कोणैः कमलैश्च वर्णरुचिरैः षड्वैभवैर्भूषिते
भूविम्वे प्रणवे च शोभिततनौ चक्रादिशस्त्रान्विते ॥
व्यूह-द्वादश-केशवादिरचिते श्रीविष्णुयन्त्रे स्थितः
स श्रीशस्य सुदर्शनाख्यपुरुषो ध्यानात्प्रसन्नोऽस्तु नः ॥९२॥

जो कोणहरूले, कमलफूलहरूले, रुचिकर वर्णले, षडैश्वर्यले विभूषित पृथिवीको विम्व, ॐकार, चक्रादिशस्त्र समलङ्कृत शोभायमान शरीर,व्यूह आदि नाम र केशवादि द्वादश समेत चौविश नामले रचना गरिएको श्रीविष्णुयन्त्रमा वसेका लक्ष्मी-नारायणका तीसुदर्शन पुरुष हाम्रा ध्यानद्वारा प्रसन्न होउन् ॥९२॥

एकस्मिन् वसतेऽपि यस्त्रिभुवने काष्ठेऽग्निवत् व्याप्यते
कान्तिर्हेममयापि कृष्णतनुमान् वैश्वानरो रक्षकः ॥
वार्धाराऽस्त्यपि दीप्तिमान् तपनवत्तप्तोऽपि यः शीतलः
सोऽस्माकं मतिभेदतां हरतु नः कुर्यात् पुनर्मित्रताम् ॥९३॥

एक ठाउँमा वसे पनि जो तीनै भुवनमा काष्ठमा आगो व्याप्त भए झैं,व्यापक हुनुहुन्छ। सुवर्णमय कान्ति भए पनि कालो शरीर भएका वैश्वानर रक्षक हुनुहुन्छ। पानीको वर्षा छ र पनि दीप्तिमान्, सूर्य जस्तै ताता भए पनि शीतल, ती सुदर्शन नामा पुरुषले हाम्रो मतिभेद भई हुने अनमेललाई नाश गरी हाम्रो पुनः मेलमिलाप गराइदिउन् ॥९३॥

फुल्लं द्वादशवर्णपत्रकमलं मन्त्रं रमेशात्मकं
यं माया-जयिनी-जयादिसहितं त्र्यष्टाक्षरैर्भूषितम् ॥
यं भीमं नरसिंहरूपमपरं भक्तस्य शोकापहं

तं सौदर्शनदेहदिव्यपुरुषं नारायणं धीमहि ॥९४॥
फुलेको वाह्र प्रकारको वर्णहुने वाह्रप्रकारकै पात हुने कमल, लक्ष्मीनारायण आत्मामा भएको मन्त्र, मायालाई जित्ने जय आदि शक्तिले सहित चौविश अक्षरले शोभायमान हुने, डरलाग्दा दोश्रा नरसिंहरूपहुने, भक्तको शोक नाश गर्ने, जो सुदर्शन देहधारी दिव्य पुरुष हुनुहुन्छ, ती नारायण हुन। ती नारायणलाई म ध्यान गर्दछु ॥९४॥

गोविन्दं समुपास्य साधुमुनयः संप्रार्थयन्तोऽवदन्
शास्त्रार्थश्रवणाय यत्र भगवन्! निर्विघ्नवासं वद ॥
लोकाः स्यूः सुखिनः कलौ हि हरिणा यो ज्यौतिषः प्रेरितः
स्थानेऽलीयत नैमिषेऽस्त्रपुरुषः कुर्याद् मनो निर्मलम् ॥९५॥
गोविन्दलाई उपासना गरेर साधु सन्त मुनिहरूले प्रार्थना गर्दै भने हे भगवन्! शास्त्रार्थ श्रवणगर्नका लागि जहाँ विघ्नरहित वनेर वास वस्न सकिन्छ। त्यो ठाउँ वताइदिनुहोस् , कलियुगमा जनता सुखी होउन्। यस्तो कुरा सुनेर हरिले जुन ज्योतिलाई पठाउनुभयो। आँखा झिंक्याएको वेलामा जुन स्थानमा त्योति लीन भयो। आँखा झिंक्याउनुलाई निमेष भनिन्छ ,त्यो अथ 'वोधहुने स्थानको नाम नैमिषारण्य रह्यो। ती ज्योतिर्मय अस्त्रपुरुषले मन निर्मल वनाइदिउन् ॥९५॥

वेदानां पद-वाक्य-वर्णनिवहे शाखासु सार्थासु य
ओंकारे, सरसे रमेशसुधया काव्ये सुधीनां कृतौ ॥
सानन्दो रममाण एष पुरुषः श्रद्धावतां सर्वदा
सोऽस्माकं हृदयं करोतु विमलं नारायणस्यास्पदम् ॥९६॥
वेदहरूका पद, वाक्य, वर्ण समूहमा, अर्थले सहित शाखाहरूमा, ओंकारमा, रमेश भगवान्का सुधाले रसिला भएका काव्यमा,

विद्वान्हरूका रचनाहरूमा, आनन्दले सहित भएर रमाउने यी सुदर्शन पुरुषले श्रद्धागर्ने हामी सम्पूर्णको हृदयलाई भगवान् श्रीलक्ष्मीनारायणको उपयोगी निर्मल निवास- स्थान वनाइदिउन् ॥९६॥

अग्निं प्रज्वलितं विधाय वपुषं श्लिष्यन्तमेवं नरं
नीत्वा स्वेन रथेन कृष्णभगवान् गोलोकगेहं ययौ ॥
अश्वा भ्रष्टपथा असूर्यगतिके यस्मिन् तमिस्रेऽध्वनि
यस्माद् दृष्टिमवाप्य तत्र सुययुः कुर्यात् स नो मङ्गलम् ॥९७॥

अग्निवालेर शरीरलाई डढाउन लागेका अर्जुनलाई लिएर रथद्वारा श्रीकृष्णभगवान् गोलोक भवनमा जानुभयो । जुन् सूर्यको ज्योति नभएको अन्धकारमय वाटामा हिड्न विह्वल भएका घोडाहरू जसवाट दृष्टि पाएर त्यहाँ हिड्न सफल भए । ती सुदर्शनपुरुषले हामीलाई मङ्गल गरुन् ॥९७॥

हत्वा स्वं पितरं यदा शतधनुर्हृत्वा मणिं प्राद्वत्
श्रीकृष्णं रुदती यथार्थघटनां श्रीसत्यभामाऽवदत् ॥
अन्विच्छन् सहलायुधो व्यपगतं चक्रेण येनावधीत्
विष्णोर्मानसशक्तिदिव्यपुरुषो दीनान् स नो रक्षतु ॥९८॥

जव आफ्ना पितालाई मारेर शतधन्वा मणि हरण गरेर भाग्यो । रुँदै रुँदै श्रीसत्यभामाले यथार्थ घटना श्रीकृष्णलाई भन्नुभयो । वलराम सहित श्रीकृष्णले भागेका त्यस दुष्टलाई खोज्दै जाँदा भेट्न नसकेर यही चक्रको सहयोगले मार्नुभयो । विष्णुको मानसशक्ति नै दिव्यपुरुष सुदर्शनले हामी दीनदुःखी सवैलाई रक्षा गरुन् ॥९८॥

सूर्येन्दुग्रहतारकासु गगने योऽन्तर्प्रकाशोऽभवत्

यो वृक्षेषु फलं लतासु कुसुमं मेघेऽम्बु पुष्पे सुधा ॥
यः सर्वेष्वसुधारणेषु भुवने चैतन्यरूपो महान्
विष्णोर्मानस एष आत्मपुरुषः कुर्यात् मनो निर्मलम् ॥९९॥

जो सूर्यमा, चन्द्रमामा, ताराहरूमा ,आकाशमा, भित्र प्रकाशमान् हुनुभयो । जो वृक्षहरूमा फल , लहराहरूमा फूल, वादलमा पानी, पुष्पमा अमृत हुनुहुन्छ ,जो संसारमा सम्पूर्ण प्राणीहरूमा चैतन्यरूप महान् हुनुहुन्छ , यी विष्णुभगवान्को मनरूपहुने आत्मपुरुष सुदर्शन हुन् । यी पुरुषले हाम्रा मनलाई निर्मल वनाइदिउन् ॥९९॥

जीवानां वपुषः प्रयाणसमये दृष्टिः समालीयते
शारीरं प्रवलं शनैर्विगलितं चित्तं धियां लीयते ॥
भूर्नीरे, जलमातपे, च पवने वायुः पुनर्व्योमनि
खं जीवे ऽस्य हरौ गतिं दिशतु नः सौदर्शनो भास्वतीम् ॥१००॥

जीवहरूको प्रस्थान समयमा दृष्टि विस्तारै विलीन हुन्छ, प्रवल शरीर विस्तारै गल्दछ ,चित्त वुद्धिमा लीन हुन्छ , भूभाग पानीमा लीन हुन्छ , जलभाग ज्योतिमा लीन हुन्छ , ज्योति वायुमा लीन हुन्छ , वायु आकाशमा लीन हुन्छ , आकाश जीवमा लीन हुन्छ , हाम्रा यस जीवको हरिभगवान्मा मिल्न सुदर्शन पुरुषले ज्योतिर्मय गति दिलाइदिउन् ॥१००॥

यस्तारा-तिथि-योग-वार-करणैर्लग्नैर्मुहूर्तादिभिः
धुर्यां संपरिवृत्य कालपुरुषो विश्वान् समाक्रन्दते ॥
देवात् क्षुद्रतमेषु जन्तुषु सदा यश्चायुषो मापकः
तं नारायणहृद्यमादिपुरुषं सौदर्शनं धीमहि ॥१०१॥

जो तारा,तिथि,योग,वार,करण,लग्न,मुहूर्त आदिद्वारा धुरीमा

फनफन घुमेर कालपुरुष विश्वलाई आक्रमण गर्दछ। देवतादेखि क्षुद्रतम जन्तुहरूमा सधैँ जो आयुको व्यवस्था गर्नुहुन्छ। ती नारायण भगवान्का हृदयमा वस्ने आदिपुरुष सुदर्शनलाई ध्यान गर्दछु ॥१०१॥

यस्मिन् पालनकर्मभारसकलं संस्थाप्य निश्चिन्तितौ
लक्ष्मीशौ सुखिनौ समौ विचरतः सर्वत्र तौ व्यापकौ ॥
पूर्णांशोऽसि तयोर्मनोगतियुजो हे चक्रराज ! प्रभो !
श्रीधामाश्रयलब्धये दिशतु नस्त्वां सर्वदा प्रार्थये ॥१०२॥

जसमा पालनगर्ने सवै भार स्थापना गरी लक्ष्मी र नारायण चिन्ता रहित सुखी हुनुभयो। ती दुई सर्वत्र व्यापकवनी विश्वमा घुमिरहनुहुन्छ। हे चक्रराज ! प्रभो ! तीनै लक्ष्मीनारायणका मनको गतिले युक्त तपाइँ उनैको पूर्ण अंश हुनुहुन्छ। श्रीधामको आश्रय प्राप्त गर्नका लागि हामीलाई निश्चित व्यवस्था मिलाई दिनुहोस। यसै हेतु तपाईंलाई सधैँ प्रार्थना गर्दछु ॥१०२॥

हे शस्त्राधिप ! चक्रराज ! भगवन् ! सत्येश ! संरक्षक !
त्वं सत्यो व्रतपूरकोऽसि विबुधाधीशोऽसि नित्योऽसि च ॥
यद्यद् स्वाचरितं व्रतं सुफलदं सर्वं मयाऽऽजीवन-
मार्तानां सुखशान्तिहेतुरधुना स्यादर्पणं मे त्वयि ॥१०३॥

हे शस्त्राधिप ! चक्रराज ! भगवन् ! सत्येश ! संरक्षक ! तपाइँ सत्य, व्रतपूरक हुनुहुन्छ र देवताका अधिपति साथै नित्य पनि हुनुहुन्छ। मैले जन्मेदेखि अहिले सम्म असल फल दिने व्रत जे जे सक्तो राम्रो होस भनेर आचरण गरेको छु। आर्तहरूको सुरक्षा सुखशान्ति हेतु अहिले मेरो व्रतफल हजुरमा अर्पण होस् ॥१०३॥

तस्मिन् राजनि पुष्पवृष्टिरभवत् वाद्यान्यगुज्जन् दिवि
दिव्ये ज्योतिषि सिद्ध-देव-मुनयोऽदृश्यन्त संमोहिताः ॥
धन्योऽसि व्रतसिद्धिमानसि वदन्तस्ते शनैराययु-
र्लोकानां हितकारिणे प्रमुदितास्तस्मै वरं संददुः ॥१०४॥

ती राजामा पुष्पवृष्टि भयो, स्वर्गमा वाजाहरू गुञ्जिए। दिव्य ज्योतिमा सिद्ध,देवता, मुनिहरू सम्मोहन गराउदै देखिनुभयो। विस्तारै धन्य हौ, व्रतपूर्ण गर्नेवाला पनि तिमी नै हौ भन्दै तिनीहरूनजिकमा आउनुभयो। वहुत खुशी भएका देवताहरूले लोकको हितगर्ने ती राजालाई वरदान दिनुभयो ॥१०४॥

श्लोकैः शतैकैः प्रियभावमिश्रितै-
र्विष्णुव्रतानां महिमाद्यलंकृतैः ॥
तथ्यार्थपूर्णेन विनाऽपि संस्तुतः
सौदर्शनाख्यः पुरुषः प्रसीदताम् ॥१०५॥

प्रियभाव मिश्रित,विष्णुव्रतहरूको महिमाले समलङ्कृत,एकशय एकश्लोकले सत्यार्थले परिपूर्ण वनाउन नसके पनि स्तुति स्तुतिगरिएका सुदर्शननाम भएका पुरुष प्रसन्न होउन् ॥१०५॥

इति श्रीविष्णुव्रतामृतसदाचारभक्तिकाव्ये सुदर्शनध्यानानन्द योगोनाम नवमसर्गः ॥९॥४७५+१०५=५८०

अथ दशमसर्गः

तत्रागता ब्रह्म-मुरारि-शंकरा
दिक्पाल-सेनेश-गणेश-मातरः ॥
सिद्धाः समस्ता ऋषयश्च देवता
धन्योऽम्बरीषोऽन्ववदन् मुहुर्मुहुः ॥१॥

त्यहाँ आएका ब्रह्मा, विष्णु, शंकर, दशदिक्पाल देवताहरू, सेनापति कुमार,गणेश,मातृका देवीहरू,सिद्धपुरुषहरू,समस्त

देवता ऋषि महर्षि- हरूले"अम्वरीष धन्यहो,अम्वरीष धन्यहो"
वारम्वार भन्नुभयो ॥१॥

ब्रह्माऽवदत् हे मुनिवर्य ! निर्जराः !
यः सात्विकैर्दिव्यगुणैर्विभूषितः ॥
देवाधिदेवेषु स एव केशवः ॥
सत्वाश्रयः श्रेष्ठतमो निगद्यते ॥२॥

व्रह्माले भन्नुभयो - हे मुनिवर्य ! हे देवताहरू हो ! सम्पूर्ण देवताहरूमा जो सात्विक दिव्यगुणले विभूषित देवताका अधिष्ठाता केशव हुनुहुन्छ। उनै केशवमात्र सत्त्वगुणका आश्रय श्रेष्ठतम देवता मानिनुहुन्छ ॥२॥

यो राजसः सृष्टिविधानकर्मणि
नित्यं समर्थो न तु चान्यकर्मणि ॥
शक्नोति देवो निहितं च केवलं
मोक्षस्य वीजं हरिरेव निश्चितः ॥३॥

जो रजोगुणप्रधान छ त्यो सृष्टि गर्ने काममा नित्य समर्थ हुन्छ, अन्य मोक्ष प्रदान गर्ने कर्ममा हुँदैन, देवता तोकिएको कर्म गर्न सक्तछन्। मोक्षका मुख्य कारण हरि नै निश्चय गरिएकोछ ॥३॥

हिंस्यान्न चान्यान्, परमेश्वरस्य
नारायस्यांऽशमया विभूतयः ॥
विष्णुप्रियेणाद्य विधानपूर्वकं
व्रतं कृतं, नैव मुने ! त्वया कृतम् ॥४॥

अन्य देवताहरूलाई अपमान गर्नु हुँदैन ,किनभने परमेश्वर नारायणका अंशमय विभूतिहरू हुन्। आज विष्णुप्रियले विधिपूर्वक व्रत गरेकाछन्। हे मुनि ! तिमीद्वारा विधिपूर्वक व्रत भएको छैन ॥४॥

विघ्नेश्वरोऽप्येवमुवाच केवलं
यज्ञाद्यनुष्ठानविधौ सुकर्मणि ॥
निर्विघ्नसिध्यर्थमहं सुरेश्वरैः
सम्मानितोंऽशैः कृपयाग्रपूजितः ॥५॥
गणेशजीले पनि यही कुरा भन्नुभयो - यज्ञादि अनुष्ठान विधिपूर्ण शुभुकर्ममा निर्विघ्न कार्य सम्पन्न गर्न अंशस्वरूप देवताहरूले कृपा गरेर अग्रपूजा गरी सम्मानित भएको हुँ ॥५॥
सूर्योऽभवं विष्णुकृपाप्ततैजसात्
देव्योऽवदन् मानविभूषिता वयम् ॥
सिद्धाः ततो योगवलेन चिन्तनाद्
विष्णुर्हि सत्कर्मण आश्रयो महान् ॥६॥
विष्णुका कृपाद्वारा प्राप्त तेजले म सूर्य भएँ । देवीहरूले भने - हामी उनकै मानद्वारा विभूषित हौँ । त्यसपछि योगवलले चिन्तनाद्वारा हामी सिद्धभएका हौँ । विष्णु नै सत्कर्मका ठूला आश्रय हुन् । शिव भन्नुहुन्छ,१ ॥६॥
हे अम्वरीष ! त्वमतीव पावनः श्रीवैष्णवेषूत्तम-धन्यवानसि ॥
सोवाच शम्भुः पुरुषोत्तमं हरिं ये संभजन्ति प्रभवन्ति मे प्रियाः १ ॥७॥

१ स्वधर्मनिष्ठः शतजन्मभिः पुमान्
विरिञ्चितामेति ततः परं हि माम् ॥
अव्याकृतं भागवतोऽथ वैष्णवं
पदं यथाहं विबुधाः कलात्यये ॥ श्रीमद्भागवत्४।२४।२९)
श्रीमद्भागवतमा शिवजी भन्नुहुन्छ - स्वधर्ममा निष्ठा राख्ने पुरुष शय जन्मले विरिञ्चिता (ब्रह्माको पद) लाई प्राप्त गर्दछ त्यसपछि त्यति नै पुण्यले मात्र म (शिव)लाई प्राप्त गर्न सक्तछ

हे अम्वरीष ! तिमी अत्यन्त पवित्र, श्रीवैष्णवहरूमा उत्तम

य: सच्चिदानन्दमय: परात्परो
दाता सदानन्दनिकेतनस्य स: ॥
यत् स्वाधिकारे यदि वस्तु वर्तते
तद् वस्तुमात्रं सहजं प्रदीयते ॥८॥

जो सच्चित् आनन्दमय परभन्दा पर रहने सर्वेश्वर हुनुहुन्छ ,उनै सत्य आनन्दमहल (मोक्ष)का दाता हुनुहुन्छ। जुन वस्तु आफ्ना अधिकारमा हुन्छ ,त्यो वस्तुमात्र सजिलै अरुलाई दिन सकिन्छ ॥८॥

ऊचुर्मुनीशा ॠषय: सुरादयो
धन्योऽसि विष्णुप्रिय ! वैष्णवोत्तम ! ॥
यावद् भवेत् वैदिकधर्मसंस्कृति:
तावद् धरायां शुभकीर्तिरस्तु ते ॥९॥

ॠषिमुनि देवताहरूले भन्नुभयो-हे वैष्णवहरूमा उत्तम ! हे विष्णुप्रिय ! तिमी धन्य हौ। जवसम्म वैदिक धर्मसंस्कृति रहन्छ पृथिवीमा तवसम्म तिम्रो शुभकीर्ति रहोस् ॥९॥

ये पञ्चसंस्कारविधिं समाश्रिता:
पूता: शरीरैर्वचनैश्च मानसै: ॥
प्रपद्यमानाश्चरणौ निरन्तरं
विष्णुप्रिया भागवता भवन्ति ते ॥१०॥

भगवान्का भक्त भागवतहरू अवरोध विना विष्णु- सम्बन्धी पद (श्रीधाम)लाई प्राप्त गर्दछन्। त्यो अविनाशी पद भगवदुपासना गरेर म र देवताहरू आफ्नो जीवन कला समाप्त भएको अवस्थामा मात्र पाउन सक्तछौं ॥

जो मन,वचन, र शरीरले पञ्चसंस्कार विधिमा समाश्रित वनेर पवित्रभएका छन् तिनीहरू निरन्तर भगवच्चरणमा आत्मालाई समर्पण गरेर विष्णुप्रिय भागवत् हुन्छन् ॥१०॥

त्रैगुण्ययुक्ता गुरवश्च देवताः
भवन्ति वै सात्त्विकराजसादयः ॥
ये यादृशान्संप्रभजन्ति तादृशाः
मुक्ताः स्वरूपाः प्रभवन्ति ते सदा ॥११॥

गुरुहरू देवताहरू त्रिगुणले युक्त सात्त्विक, राजसी, तामसी हुन्छन्। जो सत्त्वगुणी गुरु र सत्त्वगुणी देवताको उपासना गर्दछन्। ती सात्त्विक मुक्ति विष्णुधाम प्राप्त गर्दछन, अविनाशी पद पाउँदछन्। राजसी गुरु र देवता भजन गर्दछन् भने राजसी मुक्ति स्वर्गलाई पाउँदछन्। तामसी गुरु र देवता भजन गर्दछन् भने तामसी मुक्ति(नरक) लाई पाउँदछन् ॥११॥

वेदान्तवाक्येषु गुरौ च निष्ठया
संस्कारदीक्षा विधृता दृढा भवेत् ॥
नो चेदनेकेषु पलायते मनः
सन्मार्गतः शीघ्रमसौ पतिष्यति ॥१२॥

गुरु वेदान्तवाक्यमा विस्वास र श्रद्धाले संस्कारका साथ दीक्षा धारण गरिएको छ भने पक्काहोला , होइन भने अनेकौं आकर्षकरूपमा खिचिएर मन भाग्दछ र यो मन सन्मार्गवाट छिटै गिर्दछ ॥१२॥

ज्ञानं हि नारायण एव सुन्दरं
जीवं प्रमुञ्चेत् खलु मोहबन्धनात् ॥
ज्ञानादृते सिद्धिरसौ न सिध्यति
चलायमानात् मनसो विनश्यति ॥१३॥

नारायण नै सुन्दर ज्ञान हो । त्यस ज्ञानले जीवलाई मोहवन्धनवाट निश्चय मुक्ति गराउनेछ । ज्ञानदेखि वाहेक यो सिद्धिले केही पनि काम सिद्ध हुँदैन, चलायमान मनका कारणवाट मानिस पतन हुन्छ ॥१३॥

धन्योऽसि विष्णुप्रिय ! सिद्धिमानसि
सदाऽमरस्त्वं वस भक्तमानसे ॥
कीर्त्या नरो जीवति लोकपूजित:
कीर्तिं विनाऽसौ म्रियते श्वसन्नपि ॥१४॥

हे विष्णुप्रिय ! तिमी धन्य छौ, सिद्धिप्पँपत गरेका छौ यहीकर्मले सधैं को लागि अमर भयौ । अव तिमी भक्तका मनमा वस । कीर्तिले मानिस लोकपूजित भएर वाँच्तछ । कीर्ति विना मानिस श्वास फेर्दै भए पनि मरे वरावर हुन्छ ॥१४॥

विष्णोस्तिरस्कारकृतं मया महत्
पापं प्रजातं मनसा विचारयन् ॥
निष्ठा हरौ प्राणिषु तामुदारतां
दृष्ट्वा मुनिः खिन्नमना उवाच तम् ॥१५॥

विष्णुभगवान्‌को मैले ठूलो तिरस्कार गरैं, मनले विचार गर्दा पाप भने सम्म भयो । हरिमा निष्ठा, प्राणीहरूमा उदारता देखेर खिन्न भएका मुनिले अम्वरीषलाई भने ॥१५॥

सौम्येन सत्याचरणेन सेवया
विष्णुप्रिय ! त्वं गुणवान् महानसि ॥
परोपकारादिगुणैश्च सुव्रतै-
र्भृङ्गीव नारायणरूपवानसि ॥१६॥

हे विष्णुप्रिय ! सौम्य हुनाले, सत्य आचरण गर्नाले, सेवा गर्नाले तिमी गुणवान् महान् हौ । परोपकारादि गुण र सुव्रतद्वारा

कमलकोटी जस्तै नारायणको रूपमा परिणतभइसकेका छौं ॥१६।

अन्तर्निवासिन् ! भगवन् ! रमापते !
“महानहं चास्मि” कुभावनायुतः ॥
यथा नटस्तालरवेण नर्तितः
संसारमञ्चे सहसा तथाऽभवम् ॥१७॥

हे अन्तर्निवासिन् ! हे भगवन् ! हे रमापते ! म ठूलो हुँ भन्ने भावनाले युक्त भएर जस्ता प्रकारले तालको ध्वनिले रङ्गमञ्चमा नटुवा नाचेको हुञ्छ, त्यस्तै संसार मञ्चमा सहसा नाचेको भएँछु ॥१७॥

त्वां प्रार्थयाम्यद्य हरे ! दयानिधे !
मां रक्ष वा पालय यद् विधीयताम् ॥
भुङक्षे स्वभाग्येन विनिर्मितं फलं
दोषोऽपि कस्मै न मया प्रदीयते ॥१८॥

हे भगवान् ! आज म तपाईंलाई प्रार्थना गर्दछु । हे दयानिधे ! मलाई रक्षा गर्नुहोस पालन गर्नुहोस अथवा जे गर्नुछ गरिदिनुहोस । आफ्ना भाग्यले आफैँ निर्माण गरेको फल म भोग गर्दछु । मवाट दोष कसैलाई दिइँदैन ॥१८॥

आदौ तडिद् दिव्यमयूखसन्निभा
ज्योतिर्मयी भास्करतुल्यतामगात् ॥
चक्रं ततोऽस्मिन् नवकान्तिकोमलौ
शान्तौ रमेशौ मुदितौ बभूवतुः ॥१९॥

पहिले विजुली, अनि दिव्यकिरण पुञ्ज जस्तो,ज्योति नै ज्योति भएको थुप्रो, त्यसपछि सूर्यको समान रूपमा सुदर्शन चक्र परिणत भयो । त्यस चक्रमा नयाँ कान्तिले कोमल शान्त हर्षित रूपमा लक्ष्मीनारायण हुनुभयो ॥१९॥

प्रोवाच वाचं मकरन्दमिश्रितां
विष्णुप्रिय ! त्वं व्रतिषूत्तमोत्तमः ॥
प्रियोऽसि, याचस्व मनोरमं वरं
वाञ्छाऽस्ति यत् सर्वमहं ददामि ते ॥२०॥

भगवान्ले मकरन्द रस मिसिएको वचन वोल्नुभयो । हे विष्णुप्रिय ! तिमी व्रतीहरूमा उत्तमभन्दापनि उत्तम छौ प्यारा छौ । जे इच्छा छ मन लागेको वर माग, तिमीलाई मागे जति सवै वर दिन्छु ॥२०॥

देवेषु नारायणमादिपूरुषं
देवाधिदेवं पुरुषोत्तमं विभुम् ॥
मामङ्गिनं ब्रह्मशिवादिनिर्जरान्
अङ्गस्वरूपान् परिपश्य सर्वदा ॥२१॥

देवताहरूमानारायणरूप मलाई आदिपुरुष, देवताका पनि अधिष्ठाता देवता, पुरुषोत्तम, सर्वव्यापक, अङ्गीको रूपमा र व्रह्मा, शिव,आदि अन्यदेवताहरूलाई अङ्गको रूपमा सधैं विचार गर्ने गर ॥२१॥

ब्रह्मादिदेवाङ्गमयं कलेवरं
ब्रह्माण्डरूपं विपुलं मनोहरम् ॥
चक्राक्षमध्ये किरणैः सुवेष्टितं
सन्दर्शयामास हरिः स्ववैभवम् ॥२२॥

व्रह्मा आदि देवता अङ्ग भएको ब्रह्माण्डरूप भएको विसाल सुन्दर चक्राक्षका माझमा किरणले राम्ररी वेरेको आफ्नो वैभवले पूर्ण शरीर देखाइदिनुभयो ॥२२॥

आदित्यवर्णं महदद्भुतान्वितं
देवाधिदेवेशमलौकिकं विभुम् ॥

विष्णुप्रियः सौम्यतनुं रमापति-
मुवाच दृष्ट्वा मधुरामृतं वचः ॥२३॥

सूर्यको वर्ण भएको ठूलो आश्चर्यताले युक्त देवताका पनि अधिष्ठाता देवताका मालिक, अलौकिक व्यापक विष्णुप्रियले शान्त रमणीय शरीर भएका प्रभु रमापतिलाई देखेर मीठा अमृत वचन भने ॥२३॥

भवन्तमेवात्र मयाभिवाञ्छितं
लब्धं समग्रं न च मेऽन्यकामनाः ॥
तथापि दीनाः शिथिला भयान्विताः
भवन्तु सर्वे सुखिनश्च मे ब्रतात् ॥२४॥

तपाईँलाई मात्र मैले यहाँ चाहेको छु , चाहेको वस्तु सवै पाएँ, मेरा अरु कुनै कामना छैनन्। मेरो अन्तीम इच्छा दीन दःखी शिथिल भयले युक्त जनहरू सवै मेरा व्रतका प्रभावले सुखी होउन् ॥२४॥

गुणानुरागी गुणसङ्गकारणात्
वद्धोऽभवं गौरिव वासनागुणैः ॥
विष्णुप्रियोऽभून्नरदेवपूजितः
धिङ्मां वदन्नाह मुनी रमापतिम् ॥२५॥

गुणको अनुरागगर्ने गुणकै सङ्गतका कारण डोरीले वाँधिएको गाई झैँ वासनारूपी डोरीले वाँधिएको भएँ। विष्णुप्रिय राजाहरूले पूजागरिने भयो। मुनिले आफूलाई धिक्कार्दै रमापतिलाई भने ॥२५॥

दुष्टेन वस्त्रेण सुवेष्टितोऽस्म्यहं
कर्मानुतापेन च खिन्नमानसः ॥
शुशोच यत् स्वार्जित-कर्मणः फलं

सिद्ध्यादिकं व्यर्थमभूत् मया कृतात् ॥२६॥
दोषी वस्त्रले वेष्टित भएको, गरेका कर्मका तापले खिन्नमन भएको छु, जो आफैँले अर्जेको कर्मको फल सिद्धि आदि मैले नै गरेका कर्मद्वारा व्यर्थ भए ॥२६॥

अज्ञानिना यद् विहितं रमापते !
क्षमस्व हे नाथ ! दयासरित्पते ! ॥
विदेहि मां ते चरणौ समाश्रितं
रुदन्नहं ते शरणागतोऽस्म्यहम् ॥२७॥
हे रमापते ! म अज्ञानीले जो गरेँ त्यो क्षमा गरिदिनुहोस् । हे नाथ ! हे दयासागर ! मलाई तपाईंका चरणमा समाश्रित गराइदिनुहोस् । म रुदै तपाईंका शरणमा आएको छु ॥२७॥

सौम्यः स्वरूपः स रमापतिः प्रभुः
दयां विधास्यन् समुवाच हे मुने ! ॥
देवान् समान् वेदपुराणवर्णितान्
जानीहि सर्वत्र ममैव विग्रहान् ॥२८॥
सौम्य स्वरूप ती रमापति प्रभुले दया गर्दै भन्नुभयो । हे मुने ! वेद र पुराणमा वर्णित सबै देवी देवताहरूलाई मेरै शरीर भनेर जान्नु ॥२८॥

स्मरन्ति ये यान् विबुधान् स्वरूपान्
तामेव रूपात्मकमुक्तिमन्ते ॥
लब्ध्वा सुराणां स्वकलात्यये ते
जनिं लभन्ते न च मे प्रपन्नाः ॥२९॥
जनहरू जुन देवताहरूलाई र जुन स्वरूपहरूलाई संझन्छन् र साधना गर्दछन् । अन्त्यमा तिनै देवताको स्वरूपलाई प्राप्त गर्दछन् र ती देवताको कला समाप्तिमा जन्म पाउँछन् । मेरा

प्रपन्न भक्तहरूले जन्मनु मर्नु पर्दैन ॥२९॥
भक्तेषु मे यच्चरितं कृतं त्वया
दुर्भावनापूर्णमिदं प्रकल्प्यते ॥
युञ्जन्ति ते नाम खलेषु मानवाः
प्राप्नोसि मानं मम भक्तसङ्गमात् ॥३०॥
भक्तहरूमा जुन चालचलन तपाइँले गर्नुभयो, यो दुर्भावना पूर्ण भनेर कल्पना गरिन्छ। त्यस कारण मानिसहरू दुर्जनहरूमा तपाइँको नाम जोड्नेछन्। तर मेरा भक्तको सङ्गत भएका कारणले सम्मान पाउँदछौ ॥३०॥
ये मानवाः केशवमन्त्रधारिणः
काले भविष्यन्ति रवीन्दुसन्ततौ ॥
तेषां कुले स्वांशकलासमन्वितान्
सत्यं धरिष्याम्यवतारविग्रहान् ॥३१॥
जो कालान्तरमा सूर्यचन्द्रको वंशमा मानिसहरू केशवमन्त्र धारणगर्ने हुनेछन् , तिनीहरूका वंशमा आफ्नू अंश कलाले यूक्त अवतार विग्रह निश्चित धारण गर्नेछु ॥३१॥
ममावतारेषु कलांशपूरिता
आवेश-सीमांश-कलादिसंयुताः ॥
उद्देश्यपूर्त्यै नरजन्मसिद्धिदा
दिव्या भविष्यन्त्यवतारभेदाः ॥३२॥
मेरा अवतारहरूमा कलाअंशले पूर्ण निश्चित समय भित्र आवेश हुने,अंश,कला आदिले युक्त उद्देश्य पूर्तिका लागि मानव जन्म सिद्धि दिने दिव्य अवतारका भेदहरू हुनेछन् ॥३२॥
आस्ते सदा मे हृदये सदाशिवः
शिवोऽपि मां धारयते निरन्तरम् ॥

मां लब्धुकामः प्रभजेदुमापतिं
प्रपन्नता सिध्यति मे शिवाज्ञया ॥३३॥

मेरा हृदयमा सदाशिव सधैँ वस्नुहुन्छ, शिवपनि मलाई हृदयमा निरन्तर धारण गर्नुहुन्छ। मलाई पाउन चाहनेले शिवको भजन गर्नुपर्दछ, त्यसपछि शिवका उपदेशले मेरो प्रपन्नता विष्णुव्रत सिद्धहुन्छ ॥३३॥

देवाधिदेवाङ्गमयौ रमापती
सौदर्शने ज्योतिसि तौ प्रमीलितौ ॥
सुदर्शनं व्योमनि संन्यलीयत
दृश्ट्वाद्भुतं भूपमुनी सुमीलितौ ॥३४॥

देवताका अधिदेव सम्पूर्ण अङ्गमा हुने लक्ष्मीनारायण सुदर्शन सम्वन्धी ज्योतिको घेरामा मिल्नुभयो। सुदर्शन आकाशमा विस्तारै छिप्यो। यो अद्भुत देखेर राजा र मुनि मिल्नु भयो ॥३४॥

“धन्यो भवान् मां क्षमतां ”परस्परौ
सम्यग् वदन्तावतिहार्दसंयुतौ ॥
आलिङ्गनं नेत्रजलस्य पातनं
कृत्वा चिरं शान्ततमौ बभूवतुः ॥३५॥

“तपाई धन्य हुनुहुन्छ , मलाई क्षमा गर्नुहोस ” परस्पर अत्यन्त सौहार्दले युक्त भएर आलिङ्गन गरेर आँशु खसाएर धेरै वेर शान्त वनी आलिङ्गन गरेर रहनुभयो ॥३५॥

मिष्टान्न-वस्त्रा-भरणादिभिर्नृपो
मुनिं सिषेवे हरिभक्तिसिद्धये ॥
मुनिः प्रसन्नः समुवाच भूपते !
सिध्दं व्रतं स्यात् तव कीर्तिचिन्तनात् ॥३६॥

राजाले हरिभक्ति सिद्धिका लागि मिष्टान्न, वस्त्र, आभूषण

हरूले मुनिको सेवा गरे। मुनि प्रसन्न भएर वोले- हे राजन्! तपाइँको चरित्र कीर्ति चिन्तन गर्नाले विष्णुव्रतसिद्ध होस् ॥३६॥

शान्तिं ग्रहाणां बलबुध्दिसम्पदो
वाञ्छन्ति ये निर्जरसो नरा हरेः ॥
मोक्षेच्छवो वैष्णवमार्गमाश्रिताः
सर्वं लभन्ते तव कीर्तिचिन्तनात् ॥३७॥

जो मानिसहरू देवताहरूवाट ग्रहहरूको शान्ति, वल,बुद्धि, सम्पत्ति चाहन्छन्। हरिभगवान्वाट तिम्रो कीर्ति चिन्तन गर्नाले मोक्ष लगायत सवै पाउँदछन् ॥३७॥

व्रतेषु विष्णुव्रतमुत्तमोत्तमं
श्रीधाम लब्धुं विबुधैरभीप्सितम् ॥
दत्वाशिषं भूपतये वशीन्द्रियः
चिचेत विष्णुव्रतसिद्धिसाधनम् ॥३८॥

व्रतहरूमध्ये विष्णुव्रत देवताहरूले चाहेको सर्वोत्तम श्रीधाम प्राप्तगर्न राजालाई आशीर्वाद दिएर संयमी वनेर विष्णुव्रत सिद्धिको लागि साधना गर्ने विचार गरे ॥३८॥

मधुरवचनमुक्त्वा स्वाश्रमे गन्तुकाम
ऋषिमुनिनृपवर्गैः श्रद्धया सेव्यमानः ॥
अगमदिति सशिष्यः शंकरांशः स धन्यः
हरिरपि भवसिधुं तारयत्येव धन्यः ॥३९॥

मधुर वचन वोलेरआफ्नो आश्रममा जान चाहँने,ऋषि,मुनि,र राजाहरूले श्रद्धाले सेवा गरिएका मुनि शिष्य सहित प्रस्थान गर्नु- भयो। ती शंकरांश दुर्वासा ऋषि धन्य हुनुहुन्छ। हरि भगवान् पनि भक्तलाई संसार समुद्र तार्नुहुन्छ र नै धन्य हुनुहुन्छ ॥३९॥

इति श्रीविष्णुव्रतामृत- सदाचार- भक्तिकाव्ये विराटस्वरूप दर्शनानन्द- योगोनाम दशमसर्गः ५८०+३९=६१९

अथैकादशसर्गः

दयापारावारं कलिमलहरं शेषशयनं
रमानाथं विष्णुं धृतकमलचक्रं स्मितमुखम् ।
सदा ब्रह्मेशेन्द्रैर्ऋषिमुनिगणैर्वन्दितपदं
भजे विश्वाधारं व्रतविधिधृतो मोक्षफलदम् ॥१॥

दयाका समुद्र कलिको दोषलाई नाशगर्ने, शेषमा शयन गर्ने, हातमा कमल चक्र धारण गर्ने, मुसुक्क हाँसेका, सधैँ व्रह्मा,शिव, इन्द्रादिदेवता ,ऋषि, मुनिहरूले वन्दना गरिएका विश्वका आधार, मोक्ष फल दिने, रमानाथ विष्णुलाई व्रतविधि धारण गरिसकेको म भजन् गर्दछु ॥१॥

विरूपाक्षान् पुत्रान् सकलनरनारीर्मुनिजनान्
समाहूयैकस्मिन् समुपदिशति स्म स्ववचनैः ॥
सदा श्रूयध्वं भो प्रियजनसखायोऽमृतमयीं
सदाचारां शिक्षां जनसुखकरां पुण्यफलदाम् ॥२॥

विरूपाक्ष छोराहरूलाई, सकलनरनारीहरूलाई, मुनिजनहरूलाई, एकठाउँमा वोलाएर आफ्ना वचन- हरूद्वारा राजा उपदेश दिनलागे। भो प्रियजन सखाहरू हो ! जनतालाई सुखगराउने, पुण्य फलदिने यो अमृतमयीसदाचार शिक्षा सुन्नुहोस् ॥२॥

पिता,माता,मान्या गुरुवुधजना विप्रविबुधाः
सखा दाता सन्ता जनहितकरा वृद्धपुरुषाः ॥
सदा सेव्यास्तेषां मुदितमनसां प्रेमवचसि
वसेत् दैवी शक्तिर्जनवृजिनहन्त्री सुफलदा ॥३॥

पिता,माता,मान्यजनहरू, गुरु, विद्वान् व्राह्मण, देवताहरू,

साथीहरू,दाताहरू,सन्तहरू,जनताको हितगर्नेजनहरू, वृढापाका जनहरू सधै सेवागर्न योग्य हुन्छन् । खुशी भएका तिनीहरूका प्रेम वचनमा जनताका पापलाई नाश गर्ने शुभ फल दिने दैवी शक्ति वस्तछिन् ॥३॥

अहं भावं त्यक्त्वा विनतवदनस्तान् गुरुजनान्
नमेत्, तेषामाशीर्वचनममृतं यो हि धरते ॥
सदाचाराद्दिव्यं मनसि बलवृद्धिं प्रकुरुते
स सौभाग्यं लब्ध्वा ग्रहजनितदोषान् प्रहरति ॥४॥

अहं भाव त्यागी नम्र भएर ती गुरुजनहरूलाई सम्मान गरोस् । तिनीहरूको आशीर्वादरूपी अमृत वचन जो धारण गर्दछ । सदाचारले दिव्य,मनमा बल वृद्धि गर्दछ, त्यो सौभाग्य पाएर ग्रहजनित दोषहरूलाईृ पनि नाश गर्दछ ॥४॥

सदा सौम्यं दिव्यं कमलनयनं पीतवसनं
सदा शान्तं कान्तं स्मितसुवदनं व्योमवपुषम् ॥
भजेल्लक्ष्मीनाथं रुचिरविषयान् सेन्द्रियवशः
समान् त्यक्त्वा भोगान् प्रमुदितमना ज्ञाननिपुणः ॥५॥

सधैँ सौम्य,दिव्य, सुन्दर,कमल जस्ता आँखा भएका,पहेलो वस्त्र लगाएका,शान्त, रमणीय, मुसुक्क हाँसेका, आकाश जस्तो नील शरीर भएका लक्ष्मीनारायणको रूपलाई, इन्द्रिय वस गर्दो छँदो मनपरेको सम्पूर्ण विषयभोग त्यागेर ज्ञानमा कुशल प्रसन्न मन भएको वनेर भजन गरोस् ॥५॥

हरेरेवं शास्त्रे भवतु सुरुचिर्नान्यविषये
हरेः कीर्तिं गाथां स्मरतु नपठेन्नान्यचरितम् ॥
त्यजेदेवं सर्वं हरिरसविरुद्धं प्रकथनं
भवेद् दासो विष्णोर्विषयविषतृष्णादिरहितः ॥६॥

एवं प्रकारले हरिका शास्त्रमा रुचिहोस्,अन्यविषयमा रुचि नहोस्। हरिका कीर्ति गाथा संझना होस्,अन्य चरित्र नपढोस्। हरिरस विरुद्ध प्रवचन सम्पूर्ण त्यागियोस्। विषयरूपी विषको तृष्णा नभएको विष्णुको दास हुन पाइयोस् ॥६॥

गुरूणामग्नीनां जनकजननी-मान्यवपुषां
प्रसार्याऽग्रे पादौ न वसतु कदाचिद् बुधजनः ॥
न सामान्यं मन्येत् फलकुसुमगन्धान् भगवतः
हरे रूपं ज्ञात्वा व्यवहरतु वै नीतिनिपुणः ॥७॥

गुरुहरूका,अग्निका, पिताजीका, आमाका र मान्यजनहरूका अगाडि गोडा पसारेर जानिफकार व्यक्ति कहिल्यै नवसोस्। भगवान्को प्रसाद रूपमा आएका फल फूल चन्दनहरू सामान्य भनेर अपमान गर्नु हुदैन। नीतिजान्ने व्यक्तिले हरि भगवान् कै रूप संझेर स्वीकार गरोस् ॥७॥

गुरून् पूज्यान् सर्वान् जनकजननीः पण्डितजनान्
प्रकूर्यादालापे बहुवचनयुक्तं सुवचनम् ॥
द्रुतं साष्टाङ्गेनाचरतु मिलितेऽप्यादृतजने
मुदा तेषामाज्ञां प्रकुरु सततं पालनमपि ॥८॥

पूज्य गुरु, पिता,माता, पण्डितजन,सवैलाई वार्तालाप गर्दा वहुवचनले युक्त मीठो वचन वोल्ने गरोस्। आदरणीय जन भेटेमा तुरुन्तै साष्टाङ्गद्वारा सम्मान गरोस्, खुशीले तिनीहरूको आज्ञा पनि सधैं पालन गरोस् ॥८॥

न मन्येत् चेत्सत्यं गुरुहरिसमान् वैष्णवजनान्
विनश्येत् संसारी विषयविषरागी कुचरितः ॥
अतः श्रद्धां धृत्वा गुरुचरणसेवारतजनान्
नमेत् साधून् दृष्ट्वा मनुमननकृत् नम्रवदनः ॥९॥

गुरुचरण सेवारत जनहरूलाई र साधु सन्तहरूलाई देखेर शिर झुकाएर मन्त्र मनन गर्दै वन्दना गर्नु पर्दछ ॥९॥

समायातं विष्णोश्चरणरसिकं चिह्नसहितं
प्रपूज्यैवेयात्तं हरिरसकथावाचकमपि ॥
नमेत् विष्णोर्मूर्तिं स्थितहरिगृहं गोपुरमपि
प्रकुर्यादाचारान् विधिमननकृत् वैष्णवजनः ॥१०॥

सम्मुख आएका विष्णुका चरणरसले पूर्ण चिह्नले सहित भागवत्लाई र हरिरसयुक्त कथाका वाचकलाई पनि पूजा गरेर मात्र अगाडि हिड्नु उचित हुन्छ। विष्णुका मूर्तिलाई, मन्दिरलाई, र गोपुरलाई पनि वन्दना गर्नु पर्दछ। विधि मनन गर्ने वैष्णवजनले यी आचारहरूलाई पालना गर्नुपर्दछ ॥१०॥

समायातं दृष्ट्वा समभिगमनं मान्यविबुधान्
विधायैवं सेवां गमनसमये दूरगमनम् ॥
अहं दासस्तेषां सततमनुचिन्तां प्रकुरुतां
न कुर्यात् स्वां छायां कथमपि तया लंघयतु न ॥११॥

सम्मुख आएका मान्यजनहरूलाई देखेर समीपमा जाने र सेवा गर्ने काम गरेर विदाको समयमा पनि पर सम्म पुगेर सम्मान गर्नु उचित हुन्छ। 'म पुण्यात्माहरूको दास हुँ' भन्ने विंचार गर्नु कर्तव्य हो। आफ्नु छाया उहाँहरूलाई पार्नुहुँदैन र छायाले नाघ्नु पनि हुँदैन ॥११॥

रमानाथस्यैवं चरितमननं पूजनमिदं
विचित्रं चान्येषां रुचिरचरितं चेत्त्यजतु तत् ॥
प्रशंसां श्रीविष्णोर्भजनरसिकानां विधिकृताम्
प्रपन्नानां कुर्यात् न तु विषयिणां क्षुद्रमनसाम् ॥१२॥

रमानाथको नै चरित्र मनन र पूजन गर्नुपर्दछ। अन्यको विचित्र

आकर्षक चरित्र भए पनि त्यो त्याग्नु पर्दछ। श्रीभगवान् विष्णुको भजनमा रसिक हुने र विधि गर्ने प्रपन्नहरूको प्रसंसा गर्नु उचित हुन्छ। विषयमा आसक्त क्षुद मन भएका व्यक्तिको प्रसंसा गर्नुहुदैन ॥१२॥

वदन्तं श्रीरामं कृतमनुजपं शुद्धवपुषम्
न कुर्यात् संस्पर्शं धृततिलकभालं सुवसनम् ॥
समान् दोषान् त्यक्त्वा हितकरगुणान् संकथयतु
प्रशंसेन्नात्मानं कृतवति भवेत् पुण्यहरणम् ॥१३॥

श्रीराम श्रीराम भनीरहने, मन्त्रजपीरहने शुद्धशरीर भएका,राम्रो वस्त्र लगाएका तिलक लगाएका भक्तलाई छोएर शुद्धतामा वाधा गर्नुहुदैन। सवै दोषलाई छोडेर हितकर गुणको वयान गर्नुपर्दछ। आफ्नो प्रशंसा कहिल्यै गर्नुहुँदैन, गरेमा अर्जित सवै पुण्य नाश हुन्छ ॥१३॥

अभक्तान् दु:शीलान् गुरुचरणदासत्वरहितान्
समाशक्तान् नित्यं भगवदितरेषु स्तुतिषु च ॥
न वन्देतैभिर्यः सह वसति चेद् दोषपदभाक्
त्यजेत् शुद्धान् भक्तान् भगवदपचारोऽत्र भवति ॥१४॥

अभक्त, दु:शील, गुरुका चरणको दासत्वभाव नभएका, भगवान् देखि भिन्न अरुको स्तुति वन्दनामा आसक्त जनहरूलाई वन्दना गर्नुहुदैन, यिनीहरूसँग जो सहवास गर्दछ त्यो दोषभागी हुन्छ। सदाचारी शुद्ध भक्तहरूलाई वेवास्ता गर्दछ भने यस विषयमा भने भगवदपचार हुन्छ ॥१४॥

सदा प्रश्नं कुर्यात् गुरुतनयमात्रे न तु कुले
हरौ श्रद्धायुक्ते भवति दृढविश्वास इति च ॥
प्रपन्नानां हस्तात् कुसुमफलतीर्थानि कुशलः

प्रगृह्णीयादन्याद् न तु पिवतु तीर्थं बुधजनः ॥१५॥
सधैँ गुरुतनयका सम्वन्धमा मात्र प्रश्न गर्नु, कुल जाती सम्वन्धमा नगर्नु । श्रद्धाले ओतः प्रोत भएमा मात्र हरिभगवान्मा दृढविश्वास हुन्छ, । प्रपन्नका हातवाट फल, कुसुम, तीर्थजल लिनु योग्य हुन्छ, विद्वान्ले सविधि दीक्षा नलिएका जनवाट तीर्थ लिनु हुँदैन ॥१५॥

गृहे सामान्यानां भवति विधिहीनाऽकृतिरिति
न सा सेव्या मूर्तिर्नियमरहिता शुद्धिविषये ॥
अयोग्यैः संस्पृष्टे वसनपरिशुद्धिं प्रकुरुतां
पिवेन्नैवाशुद्धो हरिचरणतीर्थं यदि भवेत् ॥१६॥

सामान्य जनहरूका घरमा भगवद् आकृति र नियम केही हुँदैन । शुद्धिका विषयमा पनि मूर्ति नियम नभएको हुन्छ, त्यो सेवा गर्न उचित हुँदैन । अपवित्र अवस्थामा रहेका अयोग्य अवस्थामा छोएमा वस्त्र शुद्धि आदि गर्नुपर्दछ । आफु अपवित्र भएको अवस्था छ यदि भने हरिचरण तीर्थ ग्रहण गर्नुहुँदैन , शुद्ध भएर मात्र ग्रहण गर्नुपर्दछ ॥१६॥

व्रतेऽस्म्येवं चोक्त्वा भगवदमृतान्नादिकमपि
त्यजेच्चेद्दोषी स्यात् खलु तदपि दुष्टं न मनुताम् ॥
हरे र्दिव्ये देशे जननिवहमध्ये ऽपि मिलितं
समां शङ्कां त्यक्त्वा व्यवहरतु नित्यं बुधजनः ॥१७॥

म व्रतमा वसेको छु भन्ने वाहनाले भगवत् तीर्थजल महाप्रसाद नलिदा दोषी होला, तर त्यो पनि भगवत् प्रसादलाई अशुद्ध कहिल्यै संभनु हुदैन । जनसमूहको माभमा पनि दिव्य देशमा प्राप्त तीर्थ प्रसाद सवै शङ्का त्यागेर नित्य स्वीकार गर्नुपर्दछ । यो विद्वान्को लक्षणहो ॥१७॥

प्रपन्नानां सेवां हरिचरितमेवं प्रतिदिनं
स्मरन् कार्यं कुर्वन् क्षपयतु च कालं प्रमुदितः ॥
स्मरेत् स्वाचार्याणां शुभचरितमात्रं सविनयः
प्रबन्धं सूरीणां सुचरितवतामेव पठतु ॥१८॥

प्रपन्नहरूको सेवा, र हरिचरित्रलाई प्रतिदिन संभ्कँदै कार्य गर्दै प्रसन्न रहेर कालक्षेप गर्नु पर्दछ। आफ्ना आचार्यको शुभचरित्र मात्र विनयपूर्वक संभ्कनु पर्दछ। विद्वान् असल चरित्र भएका जनहरूको निवन्ध पढनुपर्दछ ॥१८॥

अहं भावापन्नैः सह सुवसतिं सङ्गतमपि
न कुर्यात् देवानामहितमतिनिन्दां च सततम् ॥
न गृह्णीयात् तीर्थं जलधितनयेशस्य रहितं
त्यजेत् वार्तालापं गुरुभगवतो निन्दकजनैः ॥१९॥

अहङ्कार गर्ने जनहरूसँग सहवास र सङ्गत पनि गर्नुहुँदैन। कुनै देवताहरूको अपमान,निन्दापनि कहिल्यै गर्नुहुँदैन। लक्ष्मी र नारायणको सम्पर्क नभएको तीर्थ पनि लिनु हुँदैन। गुरु र भगवान्‌को निन्दा गर्नेजनसँग वार्तालाप पनि त्याग्नुपर्दछ ॥१९॥

रहस्यं तत्त्वार्थत्रयमुभयबोधं च सततम्
हरौ निष्ठां कुर्वन् प्रचरतु च तैः सङ्गतमिति ॥
तदज्ञैस्तैः सार्धं न कुरु सहवासं क्षणमपि
तदज्ञानां तीर्थग्रहणमपि योग्यं न भवति ॥२०॥

रहस्यत्रय,तत्त्वार्थत्रय,यी दुवैको वोध र हरिमा निष्ठा गर्दै रहने, रहस्य जान्नेहरूसँग सङ्गत पनि गर्दै रहनुपर्दछ, । यो रहस्य नजान्नेहरूसँग घुलमिल रहनु उचित हुँदैन। भगवद् भक्तिज्ञान नहुने जनहरूको तीर्थग्रहण गर्न योग्य हुँदैन ॥२०॥

रहस्ये मन्त्रार्थे यदि परमनिष्ठो भगवति

स विश्वासो योग्यो गुरुहरिसमो वैष्णवजनः ॥
यतीनां सन्तानां चरितमननं कीर्तनमपि
प्रकर्तव्यं नित्यं गुरुमुनिजनैः संप्रकथितम् ॥२१॥

मन्त्रार्थ रहस्यमा यदि भगवान्मा परमनिष्ठा राख्ने छ भने त्यो विश्वासी योग्य,गुरुहरिसमान वैष्णवजन हुन्छ। यति,सन्तहरूको चरित्र मनन,कीर्तन पनि सधैं गर्नु उपयोग्य हुन्छ भनेर गुरु, निजनहरूले वताउनुभएको छ ॥२१॥

परच्छिद्रान्वेषी गुरुचरणविद्वेषनिपुणः
कुसङ्गी संस्कारी धृततिलकभालोऽपि भवति ॥
कदाचित् तादृग्भिर्नकुरु सहवासं प्रलपनं
सदाचारानेतान् मननमनुशीलं विदधताम् ॥२२॥

अर्काका नराम्रा व्यवहारको खोजी गर्ने, गुरुचरणको विद्वेष गर्न सीपालु, खराव सङ्गत गर्ने,संस्कार र तिलक लगाएको भए पनि त्यस्ता जनसँग घुलमिल वार्तालाप नगर्नु। यी सदाचारहरूलाई मनन र पालन पनि गरीरहनु वैष्णवको सदाचारहो ॥२२॥

सतां सङ्गः कार्यो द्वय-चरम-मूलार्थनिपुणः
न कुर्यात् तैः संगं हरि(गुरु)चरणयोर्निन्दकजनैः ॥
प्रपत्तौ निष्ठा चेदितरजनवर्गे च कुरुताम्
उपायान्यासक्तेऽनवरतमुदासी प्रभवतु ॥२३॥

सज्जन ्सँग सङ्गतगर्नु, द्वय-चरम-मूल मन्त्रार्थमा निपुण हुनु, हरिचरणको निन्दागर्ने जनहरूसँग सङ्गत नगर्नु, हरिभक्तिमा निष्ठा राख्ने व्यक्तिछन् भने अरु श्रद्धालु जनहरूमा पनि सङ्गत गर्नु उचित हुन्छ। अन्य उपायमा लागेका जनहरूमा चाहिँ उदासी रहनु श्रेयस्कर हुन्छ ॥२३॥

घृतैः सिक्तं पक्वं सरसमधुरव्यञ्जनयुतं

हरावर्पित्वैव ग्रहणमपि कुर्वीत सततम् ॥
न चैवं गृह्णीयान्न तु ददिदं वस्तु निखिलम्
उपायान्याच्चेत् यद् ग्रहणमघमेतद्धि कथितम् ॥२४॥

घिउले सिञ्चित भएको सरस मधुर साग अचारले युक्त पक्वान्न हरिभगवान्मा अर्पण गरेर मात्र सधैं ग्रहण गर्ने वानी वसाल्नु उचित हुन्छ। भगवद् अर्पण नगरेको वस्तु आफुले पनि ग्रहण नगर्नु,अरुकसैलाई पनि त्यस्तो वस्तु न दिनु यो भक्तको कर्तव्य हो। यदि उपाय विरोधी व्यक्तिको पाक ग्रहण गर्नु ता पाप स्वीकार गर्नु हो, भन्ने कुरा वताइएको छ ॥२४॥

लभेतैतां शय्यां यदि मणिमयीं लौकिकफलां
न गृह्णीयात् लोके नियमरहितां दोषजनिताम् ॥
तथा जात्या दुष्टां विविधफलवस्त्राण्यपि सदा
विचार्यैवं शुद्धं भगवत इदं चार्पयतु तत् ॥२५॥

यदि यस्तो शय्या मणिमय छ, लौकिक फलदिने वाला छ, लोकमा चलेको नियम रहित छ, दोष जनाउँदछ, र त्यस्तै जातीले पनि दोषी छ भने विभिन्न फल वस्त्रहरूले आकर्षित भए पनि ग्रहण नगर्नु,। यस प्रकार शुद्ध विचार गरेर त्यो भगवान्लाई अर्पण गर्नु उचित हुन्छ ॥२५॥

सदा सेव्यं प्रेम्णा गुरुजनकृपाप्राप्तमनुजैः
प्रसादं सामान्यं न वदतु च तं पुण्यफलदम् ॥
महान् विघ्नो जातो भगवदपचारो भवति चेत्
महान् लाभो ज्ञेयो ननु हरिमुखोल्लास इति च ॥ २६॥

गुरुजनका कृपाले प्राप्त जनहरूद्वारा प्रेमले सेवा गरिएको प्रसादलाई सामान्य भन्नु हुँदैन, त्यो प्रसाद पुण्यफल दिने भन्नु पर्छ। भगवदपचार हुन्छ भने ठूलो विघ्न भयो।

भगवान्‌को प्रसन्नताको कार्य सम्पन्न हुन्छ भने ठूलो लाभ भयो, यो जान्नु पर्छ ॥२६॥

गुरौ शालिग्रामे चरणसलिले वैष्णवजने
न सामान्यं ज्ञेयं तपसि निरते श्रीयतियुते ॥
हरावन्यैर्देवैर्न कुरु समबुद्धिं भगवति
सदा मूलं मन्त्रं हरिचरितमेवं हि मनुताम् ॥२७॥

गुरुमा, शालिग्राम भगवान्‌लाई स्नान गराएको जलमा, वैष्णवजनमा, तपस्यामा निरत भएको अवस्थामा, सन्यास वनेर रहेको अवस्थामा,सामान्य मान्नुहुँदैन,। हरिभगवान्‌मा, अन्यदेवताहरूसँग समबुद्धि पनि राख्नु हुँदैन । सधैँ मूलमन्त्र र हरिचरित्रलाई मनन गरीरहनुपर्छ ॥२७॥

हरेः रूपं दिव्यं हरिरसयुतं दीक्षितजनं
विना तं तुष्येच् श्रीहरिरिति कथं व्योमफलवत् ॥
अतः केषां केचित् ह्यपजनितकार्यं न कुरुत
महद्वाक्यं रामानुजरचितमेतत् सुमधुरम् ॥२८॥

हरिभक्तिरसले युक्त दीक्षितजन हरिको दिव्य रूप हो । भक्तजन विना विष्णु खुशी हुनुहुन्न । खुशी भएता पनि आकाशको फल झैँ व्यर्थ हुन्छ । अतः कसैले कसैको अपमान जनाउने रतिभर काम गर्नुहुँदैन। यो सुमधुर महावाणी रामानुजाचार्य स्वामी महाँराजज्यूले रचना गर्नुभएको हो ॥२८॥

अहिंसा-सन्निष्ठा-व्रतनियमवान् त्यागसहितो
दयावान् शुद्धात्मा तपसि निरतः सत्यचरितः ॥
मनोवृत्तौ सौम्यः सकलजनसेवासु निरतः
ससन्तोषो ज्ञानी भवतु समदृक् सेन्द्रियवशः ॥२९॥

हिंसा नगर्ने सत्यवस्तु वा सज्जनमा निष्ठा राख्ने, व्रतनियम

गर्ने त्यागले सहित शुद्ध आत्मा भएको तपस्यामा तल्लीन हुने, मनका वृत्तिमा शान्त रहने, सम्पूर्णजनताको सेवामा लाग्ने, सन्तोषीहुने,समदृष्टि राख्ने,इन्द्रियवश गर्ने ज्ञानी हुनुपर्दछ ॥२९॥

हरौ श्रद्धानिष्ठः सरलगुणवान् प्रेमरसिकः
सदाचाराध्यायी सकलजनजीवात्महृदयः ॥
श्रमी शान्तो दानी प्रमुदितमनाः शुद्धतनवान्
भवेत् यः कोऽप्येवं परमपदलाभाय कुशलः ॥३०॥

हरिमा श्रद्धा निष्ठा राख्ने, सरलगुणवान्, प्रेमरसिक,सदाचारको अध्ययन गर्ने, सम्पूर्ण जनजीवात्माको हृदयलाई आफ्नो हृदय जस्तै संझने, परिश्रम गर्ने, शान्त, दानी, प्रसन्न मन हुने, शुद्ध शरीरवाला, जो कोही यस्तो छ भने परम आनन्दको आश्रय प्राप्तगर्नका लागि सफल सीपालु त्यही हुन्छ ॥३०॥

प्रजानां रक्षार्थं नियमसहितः शौर्यगुणवान्
क्षमावान् वीर्यौजोधृतिभिरनिशं कर्मसफलः ॥
भवेद् ब्रह्मण्यो यो धनजनसुरक्षार्थकुशलः
सुसामर्थ्यास्तिक्यः प्रभवति स योग्यो मृदुमनाः ॥३१॥

जो प्रजाहरूको रक्षागर्न नियमले सहितभएको, शूर वीर गुणले युक्त, क्षमावान्, शक्तिशाली,,तेजस्वी, धैर्यधारणाले निरन्तर कर्ममा सफल, ब्राह्मण भक्त, धनजनको सुरक्षा गर्न कुशल,असल सामर्थ्य शक्तिहुने, ईश्वर सत्तालाई विश्वास गर्ने, त्यो कोमल मन भएको व्यक्ति वरिष्टा माननीय हुनेछ ॥३१॥

व्रताद्यैः संस्कारैः कनकमिव यद्जीवनमपि
प्रकुर्यात् संरम्यं यदि जनितनीचोऽपि मनुजः ॥
सुसंस्काराचारादुपरिगतिशीलो नरवरः
प्रशंस्यः संमान्यो न तु स निरपेक्षो प्रभवति ॥३२॥

व्रतादि संस्कारहरूले यो जीवनलाई पनि सूनलाई आगामा खारेर मूल्यवान् वनाए झैँ रमणीय शुद्ध वनाउनुपर्छ। यदि जन्म जस्तो सुकै नीचकुलमा जन्मे पनि सुसंस्कार र सदाचार द्वारा मोक्षमार्गमा हिड्ने असल सुशील,उत्तम प्रशंसनीय, संमाननीय हुन्छ। त्यो उपेक्षित चाहिँ हुँदैन ॥३२॥

गृहीत्वाऽज्ञां भर्तू रुचिरवसनाऽच्छादिततनू
रसैर्युक्तं भोज्यं प्रियमधुरपथ्यं विदधती ॥
सुशीला चेष्टाद्यैर्वचनमृदुला ज्ञाननिपुणा
सती साध्वी नारी प्रभवति सदाचारसहिता ॥ ३३॥

पतिको आज्ञा लिएर मनपर्दा वस्त्रले शरीर समुचित ढाकी सुन्दर वनेर रहने, रसले युक्त खाना, प्रिय, मधुर,पथ्य वनाउने,असल शील स्वभावका चेष्टाद्वारा मीठो वचन वोल्ने, ज्ञानमा निपुण, सदाचारले सहित भएकी नारी, सती, साध्वी, प्रशंसनीया पूजनीया हुन्छिन् ॥ ३३॥

मनोज्ञा धर्मज्ञा यदि भवति या शिल्पसहिता
सुसन्तत्यै सेवेदपतितपतिं नान्यपुरुषम् ॥
पतावीशे भक्तिं यदि कृतवती सत्यवचना
रमा-गौरीवत् सा प्रभवति सुपूज्या क्षितितले ॥३४॥

मन जान्ने धर्म जान्ने, जो नारी सीपले सहित भएकी हुन्छिन् भने असल सन्तानका लागि सदाचारी पतिको सेवागरुन्। अन्यपुरुषको सेवा नगरुन्। पति र ईश्वरमा समान् भक्ति गर्दछिन् र सत्य वोल्दछिन् भने ती नारी लक्ष्मी गौरी जस्तै पृथिवीमा अत्यन्त पूजनीय हुन्छिन् ॥३४॥

असंस्कारात् नीचो भवति जनिमात्रेण हि नरः
यथा स्युः संस्काराः प्रभवति स संस्कारसदृशः ॥

कुसंस्कारात् स्वर्णं कुरसमिलितं मूल्यरहितं
न शोभेतेदं तज्जगति विदितं जीवनमपि ॥३५॥

मनुष्य संस्कार नहुनाका कारणद्वारा जन्मनाले मात्र नीच हुन्छ। जस्ता प्रकारका संस्कार हुन्छन्। त्यो मानिस संस्कार जस्तो छ त्यस्तै हुन्छ। जगत्मा प्रसिद्ध छ ,खराव संस्कारका कारणद्वारा सुवर्ण कुरस मिसिएको हुनाले मूल्य रहित हुन्छ , सुहाउँदैन। यो जीवन पनि सुहाउँदैन ॥३५॥

गुरोरन्तेवासी विधृतनियमो ज्ञानचयनं
प्रकुर्यात् षड्वर्षाच्छरभुजसमं वत्सरमिति ॥
ततः शिक्षापन्नो वयसि समगुण्यां सुचरिताम्
वृणीयात् यां कन्यां विनयगुणवान् तां सविनयाम् ॥३६॥

गुरुको समीपमा वसेर नियमलाई पालन गर्दै शिक्षा ग्रहण ६ वर्षदेखि २५वर्षको उमेर सम्म राम्ररी गरोस्। त्यस पछि शिक्षा पूर्ण, विनयगुण सम्पन्न भएर जुन कन्या उमेरमा समगुण भएकी, असल चरित्र भएकी छन्। त्यस्ती विनयगुण सम्पन्ना कन्यालाई वरण कार्य सम्पन्न गरोस ॥३६॥

सदुक्त्या सद्बुद्ध्या परमनसि श्रद्धां च विदधत्
सदा शुद्धानर्थानुचितविधिना संकलयतु ॥
पितुर्मातुः सेवामतिथिहरिपूजामविरतं
गृहस्थः पुत्रादीन् जनयतु पुनः शिक्षयतु तान् ॥३७॥

सद् उक्तिले, सद्वुद्धिले ,अर्काको मनमा विश्वास सिर्जना गर्दै सधैं समुचित विधिले शुद्ध अर्थ अर्जन गर्नु पर्छ। पिता माताको सेवा, पाहुनाको सेवा, हरिभगवान्को पूजा पनि नित्य गर्दै,गृहस्थ वनेर सन्तान पैदा गराउनु, र तिनीहरूलाई शिक्षा दिने काम पनि राम्ररी गराउनु कर्तव्य हो ॥३७॥

पितॄणां यः श्राद्धं तिथिजनिभतीर्थेषु सततम्
प्रकुर्वन् सत्सङ्गं भ्रमणमनुकूलं सुवचनम् ॥
यशोवृद्ध्यै यज्ञं स्वजनसहयोगं च विदधत्
स सन्यासी भूयात् यदि परिणतिः स्यात्सुखकरी ॥३८॥

पितृहरूको प्रियतिथि,जन्मभएको नक्षत्र,वा तीर्थमा श्राद्ध, अनुकूल तीर्थहरूमा निरन्तर भ्रमण पनि गर्दै रहोस्। यशको वृद्धिका लागि यज्ञ र इष्टमित्रको सहयोग पनि गर्दै अन्त्यमा सुखहुने स्थिति छ भने सन्यासी हुनुउपयुक्त हुन्छ ॥३८॥

न हिंस्यं न स्तेयं न परधन-नारीश्च हरणं
प्रियं सत्यं वाच्यं न तु सुमधुरं सत्यरहितम् ॥
न हास्यं नो क्रुध्यं न परचरितं चिन्तनमल-
मनास्तिक्यैः सार्धं न वदतु न भक्षेदपि कदा ॥३९॥

कसैलाई हिंसा नगर्नु, कसैको धन नचोर्नु, परधन, परनारी हरण नगर्नु, प्यारो लाग्ने र सत्य कुरा मात्र वोल्नु, सुन्दा मधुर भए पनि असत्य नवोल्नु, अनुचित हाँसो नहाँस्नु, क्रोध नगर्नु,परचरित्र चिन्तन र वत्खाइँ नगर्नु, ईश्वर नमान्ने संग वसेर नखानु, कहिल्यै ज्यादा नवोल्नु,यो सदाचार हो ॥३९॥,

न देयं कस्मैचिद् वचनतनुभिः कष्टमनिशं
ससन्तुष्टैर्भाव्यं सरलसरसैर्मानरहितैः ॥
हरेरेवं चिन्त्यं मधुरचरितं मोक्षफलदम्
शयानेऽपि स्थाप्यौ मनसि वचनैः श्रीशचरणौ ॥४०॥

कसैलाई वचनले र शरीर सम्बन्धी कर्मले कहिल्यै कष्ट नदिनु, सन्तोषी, सरल रसिक, मान रहित गुणहरूले युक्त वनेर रहनु उचित हुन्छ। एवं प्रकार हरिभगवान्को ठूलो आनन्द फलदिने मधुर चरित्र चिन्तना गर्नु उपयुक्त हुन्छ, शयन गरेको वेलामा

पनि, लक्ष्मीनारायणका चरण मनमा वचनद्वारा स्थापना गरिरहनु योग्य हुन्छ ॥४०॥

पठेत् प्रेम्णा प्रातः स्तुतिवचनमन्त्रान् सुमधुरान्
नमेदिष्टान् देवान् गुरुजनकभातृन् बुधजनान् ॥
शुचिं कृत्वा शुद्धो भवतु सलिलैर्मृद्भिरधिकम्
मुखं दन्तान् हस्तौ स्वचरणतनूः शोधयतु च ॥४१॥

विहानै उठेर सुमधुर स्तुतिवचन मन्त्रहरू पढ्नु। इष्टदेवता गुरु, पिता, माता, आदरणीय दाजु, विद्वान् जनहरूलाई दण्डवद् गर्नु। पानी र माटाले राम्ररी शुद्ध हुनु र मुख,दाँत, हात, आफ्ना चरण, शरीरलाई शुद्ध वनाउनु कर्तव्य हुन्छ ॥४१॥

सदैवं संशुद्धो रविमभिमुखोऽर्घ्यं प्रददतां
प्रकुर्यात् सन्ध्यायां मनुमननसेवां भगवतः ॥
फलैः स्वादिष्टान्नैः सघृतशुभभोगं भगवते
समर्प्यैवं भुञ्जेदुपगतजनेभ्योऽपि वितरन् ॥४२॥

सधैं शुद्धवनी सूर्य पटि मुख फर्केर अर्घ दिनु,सन्ध्याको समयमा भगवान्‌को मन्त्र मनन सेवा गर्नु,फल स्वादिष्ट अन्नले घिउ सहित शुभ भोग भगवान्‌लाई अर्पण गरेर उपस्थित जनहरू लाई पनि वाँड्दै खाने काम गर्नु कर्तव्य हो ॥४२॥

ब्रह्मा निर्मलता शिवः कुटिलता सर्वाङ्गरूपाः सुरा
ब्राह्मी बुद्धिरुमा वलं भगवतो लक्ष्मीर्दया शाश्वती ॥
देवीदेवसमूहसंवृततनुर्विश्वात्मनारायणः
सर्वेषां स हि पूजको भवति यो नारायणोपासकः ॥ ४३॥

निर्मलतारूप व्रह्मा,कुटिलतारूप शिव, सम्पूर्ण अङ्गरूप देवताहरू हुन् ,सरस्वती वुद्धि हुन्, उमा वलहुन्, लक्ष्मी स्थायी दया हुन्। देवी,देवताहरूले ढाकिएको शरीर हुने विश्वको

अन्तर्हृदयमा रहने नारायण हुनुहुन्छ। जो नारायणको उपासक छ त्यो सवै देवी देवताहरूको पुजारी हो ॥ ४३॥

यो नारायणमेकमेव पुरुषं जीवस्य संरक्षकं
स्मृत्वा संधृतवैष्णवव्रतमिदं मोहेन सम्यक् त्यजेत् ॥
सम्मानं मधुरं स एव कृतवान् पश्चादवज्ञां पुनः
मानानन्तरमेव पीडनमिदं दोषो महान् गण्यते ॥४४॥

जो जीवको संरक्षक एकमात्र पुरुष नारायणलाई संझेर धारण गरेको वैष्णव व्रत मोहद्वारा त्याग गर्दछ। त्यसले मधुर सम्मान गर्‍यो पछाडि फेरि भगवान्को अपमान गर्‍यो। यो मान पछि दुःख दिएको ठहर्दछ, यो ठूलो दोष मानिन्छ, ॥४४॥

कार्याकार्यविचारहीनपुरुषान् नीचानुरागान्वितान्
शुद्धाशुद्धविवेककार्यरहितान् स्वादायहिंसापरान् ॥
गायत्रीजपमूलमन्त्रमननाद्याचारसंवर्जितान्
दृष्ट्वाऽभक्तजनान् सदा स भगवान् नैव प्रसन्नो भवेत् ॥४५॥

कार्य, अकार्य केहो भन्ने विचारले हीन पुरुषहरूलाई ,नीच जनसंग प्रेम गरेर घुमफिर गर्ने जनहरूलाई, शुद्ध, अशुद्ध विवेक(ख्याल)नगर्ने, स्वादपूर्तिका लागि हिंसागर्ने जनहरूलाई र गायत्रीजप, मूलमन्त्र मनन आदि सदाचार नगर्ने अभक्त जनहरूलाई देखेर ती भगवान् कहिल्यै प्रसन्न हुनुहुन्न ॥४५॥

एकोऽहं बहुरूपसन्धृततनुःस्यामेति भावं नवं
धृत्वा लोकसुखाय वैदिकसुधाविस्तारकर्ता प्रभुः ॥
पञ्चानां जनकं श्रुतिध्वनिकरं कल्याणशान्तिप्रदं
शङ्खं संस्कृतवान् तमाद्यपुरुषः शेषेऽवसत् वादयन् ॥४६॥

म एउटा हुँ, धेरै रूपहुने शरीर भएको हुनुपर्‍यो, यो नया भाव धारण गरेर लोकको सुखका गागि वेदका अमृतविचार विस्तार

गर्ने प्रभु परमात्माले पञ्चमहाभूत, पञ्चज्ञानेन्द्रिय, पञ्च कर्मेन्द्रिय, पञ्चविषय, र मन,चित्त,वृत्ति, अहङ्कार, जीव यी सवै वोध गराउने वेदध्वनि प्रकट गराउने कल्यांण र शान्ति दिने हेतुले शङ्ख राम्ररी रचना गर्नुभयो र त्यो शंख वजाउँदै आद्यपुरुष प्रभु परमात्मा शेष शय्यांमा वस्नुभयो ॥४६ ॥

श्रीविष्णुव्रतवर्धनाय भगवान् श्रीपाञ्चजन्योऽभवत्
सोऽसौ वैदिकधर्मशास्त्रसकलान् नीत्वा समुद्रेऽवसत् ॥
कालान्ते स हि दिव्यशंखसुतनुर्भूत्वाऽकरोत् शं स्वर-
मज्ञानान्धहरं स्मराम सततं कामप्रतीकं हरिम् ॥४७॥

श्रीविष्णुव्रत वढाउन भगवान् श्रीपाञ्चजन्य शरीर भएको वन्नुभयो। तिनै भगवान् वैदिक धर्मशास्त्र सवै लिएर समुद्रमा वस्नुभयो। कालान्तरमा उनै भगवान् दिव्यशंख शरीर वनेर सुखदायी शव्दगर्नुभयो। अज्ञानको अन्धकारलाई नाश गर्ने प्रद्युम्नको प्रतीक शंखरूपी हरिलाई सधैं संझौं ॥४७॥

यस्याङ्गे हरिशंखचक्ररचितं चिह्नं समुच्छोभते
भाले सुन्दरमूर्ध्वपुण्ड्रमपि यच्छ्रीचूर्णमालक्ष्यते ॥
मन्त्रं मुख्यतमं हरेर्गुरुमुखात् श्रुत्वा जपेच्चार्चयेत्
यो नित्यं हरिकीर्तनं च विदधत् विष्णोः कथामारमेत् ॥४८॥

जसका अङ्गमा हरिका शंखचक्रद्वारा रचित चिह्न शोभायमान छन्। निधारमा सुन्दर ऊर्ध्वपुण्ड्र र श्रीचूर्ण पनि शोभायमान देखिन्छ। हरि भगवान्को मूलमन्त्र गुरुमुखवाट सुनेर जप्तछ र अर्चना पनि गर्दछ, जो नित्य हरिकीर्तन पनि गर्दै रहन्छ त्यो विष्णुको कथामा रमाइरहने भगवान्को प्यारो होला ॥४८॥

ध्यानं श्रीहरिरूपमेव सततं तन्नाम सम्यक् स्मरेत्
लक्ष्मीशस्य शिलाकृतिप्रतिकृतीः कुर्वीत सेवां सदा ॥

सश्रद्धः स्तुतिवन्दनां प्रकुरुतां गृह्णातु तीर्थोदकं
पक्वान्नं हरये समर्प्य वितरन् नारायणं सेवताम् ॥४९॥
श्रीहरिरूपमात्र सधैँ ध्यान गर्नु,उनै भगवान्‌को नाम राम्ररी संझनु, लक्ष्मीनारायण सम्वन्धी आकृति (शालिग्राम) र तस्वीरहरूलाई सेवा गर्नु, श्रद्धासाथ स्तुति वन्दना गर्नु, तीर्थजल खानु, पक्वान्न भगवदर्पण गर्दै नारायण सेवा गर्नु यो कर्तव्य हो ॥४९॥

द्वादश्यां व्रतनिष्ठता भगवतो यस्मिन् सुसन्दृश्यते
यो विष्णोः परमप्रियां हि तुलसीं संसेवते सिञ्चति ॥
इत्थं षोडशभावसंभृततनुं भक्त्यैकनिष्ठं जनं
दृष्ट्वा दीनदयानिधिः स भगवान् विष्णुः प्रसन्नो भवेत् ॥५०॥
एकादशीको अन्त्य द्वादशीमा भगवान्‌को व्रतगर्ने निष्ठा जस्मा देखिन्छ ,जो विष्णुकी परम प्रेयसी तुलसीलाई राम्ररी सेवा गर्दछ पानी चडाउँछ , त्यो पानीले आफुलाई सिञ्चन गर्दछ। यी १६ भाव धारण गर्ने शरीर भएको, भक्तिले एकतत्व भएको जनलाई देखेर दयासागर भगवान् विष्णु प्रसन्न हुनुहुनेछ ॥५०॥

शुद्धाचार-सुशील-साधनकृतां लक्ष्मीशनिष्ठावतां
रक्षार्थं हरिणा सुदर्शनयुजा सत्यप्रतिज्ञा कृता ॥
तस्माद् विष्णुव्रतेषु निश्चितमना निश्शंकसंस्कारितः
यो विष्णोः स्मरणं सदा प्रकुरुते स एव धन्यो नरः ॥५१॥
शुद्धआचार,सुशील,माथिका १६ आचरण साधनगर्ने,लक्ष्मी-नारायणमा निष्ठा राख्ने जनहरूको सुरक्षागर्नका लागि सुदर्शन हातमा लिने हरिभगवान्‌ले सत्य प्रतिज्ञा गर्नुभएको छ । त्यसकारण विष्णुको व्रतमा निश्चित मन, निश्शंक भएर

संस्कार भएको जो भक्त छ,सधैं विष्णुको स्मरण गर्दछ । त्यो नै धन्य हो महान् हो ॥५१॥

इतिश्रीविष्णुव्रतामृतसदाचारभक्तिकाव्ये सदाचार- चिन्तनानन्द- योगो नामैकादशसर्गः ॥११॥ ६१९+५१=६७०

अथ द्वादशसर्गः

राजा विष्णुप्रियो विरूपाक्षादिषु समानशीलेषु पुत्रेषु प्रजापालनभारं संस्थाप्य सपत्निको वनं विवेश ॥१॥ एकान्ते शुद्धसिद्धासनो निखिलराज्य-विषय-भोगेच्छानिवृत्तः कल्याण-करुणावरुणालये जगदाधारे लोकैकनाथे परमाधिपतौ वासुदेवे लक्ष्मी- विराजित- वामभागे भगवति नारायणे चित्तवृत्तिं निरुध्य सुस्थिरः सन् तन्महिमानमवाप ॥२॥ अस्यातिशय-विरोधिने परमाततायिनेऽपि संरक्षणायाजीवनं यम- नियमासन-प्राणायाम- प्रत्याहार- धारणा- ध्यानसमाधीनां साधनां विधाय विहित- व्रतफलं च समर्प्यान्ते नारायणलीनस्य- चरित्रगाथां यः श्रृणोति चिन्तयति अनुपठति अनुसरति च ॥३॥ स परमकल्याण- परम- कारुणिक- महापुरुषस्य परमाह्लाद-जनकां परां भक्तिं लब्ध्वा परमान्दी भवति ॥४॥ विरूपाक्षादयः पुत्रपौत्रादयो नारायणपरायणाः परमभागवता ब्रह्मज्ञानिनो ब्राह्मणा बभूवुः ॥५॥

राजा विष्णुप्रिय, विरूपाक्षादि समानशील पुत्रहरूमा, प्रजापालन गर्ने भार सुम्पिएर सपत्निक वन जानुभयो ॥१॥ एकान्तमा शुद्ध सिद्धासनमा वसी सम्पूर्ण राज्य र विषय भोगको इच्छावाट निवृत्तभई कल्याण गर्ने दयाका सागर जगत्का आधार लोकका एकमात्र मालिक परमाधिपति वासुदेव, वाम भागमा लक्ष्मी शोभायमान हुने भगवान् नारायणमा चित्तवृत्ति लगाएर

सुस्थिर हुँदै भगवान्‌कै महिमालाई प्राप्त गर्नुभयो ॥२॥ इनका अत्यन्त विरोधी आफुलाई मार्न तयार हुनेलाई पनि संरक्षणको लागि आजीवन यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान, समाधिहरूको साधना गरेर विहित-व्रतफल पनि समर्पण गरेर नारायणमा लीन हुनु भएका अम्वरीषको चरित्रगाथा जो सुन्छ, चिन्तन गर्दछ, वारवार पढ्छ, अनुशरण पनि गर्दछ ॥३॥ त्यो परमकल्याण, परमदयालु महापुरुष रमापतिको अत्यन्त आनन्द वोध गराउने परा भक्ति पाएर परमान्दी हुन्छ ॥४॥ यिनका विरूपाक्षादि पुत्र पौत्र आदि सवै नारायण- परायण परम भागवत ब्रह्मज्ञानी व्राह्मण भए ॥५॥

मातुः सदाचारकारणाद् गर्भत एव भगवद्भक्तिशिक्षा-विभूषितः प्रह्लादो वाल्यावस्थायामेव नारद- सकाशात् सशंख-चक्र- दीक्षामन्त्रं जग्राह ॥६॥ श्रद्धयौतः प्रोतो दैत्यसखिभिः सह स्वकुलगुरु- नियमानुसारेण पठन् सन् भगवच्चरणानुराग-विभूषितहृदयः सांसारिक- माया- वाग्जाला- लङ्कृतासुरी-विद्या- संग्राहयन्नपि निरवच्छिन्न- मन्त्रार्थ- स्वरूप-चिन्तनपरो बभूव ॥७॥ भ्रातृ- वियोग- कारण-परिपन्थि-पक्षधरस्य तस्य पराश्रयविचार- परिवर्तनाय हिरण्यकशिपुरसमर्थो बभूव ॥८॥ तद्विहित- पर्वतपातन-गभीरजल- निमज्जन- विषपान- बह्नितापन- शस्त्रास्त्र-प्रहारादि- सङ्कष्टेभ्यो विष्णोर्मानसरूप- सुदर्शनं प्रह्लादं ररक्ष ॥९॥ स्तम्भ- मुत्पाट्य प्रादुर्भूतो नरसिंहरूपो विष्णुः नखसुदर्शनात् हिरण्यकशिपुं निहत्य प्राणसंकटात् मायामोह-जालाच्च तं मुमोच ॥१०॥ अस्मात् प्रह्लादचरितात् मनुष्य-पशु- पक्षि- कीटपतङ्ग- लता- वृक्षादि- चराचरान्त- व्यापक-

मानस- शक्ति- सुदर्शन- समलङ्कृतो विष्णुः सर्वत्र विराजत इति ज्ञायते ॥११॥ आमाका सदाचारका कारण गर्भदेखि नै भगवद्भक्ति शिक्षाले विभूषित प्रह्लादले वाल्यावस्थामा नै नारदजीवाट शंख-चक्रसहित दीक्षामन्त्र लिनुभयो ॥६॥ श्रद्धाले ओतःप्रोतः दैत्यसखिहरूसंग स्वकुल- गुरुको नियमानुसार पढने काम गरे पनि भगवान्का चरणको प्रेमले विभूषित हृदय वनाएर सांसारिक मायावाग्जालले अलङ्कृत आसुरी विद्या पढाए पनि निरन्तर मन्त्रार्थ स्वरूप भगवान्को चिन्तन गर्ने भए ॥७॥ भ्रातृवियोगका कारण शत्रुको पक्षधर प्रह्दादको भगवान्मा विश्वास गर्ने विचार परिवर्तन गर्न हिरण्यकशिपु असमर्थ भयो ॥८॥ त्यसले गराएको पर्वतवाट लडाउने, गम्भीर जलमा डुवाउने,विषपान गराउने आगामा डढाउने,शस्त्र अस्त्र प्रहारादि सङ्कष्टवाट विष्णुको मनरूपी सुदर्शन चक्रले प्रह्लादलाई रक्षा गर्‍यो ॥९॥ स्तम्भ फोरेर प्रकट भएका नरसिंहरूप विष्णुले नखरूप सुदर्शनवाट हिरण्यकशिपुलाई मारेर प्राणसंकट,र मायामोहजालवाट पनि प्रह्लादलाई मुक्त गराउनुभयो ॥१०॥ यस प्रह्लादको चरित्रवाट मनुष्य, पशु-पक्षि, कीट,पतङ्ग, लता, वृक्षादि, चर, अचर, सर्वत्र व्यापक, मानससम्वन्धी शक्तिले पूर्ण सुदर्शन चत्र हातमा लिने विष्णु सर्वत्र विराजमान हुनुहुन्छ, यो ज्ञान हुन्छ ॥११॥

प्रह्लादपुत्रो विरोचनो नारद-चरणाश्रित- गृहीतनारायण-महामन्त्रः, "जन्मलाभ परः पुंसामन्ते नारायणस्मृतिः" इति गुरूपदिष्ट- वेदान्तवाक्य- सविश्वास- स्मरण- चिन्तन-धारणा- ध्यानमग्नो भगवत्कृपा- वैभवेनैव त्रैलोक्यविजयी वभूव ॥१२॥ वैरोचन- वैभव- पराभूतेन्द्राग्नि- यम- निर्ऋति-

वरुण-वायु-कुवेरेशान- ब्रह्मादयः क्षीरसागर-तटमाश्रित्याखिल-जगदाधारमाश्रित- शेष- नाभिकमलं कमला- ललित-पादयुगलं शंख- चक्र- पद्म- वरदहस्त- सुशोभितं नारायणं ववन्दुः ॥१३॥ भगवत्परम- भक्ति- नीति- सदाचार-समलङ्कृत- प्रह्लादतनय- विरोचनस्य केवलं प्रतापादेव भ्रष्ट-शक्ति- विभव- राज्याः वयमशरणशरण्या निवेदयामः ॥१४॥ प्रह्लादपुत्र विरोचन नारद- चरणाश्रित भएर नारायण-महामन्त्र सुनेर "मानव जीवन प्राप्त गरेको तव सिद्ध हुन्छ, जव अन्त्यमा नारायणस्मृति हुन्छ" यो गुरुले दिएको उपदेश वेदान्तवाक्यको विश्वास साथ स्मरण,चिन्तन,धारणा, ध्यानमा मग्न वनी भगवान्को कृपा वैभवले नै तीनै लोकका विजयी भए ॥१२॥ विरोचनका वैभवले हारेका इन्द्र अग्नि, यम, निर्ऋति, वरुण, वायु कुवेर, शिव, ब्रह्मा आदि देवताहरूले क्षीरसागर तटमा आएर सम्पूर्ण जगत्का आधार शेषमा आश्रित , नाभिमा कमल भएका कमलाले पाउमा सेवा गरिएका शंख, चक्र, कमलफूल हातमा लिने,वरद मुद्राले सुशोभित हातहुने नारायणलाई वन्दना गरे ॥१३॥ भगवान्का परम भक्त नीति सदाचारले परिपूर्ण, प्रह्लादपुत्र, विरोचनको केवल प्रतापले मात्र शक्ति, विभव, राज्य, भ्रष्ट भएका हामी अन्यत्र शरण नपाएर शरणलिन आएका हौं । निवेदन गर्दछौं ॥१४॥

".भो भगवन् ! तव चरणौ शरणं प्रपद्यामहे ॥१५॥ अस्मानेतस्मात् संकटात् उत्तारय" ॥१६॥ भगवानपि देवानामार्तपुकारं श्रुत्वा देवानास्वास्य ब्रह्मेन्द्राभ्यां सह संन्यासरूपं विधाय विरोचनसमीपं जगाम ॥१७॥ विरोचनस्तेषां समुचित- सत्कारसंमानं विधायागमन- प्रयोजन- बोधक-

वस्तुयाचनाय पुनः पुनरनुरोधं चकार ॥१८॥ ततस्त ऊचुः "भो प्राह्लाद ! स्वाभिलषितवस्तुं प्रार्थयितुं वयमसमर्थाः , अतः सन्तुष्टा अधुना गच्छामः" ॥१९॥ "भो भगवन् ! तपाइँका चरणमा शरण पर्दछौ, ॥१५॥हामीलाई यस सङ्कटवाट उद्धार गर्नुहोस्" ॥१६॥ भगवान पनि देवताहरूको आर्तपुकार सुनेर देवताहरूलाई आस्वासन दिएर व्रह्मा इन्द्र सँग संन्यासरूप वनाएर रोचनका समीपमा जानुभयो ॥१७॥ विरोचनले तिनीहरूको समुचित सत्कार संमान गरेर आउनाको प्रयोजन वोधक वस्तु माग्नका लागि पुनः पुनः अनुरोध गरे ॥१८॥ त्यस पछि देवताहरूले भन्नुभयो-"भो विरोचन ! चाहेको वस्तु प्रार्थना गर्न हामी असमर्थ छौँ । अतः सन्तुष्ट छौँ अहिले जान्छौँ " ॥१९॥

विरोचन उवाच-" भो संन्यासिनः ! अहं वस्त्वतिरिक्तं सप्राणं जीवनमपि दातुं शक्नोमि" ॥२०॥ तस्य तद्वचनं श्रुत्वा सप्राणजीवनं ययाचिरे ॥२१॥ विरोचनः संन्यासिन उवाच- भो संन्यासिनः ! मया पितुराज्ञया नारायणाय जीवनमर्पयितुं प्रतिज्ञा कृताऽस्ति ॥२२॥ आदौ नारायणाय अर्पयिष्ये तदनन्तरं युष्मभ्यम् ॥२३॥ भो नारायण ! जीवनभिक्षादानाय प्राणान्ते त्वां स्मराणि मां गृहाणः, इत्युवाच प्राणांश्च तत्याज ॥२४॥ संन्यासिनस्तत्तद्देवस्वरूपं विधाय वैकुण्ठं मोक्षधाम तस्मै ददुः ॥२५॥ अन्ते नारायणचिन्तनात् स मोक्षमवाप ॥२६॥ तस्य पुत्रपौत्रा वलिवाणासुरादयः परमकीर्तिशालिनो भागवता वभवुः ॥२७॥ ये भगवता नारायणेन भागवतेषु विहितदयामृतं पिवन्ति ते इह परत्र च परमानन्दाश्रयं प्राप्नुवन्ति ॥२८॥

विरोचनले भने" हे संन्यासीहरू हो ! म वस्तुदेखि भिन्न

प्राणसहित जीवन पनि दिन सक्छु " ॥२०॥ त्यसको त्यो वचन सुनेर प्राणसहित जीवन मागे ॥२२॥ विरोचनले संन्यासीहरूलाई भने-हे संन्यासीहरूहो ! मैले पिताको आज्ञाले नारायणलाई जीवन अर्पण गर्न प्रतिज्ञा गरेकोछु ॥२३॥ पहिले नारायणलाई अर्पण गर्दछु,तदनन्तर हजुरहरूलाई चढाउँछु ॥२४॥"भो नारायण ! जीवन भिक्षा दानको लागि प्राणान्तको समयमा तपाईलाई संभन्छु,मलाई ग्रहण गर्नुहोस्" एति भनेर प्राण पनि त्यागे ॥२५॥ संन्यासी -हरूले आफ्नो देवस्वरूप लिएर तिनलाई वैकुण्ठ मोक्षधाम दिनुभयो ॥२६॥ अन्त्यमा नारायण चिन्तन गर्नाले तिनले मोक्ष पाए। तिनका पुत्र पौत्र वलि, वाणासुर आदि परमकीर्तिशाली भागवत भए ॥२७॥ जो भगवान् नारायणले भक्तजनहरूमा गरेको दयारूपी अमृत पान गर्दछन् तिनीहरू इहलोक र परलोकमा सवै भन्दा ठूलो आनन्दको आश्रय(मोक्ष) पाउँदछन् २८॥

ब्रह्मानस- प्रादुर्भूतात्रितनय- चन्द्र- वंशसमुत्पन्नो नरपौत्र- संङ्कृत्यात्मजो रन्तिदेवः परमभागवतो बभूव ॥२९॥ तस्य श्वेतं यश इहामुत्र गीयते ॥३०॥ गृहीत-नारायणमहांमन्त्रः स पशुपक्षि- मनुष्यान्तर्हृदयेषु चैतन्यरूपेण विराजमानस्य जगदाधारस्य दिव्यस्वरूपं विचिन्तयन् भगवदपचार- भागवता- पचार- सह्या- पचार- नानाविधा-पचारादि- दोषनिवारण- पूर्वकं भगवत्कैङ्कर्य- सिद्धये ब्राह्मणादि- सकल- जीव- समूह-सन्तोषाय मिष्ठान्न- भोजन दानादिकर्म चकार ॥३१॥ सकलान् मिष्ठान्न- भोजनदानेन सन्तोषयतः तस्य कोषेऽन्नानां चाभावः सञ्जातः ॥३२॥ ब्रह्माको मानसवाट प्रकट भएका अत्रिपुत्र चन्द्र

वंशमा उत्पन्न नरका पौत्र संङ्कृति पुत्र रन्तिदेव परम भागवत भए ॥२९॥ तिनको सेतो यश इहलोक र परलोक सवैतिर गाइन्छ ॥३०॥ नारायण महांमन्त्र सुनेका तिनले पशुपक्षी, मनुष्यका भित्री हृदयमा चैतन्यरूपले विराजमान जगदाधार दिव्यस्वरूप भगवान्को चिन्तना गर्दै भगवद् अपचार भागवत् अपचार असह्य अपचार नाना प्रकारका अपचार आदि दोष निवारण पूर्वक भगवत् कैङ्कर्य सिद्धिका लागि ब्राह्मण आदि सम्पूर्ण जीव-समूहलाई सन्तोष गराउन मिष्ठान्न भोजन गराउने कर्म गरे ॥३१॥ सम्पूर्णलाई मिष्ठान्न-भोजन गराएर सन्तोष गराउँदै जाँदा कोषमा अन्नको अभाव भयो ॥३२॥

बुभुक्षुजनानां बुभुक्षानिवारणाय प्रयत्नशीलस्य तस्याष्ट चत्वारिंशत् दिनानि व्यतियुः ॥३३॥ स्वयं च बुभुक्षया सपरिवारः पीडितः सन् भोजनाय संपादित- मन्नमत्तुमियेष ॥३४॥ तदैवागतं ब्राह्मणं रन्तिदेव आर्तानामाकृतिं भगवतः स्वरूपमार्त - पुकार-शब्दं भगवद्वचनं संभावयन् भोजयामास ॥३५॥ तदवशिष्टस्य प्रसादरूपस्य तस्य ग्रहणावसरे शूद्ररूपान्वितं याचकं दीनं दृष्ट्वा भगवन्तं विष्णुमेव स्मृत्वा सन्तोषयामास ॥३६॥ ततोऽपि यदवशिष्टमन्नं शूना सहितसमागतायातिथये दत्वा जलपानाय तत्परो बभूव ॥३७॥ किञ्चिज्जलमपि विभज्य सपरिवारः पातुं वाच्छन् कंञ्चित् समागतं तृषया पीडितं चाण्डालरूपमतिथिं पाययामास ॥३८॥ भोकाएका जनहरूको भोक नाश गर्न प्रयत्नशील तिनका अठ्चालिस दिन विते ॥३३॥ परिवार सहित आफुपनि भोकले पीडित भई तयार गरिएको अन्न खान इच्छा गरे ॥३४॥

त्यसैवेला आएका ब्राह्मणलाई रन्तिदेवले आर्तको आकृतिमा भगवान्को स्वरूप र आर्तपुकार-शव्द भगवान्को वचन संभावना गर्दै भोजन गराए ॥३५॥ बाँकी रहेको प्रसादरूप अन्न ग्रहणगर्ने वेलामा शूद्ररूपको माग्ने दुःखीलाई देखेर भगवान् विष्णु नै संझिएर सन्तोष गराए ॥३६॥ यसपछि बाँकी अन्न कुकुरका साथ आएको अतिथिलाई दिएर पानी पिउन तयार भए ॥३७॥ केही रहेको जल पनि विभाग गरेर सपरिवार पिउन आँटेका थिए, त्यत्तिखेरै आएको तीर्खाले पीडित चाण्डालरूपी अतिथिलाई पिलाए ॥३८॥

ततः आर्तजनप्रसन्नत्वरूपं भगवन्तमुवाच ॥३९॥ " हे भगवन् ! सिद्ध्यैश्वर्य- युतां गतिं दिव्यधाम, मोक्षं न कामये ॥४०॥ अहं केवलमार्तजन- कष्टनिवारणाया ऽजीवन- विधृतदान- तपः स्वाध्याय- जपांसि तेभ्योऽर्पयिष्ये सर्वे ते सुखिनो भवेयुः ॥४१॥ एतत् मम व्रतफलमस्तु ॥ ४२॥ तदा ब्रह्मविष्णुमहेश्वराः प्रसन्ना भूत्वा स्वस्वरूपं दर्शयामासुः ॥४३॥ पुनः पुनर्वराय प्रेरितोऽपि वासुदेवे नारायणे भगवति मनो
नियोज्य स्थितं तं भगवान् नारायणः इहलोके निर्मलां कीर्तिं परत्र च लक्ष्मीनारायण एव सायुज्यं व्यदधात् ॥४४॥ तस्यानुयायिनश्च सर्वे नारायणपरायणाः परमभागवता बभूवुः -इति विष्णुव्रतीनामाचारः ॥४५॥
त्यसपछि आर्तजन खुशी भएको रूपलाई भगवान् संझेर भन्नुभयो ॥३९॥" हे भगवन् ! सिद्धि ऐश्वर्य युक्त गति दिव्यधाम र मोक्ष म चाहन्न ॥४०॥ म केवल आर्तजनको कष्ट निवारण गर्न आजीवन गरेको दान, तप, स्वाध्याय ,जपफल तिनीहरूलाई अर्पण गर्दछु , सबै तितीहरू सुखी होउन् ॥४१॥

मैले गरेका व्रतको फल यही सिद्धहोस् ॥४२॥ त्यससमयमा व्रह्मा विष्णु महेश्वरले प्रसन्न भएर आआफ्नूरूप देखाउनुभयो ॥४३॥ पुनःपुनः वरदान् लिनका लागि प्रेरणा गर्दा पनि वासुदेव नारायण भगवान्मा मन जोडेर वसेका तिनलाई भगवान् नारायणले इहलोकमा निर्मल कीर्ति र परलोकमा लक्ष्मीनारायणमा नै लीन हुने सायुज्य मुक्ति दिनुभयो॥४४॥उनका अनुयायी सवै नारायण परायण परम भागवत भए । यो विष्णुव्रतीहरूको आचार हो ॥४५॥

व्रह्मणो मानसपुत्रेष्वेको भृगुः प्रजापतिः चाक्षुषमन्वन्तरे सप्तर्षिरासीत् ॥४६॥ अयं दक्षसुतां ख्यातिं पत्नीत्वेन स्वीकृतवान् ॥४७॥ अस्य धाता- च्यवन-शुक्रादयो ऽनेके पुत्रपौत्रा अभूवन् ॥४८॥ अस्यैव श्रीनामधेया तनया ऽऽसीत् ॥४९॥ तां नारायणः स्वीकृतवानिति कुत्रचिद् प्रमाणसुपलभ्यते ॥५०॥ व्रह्माका मानसपुत्र एक भृगु प्रजापति चाक्षुष मन्वन्तरमा सप्तर्षि थिए ॥४६॥ इनले दक्षप्रजापतिकी छोरी ख्यातिलाई विवाह गरेका थिए ॥४७॥ इनका धाता- च्यवन-शुक्रआदि अनेक पुत्र नाति पनातिहरू भए ॥४८॥ इन्कै श्री नामभएकी छोरी थिइन् ॥४९॥ तिनलाई नारायणले स्वीकार गर्नुभएको थियो, भन्ने कही यो प्रमाण पाइन्छ ॥५०॥ एकदा ऋषिपरिषदि परिचर्चाऽभूत् ॥५१॥ देवेषु इहत्र परत्र च परमकल्याणायोपास्यः को वर्तते ॥५२॥ के चित् शिवः के चित् ब्रह्मा, के चित् विष्णुरिति वदन्ति ॥५३॥ तेषु कः सत्वगुण सम्पन्न उभयलोक- परमकल्याण- कारण उपास्य इति प्रश्ने सर्वमान्य-समाधानज्ञानप्राप्तये ऋषिभिस्तपोवलं प्रदाय भृगुर्नियोजितः ॥५४॥ एकदिन ऋषिहरू भेलाभएर वसेको

"सभामा चर्चा भयो ॥५१॥ देवताहरूमा इहलोक र परलोकमा परमकल्याण प्राप्त गर्नका लागि उपासना गर्न योग्य को छ ! ॥५२॥ कोही शिव, कोही व्रह्मा, कोही विष्णु भन्दछन् ॥५३॥ तिनीहरूमा को सत्वगुण सम्पन्न उभयलोकमा परमकल्याण गर्न सक्ने उपास्य हुनुहुन्छ। यो प्रश्नमा सर्वमान्य समाधान ज्ञान प्राप्त गर्न ऋषिहरूले तपोवल दिएर भृगु ऋषिलाई पठाए ॥५४॥

भृगुः प्रथमं ब्रह्मणः सपीपं जगाम ॥५५॥ तस्य ब्रह्मणोऽग्रे शिष्टाचारस्तुतिवन्दनाभावात् ब्रह्मदण्डमादाय लङ्घितमर्यादं तं ब्रह्मा दण्डयितुं तत्परोऽपि पुत्रं स्मृत्वा क्षमां चकार ॥५६॥ततो भृगुः कैलाशं शिवसन्निधिं जगाम ॥५७॥ भ्रातरं स्मृत्वा ऽऽलिङ्गनाय सम्मुखागते शिवे"त्वमस्युत्पथग" इत्युक्त्वा दूरतस्तस्थौ ॥५८॥ क्रुद्धो शिवः त्रिशूलं गृहीत्वा हननाय तमन्वधावत् ॥५९॥ पार्वतीप्रार्थनयैव शिवः शान्तोऽभूत् ॥६०॥

भृगु पहिले व्रह्माका सपीपमा गए ॥५५॥ तिनको व्रह्माका अगाडि शिष्टाचार, स्तुति, वन्दना, नहुनाले व्रह्मदण्डले मर्यादा नाघ्ने तिनलाई व्रह्मा दण्डदिन तत्पर भए पनि पुत्र संझेर क्षमा गर्नुभयो ॥५६॥ त्यसपछि भृगु कैलाशमा शिवका नजिकमा जानुभयो ॥५७॥ भाइ संझेर आलिङ्गन गर्न शिव सम्मुख आउँदा "तिमी उन्मार्ग गामी हौ" भनेर टाढै वस्नुभयो ॥५८॥ क्रुद्ध शिव त्रिशूल लिएर मार्न भृगुका पछि लागे ॥५९॥ पार्वतीका प्रार्थनाले मात्र शिव शान्त हुनुभयो ॥६०॥ ततो भृगु वैकुण्ठं गत्वा तदानीं शयनागारे कृतशयनस्य विष्णोर्वक्षसि पादप्रहारं चकार ॥६१॥ उत्थाय

हरिः भृगुचरणौ गृहीत्वा वन्दनां कुर्वन्नुवाच ॥६२॥ "गुरो ! भृगो ! मम वज्रसदृशे हृदये वत्कोमल-चरणनिपातेन संजातकष्टं यदभूत् तत्क्षम्यताम् ,भगवच्चरणचिह्नमितो धारये ॥६३॥ ममाद्यप्रभृतिर्नाम भृगुलाञ्छन इति प्रसिद्ध्यति" ॥६४॥ त्यस पछि भृगु वैकुण्ठ जानुभयो र त्यसवेला शयनकक्षमा शय्यामा सुतेका विष्णुका छातीमा पाद प्रहार गर्नुभयो ॥६१॥ उठेर हरिले भृगुका चरण समाएर वन्दना गर्दै भन्नुभयो ॥६२॥ गुरु ! भृगु ! मेरो वज्र जस्तो हृदयमा हजुरका कोमल चरण ठोकिनाले जुन कष्ट भयो त्यो क्षमा गर्नुहोस्, अव उप्रन्त हजुरका चरण चिह्न धारण गर्दछु ॥६३॥ मेरो आजदेखि भृगुलाञ्छन नाम प्रसिद्ध हुनेछ ॥६४॥

ततः भृगुर्विद्वत्परिषदि समागत्य स्वानुभवं श्रावयामास ॥६५॥ भो विद्वत्परिषद् ? अत्र परत्र परमकल्याणाय सत्त्वगुणसम्पन्न उपास्य एक श्रीमन्नारायण एव ॥६६॥ अतः सूर्यान्तर्यामिणं शंख-चक्र-कमल-वरद-हस्तसमलङ्कृतं सकमला- कमलासनस्थं नारायणमाजीवनं धीमहीति सश्रद्धः प्रतिज्ञामहं कुर्वे ॥६७॥ महर्षेर्भृगो श्चरित्र- पाठात् मननात् पुनः पुनरनुसन्धानात् हरौ भक्तिः प्रवर्धते ॥ इति विष्णुव्रतस्योत्तमता ॥६८॥

त्यसपछि भृगुले विद्वान्हरूको सभामा आएर आफ्नू अनुभव सुनाउनुभयो ॥६५॥" भो विद्वत्परिषद् ? इहलोक परलोकमा परमकल्याणका लागि सत्त्वगुणले सम्पन्न उपास्य एक श्रीमन्नारायण मात्र हुनुहुन्छ" ॥६६॥ अतः सूर्यान्तर्यामी शंख,चक्र, कमलफूल र वरदान दिने हस्तमुद्राले शोभायमान, कमलाका साथ कमलको आसनमा वसेका नारायणलाई

आजीवन म ध्यान गर्दछु, यो श्रद्धासाथ प्रतिज्ञा गर्दछु ॥६७॥ महर्षि भृगुको चरित्रपाठ गर्नाले मनन गर्नाले पुनः पुनः अनुसन्धान गर्नाले हरिमा भक्ति वढ्दछ। यो विष्णुव्रतको उत्तमता हो ॥६८॥

अखिलविश्वब्रह्माण्डनायकस्य परात्परतमस्य ब्रह्मादि-देवकृत- वन्दनयाऽ कृष्टस्य क्षीरार्णव- शेषतल्पशयन- शीलस्य नाभिकमलोत्पन्नो ब्रह्मा शतवर्षपर्यन्तं परात्परतमं नारायणं तुष्टाव ॥६९॥ प्रसन्नो नारायणो ब्रह्माणमुपादिशत ॥ ७०॥ तत्वविज्ञान-विशिष्ट-परात्परं सृष्टेःपूर्वं विश्व-ब्रह्माण्डावसानेऽपि प्रतीयमानं सकल- जीवनि-कायाश्रयं मां जानिहि ॥७१॥ यद्यद् मम चेष्टानुरूप- गुणविभव- चरिता- नामनुभवं विधाय माया-जवनिका- च्छन्न- ब्रह्माण्डान्तरगत- वस्त्वन्तर्निहित- चैतन्य- शक्तिरस्ति ॥७२॥ तत्शक्त्युत्पादकं चराचरस्येहत्र परत्र च परम- सुख- शान्तिप्रदमेकमेव सत्त्वगुणसम्पन्नं जीवसमूहस्याऽश्रयं मां ज्ञात्वा ममांशाङ्गभूतान् प्रशिक्ष्य विस्तारयेति" ॥७३॥ अखिलविश्व- व्रह्माण्डनायक परभन्दा पर रहेका, व्रह्मादि देवताहरूले गरिएको वन्दनाले आकर्षण भएका, क्षीरसमुद्रमा शेषको शय्यामा सुतेका, भगवान्का नाभि कमलवाट उत्पन्न व्रह्माले शयवर्ष पर्यन्त जुन् परभन्दा पर रहेका नारायणलाई वन्दना गरे ॥६९॥ प्रसन्न भएका नारायणले व्रह्मालाई उपदेश दिनुभयो ॥७०॥ सत् असत् तत्त्वविज्ञानद्वारा विशिष्ट परभन्दापर सृष्टिभन्दा पहिले र विश्व-व्रह्माण्डको अन्त्यमा पनि ज्ञान हुने सम्पूर्ण जीव समूहको आश्रय मलाई जान ॥७१॥ जो जो मेरा चेष्टा अनुसार गुणका ऐश्वर्यले पूर्ण चरित्रहरूको अनुभव गरेर

मायाको पर्दाले छोपेको ब्रह्माण्ड भित्र सम्पूर्ण वस्तु भित्री भागमा छिपेर रहेको चैतन्य विशेष शक्ति छ ॥७२॥ त्यस शक्तितत्वलाई उत्पन्न गराउने चराचरको यहाँ र परलोकमा पनि परम सुख, शान्ति दिने सत्त्वगुणले सम्पन्न जीव समूहको आश्रय मलाई जानेर मेरा अंशका अङ्ग भएका अवतारहरूलाई शिक्षा दिएर विस्तार गर्नुहोस्" ॥७३॥

भगवद्दीक्षामन्त्रं शिरस्याधाय ब्रह्मा सनक-नारदादीनुपादिशत् ॥७४॥ भगवतोऽनन्तनाम- गुण- विभव-वैशिष्टसत्वात् स्वस्वरूप-रुच्यनुसार- मन्त्र- संस्कार-प्रदानपुरस्सरं श्रुत्युपनिषद्- स्मृति- पुराण- काव्य- निबन्धैस्ते विस्तारयामासु: ॥७५॥ नारदात् व्यासः व्यासात् शुकस्तस्मात् रोमहर्षणादयः सनकादिभ्यः अत्रिवशिष्ठादयः, व्यासप्रणीत-ब्रह्मसूत्रप्रमाण- मनुसृत्य बोधायनादयः विष्णुव्रतविधानं व्याचख्यु: ॥७६॥ देश-काल- युग- पर्यावरण- भेदेन परिवर्तिनि संसारे परिवर्तनेन लुप्ते भगवान् वैभवांश- कलाऽऽवेशाऽ युधावतारं गृहीत्वा विष्णुव्रतानुरूप- भागवत-रामायणादि- ग्रन्थान् विरचय्य लोककल्याणाय प्रचचार ॥७७॥ देवाः स्मृतयः पुराणानि च सत्व- रजः -तमो-गुण-भेदेन त्रिधा भवन्ति ॥७८॥

भगवान्को दीक्षामन्त्रलाई शिरमा राखेर ब्रह्माले सनक,नारदादिमुनिहरूलाई उपदेश दिनुभयो ॥७४॥ भगवान्को अनन्त नाम गुण विभव विशेष हुनाका कारणले आफ्नो मनपर्दो स्वरूप रुचि अनुसार-मन्त्र- संस्कार प्रदान गराउँदै श्रुति, उपनिषद्, स्मृति, पुराण, काव्य,निवन्धद्वारा तिनीहरूले विस्तार गरे ॥७५॥ नारदद्वारा व्यास, व्यासद्वारा शुकमुनि,

शुकमुनिद्वारा रोमहर्षण आदि मुनिहरूले सनकादिवाट अत्रि,वशिष्ठ आदि मुनिहरूले साथै व्यास प्रणीत व्रह्मसूत्र प्रमाण मानेर वोधायन आदि मुनिहरूले विष्णुव्रत विधानलाई व्याख्या गरे ॥७६॥ देश,काल र युगको पर्यावरणका भेदले परिवर्तनशील संसारमा परिवर्तन भएर लोप भएको समयमा भगवान् स्वयंले वैभव, अंश, कला, आवेश आयुध अवतार लिएर विष्णुव्रतको अनुरूप=भागवत् रामायण आदि ग्रन्थहरू रचेर लोक- कल्याणका लागि प्रचार गरे ॥७७॥ देवताहरू, स्मृतिहरू, पुराणहरू, सत्त्व, रज, तम,गुणका भेदले तीन तीन प्रकारका हून्छन् ॥७८॥

अखिल- विश्वोत्पत्तिपालन- हारण- कारण- परात्परतम- गुणातीतानन्द- स्वरूपो नारायणो ब्रह्म-विष्णु- महेश्वररूपं धारयति ॥७९॥ तस्येवांशभूताः त्रिजगदीश्वराः तत्तद्गुणानुरूपं कार्य कुर्वन्ति ॥८०॥ तेष्वपि जगदीश्वरेषु सत्त्वगुणप्रधानो देवो विष्णुरेक एव ॥८१॥ तमोगुणप्रधानाः शिव- निर्ऋति- यम- काल- चित्रगुप्ताः, अन्ये सर्वे रजोगुणप्रधाना इति ॥८२॥

अखिल विश्वको उत्पत्ति पालन र संहारका कारण, परभन्दा पनि पर रहने, सत्व,रज,तम गुण भन्दा माथि रहने, आनन्द स्वरूप नारायण भगवान् व्रह्मा, विष्णु, महेश्वर, रूप धारण गर्नुहुन्छ ॥७९॥ उनकै अंश भएका यी त्रिजगदीश्वरहरू तत्तत् गुण अनुसार काम पनि गर्नुहुन्छ ॥८०॥ ती जगदीश्वर हरूमा पनि सत्त्वगुण प्रधान देवता विष्णु एक मात्र हुनुहुन्छ ॥८१॥ तमोगुण प्रधान= शिव, निर्ऋति, यम, काल, चित्रगुप्तहरू हुन्, । अरु सवै रजोगुणप्रधान छन् ॥८२॥

सत्वतनुर्विष्णुः परमदयालुर्भक्त- वाञ्छाकल्पतरुः परमानन्द-

मोक्षप्रद इति ॥८३॥

सत्त्वतनु विष्णु अत्यन्त दयालु भक्तको इच्छा पूरा गराउने कल्पवृक्ष समान परम आनन्द मोक्ष दिने हुनुहुन्छ १ ॥८३॥

रजोगुणिनो देवाः सांसारिकविषयोद्योगैश्वर्यप्रदा भवन्ति ॥ ८४॥ तमोगुणिनो देवा उपासनाभावे शीततापज्वरादि- कष्टप्रदा भवन्ति ॥८५॥ उपासनाविधानात् प्रसन्नाः सन्तस्तत्तद्दोषनिवृत्तिं सुखैश्वर्य- प्रदानं च कुर्वन्ति ॥८६॥

रजोगुणी देवताहरू संसार सम्वन्धी विषय र उद्योगहरू द्वारा ऐश्वर्य दिने हुन्छन् ॥८३॥ तमोगुणी देवताहरू उपासनाको अभावमा शीतताप ज्वरादि कष्ट दिने हुन्छन् ॥८४॥ उपासना गर्नाले प्रसन्न हुदै ती ती दोष नाश गर्दछन् र सुख ऐश्वर्य प्रदान पनि गर्दछन् ॥८५॥

सत्त्वगुणिनः सत्त्वगुणिनं, रजोगुणिनो रजोगुणिनं तमोगुणिन- स्तमोगुणिनं भजन्ति ॥८६॥ तत्तत्स्वरूपमवलम्ब्य

१ सत्वं रजस्तम इति प्रकृतेर्गुणास्तै-
र्युक्तः परः पुरुष एक इहास्य धत्ते ।
स्थित्यादये हरिविरञ्चिहरेति संज्ञाः
श्रेयासि तत्र खलु सत्वतनोर्नृणां स्युः ॥
भागवतम् १।२।२३

सत्व,रज,तम यी प्रकृतिका गुणहरूहुन् ,तीन गुणले युक्त परपुरुष यस संसारको पालन कर्ता हुनुहुन्छ। पालन, सृष्टि, संहारका विषयमा हरि,व्रह्मा,शिव यी नामले विराजमान हुनुहुन्छ। यिनीहरू मध्ये सत्वतनु हरिवाट मानिषहरूको कल्याण र सुख शान्ति हुन्छ ॥

तद्देवलोकं सुखं चोपभुज्य समयान्तरे पुनः पुनः कर्मानुरूपलोकं प्राप्नुवन्ति ॥८७॥ श्रुतिवाक्यनिरसनाय शिवोक्तं ऊर्ध्वं गच्छन्ति सत्वस्था मध्ये तिष्ठन्ति राजसाः। जघन्य गुणवृत्तिस्था अधो गच्छन्ति तामसाः ॥ गीता अ. १५ सत्वगुणी जनहरू ऊर्ध्व गति पाउँदछन्। रजोगुणीजनहरू यही संसारको माझमा रहन्छन्। तमोगुणी जनहरू हिंसाले युक्त कर्म गर्दछन् र अधोगति (नरक) जान्छन्। गीता १५ ॥

शैवदर्शनं, पाशुपतदर्शनं, कणादोक्तं वैशिषिकं, गौतमोक्तं न्यायं, कपिलोक्तं सांख्यं, बृहस्पत्युक्तं चार्वाकं, बुद्धोक्तं बौद्धदर्शनं, चैतानि तमोगुण-युतानि तामसजन- मनोरञ्जनाय रचितानि ॥८८॥ अष्टादशपुरणेषु वैष्णव- नारदीय- भागवत्- गरुड- पद्म-वराहपुरणानि षट् सात्त्विकानि,॥८९॥ ब्रह्माण्ड- ब्रह्मवैवर्त-मार्कण्डेय-भविष्य-वामन- ब्रह्मपुराणानिराजसानि ॥९०॥ मत्स्य-कूर्म-लिङ्ग- शैव- स्कन्दाग्नेयानि षट् तामसानि, ॥९१॥ स्मृतयोऽपि सात्विक- राजस-तामस-गुणयुता स्वगुणानुरूपफलदाः सन्ति, इति ॥९२॥ सत्त्वगुणीले सत्त्व गुणीलाई, र जोगुणीले रजोगुणीलाई, तमोगुणीले तमोगुणीलाई भजन गर्दछन्। स्वगुणी सँग मेल मिलाप हुन्छ ॥८६॥ तत् तत् स्वरूपलाई अवलम्वन गरेर तिनै देवता सम्वन्धी लोकमा सुखभोग गरेर कालान्तरमा वारंवार स्वकर्म अनुरूप लोकलाई पाउँदछन् ॥८७॥ श्रुतिवाक्य व्यर्थ गर्नका लागि शिवोक्त शैवदर्शन, पाशुपत दर्शन, कणादोक्त वैशेषिक दर्शन, गौतमोक्त न्यायदर्शन, कपिलोक्त, सांख्यदर्शन, वृहस्पत्युक्त चार्वाक- दर्शन, बुद्धोक्त बौद्ध दर्शन, यी दर्शनहरू तमोगुणयुक्त तामसीजनहरूलाई मनोरञ्जन गराउनका लागि रचना

गरिएका हरन् ॥८८॥ अष्टादश पुराणहरूमा वैष्णव, नारदीय, भागवत्, गरुड, पद्म,वराह, यी छ पुराणहरू सात्त्विक हुन् ॥८९॥ व्रह्माण्ड, व्रह्मवैवर्त,मार्कण्डेय, भविष्य, वामन, व्रह्म यी पुराणहरू राजसी हुन् ॥९०॥ मत्स्य, कूर्म, लिङ्ग, शैव, स्कन्द, आग्नेय यी छ पुराणहरू तामस पुराणहरू हुन् ॥९१॥ स्मृतिहरू पनि सात्विक, राजस र तामस गुणले युक्त छन् र आफ्ना गुणको फल अनुसार फलदिने हुन्छन् १ ॥९२॥

त्र्य्यारुणि-कश्यपसावर्ण्य-कृतव्रण-वैशम्पायनहारितादयो मुनयो गुरुपरम्परागत-विष्णुव्रतविधानंस्वस्वमत-मवलम्व्य-स्वरुच्यनुरूपं प्रचचार ॥९३॥ त्र्य्यारुणि, कश्यप, सावर्ण्य, कृतव्रण, वैशम्पायन, हारित आदि मुनिहरूले गुरुपरम्परागत, विष्णुव्रत विधानलाई आ- आफ्नू मत अवलम्वन गरेर आफ्नु रुचि अनुसार प्रचार गरे ॥९३॥

वेदेषूपनिषत्सु नीतिषु वृहद्वेदान्तवाक्येषु च
काव्येषु स्मृतिसत्पुराणवचनेष्वेवं बुधैर्वर्णितम् ॥
लक्ष्मीनाथकृपात उत्थितमिदं विष्णुव्रतं वैदिक-
मस्त्येतत् मठ-मन्दिरेषु विधिवत् सञ्चालितं रक्षितम् ॥९४॥

वेद,उपनिषद्,नीति,वृहद्वेदान्त वाक्य, काव्य, स्मृति, सत्पुराण वचनहरूमा विद्वान्ले वर्णन गरिएको लक्ष्मीनाथका कृपावाट उत्पन्न यो विष्णुव्रत वैदिक हो। यो व्रत मठ, मन्दिरहरूमा विधिवत् सञ्चालित र सुरक्षित छ ॥९४॥

इति श्रीविष्णुव्रतामृतसदाचारभक्तिकाव्ये श्रीविष्णुव्रतोत्तमता-मननानन्द- योगोनाम द्वादशसर्गः ॥१२॥ ६७०+९४=७६४

अथ त्रयोदशसर्गः

शठकोपः -

समयपरिवर्तनेन लुप्ते विष्णुव्रते भगवतोऽनपायिनी श्रीलक्ष्मीराचार्या भूत्वा प्रधानपार्षदं विष्वक्सेनं दीक्षितवती प्रथमाचार्या शिरोमणिर्लक्ष्मी बभूव ॥ ततो भगवान् नारायणोऽपि विश्वक्सेन-रूपेणावतीर्य सत्त्वगुणावलम्बिनो विविधान् सूरीनुपादिदेश ॥१॥ स एव कलावनेकवारं लक्ष्म्याः प्रेरणयाऽवतारंचकार ॥२॥ शठमज्ञानतमं मूर्खताम् भगवद् विपरीतं कोपयति नाशयति इति भावमनुश्रित्य स भगवान् विष्वक्सेनो गणनायकः शठकोपनाम्ना प्रसिद्धोऽभूत् ॥३॥

समयपरिवर्तनले विष्णुव्रत लोप भएको अवस्थामा भगवान्‌की अनपायिनी श्रीलक्ष्मीले आचार्य वनेर प्रधान पार्षदलाई दीक्षा दिनुभयो र प्रथमाचार्य शिरोमणि लक्ष्मी हुनुभयो । त्यसपछि भगवान नारायणले पनि विश्वक्सेन रूपले अवतीर्ण भएर सत्त्वगुणावलम्वी विभिन्न विद्वान्‌हरूलाई उपदेश दिनुभयो ॥१॥ उनै नारायणले कलियुगमा धेरै पटक लक्ष्मीको प्रेरणाले अवतार लिनुभयो ॥२॥ शठमज्ञानतमम= मूर्खता, भगवद् विपरीतलाई कोपयति= नाशगर्दछ ,यो भाव प्रकट गरेर भगवान् विष्वक्सेन गणनायक शठकोप नामले प्रसिद्ध हुनुभयो ॥३॥ वेदवेदाङ्ग-विशारद-विष्णुभक्ति- परायणस्य विभूतिनाथ- नामाभिध- परमभागवतस्य हरिचरिता-मृताशक्त- वंशपरम्परायां धर्मधनुरच्युत- सुमति- फुल्कारि-कारिनामानः पुत्रपौत्रा अभूवन् ॥४॥ कारी श्रीमत्या नाथनायिकया सह श्वसुरगृहात् स्वगृहागमनसमये मार्गे

श्रीकुरङ्गनगर्याः कुरङ्गपूर्णनाम्नः श्रीहरेश्चरण- वन्दनां विधाय निशायां निवासं चकार ॥५॥ स्वप्ने विष्वक्सेनो भगवान् स्वस्वरूपदर्शनं दत्वा "हे कारिन् अस्यां नाथनायिकायां तव पुत्ररूपेणागभिष्यामीत्युक्त्वा शीघ्रमन्तर्विलीनो बभूव ॥६॥

वेदवेदाङ्गमा पारङ्गत विष्णुभक्तिमा तल्लीन विभूतिनाथ नाम गरेका परमभागतका हरिचरित्ररूपी अमृतमा आशक्त वंशपरम्परामा धर्मधनु अच्युत, सुमति, फुल्कारि, कारिनाम भएका पुत्र पौत्रहरू भए ॥४॥ कारी श्रीमती नाथनायिका सँग श्वसुरको घरवाट आफ्नाघर आउँदा वाटामा श्रीकुरङ्गनगरीका कुरङ्गपूर्ण नामका श्रीहरिको चरण वन्दना गरेर रातमा वास वसे ॥५॥ स्वप्नमा विष्वक्सेन भगवान्ले आफ्नो स्वरूप दर्शन दिएर "हे कारी ! यी नाथनायिकामा तिम्रो पुत्र रूपले म आउनेछु" भनेर छिटै अन्तर्विलीन हुनुभयो ॥६॥

प्रातर्भगवद्दर्शनावसरेऽर्चकः प्रसादं वितरन् युवां पुत्रवन्तौ भूयास्ताम्" इत्याशीर्वादं दत्तवान् ॥७॥ तत्र शेषावतारसदृश- तिन्तिणीवृक्षच्छायायामुसित्वा फलप्रसादं जगृहतुः ॥८॥ ततोऽस्य जन्म ताम्रपर्णीतटस्थ- पाण्ड्यदेश- कुरुकापुरीनगरे ईशवीय सप्तशतीय-वत्सरस्य वृषार्के विशाखानक्षत्रे शुक्लचतुर्दशी तिथौ कर्कटलग्नेऽभूत् ॥९॥ जन्मत आरभ्य मातृदुग्धमन्नं च नापिवत् ।१०॥ केनाप्युपायेन जीवनं धारयन्तं तं जन्मदौ पुनस्तत्रानीय मन्दिर- समीपस्थ- तिन्तिडीवृक्ष- मध्यकोटरे स्थापितवन्तौ ॥११॥

विहान भगवान्को दर्शन गर्ने वेलामा पूजारीले प्रसाद दिदा "तपाईहरूपुत्रवान् हुनुहोस् " यो आशीर्वाद दिनुभयो ॥७॥ त्यहाँ

शेषावतार जस्तै तिन्तिणी वृक्षको छायामा वसेर फलप्रसाद ग्रहण गरे ॥८॥ त्यस पछि इनको जन्म ताम्रपर्णी तटस्थ पाण्ड्यदेशको कुरुकापुरी नाम गरेको नगरमा ईशवीय सन् सातशय सम्बत्सरको वृषराशीमा सूर्य गएको वेलामा भयो ॥९॥ जन्मदेखि आरम्भ गरेर आमाको दूध र अन्न पनि पिएनन् खाएनन् ॥१०॥ कुनै उपायले जीवन धारण गर्ने त्यस वालकलाई पितामाताले पुनः त्यही ल्याएर मन्दिरका नजिकै तितृको वृक्षका वीच टोड्कामा राखिदिए ॥११॥

तत्रैवासौ विष्वक्सेनस्यावतारः शठकोपो योगसाधनया हरिस्वरूप- ध्यानं चकार । प्रसन्नो हरिस्तत्रागत्या- ष्टाक्षरमूल-मन्त्रदीक्षां ददौ ॥१२॥ मन्त्रप्रभावादुत्थित-ज्योतिषं दृष्ट्वानुसंन्धानपूर्वकं मधुरकविस्तं ध्यानमग्नं दृष्टवान् ॥१३॥ परीक्षार्थं प्रश्नं चकार "१ कोऽहम् , २ ईश्वरः कः, ३ ईश्वरेण सह मिलनायोपायः कः, ४ उपायविरोधी कः, ५ ईश्वरोपासनया को लाभः ॥१४॥ एतेषां प्रश्नानां समुचितमुत्तरं प्राप्य तस्माद् दीक्षां च गृहीतवान् ॥१५॥ ततो ऽध्यात्मगूढरहस्यं विस्तारयामास ॥१६॥

त्यहीँ नै विष्वक्सेनका अवतार शठकोपले योगसाधना द्वारा हरिभगवान्को स्वरूप ध्यान गरे । प्रसन्न हरिले त्यहाँ आएर अष्टाक्षरी मूलमन्त्र दीक्षा दिनुभयो ॥१२॥ मन्त्रको प्रभावद्वारा उत्पन्न भएको ज्योतिलाई देखेर अनुसंन्धान पूर्वक मधुरकविले तिनलाई ध्यानमा मग्न भएको देखे ॥१३॥ परीक्षाका लागि प्रश्न गरे- १ म को हुँ ! ,२ ईश्वर को हो ! , ३ ईश्वर सँग मिल्नलाईं उपाय के गर्नु पर्छ ! , ४ उपायको

विरोधी के हो !, ५ ईश्वरको उपासनाले के लाभ हुन्छः ॥१४॥ यी प्रश्नहरूको समुचित उत्तर पाएर यिनैवाट दीक्षा पनि ग्रहण गरे ॥१५॥ त्यस पछि अध्यात्मको गूढरहस्य विस्तार गरे ॥१६॥

अनेन केवलं पञ्चत्रिंशद्बर्षाऽभ्यन्तरे चतुर्वेदसमानान् द्राविणभाषायां ग्रन्थरत्नं रचयामास ॥१७॥ श्रीवृत्तम् = १ तिरुविरुत्तम् (ऋग्वेदः),२तिरुवाशिरियम(यजुर्वेदः),३ तिरुवाय-मोलिम् (सामवेदः),४ पेरियतिरुवान्तातिम् (अथर्ववेदः),। तिरुवायमोलम् सहस्रगीतिः ॥१८॥ अस्यां चतुर्वेदार्थ समलङ्कृताऽमृतमयभगवद्गाथा मन्दिरे धार्मिकोत्सवे च श्रद्धया गीयते ॥१९॥ कलौ विष्णुव्रतविषये एष प्रथमप्रवर्तको गुरुर्मन्यते ॥२०॥

शठकोप स्वामीले केवल पैँतीस वर्ष भित्रमा चार वेद समान द्राविण भाषामा ग्रन्थरत्न रचना गरे ॥१७॥ त्यसको नाम श्रीवृत्त हो। यसका चार भाग छन्:- , १ तिरुविरुत्तम (ऋग्वेद), २ तिरुवाशिरियम (यजुर्वेद),३ तिरुवायमोलिम(सामवेद),४ पेरियतिरुवान्तातिम (अथर्ववेद)। तिरुवायमोलम सहस्रगीति ॥१८॥ यसमा चारवेदको अर्थले सुशोभित अमृतमय भगवद्गाथा मन्दिरमा धार्मिक उत्सवमा श्रद्धाले गाइन्छ ॥१९॥ कलियुगमा विष्णुव्रत विषयमा यी प्रथम प्रवर्तक गुरु मानिनुहुन्छ ॥२०॥

श्रीनाथः=

ब्राह्मणकुलभूषणो वेदवेदाङ्गपारङ्गतः श्रीनाथमुनिरासीत् दक्षिणभारत- मदुरानगर्याम् ॥२१॥ अयं श्रीवैष्णवपरम्परायां दीक्षितः सन् श्रीवैष्णव- सिद्धान्तोपनिषद्स्मृति- दर्शन- पुराणार्थ- प्रवचनपुरःसरं मन्त्रदीक्षां प्रचचार ॥२२॥ असावेव

त्रिसहस्त्र-वर्षपूर्वं शठकोपरचित- तिरुवायमोलं (सहस्त्रगीतिः) ग्रन्थस्य दशपद्यानि लब्ध्वा तस्यानुसन्धानं विधास्यन् लक्ष्मीनारायणसंन्निधौ द्वादशसहस्रवारं तानि पद्यानि पपाठ ॥२३॥ लक्ष्म्याः प्रेरणया शठकोपमूर्तेर्नेत्रे विचकासाते ॥२४॥ श्रीकृष्णार्जुन- गीतोपदेश इव शठकोपसूरिरुपदिदेश पूर्णां सहस्रगीतिम् ॥२५॥ शठकोप उपदिदेश परमानन्द- मोक्ष- साधनाप्रचाराय विस्ताराय च शेषावतारो भविष्यति ॥२६॥ एतत्स्वरूप-ज्ञानायैकां स्वप्ननिर्दिष्टकलावतीं मूर्तिं रचयित्वा श्रीनाथमुनये ददौ ॥२७॥ श्रीनाथस्तांमूर्तिमाजीवन- मुपास्यान्ते पुण्डरीकाक्षाय(पद्माक्षाय) स्वशिष्याय दत्वा सहस्त्रगीतिं चापाठयत् ॥२८॥

व्राह्मण कुलभूषण वेदवेदाङ्गमा पूर्ण ज्ञान भएका श्रीनाथमुनि थिए दक्षिण भारत मदुरा नगरिमा ॥२१॥ इनले श्रीवैष्णव परम्परामा दीक्षित श्रीवैष्णव सिद्धान्त सम्वन्धी उपनिषद्, स्मृति, दर्शन, पुराणको अर्थ सम्वन्धमा प्रवचन गर्दै मन्त्र दीक्षाको प्रचार गरे ॥२२॥ इनले नै ३०००वर्ष पहिले शठकोप रचित तिरुवायमोल (सहस्त्रगीति) ग्रन्थका दश पद्यहरू भेटेर अनुसन्धान गर्दै लक्ष्मीनारायणका संन्निधिमा वाह्र हज्जार पटक ती पद्यहरू पढे ॥२३॥ लक्ष्मीको प्रेरणाले शठकोपजीका मूर्तिका आँखा खुले ॥२४॥ श्रीकृष्ण र अर्जुन सम्वन्धी गीता उपदेश झैँ शठकोप सूरिले सम्पूर्ण सहस्रगीति उपदेश दिए ॥२५॥ शठकोपले यो पनि उपदेश दिए- परम आनन्द हुने मोक्ष साधनाको प्रचार र विस्तारका लागि शेषावतार हुनेछ ॥२६॥ यो स्वरूप ज्ञानका लागि स्वप्नमा देखाएका कला भएको एक मूर्ति रचना गरेर श्रीनाथमुनिलाई दिनुभयो ॥२७॥

त्यों मूर्तिलाई आजीवन उपासना गरेर अन्त्यमा आफ्ना शिष्य पुण्डरीकाक्ष(पद्माक्ष)लाई दिएर सहस्त्रगीति पनि पढाउनु भयो ॥२८॥

पुण्डरीकाक्षः-

तस्मिन्नेव समये विष्णुभक्ति- निष्ठासमन्वित- ब्राह्मणकुल- पुङ्गव- महापूर्ण- स्वामिनस्तनयः पुण्डरीकाक्ष आसीत् ॥२९॥ स तां मूर्तिं ररक्ष। नाथमुनिं गुरुं विधाय विष्णुदीक्षां जग्राह ॥३०॥ तदनन्तरं सहस्रगीतिमधीत्य स्वात्मनि नारायणस्वरूपं निधाय मानवजीवनं सफलं चकार ॥३१॥ त्यस समयमा विष्णुभगवानमा भक्तिनिष्ठाले सम्पन्न ब्राह्मण कुलमा सवैभन्दाउत्तम महापूर्ण स्वामीका छोरा पुण्डरीकाक्ष थिए ॥२९॥ तिनले त्यो मूर्तिलाई रक्षागरे। नाथमुनिलाई गुरु वनाएर विष्णुदीक्षा ग्रहण गरे ॥३०॥ त्यसपछि सहस्रगीति पढेर आफ्ना आत्मामा नारायणस्वरूपलाई स्थापना गरेर मानव जीवन सफल पारे ॥३१॥

श्रीराममिश्रः-

आसीत् श्रीनाथमुनेः शिष्यः श्रीराममिश्रः पुण्डरीकाक्षस्यान्तेवासी। किन्तु स्वधीतव्याकरण- काव्यकोष- दर्शनो विदित- विष्णुभक्ति- शास्त्रार्थोऽपि दीक्षारहितत्वेनाशान्तः ॥३२॥ शान्त्युपाय- प्राप्तये पुण्डरीक- समीपं जगाम ॥३३॥ " शरीरं परित्यज्याऽत्मा कुत्र गच्छति, इति विचार्य षड्मासानन्तरं समागच्छतु "इति पुण्डरीकवचनात् निर्दिष्टसमये पुनराजगाम ॥३४॥ श्रीनाथमुनिका शिष्य राममिश्र पुण्डरीकाक्ष सँग पढथे। व्याकरण, काव्य, कोष, दर्शन,पढेका विष्णुभक्तिका विषयमा शास्त्रार्थ पनि जानेका तर दीक्षा नलिएका हुनाले अशान्त थिए ॥३२॥ शान्ति उपाय-प्राप्तगर्न यी पुण्डरीकको ।

समीपमा गए ॥३३॥ " शरीरलाई त्यागेर आत्मा कहाँ जान्छ, योे विचार गरेर छ महिना पछि आउनु " यो पुण्डरीकको वचनद्वारा ठीक समयमा फेरि आए ॥३४॥

"स्वदोषज्ञानं परगुणज्ञानं यदा भवति तदैव मनसि शान्तिस्ते समागमिष्यति" इति तद्वचनात् प्रभावितः सन् तमेव गुरुं मत्वा विष्णुदिक्षां जग्राह ॥३५॥ ततः परमात्मनो ऽनुभवेन परिवर्तित- स्वभावविचारः सानन्दो बभूव । प्रसन्नः श्रीराममिश्रःशठकोपकृपातो गुरोः सकाशात् भगवतःशैषावतार- मूर्तिं यामुनाचार्याय दातुं पुण्डरीकाक्षात् लब्धवान् ॥३६॥

"स्वदोषज्ञान र परगुणज्ञान जव हुन्छ, त्यसवेला मनमा शान्ति आउनेछ "यो वचनवाट प्रभावित भएर उनैलाई गुरुमानेर विष्णुदीक्षा लिए ॥३५॥ त्यस पछि परमात्माको अनुभवले स्वभाव र विचार परिवर्तन भएर आनन्दित भए । प्रसन्न श्रीराममिश्रले शठकोपका कृपाले गुरुवाट पाएको मूर्ति यामुनाचार्यलाई दिन पुण्डरीकाक्षवाट प्राप्त गर्नुभयो ॥३६॥

यमुनाचार्यः-

श्रीनाथपौत्रः ईश्वरमुनिपुत्रो भगवतः सिंहासनस्यावतारो यामुनाचार्यो बभूव। अस्य समयः वि.सं. १०१०, स्थानं वीरनारायणपुरमदुरा ॥३७॥ भट्टोपाधिधारि- श्रीमद्भाष्याचार्य- सकाशात् व्याकरण-काव्य-कोष-दर्शन- शास्त्रज्ञानं गृहीत- मनेन ॥३८॥ तदानीं पाण्ड्यराज्ये कोलाहल (अक्कियावान्) नामा पण्डितो दिग्विजयी चासीत् ॥३९॥ पराजितेभ्यः विजयपारितोषिकरूपेण प्रतिवर्षं दशस्वर्णमुद्रां स जग्राह ॥४०॥ भाष्याचार्योऽर्थाभावेन वार्षिकशुल्क- प्रदानाशक्तः खिन्नमना वहिर्गतः ॥४१॥ करसङ्ग्रहणाय समागच्छन्तं तं यमुनाचार्य

उवाच- गुरुणा देयं करमहं शास्त्रार्थरूपमेव दास्ये ॥४२॥

श्रीनाथपौत्र ईश्वरमुनिपुत्र यामुनाचार्य भए। इनको समय वि.सं. १०१०, स्थान वीरनारायणपुर मदुरा थियो ॥३७॥ भट्ट उपाधि धारण गरेका श्रीभाष्याचार्यवाट व्याकरण, काव्य, कोष, दर्शनशास्त्र ज्ञान गरेका थिए ॥३८॥ त्यस वेला पाण्ड्य राज्यमा कोलाहल (द्रविण भाषामा अक्कियावान्)नाम भएका पण्डित दिग्विजयी थिए ॥३९॥ हार्ने वाट विजय पारितोषिक रूपले प्रतिवर्ष दश स्वर्णमुद्रा तिनी लिन्थे ॥४०॥ भाष्याचार्य अर्थको अभावले वार्षिक शुक्ल प्रदान गर्न अशक्त भएर खिन्न हुँदै भागे ॥४१॥ कर लिन ती पण्डित आए, तिनलाई यामुनाचार्यले भने=गुरुले दिने कर म शास्त्रार्थरूपमा नै दिनेछु ॥४२॥

राजा ससम्मानं शास्त्रार्थं विधातुं यामुनाचार्यमानयत् ॥४३॥ शास्त्रार्थोद्यतं द्वादशवर्षीयं वालं दृष्ट्वा राजा रानी च वादविवादं चक्रतुः ॥४४॥ वालको जयति चेत् तस्मै, अर्धराज्यं दास्य इति प्रतिज्ञां राजा चकार ॥४५॥ राजपुरोहितः शास्त्रार्थे स्वकीयप्रश्नानां खण्डनं श्रुत्वा तवापि प्रश्नान् खण्डयिष्य इति सगर्वमुद्घोषितवान् ॥४६॥ ततो यामुनाचार्यस्त्रीन् प्रश्नान्, उपस्थापयति स्म ॥४७॥ राजाले ससम्मान शास्त्रार्थ गराउन यामुनाचार्यलाई ल्याए ॥४३॥ शास्त्रार्थ गर्न तयार वाह्र वर्षे वालक देखेर राजा र रानीलेवादवि वाद गरे ॥४४॥ "वालकको जय भयो भने त्यस वालकलाई आधा राज्य दिनेछु" भनी प्रतिज्ञा राजाले गरे ॥४५॥ राजपुरोहित शास्त्रार्थमा आफ्ना प्रश्नहरूकों खण्डन गरेको सुनेर "तिम्रा पनि प्रश्नहरू खण्डन गर्नेछु" भनी सगर्व घोषणा गरे ॥४६॥ त्यसपछि यामुनाचार्यले तीन प्रश्न राखिदिए ॥४७॥

१ भवतो माता न बन्ध्या !। २ पाण्डयाधीशोऽस्ति धर्मशीलः !। ३ राजमहिषी सावित्रीवाऽसीत् सती साध्वी !॥४८॥ स राजपुरोहितः खण्डयितुमसमर्थत्वाद् बालकोऽभवत् विजयीति राजोद्घोषितवान्। राज्यार्धभागं च दत्तवान् ॥४९॥ राजमहिषी तं यामुनाचार्यं शास्त्रार्थविजयिनं "आलबन्दारः" नाम्ना सम्मानं चकार ॥५०॥ १-तपाइँकी माता वन्ध्या होइनन्२-पाण्ड्यदेशका राजा धर्मशील हुन्, ३-राजमहिषी सावित्री जस्तै सती साध्वी थिइन् ॥४८॥ ती राजपुरोहित खण्डन गर्न असमर्थ हुनाले वालक विजयी भए,राज्यको आधा भाग पनि दिए ॥४९॥रानीले ती विजयीलाई आलवन्दार नामले सम्मान गरिन् ॥५०॥

यामुनाचार्यो राजसिंहासने स्थित्वा दक्षतापूर्वकं प्रजापालनं दिग्विजयेन राज्यविस्तारं च विदधे ॥५१॥ कियद्वर्षानन्तरं श्रीनाथशिष्यः पुण्डरीकाक्षस्यान्तेवासी राममिश्रो गुरुनिर्देशेन पैतृकधनलोभं प्रदर्श्य श्रीरङ्गनाथसमीपे तं निनाय। पूर्वदत्तं शेषमूर्तिं दत्तवान् ॥५२॥

यामुनाचार्यले राजसिंहासनमा वसेर दक्षता पूर्वक प्रजा पाल, दिग्विजय गरेर राज्यको विस्तार पनि गरे ॥५१॥ केही वर्ष पछि श्रीनाथशिष्य पुण्डरीकाक्षका शिष्य राममिश्र गुरुको निर्देशनले पैतृक धनको लोभ देखाएर श्रीरङ्गनाथ भगवान्का समीपमा लगे र पहिले दिनु भनी दिएको शेषभगवान्को मूर्ति दिए ॥५२॥

संसर्गेण श्रीरङ्गनाथस्य दर्शनेन च हृदयाच्छादन- पटीयसीं माया- मोहरूपां स्पर्धामुत्पाटयामास। तस्यान्तः करणे भगवद्- भक्तिज्ञान-ज्योतिश्च प्रवेशयामास ॥५४॥

राज्यैश्वर्यसुखं परित्यज्य शरणागतिं स्वीकृत्य रचनायां संलग्नो बभूव ॥५५॥ पञ्चविंशति- वर्षाभ्यन्तरे स्तोत्ररत्नम्, सिद्धित्रयम्, आगमप्रामाण्यम्, गीतार्थसंग्रहं च रचयित्वा विशेषाद्वैत-सिद्धान्तस्य प्रतिष्ठापनं चकार ॥५६॥ अनेनाभिलषिता-वशेषकार्यं नारायण-शरणागतिं स्वरचित ग्रन्थ- ब्रह्मसूत्र-विष्णुसहस्त्रनाम- दिव्यप्रबन्ध-व्याख्यानरूप- श्रीभाष्य-रचनाकार्यं विशेषाद्वैतसिद्धान्तप्रियो रामानुजः पूरयामास ॥५७॥

मूर्तिको संसर्गले र श्रीरङ्गनाथ भगवान्‌को दर्शन गर्नाले पनि हृदयलाई ढाक्न शिपालु मायामोहरूपी स्पर्धालाई खोलिदिए ॥५३॥ तिनको अन्तःकरणमा भगवान्‌को भक्ति र ज्ञानरूपी ज्योति पनि प्रवेश गराए ॥५४॥ राज्य ऐश्वर्यसुख त्यागेर शरणागतिलाई स्वीकार गरी रचनामा संलग्न भए ॥५५॥ पच्चीस वर्ष भित्रमा स्तोत्ररत्नम्, सिद्धित्रयम्,, आगमप्रामाण्यम्, गीतार्थसंग्रह पनि रचना गरेर विशिष्टाद्वैत सिद्धान्तको प्रतिष्ठापन गरे ॥५६॥ इनले इच्छा गरेर वाँकी रहेको नारायण- शरणागति सम्वन्धी काम स्वरचित ग्रन्थ, व्रह्मसूत्र, विष्णुसहस्त्रनाम, दिव्यप्रवन्ध व्याख्यानरूप श्रीभाष्य रचनाकार्य विशिष्टाद्वैत सिद्धान्त प्रति आस्था राख्ने हुनाले रामानुज स्वामीले पूरा गर्नुभयो ॥५७॥

श्रीकृष्णदिव्यचरितामृतपानलुब्धः
श्रीजानकीशपदपद्मरसैकनिष्ठः ॥
श्रीशेषशायिचरणाश्रितमानसोऽहं
श्रीमन् ! स्वजीवसुमनस्त्वयि भावयामि ॥५८॥

श्रीकृष्णभगवान्‌का दिव्य चरित्ररूपी अमृत पीउन लोभी, श्रीसीतारामका पदकमलको रसमा निष्ठा राख्ने, श्रीशेषशायी

भगवान्का चरणमा आश्रय पाउन चाहने मन भएको म हे श्रीमन् ! हे भगवान् ! आफ्नो जीवनरूपी फूल हजुरमा मिलाउन चाहन्छु ॥५८॥

इति श्रीविष्णुव्रतामृत- सदाचारभक्तिकाव्ये विष्णुव्रतपरम्परा-मननानन्दयोगो नाम त्रयोदशसर्गः ॥१३॥ ७६४+५८=८२२

अथ चतुर्दशसर्गः

श्रीरामानुजः-

तोण्डीरमण्डलान्तर्गतभूतपुरी (श्रीपेरुम्बुदुर) नगर्यां यामुनाचार्य- परम्परा- नुकूल- श्रौतमार्गे प्रतिष्ठित- हारित-कुलीनो ब्राह्मणः केशवाचार्य आसीत् ॥१॥ एष धर्मपत्नी कान्तिमत्या सह कैरविणी (समुद्र) तीर्थे स्नानं विधाय पुत्रकामनया विष्णुप्रसन्नार्थं पुत्रेष्टियज्ञं चकार ॥२॥ पार्थसारथिः कृष्णः प्रसन्नस्ते पुत्ररूपेण शेषावतारो भविष्यतीति स्वप्न उवाच ॥३॥ ततो विक्रमसंवत् १०७४ वैशाखशुक्ल पञ्चम्या-मार्द्रानक्षत्रस्य पुण्यसमये श्रीशेष भगवान् रामानुजाचार्य-रूपेणावततार ॥४॥ वाल्यावस्थायामेव व्रतबन्ध -विवाहसंस्कारं विधाय केशवाचार्यो बभूव भगवल्लीनः ॥५॥ पितृयागं सम्पाद्य काञ्चीपुरीं समागत्याद्वैतवेदान्त- विज्ञ- यादवप्रकाश- विदुषा सहाध्ययनाय प्रवृत्तो ऽभूत् ॥६॥

तोण्डीर जिल्लामा भूतपुरी (श्रीपेरुम्वुदुर) नगरमा यामुनाचार्य परम्परानुकूल श्रौतमार्गमा प्रतिष्ठित हारित कुलमा उत्पन्न व्राह्मण केशवाचार्य थिए ॥१॥ इनले धर्मपत्नी कान्तिमती सँग कैरविणी तीर्थमा स्नान गरेर पुत्रकामनाले विष्णु भगवान्लाई प्रसन्न गराउन पुत्रेष्ठी नामगरेको यज्ञ गरे॥२॥ पार्थसारथि कृष्णले प्रसन्न भएर “तिम्रो पुत्ररूपले शेष

भगवान्‌को अवतार हुनेछ" यो स्वप्नमा भनिदिनुभयो ॥३॥ त्यसपछि विक्रम संवत् १०७४ वैशाखशुक्ल पञ्चमी आर्द्रा नक्षत्रको पुण्य समयमा श्रीशेष भगवान्‌ले रामानुजाचार्यको रूपमा अवतार लिनुभयो ॥४॥ वाल्य अवस्थामा नै व्रतवन्ध र विवाह संस्कार गरेर केशवाचार्य भगवल्लीन हुनुभयो ॥५॥ पितृयाग सम्पन्न गरी काञ्चीपुरी आएर अद्वैत वेदान्त विज्ञ यादवप्रकाश विद्वान् सँग अध्ययन गर्न थाल्नुभयो ॥६॥

अयं वाल्यत एवालौकिकविद्वत्ता- दैवीशक्तिसम्पन्न आसीत् ॥७॥ यदा कदा गुरोरपि त्रूटिं शोधयति स्म ॥८॥ यथा "कप्यासं पुण्डरीकम्" इति उपनिषन्मन्त्रार्थे कपेर्वानरस्य आस्यते उपवेश्यते येन तत् कप्यासं ते इव अक्षिणी यस्य, इत्यर्थे गुरुणा विहिते रामानुजाचार्यो नयनाभ्यां जलं पातयामास ॥९॥ किमिति कथिते श्रुतिविपरीतार्थोऽभूदित्यु-वाच ॥१०॥ तस्य व्याख्यार्थमुपदिष्टे " पिवति कं जलं कपिः सूर्यः स आस्यते विकासते=(आङ् उपसर्गपूर्वकात् अस (गतिदीप्त्यादानेषु "अर्थेषु") धातोः आस्यते यत् तत् सदृशे लोचने यस्य स्यातां वैभवशालिनो हरेः ॥११॥ गुरुणा "असंगतार्थं विधायापहेलयसि माम्"इति कथयित्वाऽध्ययनात् निष्कासितः ॥१२॥ यी वालख कालदेखि नै अलौकिक विद्वत्ता दैवी शक्ति सम्पन्न थिए ॥७॥ कहिले कहीँ गुरुको पनि त्रूटि सुधार गर्दथे ॥८॥ जस्तै "कप्यासं पुण्डरीकम्" यो उपनिषद मन्त्रार्थमा कपिको (वानरको) आस्य (उपवेश्य-वसिने)अङ्ग (कप्यास) जस्तै आँखा जसका यो अर्थ गुरुले गर्दा रामानुजाचार्यले आँखावाट आँशु खसाउनुभयो ॥९॥ के हो किन यो भनी सोध्नु हुँदा "श्रुति विपरीत अर्थ भयो" भन्नुभयो ॥१०॥

त्यसको व्याख्या गर भनेर अह्राउँदा "कं पिवति (पानी पिउनुहुन्छ) कपि भनेका सूर्य, आस्यते-रहनुहुन्छ ज्योति विस्तार गर्नुहुन्छ जो सूर्य त्यस्तै आँखा छन् जस्का वैभवशाली हरिका" यसरी व्याख्या गर्नुभयो ॥११॥ गुरुले "संगत नहुने अर्थ गरेर मलाई अपहेलना गर्छस्" भनेर अध्ययनवाट निकालिदिनुभयो ॥१२॥

एकदा राजा प्रेतपीडितशरीराया राजकुमार्या मन्त्रतन्त्र- द्वारा रोगनिवारणाय विद्वन्मण्डलिषु लब्धप्रतिष्ठं श्रीयादवप्रकाश-माजुहाव ॥१३॥ उपचारावसरे कम्पमानाया बालिकाया अस्पष्ट-वाक्यात् ब्रह्मराक्षस उवाच-" हे यादवप्रकाश ! त्वं पूर्वजन्मनि विषधरगोनस आसीः ॥१४॥ गोशाला-सन्निधिस्थ-शिलाभित्ति-विले तिष्ठन् भुक्त- भगवत्प्रसा- दोच्छिष्टमुपभुज्य ब्राह्मणो बभूविथ ॥१५॥ वेदवेदाङ्ग-निपुणोब्राह्मणोऽहं त्वभिमान-वसात् यज्ञविधानावसरे मन्त्रकर्मणो लुप्तत्वात् ब्रह्मराक्षसो ऽभवम् ॥१६॥ अतस्त्वं मां दूरीकर्तुं न शक्नोषि ॥१७॥ तव शिष्यो रामानुजो मां पाययति चरणामृतं शिरसि च मे चरणस्पर्शं करोति चेदिमां त्यक्त्वा गच्छामि" ॥१८॥ रामानुजमाहूय राजा तथाविधं कर्माकारयत् ॥१९॥ भूतवाधा नष्टा ऽभवत्, ब्रह्म- राक्षसश्च मुक्तोऽभूत् ॥२०॥ राजा रामानुजस्य यादवप्रकाशस्य च सम्मानं चकार ॥२१॥ एकदिन राजाले प्रेतपीडित शरीर भएकी राजकुमारीको मन्त्र तन्त्रद्वारा रोग निवारण गर्न विद्वन्मण्डलीमा प्रतिष्ठा पाएका श्रीयादवप्रकाशलाई वोलाए ॥१३॥ उपचारको अवसरमा काम्ने वालिकाको अस्पष्ट वाक्यद्वारा ब्रह्मराक्षसले भन्यो " हे यादवप्रकाश ! तँ पूर्व जन्ममा विषले भरिएको गोमन सर्प थिइस् ॥१४॥ गोशालाको नजिकमा रहेको ढुङ्गे भित्ताको

प्वालमा वस्ता जुठो भगवान्को प्रसाद खाएर ब्राह्मण भएको होस् ॥१५॥ वेदवेदाङ्गमा निपुण ब्राह्मण म अभिमान वस यज्ञ विधानको अवसरमा मन्त्र र कर्मको ख्याल नगर्नाका कारण दोषले ब्रह्मराक्षस भएँ ॥१६॥ अतः तँ मलाई हटाउन के सक्छस् सक्तैनस् ॥१७॥ तेरो शिष्य रामानुज मलाई चरणामृत पान गराउँदछ र मेरा शिरमा चरणको स्पर्श गर्दछ भने म इनलाई छोडेर जान्छु " ॥१८॥ रामानुजलाई राजाले बोलाएर जसो भनेको थियो त्यसै गराए ॥१९॥ भूतको वाधा पनि नाश भयो र ब्रह्मराक्षस पनि मुक्त भयो ॥२०॥ राजाले रामानुजको र यादवप्रकाशको पनि सम्मान गरे ॥२१॥

रामानुजं प्रति प्रादुर्भूतेर्ष्या यादवप्रकाशस्य प्रवृद्धा ॥२२॥ स्वानुकूलशिष्यानां सहयोगेन गंगास्नान- विश्वनाथ- दर्शन- प्रसङ्ग- मवलम्ब्य यादवप्रकाशो रामानुजं हन्तुमियेष ॥२३॥ मातृष्वस्रेयस्य गोविन्दाचार्यस्य वचनात् विदितरहस्यो रामानुजो ऽज्ञातसखो निवृतः ॥२४॥ रात्रौ महारण्ये एकाकी सिंहव्याघ्र- भल्लुकसरिसृपभयेन खिन्नः शिथिलो वृक्षच्छायायामुवास ॥२५॥ रामानुजका विषयमा उत्पन्न वैरभाव यादव प्रकाशको वढ्दै गयो ॥२२॥ आफ्ना अनुकूल- शिष्यहरूको सहयोगले गंगास्नान, विश्वनाथको दर्शन प्रसङ्गलाई अवलम्बन गरेर यादवप्रकाशले रामानुजंलाई मार्ने इच्छा गरे ॥२३॥ सानिमाका छोरा गोविन्दाचार्यको वचनद्वारा रहस्य वुझेर रामानुज साथीहरूले थाहा नपाइकन फर्किए ॥२४॥ राती डरलाग्दो ठूलो जङ्गलमा एक्लै सिंह, वाघ, भाल्लु, वँसा र सर्पआदिको डरले खिन्न शिथिल वृक्षको च्छायामा वसेका थिए ॥२५॥

परमभागवतं तं व्याधादम्पतीरूपमाधाय लक्ष्मीनारायणौ ररक्षतुः ॥२६॥ जलपानाय रात्रौ व्याधस्त्री पुरुषमुवाच ॥२७॥ पुरुषोऽवदत् "प्रये ! प्रातर्जलमानीय पाययामि ,॥२८॥ आगमनकारणं पृष्टवा रामानुजेन सह तौ वार्तालापं चक्रतुः ॥२९॥ प्रातः तृषया पीडितौ तौ दम्पती रामानुजो जलाशयादञ्जुल्या जलं त्रिवारमानीय पाययामास ॥३०॥ चतुर्वारं जलमानेतुं गते रामानुजे तावल्पितौ ॥३१॥ एकमासीय-गमन मार्गमेकारात्रौ पारङ्गतत्वं तत्रागन्तुकस्य कथनात् "तौ व्याधदम्पती लक्ष्मीनारायणौ" इति ज्ञातवान् ॥३२॥

परमभागवत तिनलाई व्याधा दम्पतीरूप लिएर लक्ष्मी र नारायणले रक्षा गर्नुभयो ॥२६॥ जलपान गर्न राती व्याधस्त्रीले पुरुषलाई भन्नुभयो ॥२७॥ पुरुषले भने-" प्रिये ! विहानै पानी ल्याएर पिलाउनेछु, ॥२८॥आउनाको कारण सोधेर रामानुजसँग ती दुई दम्पतीले वार्तालाप गर्नुभयो ॥२९॥ विहान तिर्खाले पीडित ती दम्पतीलाई रामानुजले जलाशयवाट अञ्जुलीले जल तीन पटक ल्याएर पीलाउनुभयो ॥३०॥ चौथो पटक रामानुज पानी लिन गएको वेलामा ती दुवै अल्पिए ॥३१॥ एकमहिना लाग्ने वाटो एक रातमा पार भएको त्यहाँ आउने जाने मान्छेको कथनवाट वुझेर पार गराउने "ती दुई व्याधादम्पती लक्ष्मी र नारायण रहेछन् "भन्नेकुरा जाने ॥३२॥

गृहे स्वाध्ययनं कुर्वन् स्थितः। त्यक्तगुरुः खिन्नमना रामानुज एकदा काञ्चीपुर्यां काञ्चीपूर्णं भागवतं नत्वाऽवदत् ३३॥" भगवन् काञ्चीपूर्ण ! मह्यं ते चरणशरणं देंहि ॥३४॥ काञ्चीपूर्ण उवाच - "हे रामानुज ! तव भगवद्भक्त्या प्रसन्नोऽहम् ॥३५॥ कृपाप्राप्तये शालकूपात् प्रतिदिनं जलमानीय

बरदराजायार्पयताम् ॥३६॥ आज्ञां शिरोधार्याऽसौ तदकरोत् ॥३७॥

घरमा स्वाध्ययन गरेर वसे। गुरुले त्यागेका हुदा खिन्न मन भएका रामानुज एकदिन काञ्चीपुरीमा काञ्चीपूर्ण भागवतलाई नमस्कार गरेर भने ॥३३॥ " हे भगवन् ! काञ्चीपूर्ण ! मलाई तपाइँका चरणको शरण दिनुहोस् ॥३४॥ काञ्चीपूर्णले भने- "हे रामानुज ! तपाईंका भगवद्भक्तिले म प्रसन्न छु ॥३५॥ कृपा प्राप्तिको लागि शालकूपवाट प्रत्येक दिन जल ल्याएर वरदराजलाई अर्पण गर ॥३६॥

आज्ञालाई स्वीकार गरेर रामानुजले त्यसै गरे ॥३७॥

भ्रमणावसरे श्रीयामुनाचार्यः पठनाय स्थितं यादवप्रकाशशिष्य-मण्डल्यां रामानुजं दृष्ट्वा चिन्तयामास ॥३८॥ अयं विशेषाद्वैत-सिद्धान्तस्य संस्थापनं संवर्धनं च करिष्यति ॥३९॥ किन्त्वधुना वातावरणं नानुकूलम् ॥४०॥ वृद्धावस्थायाः शरीरशिथिलत्वं विचार्य श्रीयामुनाचार्यः स्वशिष्यं श्रीमहापूर्णं तदर्थं प्रैररित् ॥४१॥ श्रीयामुनाचार्यशिष्यो महापूर्णः श्रीरामानुजं दीक्षितं कृतवान् ॥४२॥ गुरुणा सह रामानुजः श्रीयामुनाचार्य-दर्शनार्थं श्रीरङ्गं जगाम ॥४३॥ किन्तु श्रीयामुनाचार्यः पूर्वमेव ब्रह्मलीनो बभूव ॥४४॥ तत्र वैष्णवानां समूहं दृष्ट्वा साश्चर्यो रामानुजो ब्रह्मलीनस्य श्रीयामुनाचार्यस्य तिस्रो ऽङ्गुलीराकुञ्चिता दृष्ट्वा तद्रहस्यं ज्ञातवान् ॥४६॥ विद्वत्सु वैष्णवेषु श्रावयित्वा प्रतिज्ञां चकार ॥४६॥

भ्रमणको अवसरमा श्रीयामुनाचार्यले पढ्न वसेका यादव- प्रकाशका शिष्यमण्डलीमा रामानुजलाई देखेर चिन्ता गरे ॥३८॥ इनले विशिष्टाद्वैतसिद्धान्तको संस्थापन र संवर्धन पनि गर्नेछन् ,॥३९॥ किन्तु अहिले वातावरण अनुकूल

छैन ॥४०॥ वृद्धावस्थाको शरीर शिथिल भएको बुझेर श्रीयामुनाचार्यले आफ्ना शिष्य श्रीमहापूर्णलाई उक्तकाम गर्न प्रेरणा गरे ॥४१॥ श्रीयामुनाचार्यका शिष्य महापूर्णले श्रीरामानुजलाई दीक्षित गराए ॥४२॥ गुरुसँग रामानुज श्रीयामुनाचार्यको दर्शन गर्न श्रीरङ्ग जानुभयो ॥४३॥ किन्तु श्रीयामुनाचार्य थोरै समय पहिले नै ईश्वरमा लीन हुनुभयो ॥४४॥ त्यहाँ वैष्णवहरूको समूह देखेर आश्चर्य भएका रामानुजले व्रह्मलीन श्रीयामुनाचार्यका तीन अङ्गुली खुचिएका देखेर त्यसको रहस्य पत्ता लाउनुभयो ॥४५॥ विद्वान् वैष्णवहरूमा सुनाएर प्रतिज्ञा गर्नुभयो ॥४६॥

१-श्रीनारायणशरणागतिविधिं विस्तार्य संसारसागरात् मुमुक्षून् जीवसमूहान् उद्धरिष्ये ॥४७॥ २-ब्रह्मसूत्र- सिद्धित्रय- विष्णुसहस्रा- दीनां संस्यक् विविच्य विशेषाद्वैत सिद्धान्त प्रतिपादकं श्रीभाष्यं रचयिष्ये ॥४८॥ ३-द्राविण-भाषाया- मुल्लिखित- दिव्य- प्रबन्धस्य संस्कृतभाषायां व्याख्यां कारयिष्य इति ॥४९॥ तस्मिन्नेव समये तिस्रोऽङ्गल्यः सरला बभूवुः ॥५०॥ ततः श्रीरामानुजः श्रीयामुनाचार्यशिष्येषु श्रीमहापूर्णेन सह श्रीवैष्णव- पञ्च संस्कारम्, श्रीगोष्ठीपूर्णेन श्रीनारायण-मन्त्रार्थशिक्षां गृहीतवान् ॥५१॥ श्रीशैलपूर्णेन द्रविणभाषायां प्रबन्धमालारहस्यार्थम्, श्रीमालाधरैः सह वाल्मीकीय- रामायण- दिव्य- प्रबन्धादीनां रहस्यार्थं च जग्राह ॥५२॥ श्रीकाञ्चीपूर्णेन सह भगवत्सेवा पद्धतिं पपाठ ॥५३॥

श्रीनारायण भगवान्‌को शरणागति विधिलाई विस्तार गरेर संसार सागरवाट मुमुक्षू जीवसमूहहरूलाई उद्धार गर्नेछु ॥४७॥ २- ब्रह्मसूत्र, सिद्धित्रय, विष्णुसहस्रनामहरूको राम्ररी विवेचना

गरेर विशिष्टाद्वैत सिद्धान्त प्रतिपादक श्रीभाष्य रचना गर्नेछु ॥४८॥ ३- द्राविण भाषामा उल्लिखित, दिव्यप्रवन्धको संस्कृत भाषामा व्याख्या गर्नेछु ॥४९॥ यो प्रतिज्ञा गरेकै समयमा तीन अङ्गली सोझा भए ॥५०॥ त्यस पछि श्रीरामानुजले श्रीयामुनाचार्यका शिष्य मध्ये श्रीमहापूर्णसंग श्रीवैष्णव पञ्चसंस्कार, श्रीगोष्ठीपूर्णसंग श्रीनारायण- मन्त्रार्थ शिक्षा ग्रहण गर्नुभयो ॥५१॥ श्रीशैलपूर्णसंग द्राविण भाषामा प्रवन्धमालाको रहस्य अर्थ, श्रीमालाधरहरूसँग वाल्मीकीय-रामायण, र दिव्य प्रवन्धहरूको रहस्यार्थ ग्रहण गर्नुभयो ॥५२॥ श्रीकाञ्चीपूर्णसँग भगवान्को सेवा गर्ने विधि पढनुभयो ॥५३॥

काञ्चीपूर्णः शवर्या अंशावतारः ॥५४॥ श्रेण्या निम्नत्वेनापि दीक्षार्थं प्रेरितत्वेन श्रीरामानुजो गुरुम्मन्यमानः सम्मानयन् भोजनाय तं निमन्त्रयामास ॥५५॥ भोजना- वशिष्टं प्रसादरूपेण ग्रहितुमियेष ॥५६॥ पाकनिर्माणाय श्रीरामानुजः स्वपत्नीं रक्षाम्बामादिदेश ॥५७॥ श्रीरामानुजः काञ्चीपूर्णमानेतुं निर्जगाम ॥५८॥ तदानीमेव द्वितीयमार्गात् समागत्य "बुभुक्षया पीडितः प्रतीक्षां कुर्तुमशक्तो मातर्भोजनं मह्यं देहि"इत्युवाच ॥५९॥ रक्षाम्बा भोजनं दत्वाऽवशिष्टं निष्कास्य वर्तनशुद्धिं विधाय पुनः पाकं कर्तुं येते ॥६०॥ भुक्त्वा गतः काञ्चीपूर्ण इति ज्ञात्वाऽवशिष्टान्नाभावात् क्रुद्धोऽभूत् ॥६१॥ "निम्नश्रेण्या भुक्तावशिष्टं नोचितम्"इत्यवहेलनवचनात् खिन्नः श्रीरामानुजस्तस्या-स्तादृशव्यवहारमननं कृत्वा सन्यासग्रहणाय तत्परो बभूव ॥६२॥

काञ्चीपूर्ण शवरीको अंश अवतार मानिनुहुन्छ ॥५४॥ श्रेणीले निम्न भएपनि दीक्षाकोलागि प्रेरणा गरेको हुँदा

श्रीरामानुजले गुरुमानेर सम्मान गर्दै भोजनको लागि तिनलाई वोलाए ॥५५॥ भोजन गरेर वाकी रहेको प्रसादको रूपमा ग्रहण गर्न इच्छागरे ॥५६॥ खानेकुरा निर्माणगर्नका लागि श्रीरामानुजले आफ्नी पत्नी रक्षाम्वालाई अह्राउनुभयो ॥५७॥ श्रीरामानुज काञ्चीपूर्णलाई ल्याउन निस्कनुभयो ॥५८॥ त्यसै वेला दोश्रो मार्गवाट आएर "वुभुक्षाले पीडित प्रतीक्षा गर्न नसक्ने जनाउँदै -हे आमा ! मलाई भोजन दिनुहोस् यस्तो भन्नुभयो ॥५९॥ रक्षाम्वाले भोजन दिएर वाँकी रहेको निकाली वर्तन शुद्ध वनाएर फेरि पाक निर्माणगर्न प्रयास गरिन्॥ ६०॥ काञ्चीपूर्ण खाएर जानुभयो भन्ने जानेर खाएको वाँकी नहुँदा रिसाउनु भयो ॥६१॥ "निम्नश्रेणीका व्यक्तिले खाएको शेष खानु उचित हुदैन " यस्तो अपहेलन वचनवाट खिन्न श्रीरामानुज अरू पनि त्यस्ता व्यवहारलाई मनन गरेर सन्यास ग्रहण गर्न तत्पर हुनुभयो ॥६२॥

" भगिन्या विवाहे निमन्त्रणाऽऽगता"इति व्याजेन तां मातृगृहं प्रेष्य स प्रवव्राज ॥६३॥ सन्यास- ग्रहणानन्तरं यतिराजपदविभूषितः स वैष्णव-विद्वद्मण्डल्यामग्रगण्यो बभूव ॥६४॥ स्वकृतदोष- जनितागिनताप- तप्तो यादवप्रकाशः (पूर्वगुरुः) तच्छाप- शान्तये श्रीरामानुज- यतिराजात् श्रीवैष्णव-दीक्षां जग्राह,नाम च श्रीगोविन्ददास इतिचकार ॥६५॥ यतिधर्म-समुच्चयनामकं ग्रन्थं विरच्य गुरुचरणयो-र्निवेदयामास ॥६६॥

" वहिनीको विवाहमा निमन्त्रणा आयो " भन्ने छल गरेर रक्षाम्वालाई आमाका घरमा पठाएर रामानुज सन्यासी हुनुभयो ६३॥ सन्यास ग्रहणगरेपछि यतिराजपदले विभूषित रामानुज श्रीवैष्णव, विद्वद्मण्डलीमा अग्रगण्य हुनुभयो ॥६४॥ आफैँले

गरेका दोषवाट उत्पन्न अग्निको तापले तातेका यादवप्रकाश (पूर्वगुरु)ले त्यो ताप शान्त गराउनका लागि श्रीरामानुज यतिराजवाट श्रीवैष्णवदीक्षा ग्रहण गर्नुभयो,नाम पनि श्रीगोविन्ददास वनाउनुभयो ॥६५॥"यतिधर्मसमुच्चय" नाम भएको ग्रन्थ रचना गरेर गुरुका चरणमा निवेदन गर्नुभयो॥६६॥

श्रीरामानुजो भगवतः श्रीरङ्गनाथस्य संकेतेन श्रीरङ्ग-मुनिना सह श्रीरङ्गं जगाम ॥६७॥ श्रीगोष्ठीपूर्णस्वामिना सह द्वयचरम- मन्त्रार्थज्ञानाय श्रीरामानुजः प्रयेते ॥६८॥ स " परमभक्ति-भाव- निपुणायैव दास्ये नान्येभ्यः" इत्युक्त्वा पञ्च षट्वारं प्रयत्ने कृतेऽपि नाददात् ॥६९॥ श्रीरङ्गनाथ- भगवतः स्वप्न- संकेतं प्राप्तं श्रीरामानुजम् "अन्यस्मै न श्रावयिष्यामि" इति प्रतिज्ञां कारयित्वा मन्त्रार्थं श्रावयामास ॥७०॥ श्रीरामानुज भगवान् श्रीरङ्गनाथका संकेतले श्रीरङ्ग मुनिसँग श्रीरङ्ग जानुभयो ॥६७॥ श्रीगोष्ठीपूर्ण स्वामीसँग द्वय चरम,मन्त्रको अर्थ ज्ञान गर्नका लागि श्रीरामानुजले प्रयास गर्नुभयो ॥६८॥ ती गाष्ठीपूर्णले " परमभक्ति,भावले, निपुणलाई मात्र दिन्छु अरुलाई दिन्न" यो भनेर पाँच छ पटक प्रयास गर्दा पनि दिनुभएन ॥६९॥ श्रीरङ्गनाथ भगवान्वाट स्वप्नमा संकेत पाएका श्रीरामानुजलाई "अरूलाई सुनाउने छुइन " भन्ने प्रतिज्ञा गराएर मन्त्रार्थ सुनाउनुभयो ॥७०॥

श्रीरङ्गनाथं नमस्कृत्य मन्त्रार्थ- ज्ञानाशक्तानुराग-समलङ्कृत- वैष्णव- मण्डल- पुलकित- वदनारविन्दं विलोक्य द्रवीभूतो यतिराजः उच्चाट्टालिकाया-मारुह्योच्चस्वरेण सर्वान् सम्बोध्य श्रावयामास ॥७१॥ श्रीरामानुजस्य तत्कर्म श्रुत्वा मन्त्रार्थदो गुरुर्गुर्वाज्ञोलङ्घ- नावहेलन- विस्वास-प्रतिज्ञाभङ्ग-

कारिणं दण्डयितुमुवाच ॥७२॥ " यतिराजरूपधारिन् ! नीच ! रामानुज ! नरक- निवासाय योग्यो ऽसि नराधम ! ॥७३॥ श्रीरामानुज उवाच "भो भगवन् ! रङ्गनाथ ! सज्जन ! वैष्णववृन्द ! श्रद्धया मन्त्रश्रवणाय समुपस्थिताः सर्वे नरनार्यो जीवसमूहा मन्त्रार्थमननानन्तरं दिव्यलोकं श्रीविष्णुधाम प्राप्नुवन्ति, परमानन्दिनो भवन्ति चेत् एष रामानुज एक सर्वदा नरके तिष्ठतु ,एषैव हि मेऽभिलाषा ॥७४॥ श्रीरामानुजस्य परोपकारिता- मुदारतां श्रुत्वा वाक्यार्थमननं कुर्वन्तः प्रमुदिताः सर्वे तं प्रशशंसुः ॥७५॥ गोष्ठीपूर्णो लज्जया खिन्नमनाः पुत्रं चरणाश्रितं कारयित्वा क्षमां ययाचे ॥७६॥ मातृष्वस्रेयो गोविन्दोऽपि यतिराजसकाशात् शरणागतिं स्वीकृतवान् ॥७७॥

श्रीरङ्गनाथलाई नमस्कार गरेर मन्त्रार्थ ज्ञान गर्न आशक्त अनुरागले युक्त वैष्णव मण्डलमा उत्सुकताले भरिएका मुखकमललाई हेरेर पग्लिएका यतिराज रामानुजले उच्च अट्टालिकामा चढेर उच्च स्वरले सवैलाई सम्वोधन गरेर सुनाउनुभयो ॥७१॥ श्रीरामानुजको त्यो कर्म सुनेर मन्त्रार्थ दान दिने गुरुले आज्ञा उल्लङ्घन, अपहेलन , विस्वास र प्रतिज्ञा भङ्ग गर्नेलाई दण्डदिन भन्नुभयो ॥७२॥ "हे यतिराजरूपधारिन् ! हे नीच ! हे रामानुज ! नरकमा वासगर्न योग्य भइस् , नराधम ! ॥७३॥ श्रीरामानुजले भन्नुभयो " भो भगवन् ! हे रङ्गनाथ ! हे सज्जन ! वैष्णववृन्द ! श्रद्धाले मन्त्र सुन्नकालागि उपस्थित सम्पूर्ण नरनारीहरू र जीवसमूहहरू मन्त्रको अर्थ मनन गरे पछि दिव्यलोक श्रीविष्णुको धाम सवैले पाउँछन् र परमानन्दी हुन्छन् भने यो रामानुज एउटा सधैँ नरक वसोस्, मेरो एकमात्र यही इच्छा छ ॥७४॥

श्रीरामानुजको परोपकारिता र उदारतालाई सुनेर खुशी भएका सवैले उनको प्रशंशा गरे ॥७५॥ गोष्ठीपूर्ण लज्जाले खिन्न मन भएको वनेर छोरालाई चरणाश्रित गराएर क्षमा मागे ॥७६॥ सानीमाको छोरा गोविन्दले पनि यतिराज रामानुजवाट शरणागतिलाई स्वीकार गरे ॥७७॥

श्रीरङ्गनाथसेवकाः पूजापद्धति-परिवर्तन-सुव्यवस्थापन-वैभव-शालिनो यतिराजात् रुष्टाः ॥७८॥ तैर्विष-मिश्रित- भोजन-पानात् च भगवान् तं ररक्ष ॥७९॥ षड्यन्त्रप्रकाशनेन भयभीताः क्षमां प्रार्थयन्तः ते शिष्यत्वं स्वीकृतवन्तः ॥८०॥ रमणी-वदनाऽशक्तधनुर्दासं श्रीरामानुजो दिव्य-वैभव- विभूषितं श्रीरङ्गनाथं दर्शयित्वा परमभक्तभागवतं विदधे ॥८१॥ चोलदेशाधिपः कोलुत्तुङ्गो यतिराजं शैवधर्म- स्वीकाराय शास्त्रार्थमकारयत् ॥८२॥ तस्याभिप्रायं ज्ञात्वा यतिराजशिष्यः श्रीकूरेशो गुरुसंरक्षणार्थं गुरुस्वरूपं विधाय समहापूर्णः शैवैः सह शास्त्रार्थं कृतवान् ॥८३॥ वाक्चातुर्येण लब्धविजयस्य तस्य निर्दया नेत्रे निष्कासिवन्तः ॥८४॥ एतत् कुत्सितपाप-कर्मप्रभावात् राजा कृमिकण्ठरोगेण दुर्गतिमलभत ॥८५॥ श्रीमहापूर्णः श्रीरङ्गागमनमार्गे भगवत्स्वरूपचिन्तनपरो भगवल्लीनो बभूव ॥८६॥ श्रीवरदराजसेवा- परायणस्य श्रीकुरेशस्य भगवत्कृपया दिव्यनेत्रे बभूवतुः ॥८७॥

श्रीरङ्गनाथका सेवकहरू पूजापद्धति परिवर्तन, सुव्यवस्थापन गर्ने ,वैभवशाली यतिराजद्वारा रिसाए ॥७८॥ तिनीहरूले विषमिसाएको भोजन- खाँदा पनि भगवान्ले रामानुजलाई रक्षा गर्नुभयो ॥७९॥ त्यो षड्यन्त्र प्रकाशमा आएर डराएका ती सवैले क्षमा माग्दै रामानुजको

शिष्यत्वलाई स्वीकार गरे ॥८०॥ राम्री नारीको मुख हेर्न आशक्त धनुर्दासलाई श्रीरामानुजले दिव्य वैभव विभूषित श्रीरङ्गनाथलाई देखाएर परमभक्त भागवत वनाउनुभयो ॥८१॥ चोलदेशको राजा कोलुत्तुङ्गले यतिराजलाई शैव धर्म स्वीकार गराउन शास्त्रार्थ गराउनुभयो ॥८२॥ राजाको अभिप्राय वुझेर यतिराजका शिष्य श्रीकूरेश गुरुको सुरक्षा गर्न गुरुको स्वरूप वनाएर महापूर्ण सहित भएर शैवहरूसँग शास्त्रार्थ गर्नुभयो ॥८३॥ वचनको चतुरताले विजय प्राप्त गरेका ती कुरेशको निर्दयी ती शैवहरूले आँखा झिकिदिए ॥८४॥ यस निन्दनीय पाप कर्मका प्रभाववाट राजाले कृमिकण्ठ रोगले दुर्गति पाए ॥८५॥ श्रीमहापूर्ण श्रीरङ्गवाट आउने वाटमा भगवत्स्वरूप चिन्तनगर्दै भगवान्मा लीन भए ॥८६॥ श्रीवरदराजको सेवामा परायण श्रीकुरेशको भगवान्का कृपाले दिव्य आँखा भए ॥८७॥

तिरुनारायणभगवदुत्सवप्रतिमा दिल्लीश्वरतनययासहाऽसीत् ॥८८॥ स्वप्ने प्रेरितः श्रीरामानुजस्तमानेतुं श्रीवैष्णवैः सह दिल्लीश्वरसन्निधिं प्राप्य प्रतिमाप्राप्तयेऽनुरोधं चकार ॥८९॥ राजोवाच= इयं प्रतिमा स्वयं यस्य समीपं गच्छति सोऽधिकारी ॥९०॥ यतिराजे समाहुते नागच्छत्, राजकुमार्या आहुत आगच्छत् ॥९१॥ तां घटनां दृष्ट्वा यतिराज उवाच ॥९२॥ स्वप्ने भगवता सत्यं प्रेरितेनाऽगतोऽहं चेत् मत्सन्निधिं सत्यं समागच्छति ॥९३॥ तत्क्षणे सा प्रतिमा यतिराजसमीपमागच्छत् ॥९४॥ सा प्रतिमा तिरुनारायण-पुरस्थ- मन्दिरे संस्थाप्य पूजा-सम्मानं चकार ॥९५॥ तस्मिन् मन्दिरे राजतनयादीनां प्रवेशार्थमनुमतिप्रदानात् तिरुकुलत्तर

(हरिजन) नाम्ना प्रसिद्धिरभवत् ॥९६॥

तिरुनारायण भगवान्को उत्सव प्रतिमा दिल्लीश्वरकी छोरीसँग थियो ॥८८॥ स्वप्नमा प्रेरित श्रीरामानुजले त्यसलाई ल्याउन श्रीवैष्णवहरूसँग दिल्लीश्वरका नजिक पुगेर प्रतिमा पाउन अनुरोध गर्नुभयो ॥८९॥ राजाले भने यो प्रतिमा वोलाउँदा जसका समीपमा आफैँ आउँछ त्यसैको अधिकारमा हुन्छ ॥९०॥यतिराजले वोलाउँदा आएन , राजकुमारीले वोलाउँदा आयो ॥९१॥ त्यो घटनालाई देखेर यतिराजले भन्नुभयो ॥९२॥ स्वप्नमा भगवान्को प्रेरणा भएर म सन्निधिमा आएको साँचो हो यदि भने मेरा सन्निधिमा अवश्य आउनेछ ॥९३॥ यसरी भन्ने वित्तिकै त्यो प्रतिमा यतिराजका समीपमा आयो ॥९४॥ त्यो प्रतिमा तिरुनारायण पुरमा रहेको मन्दिरमा स्थापना गरेर पूजा,सम्मान गर्नुभयो॥९५॥त्यस मन्दिरमा राजाकी छोरीहरूको प्रवेशार्थ अनुमति प्रदान गरिएको हुनाले तिरुकुलत्तर (हरिजन) नामले प्रसिद्ध भयो ॥९६॥

श्रीरामानुजः शास्त्रार्थे दिग्विजयिनं यज्ञमूर्तिं विजित्य विविध-वाधाकष्ट- मुलङ्घ्य श्रीविष्णुव्रत- सिद्धान्तप्रचारं देशदेशान्तरेषु राज्येषु च कृतवान् ॥९७॥ यज्ञमूर्तिरपि दीक्षां गृहीत्वा यतिराजस्य-शिष्यत्वं स्वीचकार ॥९८॥ यतिराजो दर्शनाय श्रीरङ्गं गच्छन् मार्गे समागच्छन्तं श्रीरङ्गनाथं दृष्ट्वा शिष्टाचार-दण्डवदादीन् कुर्वन्नुवाच ॥९९॥ भगवन् ! भवद्दासा- नुदास एषः , भवान् तु सर्वशक्तिसम्पन्नः, भगवत आगमनं समुचितं नेति ॥१००॥ भगवत आज्ञाऽभवत्-"अद्य पर्यन्तं मत्संरक्षितं कर्म मत्परं भवता कर्तव्यम्"इति वदन् श्रीरङ्गनाथो भगवल्लीला- त्रिपाद्विभूतिद्वयं तस्मै यतिराजाय

दत्तवान् ॥१०१॥ तद्दिनादारभ्य "उभयविभूतिनायकः" इत्युपाधिना विभूषितवान् ॥१०२॥
शास्त्रार्थमा दिग्विजयी यज्ञमूर्तिलाई जितेर विभिन्न वाधा, कष्टलाई नाघेर श्रीविष्णुव्रत सिद्धान्तको प्रचार देशदेशान्तर र राज्यहरूमा गर्नुभयो ॥९७॥ यज्ञमूर्तिले पनि दीक्षा ग्रहण गरेर यतिराजको शिष्यत्वलाई स्वीकार गर्नुभयो ॥९८॥ यतिराजले दर्शनगर्न श्रीरङ्ग जाँदा मार्गमा आउँदै गरेका श्रीरङ्गनाथका प्रमुखलाई देखेर सशिष्टाचार दण्डवद गर्दै भन्नुभयो ॥९९॥ हे भगवन् ! हजुरको दासानुदास यो हो, हजुर ता सर्वशक्ति सम्पन्न हुनुहुन्छ , हजुरले आउनु उचित हुँदैन ॥१००॥ भगवान्वाट आज्ञा भयो -"आज सम्म मैले रक्षा गरेको काम मेरा शेष पछि तपाईंले गर्नुपर्दछ " यो भन्दै श्रीरङ्गनाथले भगवल्लीला, र त्रिपाद्विभूति यी दुई उपाधि रामानुजलाई दिनुभयो ॥१०१॥ त्यस दिनदेखि आरम्भ गरेर "उभयविभूतिनायक" यो उपाधिले विभूषित हुनुभयो ॥१०२॥

अस्य द्वौ यज्ञेशवरदाचार्यौ शिष्यौ । यज्ञेशः स्वर्णधनवान्, श्रीवरदाचार्यो भक्तिधनवान्, प्रसङ्गवशात् द्वयोरामन्त्र- णां प्रापत् ॥१०३ ॥ परन्तु श्रीवरदाचार्यस्य स्वागतं स्वीचकार । "सांसारिकधनवतो भक्तिमानुत्तम " इति यतिराजस्य विशेषतां ज्ञात्वा धनमानमदा अपि दीक्षां गृहीत्वा कृतकृत्या बभूवुः ॥१०५॥ इनका दुई यज्ञेश, वरदाचार्य शिष्य थिए । यज्ञेश सुन धन धेरै हुनाले धनवान् ,श्रीवरदाचार्य भक्तिका धनवान्, प्रसङ्गवस् दुवैको निमन्त्रणा पाए ॥१०३॥ परन्तु श्रीवरदाचार्यको स्वागतलाई स्वीकार गर्नुभयो ॥१०४॥ "संसार सँग सम्वन्ध भएको धन भन्दा भक्तिसम्बन्धी धनवान् हुनु

उत्तम हो" भन्ने यतिराजको विशेषता जानेर धनी मानी पनि दीक्षा ग्रहण गरेर कर्तव्य पूरा गर्ने भए ॥१०५॥

एवं समस्तभारतवर्षं परिक्रम्य श्रीमद्भागवत- निर्दिष्टभक्ति-मार्गप्रचारं कृत्वा व्यासशिष्य- श्रीबोधायन- विरचित-बोधायन-वृत्तिनाम-ब्रह्मसूत्रार्थ- बोधकग्रन्थं शिष्यश्रीकुरेश-सहयोगेन कास्मीरस्य सरस्वतीपीठादुपलभ्य श्रीभाष्यं रचितवान्। स्वमतं प्रतिष्ठाप्य पुनः पुनरनुशीलनपूर्वकं वेद-गीता- विष्णुसहस्रनाम- ग्रन्थानां दिव्यप्रबन्धस्य (सहस्रगीति-काव्यस्य) च व्याख्यां च कृतवान् ॥१०६॥

एस्तै प्रकारले समस्त भारतवर्ष परिक्रमा गरेर श्रीमद्भागवतमा निर्देश गरिएका भक्तिमार्गको प्रचार गरेर व्यासका शिष्य, श्रीवोधायनले रचेको वोधायनवृत्ति नामक व्रह्मसूत्रको अर्थ वुझाउने ग्रन्थ शिष्य श्रीकुरेशको सहयोगले कास्मीरको सरस्वती पीठवाट प्राप्त गरेर श्रीभाष्य रचना गर्नुभयो। आफ्नो मत स्थापना गरेर वारवार अनुसन्धान गर्दै वेद, गीता, विष्णुसहस्रनाम ग्रन्थहरूको र सहस्रगीति काव्यको पनि व्याख्या गर्नुभयो ॥१०६॥

विशेषाद्वैतसिद्धान्त- प्रतिपादक- ग्रन्थरूपं श्रीवैष्णवधनं भागवतेभ्यो दत्वा ११९४ मित विक्रमवत्सरे विंशत्युत्तरतम-वर्षमतिहाय माघशुक्लदशम्यां समाधौ तिष्ठन् नारायणलीनो वभूव ॥१०७॥ अस्य विशिष्टाद्वैतसिद्धान्तः- तद्यथा चिद्-अचिद्-चिदचिद्विशिष्ट इति ॥१०८॥ १- चिद्-अनादिकालकृत-कर्मफल- वासना- बद्धो जीवात्मा। २ अचिद्- प्रकृतिः- जड-भोग्याचेतन-वस्तुरूपा। ३ चिदचिद्विशिष्टः-चिदचिदोरन्तर्यामि-रूपावस्थितनियामकापरिच्छेद्य -ज्ञानैश्वर्य- वीर्य- शक्ति- तेज-

प्रभृत्यनवधिका-तिशयासंख्येय-कल्याण- गुणगणवान् चिदचिद्-वस्तूत्पादक-स्वाभिलषित-दिव्यरूपानन्त-शक्तिमान् परात्परतमः सर्वेश्वर ईश्वरः ॥१०९॥

विशिष्ट अद्वैत सिद्धान्त,प्रतिपादक,ग्रन्थरूप श्रीवैष्णवको धन भागवतहरूलाई दिएर ११९४ मित- विक्रम सम्वत्सरमा १२० वर्ष विताएर माघशुक्ल दशमीमा समाधिमा वसेको वेला नारायण भगवानमा लीन हुनुभयो ॥१०७॥ इनको विशिष्टाद्वैत सिद्धान्त हो - त्यो यस प्रकारछ - चिद्, अचिद्, चिदचिद्विशिष्ट, ॥१०८॥ १- चिद् भनेको अनादि कालदेखि गरेको कर्मको फल सम्वन्धी वासनाले वाँधिएको जीवात्मा हो। २ अचिद् भनेको जड भोग्य अचेतन वस्तुरूप भएको प्रकृति हो। ३ चिदचिद्विशिष्ट भनेको चित् र अचित् दुवैको अन्तर्यामी रूपले रहने अटूट रूपले नियमन व्यवस्था गर्ने सम्पूर्ण व्रह्मरूपी अण्ड जस्तो संसारलाई सञ्चालन गर्ने ज्ञान, ऐश्वर्य- वीर्य- शक्ति-तेज- आदि अवधिरहित अतिशय असंख्य- कल्याण गुणसमूहले युक्त चित् अचिद् वस्तु उत्पन्न गराउने आफुले इच्छा गरेको दिव्यरूप लिने र अनन्त शक्तिले युक्त परात्परतम सर्वेश्वर ईश्वर वुझ्नु पर्दछ ॥१०९॥

स एव कल्याणगुण- करुणावरुणालयः सृष्टि- स्थिति- संहारानुकूल- त्रिगुणात्मक- बह्म- विष्णु- शिवानुरूप- फल- प्रदानाय स्वलीला-वशादर्चा- विभव- व्यूह- सूक्ष्मान्तर्यामिभेदेन पञ्चधावतिष्ठते ॥११०॥ (१) अर्चा =प्रतिमादयः- शालग्राम- शिलाग्नि- सूर्य- जल- पितृमातृगुरुरूपाः ॥१११॥ (२) विभवः= बह्म- विष्णु- शिव- मत्स्य- कूर्म- राम- कृष्णादयो ऽवताराः ॥११२॥ (३) व्यूहः= वासुदेव- संकर्षण- प्रद्युम्नानिरुद्धाः

अथवा राम- लक्ष्मण- भरत- शत्रुघ्नाः ॥११३॥ (४) सूक्ष्मः= पाप- जरा-मृत्यु- शोक-बुभुक्षा-तृष्णा हीनः, सत्यकामः, सत्यसङ्कल्पः, दिव्यवाहनः, शेषशय्यासनः, सत्त्वगुण - प्रधानः,शंख- चक्रादि- समलङ्कृत- चतुर्भुजधर उपास्यः ॥११४॥ (५) अन्तर्यामीः= सकल- जीवनियामकः सूक्ष्मातिसूक्ष्मतमो नारायणः परमात्माऽ स्ति ॥११५॥

उनै परमेश्वर कल्याणगुण र दयाका सागर सृष्टि, पालन, संहारको अनुकूल, तीन गुणमा भिन्न भिन्न गुण प्रधान हुने व्रह्मा,विष्णु, शिवको अनुरूप- फल, प्रदान गर्नका लागि आफ्नो लीला वस अर्चा, विभव, व्यूह, सूक्ष्म,अन्तर्यामी भेदले पाच प्रकारको भएर रहनुहुन्छ ॥११०॥ (१) -अर्चा भन्नाले प्रतिमाहरू=शालिग्राम शिला वा प्राण प्रतिष्ठित मूर्ति,,अग्नि, सूर्य, जल, पिता,माता र गुरुका रूप हुन् ॥१११॥ (२) विभव भनेका =व्रह्मा, विष्णु, शिव, मत्स्य, कूर्म, राम,कृष्ण, आदि अवतारहरू हुन् ॥११२॥ (३) व्यूह भनेका वासुदेव, संकर्षण, प्रद्युम्न, अनिरुद्धहरू हुन्, अथवा राम, लक्ष्मण, भरत, शत्रुघ्नहरू हुन् ॥११३॥ (४) सूक्ष्म भनेका पाप, जरा, मृत्यु, शोक, वुभुक्षा, तृष्णाहरूले हीन, सत्यकाम, सत्यसंकल्प, दिव्यवाहन, शेषशय्यासन, सत्त्वगुणप्रधान, शंख चक्रादिले सुशोभित चारहात हुने उपासनागर्न योग्य भगवान् नारायण हुनुहुन्छ ॥११४॥ (५) अन्तर्यामी :- भन्नाले सम्पूर्ण जीवलाई पापपुण्य भोगाउने र परमानन्द आश्रय मोक्ष दिने सूक्ष्माति सूक्ष्मतम नारायण परमात्मा हुनुहुन्छ ,॥११५॥

अस्यार्थः-अखिल-विश्व-ब्रह्माण्ड-ब्रह्म- शिवादिकीटपर्यन्त-चराचरान्त-स्करण- निवासी परमात्मा ॥११६॥ अर्चारूपोपासनात् विभवोपासनाय योग्यता लभ्यते, एवं क्रमशः विभवोपासनया व्यूहोपासनाया- धिकारी, ततः सूक्ष्मोपासना, अन्तेऽन्तर्यामिणं लब्धुं समर्थवान् भवतीत्यभिप्रायार्थः ॥११७॥ उपासनाविधिरपि पञ्चधा-तदभिगमन-मुपादानमिज्या स्वध्यायो योग इति ॥११८॥ (१) अभिगमनम् :- समीपाभिगमन-मार्गादि- सम्मार्जनोपलेपादिकरणम्। (२) उपादानम् :- गन्ध-पुष्प- मालादि-सम्पादनम्। (३) इज्याः- देवपूजा-होमादिकरणम्। (४) स्वाध्यायः- अर्थानुसन्धानपूर्वको मन्त्रजपो वैष्णवसूक्त-स्तोत्रपाठो नाम संकीर्तनं तत्त्वप्रतिपादक-शास्त्राभ्यासश्च। ५योगः- ध्यान (चिन्तन-मनन) पूर्वकमभीष्ट-देवस्वरूपे चिल्लय-करणाययननियमासन-प्राणायाम-प्रत्याहार-धारणा- ध्यान- समाधिभिः पुनः पुनः कृतसत्प्रयासः ॥११९॥

यसको विशेषार्थ- अखिल, विश्वब्रह्माण्ड, र ब्रह्मा, शिव, आदि कीट पर्यन्त,चराचरको अन्तर हृदयमा वस्ने परमात्मा हुनुहुन्छ ॥११६॥ अर्चा रूपको उपासनाले विभव रूपको उपासना गर्न योग्यता प्राप्त हुन्छ । एवम् क्रमशः विभव रूपको उपासनाले व्यूह रूपको उपासना गर्न सक्ने अधिकार शक्ति प्राप्त हुन्छ। अनि सूक्ष्म उपासना गर्ने शक्ति र , अन्त्यमा अन्तर्यामीलाई पाउन समर्थवान् हुन सकिन्छ भन्ने अभिप्राय हो ॥११७॥ उपासना विधि पनि पाँच प्रकारको हुन्छ - ती अभिगमन, उपादान, इज्या, स्वाध्याय, योग हुन् ॥११८॥ (१) अभिगमनम्- स्वागत सम्मान गर्दा आदरणीय जनलाई ल्याउन समीपमा जानु, पठाउदा पर सम्म पुर्‍याउन

जानु, मार्ग पूजास्थल सम्मार्जन र लीपपोत आदि गर्नु । (२) उपादानम् - गन्ध-पुष्प-मालादि तयार पार्नु । (३) इज्या - देवपूजा होमादि कर्म गर्नु । (४)स्वाध्यायः- अर्थको अनुसन्धान गर्दै मन्त्र जप, वैष्णव सूक्त, स्तोत्र, पाठ गर्नु, नाम संकीर्तन, तत्व प्रतिपादक शास्त्रको अभ्यास पनि गर्नु । (५) योगः- ध्यान (चिन्तन-मनन) पूर्वक इष्ट देवताको स्वरूपमा चित्त लय गराउनका लागि यम,नियम,आसन,प्राणायाम, प्रत्याहार, धारणा, ध्यान,समाधिद्वारा पुनःपुनः प्रयास गरीरहनु योग हो ॥११९॥

एवं समुचितेनोपासनाकर्मविज्ञानेन भगवत्स्वरूपे चित्तवृत्ति- निरुद्धाय स्वभक्ताय भक्तवत्सलः परमकारुणिकः पुरुषोत्तमः स्वयाथात्म्यानुभवानुगुण- निरवधिका- नन्दरूपं पुनरावृत्ति- रहितं स्वपदं प्रयच्छति ॥१२०॥

एवं प्रकार समुचित उपासना कर्मको विज्ञानले भगवान्को स्वरूपमा चित्तवृत्ति रोक्ने आफ्नाा निष्ठावान् भक्तलाई दयालु भगवान् आफ्नो वास्तविक अनुभव अनुसार अवधि रहित फिर्नु नपर्ने आनन्दरूप स्वधाम दिनुहुन्छ १ ॥१२०॥

दिव्यानन्दस्वरूपचिन्तनात् नामसंकीर्तनाच्च नारायणे भगवति भक्त्योघः संवर्धते ॥१२१॥

---

१ उक्तं च- मामुपेत्य पुनर्जन्म दुःखालयमशाश्वतम् ।
नाप्नुवन्ति महात्मानः संसिद्धिं परमां गताः ॥ गीता८।१५
अन्यच्च= स्वभक्तं वासुदेवोऽपि संप्राप्यानन्दमक्षयम् ।
पुनरावृत्तिरहितं स्वीयं धाम प्रयच्छति ॥ इति । उद्धृतम्
भक्तवत्सल अत्यन्त दयालु पुरुषोत्तम भगवान् आफ्नो वास्तविक आत्माको अनुकुल अवधि विनाको फर्किनु नपर्ने

स्वरूप चिन्तन, नाम संकीर्तन गर्नाले नारायण भगवान्मा भक्तिको प्रवाह वृद्धि हुन्छ ॥१२१॥

शेषाङ्के शयितं रमाविलसितं देवर्षिभिर्वन्दितं
नाभ्युत्पन्नसरोजयोनिसहितं चक्रादिभिर्भूषितम् ॥
सज्योतिर्वनमालया च मणिना संशोभितोरस्थलं
श्यामाङ्गं मधुरस्मितं सुनयनं नारायणं धीमहि ॥१२२॥

शेषका काखमा सुतेका रमाले सुशोभित भएका, देवर्षिहरूले वन्दना गरिएका, नाभिवाट उत्पन्न कमल मुख्य कारण हुने व्रह्माले सहित भएका,चक्र,आदि भन्नाले शंख,चक्र,गदा पद्म साथमा लिने र वरदहस्त मुद्राले शोभायमान हुने, ज्योतिले सहित वनमाला र मणिले छाती सुहाउने, श्यामल अङ्ग हुने, मीठो हाँस्ने,राम्रा आँखा हुने, भगवान् नारायणलाई ध्यान गर्दछु ॥१२२॥ इति श्रीविष्णुव्रतामृत- सदाचार-भक्तिकाव्ये श्रीरामानुजसंवर्धन विष्णु- व्रतमननानन्दयोगो नाम चतुर्दशसर्गः ॥१४॥ ८२२+१२२=९४४

आफ्नु धाम प्रदान गर्नुहुन्छ ॥१२०॥

गीतामाकहिएको छ =

महात्मा साधना सिद्धि गर्छन् श्रीकृष्ण पाउछन् ।
पुनर्जन्म र सङ्कष्ट सधैका लागि छुट्तछन् ॥

अर्कोपनिछ=

भक्त पाएर सन्तुष्ट वासुदेव सधै भरी ।
दिन्छन् अच्छिन्न त्यो धाम भक्त जान्छन् सरासरी ॥

उद्धृतम्

अथ पञ्चदशसर्गः

वेदान्तेषु प्रविशति मनो दर्शनायेश्वरस्य
चार्वाग्वौद्धार्हदभिगतिकं नास्तिकत्वान्निवृत्तम् ॥
शैवेष्वेवं गतवति शनैरीशभिन्नं विवर्तं
लब्ध्वा तस्मान्निवृतमिति तत् प्राविशदन्यशास्त्रम्

वेदान्तमा ईश्वरको दर्शन गर्नका लागि मन प्रवेश गर्दछ। चार्वाक्, वौद्ध र अर्हत् (जैन) यी दर्शन मध्ये चार्वाक् दर्शनमा लौकिक सर्वशक्तिमान् मात्र ईश्वर हो ,वुद्ध दर्शनमा वुद्धमात्र ईश्वर हो, जैनदर्शनमा अर्हत् मात्र ईश्वर हो, भनेको हुनाले मनले अनुसन्धान गर्दा परात्पर परमेश्वर विनाको ठहर गऱ्यो र मन हट्यो। शैव दर्शनमा पनि मन प्रवेश गर्दा ईश्वरदेखि वाहेक विवर्त (सम्पूर्ण चराचर प्वाङ्मात्र) हो भनेको हुनाले चराचर व्यर्थ हुने कुरा पाएर यसवाट पनि मन हट्यो र अन्य दर्शन शास्त्रमा प्रवेश भयो ॥१॥

स्फोटे, तार्क्ये सुखकररसे शांकरे दर्शनेऽपि
लब्ध्वानन्दं प्रचलितमनो मन्यमानं ह्यपूर्णम् ॥
सांख्ये मीमांसक अपि शनैः सेश्वरे संप्रविष्ट-
मन्ते रामानुजविरचिते दर्शने संप्रलीनम् ॥२॥

पाणिनी दर्शनमा प्रकृति प्रत्यय जोडिएर प्रकट हुने अर्थमा ईश्वर, प्राचीन र नव्य न्याय दर्शनमा तर्कको रूपमा ईश्वर, रसेश्वर दर्शनमा रस,शाङ्कर दर्शनमा परात्पर सर्वेश्वर ईश्वर प्रतिपादन गरेको पाएर मनले आनन्द प्राप्त गऱ्यो र पनि चञ्चल मन अपूर्णता नै महसूस गर्दै अरू आकर्षक अनुसन्धान गर्ने उत्सुकताले अपूर्ण ठान्दै, पूर्वमीमांसा दर्शनमा जीव नै ईश्वर, ईश्वरवादी उंत्तरमीमांसा दर्शनमा र साङ्ख्यदर्शनमा

छब्विशौँ तत्त्व मानेर पनि सत्त्वगुण प्रधान देवतालाई मान्नुपर्ने वैशिष्ठ्यता गीता आदि सात्त्विक शास्त्रहरूमा सर्वत्र उपलब्ध हुनाले सत्त्वगुणप्रधान परात्पर सर्वेश्वर ईश्वर कुन हुन् ! प्रश्न उठेर मनमा अपूर्णता खड्कियो । यी मध्ये उपास्य स्वरूप कुन् हो त अझै प्रश्न वाकी रह्यो । अन्त्यमा रामानुज श्रीवैष्णव दर्शनमा मन प्रवेश गऱ्यो । त्यहीँ लीन भयो ॥२॥

यो चिद्जीवो कृततनुगृहो ऽहं ममैवेष देहो
भुङ्क्ते चास्मिन् विरचितफलं जन्मजन्मान्तरेषु ॥
लक्ष्मीनारायणचरणयोराश्रयं नाप्नुयां चेत्
भीतो ऽत्यन्तं प्रतिदिनमहं गर्भसिंधौ पतेयम् ॥३॥

जो चैतन्यरूपमा रहेको जीव छ, त्यो शरीरलाई घर वनाएर रहेको अहं भन्ने तत्त्व हो, त्यो यो शरीरलाई मेरो शरीर भन्दछ । यो जीव यसै शरीरमा वसेर जन्म- जन्मान्तरमा गरेका कर्मको फल उपभोग गर्दछ । लक्ष्मीनारायणका चरणको आश्रय मैले नपाउँने हो यदि भने म अत्यन्त डराएको छु । गर्भरूपी समुद्रमा गिर्ने आशङ्का प्रतिदिन खट्कीरहेको अनुभव गर्दछु ॥३॥

देहो ऽयं मे प्रकृतिरचितोऽचिज्जडत्वेन युक्तः
कालेऽतीते परिणमति यो जायते बर्धते च ॥
अन्ते चायं पुनरपि ततोऽचित्स्वरूपं हि धत्ते
देहाऽभावे भजनरहितं जीवनं व्यर्थमेति ॥४॥

यो मेरो शरीर प्रकृतिले वनाएको छ, अचित् वा जडत्वले युक्त छ । यो देह समय वीतेछँदामा परिवर्तन हुन्छ, र यो जन्मने, वढने, अन्त्यमा फेरि पनि अचित् रूप नै धारण गर्दछ । यस शरीरको अभावमा भजन रहित जीवन वन्दछ , भजन

नगरिएको जीवन व्यर्थ हुन्छ ॥४॥
रम्यं दृष्ट्वा प्रचलति मनो ग्राह्यमग्राह्यमेतत्
स्वाद्यं लब्ध्वा स्वदत इति तत् रोगदं पुष्टिदं स्यात् ॥
एतल्लब्धुं प्रतिदिनमहं धावनं कर्म कुर्वन्
सर्वं व्यर्थं दिनमगमयं चिन्तया पीडितोऽस्मि ॥५॥

यो मन राम्रो देखेर दौडिन्छ, ग्राह्य हो अग्राह्य हो ख्याल गर्दैन, स्वादिष्ट वस्तु पाएर स्वाद लिइहाल्दछ, 'रोग कारक हो वा पुष्टि कारक हो' विचार गर्दैन। यस्ता वस्तुलाई पाउँन प्रतिदिन मैले दौडाइका साथ कर्म गर्दै सम्पूर्ण दिन व्यर्थ विताइसकँ। यसैले म चिन्ताले पीडित छु ॥५॥

सत्शास्त्राणामधिकमननात् निर्गता ज्ञानगङ्गा
तस्यां स्नानात् समभवदिदं निर्मलं मे मनोऽपि ॥
सत्त्वानन्दामृतरसमयं मानवैः सेवनीयं
गेयं ध्येयं परममतुलं निश्चितं ब्रह्मतत्त्वम् ॥६॥

संत्शास्त्रहरूको धेरै चिन्तन मनन गर्नाले भगवान् सम्वन्धी पवित्र भावनाको रूपलिने ज्ञानगङ्गा वहनगयो। त्यसमा स्नान गर्नाले मन पनि पवित्र भएको अनुभव हुनगयो। सत्त्वगुणयुक्त आनन्द अमृतरस भएको मानवहरूले सेवा गर्न, ध्यान गर्न लायक तुलना गर्न न सकिने व्रह्मतत्त्व निश्चित भयो ॥६॥

नित्यानन्दश्चिदचिदिति यत्तत्त्वतो यो विशेषो
भक्त्या लभ्योऽमृतरसमयो ज्ञानमात्रस्वरूपः ॥
वेदान्तानां प्रतिपदगतो दर्शने शब्ददृश्यः
चिन्तामग्ने मलिनहृदि मे शान्तये शं तनोतु ॥७॥

नित्यानन्द ,भएका चिद् अचिद् यी दुई तत्त्व भन्दा पर रहेका,

जो विशिष्ट हुनुहुन्छ र भक्तिले पाउन सकिने अमृत रसले पूर्ण ज्ञानमात्र स्वरूप भएका हुनुहुन्छ। वेदान्तहरूका प्रत्येकपदमा विवेक गर्दा दर्शन शास्त्रमा शब्दद्वारा देखिनुहुन्छ। ती भगवान्ले चिन्तामग्न मेरो मलिन हृदयमा शान्तिका लागि सुख फैलाई दिऊन् ॥७॥

श्रीमन्नारायणचरणयोराश्रिते ! दिव्यरूपे !
लक्ष्मीः ! मातर् ! जलनिधिसुते ! हे दयापद्मनेत्रे ! ॥
उद्धारार्थं मम सुवचनैः प्रेरयेः श्रीमुकुन्दम्
यावद् वर्ते चरणरसिकः त्वां स्मरन् संभजामि ॥८॥

श्रीमन्नारायणका चरणमा आश्रय लिने, दिव्यरूप भएकी, समुद्रकी छोरी वनेर प्रकट भएकी, दयारसले पूर्ण कमलजस्ता आँखा भएकी, हे लक्ष्मीः ! आमा ! मेरो उद्धारका लागि मीठा वचनद्वारा मोक्षदाता श्रीमुकुन्द भगवान्लाई प्रेरणा गरिदिनुहोस् न। म चरण रसमा प्रेम गरेर जहिले सम्म वाँची रहन्छु, तपाईलाई संझी संझी भजन गरिरहन्छु ॥८॥

यस्माद् विश्वं समुदितमिदं तेजसा वर्धमानम्
तस्मिन् नाना विधृतवपुषं रामकृष्णादिरूपम् ॥
ब्रह्मेशेन्द्रैर्मुनिभिरनिशं कीर्तितं दिव्यगाथं
वन्दे देवं शुभगुणनिधिं लोककल्याणहेतुम् ॥९॥

जसवाट विश्व सृष्टि भएकोछ, र वढेको छ ,यसमा नाना प्रकारका शरीर राम-कृष्णादि रूप छन्। जस्को व्रह्मा, शिव, इन्द्र, र मुनिहरूद्वारा निरन्तर दिव्य गाथा गान भएको छ। शुभगुणका खानी लोक- कल्याणका कारण उनै देवतालाई वन्दना गर्दछु ॥९॥

दुष्टैर्व्याप्ताः सजलनिधिभूः, सज्जनाः क्रन्दमानाः

लोका नार्यो विगतनियमाः सन्ति ये पीड्यमानाः ॥
शीघ्रं धृत्वा शुभनवतनुं सार्थकं नाम कुर्वन्
उद्धर्तुं तानवतर विभो ! त्वं हि विश्वम्भरोऽसि ॥१०॥

दुष्टहरूले व्याप्त हुँदा सागर सम्मका भूमिमा सज्जनहरू आक्रन्दित छन्। जो नर नारीहरू नियम छाडेर पीडित छन्। तुरुन्तै शुभ नव शरीर धारण गरेर सार्थक नाम गराउँदै तिनीहरूलाई उद्धार गर्न अवतार लिनुहोस्। हे सर्वव्यापक ! हे प्रभो ! तपाइँ नै त विश्वलाई पालन पोषण गर्ने विश्वम्भर हुनुहुन्छ ॥ ॥१०॥

लीलारूपो जनहितकरो देवराजाधिराजो
यज्ञाधीशस्त्वमसि भगवन् ! वैभवैः पूर्ण ईशः ॥
जीवात्माहं दुरितफलभुक् कर्दमालिप्तदेह
आश्लेषार्थं स्वभिलसति मे चित्तमेतत् कथं स्यात् ॥११॥

लीलारूप हुने,जनताको हित गर्ने, देवराजाका पनि राजा,यज्ञका अधिपति ऐश्वर्यले परिपूर्ण ,समर्थशाली हे भगवान् ! तपाइँ नै त हुनुहुन्छ। म त जीवात्मा हुँ पापफल भोग्ने वाला पापरूपी हिलाले लिप्त देह भएको छु। मेरो चित्त हजुरसँग अङ्कमाल गर्न चाहन्छ। यो कसरी सम्भवहोला ! ॥११॥

येषां यस्मिन् सुरुचिरधिकं तत्स्वरूपं विधास्यन्
तेषां स्वान्ते वससि भगवन् ! वर्धयन् भक्तिनिष्ठाम् ॥
विष्णो ! नारायणमनुतनो ! निर्मिताऽह्लादचन्द्र !
नृत्यन्नित्यं मम हृदि विभो ! वैभवं दर्शयेर्माम् ॥१२॥

जसको जुन्रूपमा वढी सुरुची छ। त्यही स्वरूप धारण गर्दै हे भगवान् ! तिनीहरूको अन्तर हृदयमा भक्तिनिष्ठा वढाउँदै वस्नुहुन्छ। हे विष्णो ! नारायणमन्त्र नै शरीर हुने, आनन्दरूपी

चन्द्रमा निर्माण गर्ने , हे सर्वव्यापक ! भगवान् ! मेरा हृदयमा सधैँ नाच्तै मलाई वैभव देखाइदिनुहोस् ॥१२॥

पूर्वे तावत् कृतवहुविधः पापकर्मा इदानीं
वाल्याद्भुञ्जन्ननुदिनमहं कष्टवह्नौ प्रविष्टः ॥
तीब्रं तप्तः शमय भगवन् ! प्रार्थये त्वां शरण्यं
गाथां गायन् सरसवचनैः श्रद्धया कीर्तयामि ॥१३॥

पूर्व जन्ममा धेरै प्रकारका कर्म गरेर अहिले पापी वनेर आएको छु , त्यसैले वाल्य- कालदेखि नै प्रतिदिन भोग्दै म कष्टरूपी आगामा पिसिल्टिएको छु । हे भगवन् ! प्रार्थना गर्दछु , तपाइँ शरण पर्नेलाई रक्षा गर्न सीपालु हुनुहुन्छ, मेरा सवै ताप नाश गरिदिनुहोस्, हे प्रभो ! प्रेम वचनले गाथा गाउँदै श्रद्धाले कीर्तन गर्दछु ॥१३॥

हे विष्णो ! ते चरणशरणं कामयन् वेपमानः
योगाशक्तः प्रचलितमनास्तत्कथं सिद्धिमेमि ॥
दिव्यं रूपं तव मनसि मे लब्धये यत्नशीलः
सायं प्रातर्विकृतिवचनैः प्रार्थये ऽ हं भवन्तम् ॥१४॥

हे विष्णु ! तपाईका चरणको शरण चाहदै थर थर कांम्दै योगमा लागेको छु। चञ्चल मन भएको म कसरी सिद्धि पाउन सक्छु। हे भगवान् ! तपाईको दिव्यरूप मेरा मनमा प्राप्त गर्नका लागि प्रयत्नशील साँझ विहान टुटेफेटेका वचनले हजुरलाई प्रार्थना गर्दछु ॥१४॥ १-

ब्रह्मादीनां स्तुतिसुवचनैर्लोककल्याणहेतू
श्रीवैकुण्ठात् समवतरितौ सन्तसन्तारसेतू ॥
शुद्धां शिक्षां जनहितकरीं सत्सु विस्तारयन्तौ
सीतारामौ हृदि निवसतां सत्यसङ्कल्पवन्तौ ॥१५॥

व्रह्मादि देवताहरूको स्तुति सुवचनद्वारा लोक कल्याणका कारण भएका,श्रीवैकुण्ठ- धामवाट अवतार लिनुभएका, सज्जनहरूलाई तार्ने पूल भएका, जनताको हितगर्ने, शुद्ध शिक्षा सन्तहरूमा विस्तार गर्ने, सत्यसङ्कल्पले युक्त सीता र राम हृदयमा वास गरुन् ॥१५॥

वालादेवं विनयवदनं कौशिकाल्लब्धशिक्षं
पादस्पर्शाच्चरणरजसा गौतमीमुद्धरन्तम् ॥
राज्ञाम्मध्ये जनकनृपतेश्चापदण्डं विभज्य
सीतापाणिग्रहणकुशलं रामचन्द्रं भजामि ॥१६॥

वालक कालदेखि नम्रताले पूर्ण अनुहार भएका , विश्वामित्रवाट शिक्षा लिएका, पाउको स्पर्श हुँदा चरणको धुलोले अहल्याको उद्धार गर्ने ,राजाहरूका माझमा जनक राजाले राखेको धनुष दण्ड भाचेर सीता कन्या ग्रहण गर्न सीपालु श्रीरामचन्द्रलाई भजन गर्दछुँ ॥१६॥

१- शान्ताकारं भुजगशयनं, पद्मनाभं सुरेशं
विश्वाधारं गगनसदृशं मेघवर्णं शुभाङ्गम् ॥
लक्ष्मीकान्तं कमलनयनं योगिभिर्ध्यानगम्यं
वन्दे विष्णुं भवभयहरं सर्वलोकैकनाथम् ॥(उद्धृतम्)

शान्त आकार हुने , शेषमा शयन गर्ने, नाभिमा कमल हुने, देवताका पनि देवता, विश्वका आधार, आकाश जस्ता, वादल जस्तो श्यामल वर्ण, शुभ शरीर भएका , लक्ष्मीका पति, कमल जस्ता नयन हुने, योगीहरूको ध्यानद्वारा स्मृतिमा आउने संसारको भय नाश गराउने सम्पूर्ण लोकका मालिक विष्णुलाई वन्दना गर्दछु ॥ उद्धृतम्

पित्रोराज्ञां मनसि विधृतौ लक्ष्मणेनानुजेन
दुष्टान् हन्तुं वनमभिगतौ शर्म विस्तारयन्तौ ॥
साधून् सन्तान् तपसि निरतान् निर्भयान् संविधाय
मध्यारण्ये रचितकुटिरौ जानकीशौ भजामि ॥१७॥

पिता र माताको आज्ञालाई मनमा धारणा गर्ने, लक्ष्मण भाइका साथ दुष्टहरूलाई मार्न वन जानुहुने, कल्याण विस्तार गराउने, तपस्यामा रहेका साधु सन्तलाई निर्भय गराएर घना जङ्गलको माझमा कुटि वनाएर वस्ने, श्रीसीतारामलाई भजन गर्दछु ॥१७॥

घोरारण्ये युगदशशरद् यापयन्तौ प्रसन्नौ
दुष्टान् क्रूरान् सुजनहतकान् राक्षसान् घातयन्तौ ।
स्वेच्छाचारां कुचरितवतीं स्वैरिणीं भर्त्सयन्तौ
सीतारामौ मधुरचरितौ श्रद्धया कीर्तयामि ॥१८॥

डरलाग्दो जङ्गलमा १४वर्ष सम्म प्रसन्न भएर विताउने, सज्जनहरूको हत्या गरेर रमाउने दुष्ट क्रूर् राक्षसहरूलाई मार्ने, आफ्नो इच्छा अनुसार खराव चरित्रले युक्त, जल्लाई भेट्यो त्यसैलाई पतिवनाउन तत्पर शूर्पणखालाई भर्सना गर्ने,मधुर चरित्र भएका श्रीसीतारामलाई श्रद्धाले कीर्तन गर्दछु ॥१८॥

दुष्टाचारैः कथितवचनैरागतान् युद्धभूमौ
साहस्रान् यान् युगदशमितान् घातयित्वा निवृत्तम् ॥
सीताहर्त्रा प्रहतगतिकं तारयन्तं च गृद्धम्
भ्रात्रा सार्धं वनमभिगतं रामचन्द्रं भजामि ॥१९॥

दुराचाचारीका कुरा सुनेर युद्ध भूमिमा आएका १४ हज्जार खरदूषणहरूलाई मारेर फर्किने, सीता हरण गरेर लादै गरेका वेला रावणद्वारा पखेटा काटिएको जटायुलाई तार्ने, भाइसँग

सीता खोज्दै वनमा हिडेका श्रीरामचन्द्र भगवान्लाई भजन गर्दछु ॥१९॥

वीरं हत्वा दुरितचरितं वालिनं वानराणां
किष्किन्धाया अधिपतिपदे स्थापयित्वा सुकण्ठम् ॥
अन्वेषन्तं जनकतनयां विह्वलं स्त्रीवियोगा-
देकान्तस्थं रघुकुलमणिं रामचन्द्रं भजामि ॥२०॥

दुष्टचरित्र भएको वीर वालीलाई मारेर किष्किन्धाका वानरहरूका राजाको पदमा सुग्रीवलाई राखेर सीताको खोजी गरिरहने, स्त्रीवियोगका कारणले विह्वल वनी एकान्तमा वस्ने, रघुकुलमणि श्रीराम भगवान्लाई भजन गर्दछु ॥२०॥

शम्भुं ध्यात्वा रघुकुलपतिः सागरे सेतुबन्धं
सम्यक् कृत्वा सखिसहचरान् वानरान् तारयित्वा ॥
दुष्टैः सार्धं महति समरे राक्षसान् यो जहार
तं श्रीरामं मधुरवचनैः श्रद्धया संभजामि ॥२१॥

शिवजीलाई ध्यान गरेर रघुकुलपति श्रीरामले सागरमा पूल राम्ररी वनाएर आफ्ना मित्र अनुयायी वानरहरूलाई तारेर दुष्टसंग ठूलो युद्धमा राक्षसहरूलाई जसले मार्नुभयो। ती श्रीराम भगवान्लाई मीठा वचनहरूद्वारा श्रद्धाले भजन गर्दछु ॥२१॥

शस्त्रास्त्राणां प्रहरणपटू रावणं कुम्भकर्णं
सर्वाः सेनाः सहजमहनत् सर्ववीराग्रणिर्यः ॥
अग्नौ सीता प्रविशति ततः सत्यसन्दर्शनाय
सीतारामौ भवभयहरौ श्रद्धया संभजामि ॥२२॥

शस्त्र अस्त्रहरूको प्रहार गर्न सिपालु वीरहरूमा अग्रगण्य श्रीरामले रावण कुम्भकर्ण र सम्पूर्ण सेनाहरूलाई सजिलै मार्नुभयो। त्यस पछि सत्यता देखाउनका लागि

सत्यवती सीता अग्निमा प्रवेश गर्नुहुन्छ। संसारको भय नाश गर्ने सत्य स्वरूप जोडी सीता र रामलाई श्रद्धाले राम्ररी भजन गर्दछु ॥२२॥

जाताह्लादौ स्मितसुवदनौ दिव्यसिंहासनस्थौ
शान्तौ दान्तौ सुललिततनू सूरिभिः सेव्यमानौ ॥
लीलावन्तौ जनहितकरौ यौ सदाचारवन्तौ
सीतारामौ हृदि विलसितौ प्राप्नुयां तौ कदाहम् ॥२३॥

आनन्द पैदा गराउने , हाँसी रहेको मुख हुने, दिव्य सिंहासनमा वस्ने, मन चित्तवृत्ति स्थिर हुने, इन्द्रिय वसमा राख्ने, शरीरको वनौट राम्रो हुने, विद्वान्हरूद्वारा सेवा गरिने, दिव्य लीला गर्ने, जनताको हित गर्ने,जो सदाचारवान् छन् , मेरा हृदयमा शोभा वढाउँदै रमाएका ती सीता र रामलाई म कहिले पाउँन सकुंला ॥२३॥

ब्रह्मादीनां विनयवचनै दुष्टसंहारहेतुं
कारागारे धृतनरतनुं विष्णुरूपं प्रदर्श्य ॥
देवक्या यं प्रथमजनितं गोकुले वर्धमानं
वाञ्छाम्येतं मनसि लसितं श्यामलं वालकृष्णम् ॥२४॥

ब्रह्मादि देवताहरूको विनयवचनद्वारा दुष्टको संहार गर्न कारण हुने, कारागारमा मानव शरीर धारण गरेर विष्णुको रूप देखाएर जो पहिले देवकीको छोरो हुने, पछि गोकुलमा गएर वढ्ने, यी श्याम वर्णका वालकृष्ण मनमा झलल भएको चाहन्छु ॥२४॥

नारीरूपां स्तनविषभरां पूतनां घातयित्वा
तृण्यावर्तं शकटवृषभाघासुरादीन् प्रमथ्य ॥

मायारूपं शिशुसखितनुं ब्रह्मणो विस्मयन्तं
गोगोपीनां परमसुखदं धीमहि श्रीशतत्वम् ॥२५॥
नारीरूप लिने स्तनमा विषभरेकी पूतनालाई मारेर,तृणावर्त, सकटासुर, वृषभासुर, अघासुर,आदिलाई मन्थन गर्ने,मायारूपी वालक साथी हरूको शरीर वनेर व्रह्माजीलाई चकित गराउने, गाई र गोपीहरूलाई परम सुखदिने, ईश्वरको तत्त्वरूपमा रहने श्रीकृष्णलाई ध्यान गर्दछु ॥२५॥
मातूरुष्टं दधिघृतमुखं भग्नदुग्धादिपात्रं
पिच्छैर्युक्तं लसितमकुटं सुस्मितं पीतवस्त्रम् ॥
वालं कृष्णं कुटिलगतिकं श्यामलं वंशिहस्तं
क्रीडन्तं तं ननु विरमयन् जागृतिं संलभेय ॥२६॥
आमादेखि रिषाएका, दही घिउ मुखभरी लगाएका, दूध दहीका भाँडावर्तन फोर्ने, मयूरको प्वाँखले युक्त शोभायमान मुकुट भएका,मुसुक्क हाँसेका, पहेलो वस्त्र लगाएका, वाङ्गो टिङ्गो भएर हिडने ,स्यामल वर्ण भएका , वाँसुरी हातमा लिएका,खेल्दै गरेका ती वालकृष्णलाई मानौ खेलाउदै रमाउँदै विउँझिन पाउँ ॥२६॥
श्रैदौ नग्नौ सरसि लसितौ वृक्षवत् वर्तमानौ
देवर्षिर्यो वचनमवदत् वृक्षरूपौ भवेताम् ॥
तच्छ्रुत्वा तौ चरणपतितौ नारदं प्रार्थयन्तौ
स्पर्शान्मुक्तौ चरणरजसो यस्य तं चिन्तयामि ॥२७॥
कुवेरका छोरा नाङ्गा वनी तलाउमा खेलिरहेका वृक्ष जस्तै जड वनेर रहेका ती दुईलाई देखेर नारदले वचन वोल्नुभयो- "वृक्ष जस्ता रहेछौ ,वृक्ष भएस्" । त्यो सुनेर ती दुईले चरणमा परी नारदलाई प्रार्थना गरे। नारदको वचन अनुसार जसका चरणरजको स्पर्शले ती दुई नल र कुवर मुक्त

भए । ती भगवान् श्रीकृष्णलाई चिन्तना गर्दछु ॥२७॥

लीलाधारी धृतनवतनुः सच्चिदानन्दरूपः
हे कृष्ण ! त्वं परमपुरुषः श्रीरमेशः परेशः ॥
जीवात्माहं चरणपतितः सेवको हीनशुल्कः
देह्यस्मै त्वच्चरणशरणं दासदासो भवेयम् ॥२८॥

लीलागर्ने, नयाँ शरीर धारण गर्ने ,सत् चित् आनन्दरूप हुने, हे कृष्ण ! तपाइँ परमपुरुष परभन्दा पर रहने सवैका ईश्वर श्रीलक्ष्मीनारायण हुनुहुन्छ । म जीवात्मा हुँ चरणमा परेको शुल्क विनाको सेवक । यस दुःखीलाई चरणको शरण दिनुहोस् । म दासको पनि दास हुन चाहन्छु ॥२८॥

शुद्धाचारी भजनरसिको नाभवं पूर्वदेहे
तस्मात् कष्टाननुदिनमहं तांश्च भुञ्जन्निदानीम् ॥
आगच्छं ते चरणशरणं , खिद्यमानाय कृष्ण !
देह्याधारं चरमसुखदं दिव्यसानन्दधाम ॥२९॥

शुद्ध आचार पालनगर्ने भजनमा रस लिने पूर्वजन्ममा म भइन छु । त्यसकारण पूर्वजन्मका कर्मवाट उत्पन्न ती कष्टहरूलाई अहिले भोग्दैछु । तपाइँका चरणको शरणमा म आएकोछु । हे कृष्ण ! खिन्न छु, हजुर ! मलाई अन्तिम सुखदिने आश्रय आनन्दले सहित भएको धाम दिनुहोस् ॥२९॥

गोपीर्दृष्ट्वा प्रमुदितमनाः क्रीडनायानुरक्तः
ताभिः सार्धं रहसि मिलनं स्वीकरोसीति कृष्ण ! ॥
एतत्सत्यं ननु भवति चेत् त्वां सदा प्रार्थयेयं
गोपीभावं रचय भगवन् ! मामहं स्वीकरोमि ॥३०॥

गोपीहरूलाई देखेर प्रसन्न मन हुने,खेल्नलाई अनुरागले युक्त हुने,एकान्तमा तिनीहरू सँग मिल्न स्वीकार गर्नुहुन्छ । यो कुरा

सत्य हो भने तपाइँलाई सधैँ प्रार्थना गर्दछु। हे भगवान् ! मलाई गोपी वनाइदिनुहोस्, म स्वीकार गर्दछु ॥३०॥

कृष्णो वालः पृथुकसखिभिः क्रीडनायानुशीलो
लीलार्थं योऽमृतमनुभवन् मृत्तिकां भक्षति स्म ॥
मात्रा पृष्टो वदति भगवान् मे मुखे पश्य मात-
रेवं विश्वं रविशशियुतं दर्शयन्तं भजामि ॥३१॥

जुन् वालकृष्णले साना साथीहरूसंग खेल्नका लागि तल्लीन हुदा लीला गर्न जसले अमृतको अनुभव गर्दै माटो खानुभयो। आमाले थाहा पाएर सोध्नुभयो। ती वाल कृष्ण भन्नुहुन्छ-"हे आमा ! मेरा मुखमा हेर्नुहोस्"भनी निम्नप्रकार आमालाई चन्द्रसूर्यले युक्त विश्वलाई देखाउनु भयो। उनै भगवान् श्रीकृष्णलाई भजन गर्दछु ॥३१॥

मुन्जाटव्यां भ्रमितसमये विह्वला भ्रष्टमार्गा
वह्नेर्ज्वालाज्वलिततनवो रक्ष रक्षेत्यवोचन् ॥
गोपाः ! नेत्रे निमिलयत तान् योऽवदत् विश्वभर्ता
शीघ्रं ज्वालामपिवदखिलं केशवं तं भजामि ॥३२॥

मुन्जाटवी जङ्गलमा घुमेको वेला विह्वल वनी वाटो विराएका, आगाको ज्वालाले जलेको शरीर भएका, गोप गोपीहरूले 'रक्षा गर्नुहोस् रक्षा गर्नुहोस्' भनेर कराए।"हे गोपहरू हो ! आँखा चिम्ल ! तिनीहरूलाई जो विश्व भर्ता भगवान्ले भन्नुभयो र तुरुन्तैसवै ज्वालालाई पिउनुभयो। ती केशव भगवान्लाई भजन गर्दछु ॥३२॥

संवर्षन्ते नियतिवशगा मेधमाला हिमान्यः
शीताऽऽतापादनुदिनमहं पीडितोऽस्म्येव कृष्ण ! ॥
छत्रं गोवर्धनगिरिवरं ह्येकहस्तेन धृत्वा
सर्वान् कष्टान् शमय भगवन् ! शान्तिमादेह्यनन्ताम् ॥३३॥

विधिका वशमा परेका मेघमालाहरू हिउँ नै हिउँ भएको पानी वर्षा गराउँछन्। यसवाट उत्पन्न शीत र तापले प्रतिदिन म पीडित छु। हे कृष्ण ! पर्वत श्रेष्ठ गोवर्धनरूपी छातालाई एकहातले धारण गरेर सवै कष्ट नाश गरिदिनुहोस्। हे भगवन् ! हामीलाई अनन्त शान्ति दिनुहोस् ॥३३॥

लीलां कुर्वन् घृतदधिरसान् चोरयन् खादयन् मे
हृद्यान् भावान् जहि कुचरितान् कामकोपांश्च सर्वान् ॥
गोपीभिस्त्वं हृदि विरम मे रासलीलां प्रकुर्वन्
सर्वान् रोगान् मम हर हरे ! राधया सेव्यमानः ॥३४॥

लीला गर्दै घिउ, दधि, रसहरू चोर्दै खाँदै मेरा हृदयका कुत्सित चाल चलन भएका सम्पूर्ण काम कोप भएका भावहरूलाई नाश गरिदिनुहोस्। गोपीहरूका साथ मेरा हृदयमा रासलीला गर्दै रमाउनुहोस् र राधाले सेवा गरिएका हे भगवान् ! मेरा सवै रोग नाश गरिदिनुहोस् ॥३४॥

आयास्येऽहं कृतसुवचनो गोपगोपीः प्रशाम्य
गच्छन् मार्गे दिनमणिसुताऽभ्यन्तरे स्नानकाले ॥
अक्रूरार्थं विभवमतुलं वैष्णवं धाम दिव्यं
लक्ष्मीनाथं सुललिततनुं दर्शयन्तं भजामि ॥३५॥

"म आउने छु"यस्ता मीठा वचन वोल्ने कृष्णले गोप गोपीहरूलाई शान्त्वना दिएर मथुरा जाँदा वाटामा स्नानको समयमा यमुना नदी भित्र अक्रूरका लागि तुलना गर्न न सकिने वैभव युक्त दिव्य वैष्णव धाम र लक्ष्मीनाथको सुन्दर स्वरूप देखाउनु भयो। उनै कृष्णलाई भजन गर्दछु ॥३५॥

रम्यां शोभां नवनवकलां माथुरां दर्शनीयां
दृष्ट्वा मग्नः सवलभगवान् रम्यवस्त्राणि धृत्वा ॥

आगच्छन्तं रजकपुरुषं वस्त्रमेकं ययाचे
साहंकारं कृतपरिभवं योऽवधीत् तं नमामि ॥३६॥

रमणीय नया नया कलाले युक्त दर्शनीय मथुराको शोभालाई देखेर मग्न हुदै वलराम सहित भगवान्‌ले राम्रा वस्त्र वोकेर आएको धोवीसंग एउटा वस्त्र माग्नुभयो। अहंकार सहित अपमान गर्ने त्यसलाई जसले मारिदिनुभयो। ती भगवान् श्रीकृष्णलाई नमस्कार गर्दछु ॥३६॥

मालाकारं मधुरवचनैर्मालया सेवमानं
श्रद्धावन्तं रचितवसनं वायकं यश्च कृष्णः ॥
मानैश्वर्यैः सुमधुरगुणैस्तावुभौ भूषयित्वा
विश्वं पोषं प्रचयति तं नन्दसूनुं नमामि ॥३७॥

मधुर वचनद्वारा मालाले सेवा गर्ने मालाकारलाई र श्रद्धावान् राम्रा वस्त्र वनाउने वायकलाई जुन् कृष्ण भगवान्‌ले मान ,ऐश्वर्यले र सुमधुर गुणहरूले ती दुवै लाई शोभायमान वनाएर विश्वलाई पालन पोषण गर्नुहुन्छ। ती नन्दका छोरा भगवान् श्रीकृष्णलाई नमस्कार गर्दछु ॥३७॥

कृष्णो मातामहगृहगतो मातुलेनाहुतः सन्
वीराणां यो परिषदि धनुः साञ्जसा सम्बभञ्ज ॥
शस्त्रैर्हन्तुं सपदि परितस्तत्परान् कंसभृत्यान्
यान् यान् योद्धृन् खलदलवलान् तानहन् तं भजामि ॥३८॥

मामाले वोलाएर मामाघर गएका जो कृष्णले वीरहरूको सभामा सजिलै धनु भाँची दिनुभयो। शस्त्रद्वारा चारैतिर घेरेर मार्न तत्पर कंसका नोकर जो जो वलिया युद्ध गर्न शीपालु दुष्ट योद्धाहरू थिए। तिनलाई मारिदिनुभयो। दुष्ट संहारगर्ने भगवान् श्रीकृष्णलाई भजन गर्दछु ॥३८॥

भक्त्या तुष्टः प्रचुरदयया दिव्यशक्तिं प्रदर्श्य
कुब्जां दिव्यां सपदि विदधत् हस्तिनं घातयित्वा ॥
चाणूरादीन् युधि विजयिनो लीलया संप्रमथ्य
दुष्टं कंसं कुपितहृदयं योऽवधीत् तं भजामि ॥३९॥

भक्तिले खुशी भएका भगवान् श्रीकृष्णले असीम दयाले सामान्य मानिसमा हुन नसक्ने दिव्य शक्ति देखाएर कुब्जालाई सुन्दरी तुरुन्त वनाउनुभयो। कुवलयापीड हातीलाई मारेर चाणूर, मुष्टिक आदि युद्धमा विजय प्राप्त गर्नेहरूलाई लीलाद्वारा मथन गरेर क्रोधी हृदय भएको दुष्ट कंसलाई जसले मार्नुभयो। ती श्रीकृष्ण भगवान्लाई भजन गर्दछु ॥३९॥

देहेऽस्मिन् नः कलितनुरहंभावरूपोऽस्ति कंसो
नान्यो जीवेत् मदितरजनो निर्दयो हन्ति दीनान् ॥
सर्वं भोग्यं मस मम वदत्येष हे कृष्णचन्द्र !
एनं हत्वा रचय भगवन् ! निर्मलं जीवलोकम् ॥४०॥

हाम्रा यस शरीरमा कलिरूपी शरीर भएको कंस अहङ्कारको भावरूप वनेर वसेको छ। म देखि वाहेक अर्को कोहि पनि वाँचीरहन जरुरी छैन' भन्ने भावले निर्दयी वनेर दीन दुःखीलाई मार्दछ। यो सवै भोग्य वस्तु मेरो मेरो भन्दछ। हे कृष्णचन्द्र ! हे भगवन् ! यसलाई मारेर सारा जीवलोकलाई निर्मल वनाई दिनुहोस् ॥४०॥

विद्यापूर्णस्त्वमसि भगवन् ! लोककल्याणहेतुः
विद्यां प्राप्तुं गुरुमभिगतः शिष्यधर्मेण युक्तः।
विद्याशुल्कं मृतगुरुसुतं जीवितं चार्पयित्वा
प्रत्यावृत्तः कृतसुवचनः स्थीयतां मानसे नः ॥४१॥

हे भगवान् ! तपाइँ विद्यापूर्ण हुनुहुन्छ। लोककल्याण गर्ने हेतुले

विद्या प्राप्त गर्न गुरुका सन्निधिमा गई शिष्य धर्मले सहित वनेर विद्या पढेको शुल्कको रूपमा मरेका गुरुका छोरालाई जीवित वनाई त्यही दक्षिणा दिएर फर्केर आउने मीठो वचन वोल्ने हे भगवान् ! हाम्रा मनमा वसिदिनुहोस ॥४१॥

इच्छा तृष्णादिभिरनुगतान् यो जरासन्धसैन्यान्
हत्वा कालं यवनमसुरं निद्रितात् घातयित्वा ॥
सम्यग् ज्ञेयं बिबुधविदितं स्वात्मबोधं विधाय
सिन्धौ शेते रचितशयनं श्रद्धया तं भजामि ॥४२ ॥

इच्छा तृष्णा आदिले युक्त भएका जरासन्धका सैन्यहरूलाई जसले मारेर कालयवन असुरलाई पनि निधाएका मुचुकुन्दद्वारा मराएर, सवैले जान्न योग्य देवता र विद्वान्ले जानेको आत्मामा विराजमान हुने ईश्वरसम्वन्धी तत्व ज्ञान गराएर समुद्रमा महल वनाएर जो सुत्नुहुन्छ। उनै भगवान् श्रीकृष्णलाई भजन गर्दछु ॥४२॥

लक्ष्मीः शक्ती, रविमणिमयी, लक्ष्मणा, मित्रविन्दा,
सत्या, भद्रा, दिनमणिसुता, चाष्टलक्ष्म्यस्तथान्याः ॥
भौमं हत्वा किरणसदृशाः स्वीकृताः शोभमानाः
भानां मध्ये विधुमिव हरिं कृष्णचन्द्रं स्मरामि ॥४३॥

लक्ष्मीको अवतार रुक्मिणी, शक्तिको अवतार जाम्ववती, स्यमन्तक मणिको अधिकार भएकी सत्यभामा ,लक्ष्मणा, मित्रविन्दा, सत्या, भद्रा, सूर्यपुत्री यमुना, यी अष्टलक्ष्मी र अरू भौमासुरलाई मारेर किरण जस्तै सुहाउने,पतिलाई परमेश्वरको रूपमा भजन गर्ने सोरहज्जार एकशय कन्याहरूलाई स्वीकार गर्नुभयो । नक्षत्रहरूका माझमा चन्द्रमा जस्तै कृष्णचन्द्र हरि भगवान्लाई संझन्छु ॥४३॥

विश्वान् वीरान् महति समरे धर्मराजो विजित्य
तेजोवृद्ध्यै सविधि कृतवान् राजसूयं सुयज्ञम् ॥
सम्मानार्थं सह बहुमतैः पूजने मानभङ्गे
द्विष्टं चैद्यं सपदि समहन् यो हरिस्तं स्मरामि ॥४४॥

रणसङ्ग्राममा सम्पूर्ण वीरहरूलाई जितेर युधिष्ठिरले तेजोवृद्धिका लागि सविधि राजसूय नाम गरेको यज्ञ गर्नुभयो। वहुमतले सम्मानार्थ गरिने अग्र पूजाको प्रसङ्गमा मानभङ्ग हुदा चेदी देशको राजा शिशुपाललाई जुन हरिभगवान्ले तुरुन्तै मारी दिनुभयो। उनै हरिलाई संझना गर्दछु ॥४४॥

सौभं शाल्वं युधि विजयिनं दन्तवक्रं च हत्वा
सर्वान् दुष्टान् जगति विदितान् भारभूतान् समाप्य ॥
धर्माचारान् जनमनसि योऽस्थापयत् पालनाय
श्रीकृष्णं तं कमलनयनं सर्वदा चिन्तयामि ॥४५॥

युद्ध विजयी सौभ, शाल्व, र दन्तवक्रलाई पनि मारेर संसारमा चिनियेका पृथिवीलाई भार भएका सम्पूर्ण दुष्टहरूलाई समाप्त गरेर जसले पालन गर्नका लागि धर्म र सदाचारलाई जनमानसमा स्थापना गर्नुभयो। ती कमलनयन श्रीकृष्णलाई सधैं चिन्तना गर्दछु ॥४५॥

तृष्णाक्षुद्भिर्गलितहृदया शीतभीता सुशीला
कृष्णं याहीत्यनिशमवदत् यं सुदामानमेवम् ॥
गच्छन् मार्गे वदति शरणं हे हरे ! देहि मह्यं
तस्मै कृष्णो विभवमतुलं यो ददौ तं भजामि ॥४६॥

तीर्खा, भोकले, शिथिल हृदय भएकी वस्त्राभावले शीतद्वारा कठाङ्ग्रियेकी सुशीलाले जुन सुदामालाई"कृष्णको सन्निधिमा जानुहोस्"यो वार वार भन्नुभयो। वाटामा जाँदा सुदामा

भन्नुहुन्छ- " हे हरि ! मलाई शरण दिनुहोस्" । यी सुदामालाई जुन् कृष्णले अतुलनीय सम्पति दिनुभयो । ती श्रीकृष्णलाई भजन गर्दछु ॥४६॥

नष्टप्राणान् प्रथमजनितानग्रजान् षट्स्वकीयान्
मातापित्रोर्विनयवचनादानयत् दिव्यशक्त्या ॥
मातुर्दुग्धं परमममृतं पाययन् भुक्तशेषं
शापान् मुक्तान् सविधि कृतवान् यो हरिस्तं भजामि ॥४७॥

कंसद्वारा मारिएका आफुभन्दा पहिले जन्मेका आफ्ना छजना दाजुहरूलाई माता पिताको आज्ञा अनुसार दिव्यशक्तिको प्रयोग गरेर ल्याउनु भयो । खाएर वाँकी रहेको अमृत वरावर आमाको दूध पान गराउँदै जुन हरिले विधि पुऱ्याएर शापवाट मुक्त गराउनुभयो । उनै भगवान्लाई भजन गर्दछु ॥४७॥

भूमेर्भारं कथमपहरेयेति यो ध्यानमग्नः
कृष्णोऽवाञ्छत् सकलजनताः स्युः सदाचारवत्यः ॥
शापं लब्ध्वा नियतिवशगान् पुत्रपौत्रान् समस्तान्
स्वान् स्वान् लोकान् हरिरगमयत् सर्वदा चिन्तयामि ॥४८॥

"भूमिको भार कसरी हरण गरुँ" भन्ने चिन्ताले ध्यानमग्न वनेका भगवान् कृष्णले "सम्पूर्ण जनताहरू सदाचारवान् होउन्"भन्ने चाहनुभयो । पूर्वजन्मको कर्म अनुसार प्राप्त भाग्यका प्रभावले श्राप पाएका पुत्रपौत्रहरू सम्पूर्णलाई आफ्ना आफ्ना लोकमा जुन हरिले पठाइदिनुभयो । ती हरिलाई चिन्तन गर्दछु ॥४८॥

विश्वव्यापी तनुतनुतमः संविदा ध्यानगम्यो
जीवाधारस्त्वमसि भगवन् ! विश्वब्रह्माण्डरूपः ॥
आर्ताः स्मस्ते चरणपतिता मोहजालेन बद्धा

आह्वानैस्त्वां कटुकवचनैः श्रेयसे कीर्तयाम ॥४९॥

विश्वमा व्यापक, सानुमा अत्यन्त सानु शरीर भएका, विशिष्ट ज्ञानका साथ ध्यानद्वारा जान्न सकिने जीवहरूका आधार हे भगवान् ! विश्वव्रह्माण्डरूप तपाईं हुनुहुन्छ । हामी तपाईंका चरणमा परेका मोहजालले वाधिएका पीडित छौँ। रुखा सुखा वचनले वोलाउँदै कल्याणका लागि हामी कीर्तन गर्दछौँ ॥४९॥

अस्मिन् देहे विषमविषयैर्वह्निशीतादिभिर्वा
यद्यद् कष्टं भवति नितरां कम्पनं मूर्छनां वा ॥
एतद्भोक्तुर्भजनमननं स्यात्कथं हे मुकुन्द !
शास्त्रे सत्यं त्वमसि भगवन् ! नाम ते संस्मराम ॥५०॥

यस शरीरमा विरोधी विषयहरूले ,आगो ,शीत, ताप आदिले, जे जे अत्यन्त कम्पन अथवा मूर्छना हुन्छ। हे मुकुन्द ! यस्तो भोगनेवालाको भजन मनन कसरी होला। शास्त्रमा तपाइँ सत्य हुनुहुन्छ। हे भगवन् ! तपाईंको नाम हामी संझीरहन सकौँ ॥५०॥

निष्ठाश्रद्धासुविधिरहितात् पूर्णता चेन्न मे स्यात्
जन्युं लब्ध्वा भवतु भगवन् ! तैलधारेव भक्तिः ॥
यस्मिन् रूपे धृततनुरहं जन्मजन्मान्तरेषु
लक्ष्मीनारायणचरणयोर्नित्यसेवां लभेय ॥५१॥

निष्ठा,श्रद्धा र असल विधिविधान्,नहुनाले मेरो विष्णुव्रत पूर्णता भएन यदि भने हे भगवन् ! अर्को जन्ममा प्राणी वनेर पनि तेलको धारा जस्तै अटूट भक्ति होस्। जन्म जन्मान्तरमा जुनरूपमा शरीर धारण गर्दछु। म लक्ष्मीनारायणका चरणको नित्यसेवा प्राप्त गर्न सकूँ ॥५१॥

पेशस्कृद्वत् त्रिभुवनपते ! स्वानुरूपप्रदस्त्वं

कोटिष्वस्मान् नय नवगृहे स्थापयित्वेति शीघ्रम् ॥
एतान् कीटान् चरणलषितान् रूपमाधेहि दिव्यम्
कुर्याः सत्यं वयमनुदिनं धीमहि त्वत्सुरूपम् ॥५२॥

हे त्रिभुवनका मालिक ! कमलकोटी जस्तै गरी आफ्नु रूप भक्तलाई दिने तपाइँ हुनुहुन्छ । करोडौँ मध्ये हामीलाई नयाँ वनाएको माटाको कुड्डीमा स्थापना गरेर छिट्टै तपाइँका चरणमा लषपस गर्न चाहने यी हामी कीटहरूलाई दिव्यरूप वनाइदिनुहोस् । यो सत्यसाँचो होस् । हामी सधैँ तपाईको सुन्दररूप ध्यान गर्दछौँ ॥५२॥

हे विष्णो ! ते चरणपतितान् किङ्करान् नो निरीहान्
ज्ञात्वाऽस्मभ्यं चरणशरणं देहि धामावलम्वम् ॥
अन्तर्चित्ताद् विधृतनियमा मन्त्रदीक्षान्वितास्ते
यावज्जीवो निवसति तनौ धीमहि सौम्यरूपम् ॥५३॥

हे विष्णो ! तपाइँका चरणमा आत्मा समर्पण गरेका, कहीँ कतै केही सहयोगी नभएका दुःखी हामी सेवकलाई चिनेर दिव्यधामलाई अवलम्वन गरेर त्यहीँ रहीरहन पाउने चरणको शरण दिनुहोस् । भित्री हृदयदेखि नियमलाई धारण गरेर मन्त्रदीक्षा लिएका छौँ । जव सम्म यस शरीरमा जीव वसीरहन्छ तवसम्म तपाईको सुन्दररूप ध्यान गर्दछौँ ॥५३॥

हे विष्णो ! भवपालनाय भगवन् ! धृत्वाऽवतारान् बहू-
नावेशांशकलाविशिष्टविभवैर्विश्वं सदा रक्षसि ॥
आगच्छञ्चरणौ तवैव शरणं नान्योऽस्ति संरक्षकः ॥
सानन्दाश्रयलब्धये सुवचनैः सत्यं परं धीमहि ॥५४॥

हे विष्णो ! हे भगवान् ! संसार पालन गर्नका लागि आवेश, अंश, कला, विशिष्ट विभवले पूर्ण दिव्य धेरै अवतारहरूलाई

धारण गरेर विश्वलाई सधैँ रक्षा गर्नुहुन्छ। तपाइँकै मात्र चरणमा शरण लिन आएका हाम्रो अर्को कोही संरक्षक छैन। आनन्दले सहित भएको आश्रय पाउनका लागि सुवचनद्वारा परम सत्य प्रभु हजुरलाई ध्यान गर्दछौँ ॥५४॥

प्रेमाभक्तिसुवर्धयन् प्रतिदिनं सान्निध्यताप्राप्तये
हे विष्णो ! भवपारमुक्तिफलदं त्वद्दिव्यरूपं भजे ॥
सत्वाचारपवित्ररूपमननं विष्णुव्रतं पालयन्
द्रष्टुं ते ननु वैभवं विकसितं संबर्धितं कामये ॥५५॥

हे विष्णो ! सांन्निध्य प्राप्त गर्नका लागि प्रतिदिन प्रेमा भक्तिलाई वढाउदै संसार पार गराउने मुक्तिफल प्रदान गर्ने तपाईको दिव्यरूपलाई भजन गर्दछु। सत्वगुणले सम्पन्न आचारले पवित्र वनेको रूप मनन गराउने विष्णुव्रत पालन गर्दै तपाइँको निश्चित् रूपले विकसित हुदै फैलिएको वैभव हेर्न चाहन्छु ॥५५॥

ज्योतिर्युक्तनखैर्मनोज्ञचरणं भक्ताय कल्याणदं
जङ्घा-बाहु-ललाट-गण्डमधुरं व्योमस्वरूपं विभुम् ॥
भक्ताभीष्टद-शंख-चक्र-कमलैर्दीप्तार्कवज्ज्यौतिषम्
माला-कौस्तुभ-पीतवस्त्रलसितं सम्यक् स्मरामो हरिम् ॥५६॥

ज्योतिले सम्पन्न नङ्हरूद्वारा भक्तलाई कल्याणदिन सुन्दर पाउहुने, जाँघ, हात, निधार, घाँटी,सुन्दर हुने, आकाशको स्वरूप जस्तै व्यापक भएर रहने, भक्तको इच्छा पूरा गरिदिने, शंख, चक्र, र कमलले चंकेका सूर्य जस्तो ज्योति हुने, वनमाला ,कौस्तुभ मणि,र पीताम्वर वस्त्रले शोभायमान हुने हरिलाई राम्ररी सम्भना गर्दछौँ ॥५६॥

चान्द्रं दिव्यमुखं सुवर्णमुकुटं ज्योतिर्मयं प्रोज्वलं

भूषालङ्कृतकर्णकुञ्चितकचं विद्युन्निभालोचनम् ॥
शेषाङ्के शयितं विनोदवचनैर्लक्ष्म्या सदा सेवितं
श्रीनारायणनामसुन्दरतमं सम्यक् स्मरामो हरिम् ॥५७॥

चादनी जस्तो दिव्यमुख भएका, सुनको मुकुट भएका, ज्योतिले पूर्ण उज्यालो भएका, गहनाले अलङ्कृत कान र घुँगरी परेका केश भएका, विजुली जस्ता आँखा भएका,शेषको काखमा सुतेका, विनोद वचनका साथ लक्ष्मीले सधै सेवा गरिएका, लक्ष्मीका प्रेरणाले जीवहरूको समूहलाई अन्तिम (मोक्ष) गति प्रदान गर्ने अर्थ लाग्ने अतिशय सुन्दर श्रीनारायण नाम भएका, हरिलाई राम्ररी संझना गर्दछौं ॥५७॥

यस्मिन् भक्तचरित्ररत्नभरितं शास्त्रार्थसारान्वितं
गायत्र्यर्थमलङ्कृतं प्रतिपदं वेदार्थविद्यामृतम् ॥
श्रीविष्णोर्नियमान्वितं सुमधुरं ज्ञानं महल्लभ्यते,
अस्यार्थस्य विवेचनाच्च मननात् श्रद्धा हरौ वर्धते ॥५८॥

यस् श्रीविष्णुव्रतामृत भक्तिकाव्यमा भक्तचरित्ररूपी रत्नले भरिएको, शास्त्रार्थसारले युक्त, गायत्रीको अर्थले शोभायमान भएको,प्रत्येक पदमा वेदार्थ विद्यारूपी अमृत भएको श्रीविष्णुका व्रत सम्वन्धी नियमले सहित भएको सुमधुर ठूलो ज्ञान पाइन्छ। यस् विष्णुव्रतामृत भक्तिकाव्यका अर्थको विवेचना र मनन गर्नाले हरिमा श्रद्धा वढ्दछ ॥५८॥

यो धीरः सरलः सुनीतिनिपुणो दीनेषु सेवारतः
शुद्धाहारविहारसंस्कृततनु र्विद्याविनम्रः सुधीः ॥
दीक्षां वैदिकशिष्टसम्मतसुधां गृह्णाति संरक्षति
तादृक्सत्त्वगुणी नरो हरिकृपां लब्ध्वा सुसिद्धो भवेत् ॥५९॥

जो व्यक्ति धीर, सरल, सुनीतिमा निपुण, दीनहरूमा सेवागर्न

तल्लीन, शुद्ध आहार, विहार, संस्कारले पूर्ण शरीर भएको, विद्याले विनम्र, विद्वान् छ र वैदिक शिष्ट महानुभाव सम्मत अमृत दीक्षालाई ग्रहण र संरक्षण गर्दछ। त्यस प्रकारको सत्त्वगुणी मनुष्य हरिको कृपा पाएर सिद्ध हुन्छ ॥५९॥

प्राग्जन्मार्जितकर्मदोषजनितं कष्टं प्रभुञ्जन्नरः
लब्ध्वा जन्म पुनः पुनर्भ्रमति यो नित्यं घटीयन्त्रवत् ॥
प्रायश्चित्तकरं मनोमलहरं विष्णुव्रतं शाश्वतं
नित्यं यो पठति श्रियं स लभते पापाच्च मुक्तो भवेत् ॥६०॥

पूर्वजन्ममा अर्जित कर्मले जनाएको कष्ट भोग्दै मनुष्यको जन्म पाएर वारवार सधैँ घडीको यन्त्र झैँ घुमी रहन्छ। त्यस्ता जन्म जन्मान्तरका पापको प्रायश्चित्त गराउने,मनको मल नाश गर्ने, अविनाशी यो श्रीविष्णुव्रतामृत जो नित्य पान गर्दछ पढ्दछ, त्यो श्रीसम्पत्ति पाउँदछ र पापवाट पनि मुक्त हुन्छ ॥६०॥

प्राचूर्यं धन-धर्म-कीर्ति-विभवं लक्ष्मीनिवासं गृहं
नीरोगं सुवपू रमेव गृहिणी विद्याविनम्राः सुताः ॥
आतिथ्यं हरिपूजनं हरिकृपा-माधुर्यपूर्णं वचः
सौशील्यं प्रियता जनेषु सततं विष्णुव्रताल्लभ्यते ॥६१॥

प्रसस्त धन, धर्म, कीर्ति, ऐश्वर्य, लक्ष्मीको वास भएको घर, नीरोगी सुन्दर शरीर, लक्ष्मी जस्ती श्रीमती, विद्याले विनम्र छोराहरू , अतिथिको सम्मान गर्न पाउनु, नित्य हरिपूजा हुनु ,हरिकृपाले मीठो वचन हुनु, सुशीलता हुनु, जनतामा प्यार हुनु यी सवै निरन्तर विष्णुव्रतवाट मात्र पाउन सकिन्छ ॥६१॥

मन्त्रार्थश्रवणं सुदर्शनकथां स्वाचारनिष्ठाविधिं
भक्तानां चरितं रमापतिकृपामाधुर्यसारान्वितम् ॥
वेदान्त-श्रुति-दर्शनेषु मुनिभिः सन्निश्चितं वैदिकं

सर्वं ज्ञानमिदं करोति स नरो ह्यस्यैव पारायणात् ॥६२॥

मन्त्रार्थ श्रवण,सुदर्शनचक्रको कथा,स्वाचारमा निष्ठाविधि,भक्त-हरूको चरित्र, लक्ष्मीपतिको कृपा माधुर्यसार भएको वेदान्त-दर्शनहरूमा र वेददर्शनहरूमा मुनिहरूले राम्ररी निश्चय गरिएको यो वैदिक ज्ञान हो। यसको पारायणवाट मानिसले विष्णुव्रत सम्वन्धी सम्पूर्ण ज्ञान हासिल गर्न सक्तछ ॥६२॥

अज्ञानात्मतमोविनाशकुशलः सौर्यः सदा भासते
शान्त्यानन्दसुधांशुमिन्दुरनिशं सर्वत्र बर्षायते ॥
ब्राह्मी नृत्यति रागिनीसहचरी लक्ष्मीश्च दासी भवेत्
सौलभ्यो हरिसन्निधिर्व्रतदिने पारायणाज्जायते ॥६३॥

अज्ञानरूपी आत्माको अन्धकार नाश गर्न सीपालु सूर्यसम्बन्धी भर्ग अर्थात् गायत्रीको ज्योति सधैँ चंकिन्छ। शान्ति आनन्द-सुधा रूपी किरणलाई चन्द्रमा सधैँ सवैतिर वर्षा गराउनुहुन्छ। सरस्वती रागिनी सहचरीहरूसँग नाच्नुहुन्छ। लक्ष्मी पनि दासी हुन्छिन्। व्रतदिनमा पारायण गर्नाले हरिभगवान्को सान्निध्य सुलभ वन्न सक्छ ॥६३॥

पापात् पाति नरं करोति सुखिनं मातेव संरक्षति
श्रीविष्णुव्रतमातनोति सुगतिं मानं शमं दास्यति ॥
प्रादुर्भूतमिदं स्वयं हि हृदयाद् नारायणानुग्रहात्
साहस्रं मनुजाप-यज्ञसफलं पारायणाज्जायते ॥ ६४॥

यस श्रीविष्णुव्रतामृत भक्तिकाव्यले मानिसलाई पापवाट पवित्र वनाउँदछ, सुखी वनाउँदछ, आमाले झैँ सुरक्षा गर्दछ, श्रीविष्णुव्रतले मोक्षगति, र मान विस्तार गराउँदछ, इन्द्रिय संयम दिनेछ, । यो श्रीविष्णुव्रतामृत भक्तिकाव्य नारायण

भगवान्‌को अनुग्रहवाट हृदयदेखि आफैं नै प्रस्फुरण भई प्रकट भएको हो । यसकारण यसको पारायण गर्नाले हज्जारौं मन्त्रजप र यज्ञहरू गरेको फल सिद्ध हुन्छ् ॥६४॥

इति श्रीविष्णुव्रतामृत- सदाचारभक्तिकाव्ये श्रीमद्भगवत्स्वरूप-मननानन्द- योगोनाम पञ्चदशसर्गः॥१५॥९४४+६४=१००८

श्रीलक्ष्मीनाराणभगवानका असीमकृपावाट प्राप्त यस श्रीविष्णुव्रतामृतम् रचना मनन गर्नाले नित्य समाराधित लक्ष्मीनारायण भगवानका चरणकमलमा अनवच्छिन्न आह्लादिनी प्रेमा भक्ति प्राप्त होस् भनी उनै भगवानमा सादर समर्पण गर्दछु । हरिः ॐ तत्सत् ३ ॥

आधार ग्रन्थहरू= श्रीभाष्यम्, श्रीमद्भागवतम्, श्रीसुदर्शनशतकम् श्रीवचनभूषणम्, रहस्यत्रय,कल्याण,सन्त अङ्क, आदि

NEPAL SANSKRIT UNIVERSITY
वाल्मीकि विद्यापीठ
पुस्तकालय
Acc. 23009
23009

[illegible]

शेषशायी भगवान्

नाम/थर	:-	लोकनाथ लुइंटेल
जन्म मिति	:-	विं.सं. १९९७/२/२२
जन्मस्थान	:-	सोल्मा गा.बि.स. कालीमाटी, तेह्रथुम
शैक्षिक योग्यता	:-	संस्कृतसाहित्यचार्य वि. एड
अनुभव	:-	३५ वर्ष मा. वि. शिक्षक, २ वर्ष प्रधानाध्यापक
तह	:-	मा. वि. तृतीय
रुची	:-	समाज सेवा, साहित्य रचना
पदक	:-	जिल्ला शिक्षा समितिबाट दीर्घकालीन सेवापदक शारदा मा. वि. खनारबाट पुरस्कृत
कृती	:-	१) श्रीगोपेश्वरमाहात्म्यम् (संयुक्त श्रीखेमनाथ लिरौला) २) श्रीरामः शरणं मम ३) सरलपूजाविधिः ४) श्रीभगवद्दर्शनसंझना ५) श्रीविष्णुव्रतामृतम् (महाकाव्य हातमा छ) ६) दर्शनसारामृतम् (प्रेसमा) ७) सरलषोडशसंस्कारविधिः (प्रेसमा)
सम्प्रति	:-	अध्यक्ष, श्रीवैष्णवपरिषद धरान उपशाखा अध्यक्ष, श्रीलक्ष्मीनारायण मन्दिर धरान ३ तुर्के